संग्रह–२९

क्रम संख्या–४७

बुद्धकालीन परिव्राजकहरू

[भाग – २]

आचार्य

भिक्षु अमृतानन्द

२०४२

नेरु. १५/-

★ प्रस्तुत पुस्तक 'बुद्धकालीन परिव्राजकहरू' को दोस्रो भाग हो। यसको पहिलो भाग वि. सं. २०३० मा प्रकाशित भएको थियो। प्रस्तुत पुस्तकमा विभिन्न थरिका २३ जना परिव्राजकहरूका सूत्रहरू संग्रहित भएका छन्। यो परिव्राजकहरूको संग्रहको काम तेस्रो भागमा समाप्त हुनेछ। यो परिव्राजकहरूको संग्रहमा बुद्धसँग तिनीहरूले सोधेका प्रश्नहरू तथा बुद्धले दिएका उत्तरहरू पाइन्छन्। यस छलफलबाट त्यसबखतका धार्मिक परिस्थितिका कुरा स्पष्ट बुझ्न सकिन्छ। प्रस्तुत पुस्तक आनन्दकुटी विहार गुठीको ४७ औं प्रकाशन हो। ★

संग्रह–२९

क्रम संख्या–४७

बुद्धकालीन परिव्राजकहरू

[भाग - २]

आचार्य

भिक्षु अमृतानन्द

२०४२

नेरु. १५/-

प्रकाशक–

"आनन्दकुटी विहारगुठी"

(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)

आनन्दकुटी विहार, स्वयम्भू,

काठमाडौं, नेपाल ।

फो. नं. २–१४४२०

बुद्धाब्द: २५२९

वि. सं. २०४२

ने. सं. ११०५

ई. सं. १९८५

प्रथमावृत्ति १०००

मुद्रक–

नेपाल प्रेस

शुक्रपथ, काठमाडौं

फोन– २–११०३२

Collection No. 29

Buddhakalina Parivrajakaharu

(PART II)

Dr. Bhikkhu Amritananda

Published by

ANANDA KUTI VIHARA TRUST

Ananda Kuti, Kathmandu,

NEPAL

1985

यसमा—

श्री ५ महाराजाधिराजका
प्रमुख निजी सचिवालय

राज दरबार
नेपाल

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट बक्सेको सन्देश

बौद्ध पाली वाङ्मयका उत्कृष्ट ग्रन्थ मानिएको त्रिपिटकमा यत्रतत्र छरिएका बुद्धकालीन विभिन्न उल्लेखनीय पात्रहरू क्रमबद्ध रूपले संकलित र वर्गीकृत गरी तयार पारिएको यो पुस्तकमा बौद्ध इतिहास र दर्शनको अतिरिक्त बुद्धकालीन सामाजिक चित्रण पनि प्रस्तुत गरेको प्रयास राम्रो देखिन्छ । यस्तो प्रकाशनबाट नेपालमा धार्मिक सहिष्णुतामात्र होइन नेपालीले संसारका अन्य धर्ममा पनि गहिरो श्रद्धा राख्दछन् भन्ने कुरा पनि देखाउनु बढीया हुनेछ । नेपाली साहित्यको ज्ञानराशीमा नेपालमा जन्मेका विश्व शान्तिका अग्रदूत सिद्धार्थ गौतम बुद्ध सम्बन्धी यस किसिमको उपयोगी ग्रन्थ थपिनु निश्चय पनि प्रशंसनीय योगदान भएको मान्नुपर्छ ।

यस किसिमका ग्रन्थ निर्माणमा अथक परिश्रम गरी खोजपूर्ण कार्य सम्पादन गर्ने भिक्षु श्री अमृतानन्द महास्थविर धन्यवादका पात्र हुनु ।

प्रकाशकीय

करीब १५ वर्ष अगाडी म भोजपुर र चैनपुर गएको थिएँ। त्यसबेला त्यहाँ जाँदा केही पण्डित ब्राह्मणहरूसँग फुराकानी हुँदा नेपालमा "बुद्ध धर्म" नेवारको मात्र हुनलाग्यो। सबै नेवारीमा मात्र छाप्छन्। भिक्षु पनि नेवार मात्रै हुन्छन् भन्ने कुराको चर्चा धेरै भएको थियो। त्यो बेला म सानै थिएँ। तैपनि मेरो मनमा यो कुरा त पक्का पनि साँच्चै हो भन्ने भान परेको थियो र "यसको परिवर्तन हुनुपर्छ। सबको कोशीस अवश्य गर्नुपर्छ" भनेको थिएँ। त्यही सपना आज साकार भएको छ। नेपालीमा पनि निकै मोटा मोटा बौद्ध ग्रन्थहरू छापिइसके। धेरैजसो श्रद्धेय आचार्य भिक्षु अमृतानन्द महानायक महास्थवीरले लेखी यसै आनन्दकुटी विहार गुठीलाई छाप्ने अवसर प्रदान गर्नुभएको छ। वहाँले गत १४ वर्षदेखि त्रिपिटक ग्रन्थको आधारमा नेपाली बौद्ध ग्रन्थहरू लेख्दै हुनुहुन्छ। वहाँले "नेपालीमा छैन भन्नु पर्दैन" भन्दै अहिले पनि लेख्न छोड्नु भएको छैन। सकभर वहाँ बौद्ध ग्रन्थ लेख्दा लेख्दै टेबिलमै जीवन बिताउन चाहनु हुन्छ। अहिले वहाँले बुद्धकालीन परिव्राजक बोधो भाग प्रकाशन गर्न हामीलाई दिनुभएको छ। यसको लागि वहाँप्रति हामी आभारी छौं।

आशा छ यस ग्रन्थले धेरैले मिथ्यामतबाट हटी सम्यक् मत (विचार) हुने मौका पाओस् । यस्ता धेरै पुस्तक लेख्ने श्रद्धेय आचार्य महानायक महास्थविरको सुस्वास्थ्य तथा दिर्घायुको साथै ग्रन्थहरु लेख्न प्रेरणा मिली रहोस् ! यही हाम्रो कामना छ ।

यो आनन्दकुटी विहारको ४७ औं प्रकाशन हो ।

भिक्षु मैत्री
सदस्य-सचिव
आनन्दकुटी विहार गुठी
पौष १, २०४२

आनन्दकुटी विहार
स्वयम्भू, काठमाडौं ।
पो. ब. नं. ३००७
फो. नं. २–१४४२०

Homage to the Buddha, the Supreme Enlightened One.

PREFACE

The First Part of the Mendicants of Buddha's Time was published in 2030 B. S. This is the fifth Volume of the publications of Buddha's time.

The present volume on the Mendicants of Buddha's Time Part II is the 29th of the series of publications on Buddha's time. Biographical sketches of twenty three mendicants of Buddha's time have been colleoted in this volume. In this publication twenty three discourses have been translated. They are five from Anguttara Nikaya, one from Udana Pali, five from Dighanikaya Pali, six from Majjhimanikaya Pali, one from Mahavagga Pali and five from Samyutta-nikaya Pali.

The discourses concerned with 23 characters incorporated in this volume are given below :—

1. ACELAKASSAPA (a)

1. S. II. p.[1] 18: Acelakassapasuttan,
Nidanasanyuttan R.[2] II. p. 19

2. ACELAKASSAPA (b)

1. S. III. p. 267: Acelakassapasuttan,
Cittasanyuttan R. IV. p. 300

3. ACELAKASSAPA (c)

1. M. III. p. 190: Acelakassapasuttan R. III. p. 166

4. ACELAKASSAPA (d)

1. D. I. p. 138: Mahasihanadasuttan R. I. p. 161

5. AJITA PARIBBAJAKA

1. A–10, p. 287: Ajitasuttan, Paccorohavaggo
R. V. p. 229

6. UGGAHAMANA PARIBBAJAKA

1. M. II. p. 247: Samanamundikasuttan R. II. p. 22

7. UTTIYA PARIBBAJAKA

1. A–10, p. 255: Uttiyasuttan, Upalivaggo
R. V. p. 193

---

1. References given here are to the pages of the Pali Text, Nagari Edition of Nalanda, India.
2. R. refers to the pages of the Pali Text Society, Roman Editions, London.

8. UPAKA AJIVAKA

9. KANDARAKA PARIBBAJAKA

10. KUNDALIYA PARIBBAJAKA

11. KENIYA JATILA

12. KOKANUDA PARIBBAJAKA

13. CHANNA PARIBBAJAKA

14. JALIYA PARIBBAJAKA

15. TIMBARUKA PARIBBAJAKA

16. NANDIYA PARIBBAJAKA

1. S. IV. p 11: Nandiyasuttan, Maggasanyuttan R. V. p. 11

17. NIGRODHA PARIBBAJAKA

1. D. III p. 29: From Udumbarikasuttan R. III p. 36

18. ACELA PATHIKAPUTRA

1. D. III. p. 11: From Pathikasuttan R. III. p. 12

19. PILOTIKA PARIBBAJAKA

1. M. I. p 226: Culahatthipadopamasuttan R.I. p. 175

20. POTTHAPADA PARIBBAJAKA

1. A–4, p. 105: Potthapadasuttan R II. p. 100

21. POTALIPUTRA PARIBBAJAKA

1. M. III. p 287: Mahakammavibhangasuttan R. III. p. 207

22. POTALIYA PARIBBAJAKA

1. A–4, p. 105: Potaliyasuttan, Asuravaggo R. II. p. 100

23. BAHIYA DARUCIRIYA

1. U. p. 69: Bahiyasuttan, Bodhivaggo R. p. 6

For the convenience of the readers, the names of the characters concerned with these discourses included in this volume are arranged in alphabetical order. The collection of the names of the mendicants of Buddha's time will be completed in the 3rd volume of the mendicants of Buddha's time.

I am very thankful to Shri Vatukrishna Bhushan, who has been kindly correcting my language and reading the proof. Ven'ble Kumara Kassapa Thera also deserves hearty thanks for his invaluable help in preparing the index. Prof. Asha Ram Sakya has also been kind enough to render my preface into English. I am also much obliged to Upasaka Khadgha Bahadur for his cooperation in bringing proofs from the press.

I am also thankful to Ven'ble Maitri, the member Secretary of the Anandakuti Vihara Trust, and also all the members, for the publication of this volume. It is the forty seventh publication of the Anandakuti Vihara Trust.

"Long live the Dhamma."

Bhikkhu Amritananda
16th, Dec. 1985

Ananda Kuti Vihara
Swayambhu,
Kathmandu, Nepal.
Phone : 2-14420

List of Abbreviation :

A. = Anguttaranikayapali

U. = Udanapali

D. = Dighanikayapali

M. = Majjhimanikayapali

Mh. = Mahavaggapali

S. = Samyuttanikayapali

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

प्राक्कथन

बुद्धकालीन परिव्राजक भाग–१, वि. सं. २०३० मा प्रकाशित भएको थियो । यो बुद्धकालीन ग्रन्थको पाँचौं संग्रहको दोश्रो भाग हो ।

प्रस्तुत बुद्धकालीन परिव्राजकहरू भाग–२, बुद्धकालीन संग्रहको २९ औं ग्रन्थ हो । यसमा जम्मा २३ जना परिव्राजकहरूका कुरा संग्रहित भएका छन् । यसमा २३ सूत्रको अनुवाद भएको छ । ती हुन्—

अङ्गुत्तरनिकायबाट ५, उदानपालिबाट १, दीघनिकायपालिबाट ५, मज्झिमनिकायपालिबाट ६, महावग्गपालिबाट १ र संयुत्तनिकायपालिबाट ५ ।

२३ जना पात्रहरूको नाम र तिनका सम्बन्धका सूत्रहरू यसप्रकार छन्—

(१) अचेल कस्सप (क)

१. सं. नि. II. पृ.[१] १८: अचेलकस्सपसुत्तं, निदानसंयुत्तं; पृ.[२] ३

---

१. यहाँ दिएको पृष्ठ नालन्दापालि प्रकाशनको हो ।

२. यहाँ दिएको पृष्ठ यसै पुस्तक हो ।

(२) अचेल कस्सप (ख)

(३) अचेल कस्सप (ग)

(४) अचेल कस्सप (घ[1])

(५) अजित परिव्राजक

(६) उग्गाहमान परिव्राजक

(७) उत्तिय परिव्राजक

(८) उपक आजीवक

---

१. अचेल कस्सप भन्ने व्यक्ति तीन चारजना भएकाले तिनीहरूलाई छुट्याउनको लागि कोष्ठमा 'क, ख' गरी राखिदिएको छु।

२. रोमनमा: "कस्सप सीहनादसुत्तं" भनी उल्लेख भएको छ।

(९) कन्दरक परिव्राजक

(१०) कुण्डलिय परिव्राजक

(११) केणिय जटिल

(१२) कोकनुद परिव्राजक

(१३) छन्न परिव्राजक

(१४) जालिय परिव्राजक

(१५) तिम्बरुक परिव्राजक

(१६) नन्दिय परिव्राजक

(२) अचेल कस्सप (ख)

१. सं. नि. III. पृ. २६७: अचेलकस्सपसुत्तं, चित्तसंयुत्तं; पृ. ११

(३) अचेल कस्सप (ग)

१. म. नि. III. पृ. १९०: बक्कुलसुत्तं; पृ. १७

(४) अचेल कस्सप (घ[1])

१. दी. नि. I. पृ. १३८: महासीहनादसुत्तं[2]; पृ. २७

(५) अजित परिव्राजक

१. अं. नि–१०, पृ. २८७: अजितसुत्तं, पच्चोरोहणवग्गो; पृ. ५०

(६) उग्गाहमान परिव्राजक

१. म. नि. II. पृ. २४७: समणमुण्डिकसुत्तं; पृ. ५५

(७) उत्तिय परिव्राजक

१. अं. नि–१०, पृ. २५५: उत्तियसुत्तं, उपालिवग्गो; पृ. ६४

(८) उपक आजीवक

१. म. नि. I. पृ. २२०: पासरासिसुत्तबाट; पृ. ७३

---

१. अचेल कस्सप भन्ने व्यक्ति तीन चारजना भएकाले तिनीहरूलाई छुट्याउनको लागि कोष्ठमा 'क, ख' गरी राखिदिएको छु।

२. रोमनमा: "कस्सप सीहनादसुत्तं" भनी उल्लेख भएको छ।

(९) कन्दरक परिव्राजक

(१०) कुण्डलिय परिव्राजक

(११) केणिय जटिल

(१२) कोकनुद परिव्राजक

(१३) छन्न परिव्राजक

(१४) जालिय परिव्राजक

(१५) तिम्बरुक परिव्राजक

(१६) नन्दिय परिव्राजक

प्रस्तुत पुस्तकमा पाठकहरूको सुविधाको निमित्त अकारादि क्रमले पात्रहरूको नाम राखिदिएको छ। त्रिपिटकबाट विभिन्न पात्रहरूको

खोज गरी संग्रह गर्ने कार्यको क्रममा यस बुद्धकालीन परिव्राजकहरूको खोजको काम तेस्रो भागमा पूर्ण हुनेछ ।

यो संग्रह गर्ने कार्य थालनी गरेदेखि आजसम्म भाषा संशोधन गरी प्रूफ हेर्ने काममा समेत निरन्तर सहयोग गर्दै आउनु भएका श्री बटुकृष्ण 'भूषण' ज्यू प्रति म ज्यादै आभारी छु। त्यस्तैगरी शब्दावलीको प्रारम्भिक लेखाइ गरिदिनु हुने तथा प्रूफ हेरिदिनु हुने आयुष्मान् कुमार काश्यप स्थविर प्रति तथा दिनहुँ झैं प्रेसबाट प्रूफ ल्याउने र लैजाने श्री खड्गबहादुर उपासक प्रति पनि म आभारी छु ।

प्रस्तुत पुस्तक प्रकाशित गरी सहयोग गर्नु भएकोमा आनन्दकुटी विहार गुठीका सदस्य-सचिव आयुष्मान् भिक्षु मैत्री तथा गुठीका तमाम सदस्यहरू प्रति पनि म धन्यवाद ज्ञापन गरी साधुवाद दिन चाहन्छु। प्रस्तुत पुस्तक आनन्दकुटी विहार गुठीको ४७ सौं प्रकाशन हो ।

पुनश्च :—

यो ग्रन्थ योभन्दा पहिले नै निस्कन सक्थ्यो । तर थाईलैण्डका राजगुरु तथा उपसंघराजा हुनुभएका परमपूज्य सोमदेत् फ्रा. ज्ञानसंवर महास्थविरज्यूको आगमनले गर्दा ढिलाइहुन गएको हो । अर्को कुरा प्रस्तुत पुस्तकको बारेमा आफ्नो केही मन्तव्य लेखिदिन्छु भनी श्री सूर्यबिक्रम ज्ञवालीज्यूले भन्नुभएको थियो । केही दिन अघि मात्र वहाँले आफू अस्वस्थ भएको कुरा फोनबाट भन्नुभएको थियो । अब वहाँ

यस लोकमा हुनुहुन्न । अहो अनित्य संसार ! वहाँका सन्तप्त परिवार प्रति मेरो हार्दिक समवेदना छ ।

"चिरं तिट्ठतु सद्धम्मो"

– भिक्षु अमृतानन्द

आनन्दकुटी विहार,
स्वयम्भू, काठमाडौं,
नेपाल ।
फो. नं. २-१४४२०

पौष १, २०४२

मूल ग्रन्थहरू—

अङ्गुत्तरनिकायपालि ।

उदानपालि ।

दीघनिकायपालि ।

मज्झिमनिकायपालि ।

महावग्गपालि ।

संयुत्तनिकायपालि ।

सहायक ग्रन्थहरू—

अङ्गुत्तरनिकायट्ठकथा (हेवावितारण)
अपदानपालि (नालन्दा प्रकाशन)
उदानअट्ठकथा (हेवावितारण)
कथावत्थुपालि (नालन्दा प्रकाशन)
चुल्लवग्गपालि (" ")
जातकपालि (" ")
जातकट्ठकथा (हेवावितारण)
थेरगाथापालि (नालन्दा प्रकाशन)
थेरगाथट्ठकथा (हेवावितारण)
थेरीगाथट्ठकथा (हेवावितारण)
दीघनिकायट्ठकथा (नालन्दा प्रकाशन)
धम्मपदट्ठकथा (बुद्धदत्त महाथेर)
पाराजिकपालि (नालन्दा प्रकाशन)
पाचित्तियपालि (" ")
परिवारपालि (" ")
पपञ्चसूदनी (हेवावितारण)

पेतवत्थुपालि (नालन्दा प्रकाशन)

पेतवत्थुअट्ठकथा (हेवावितारण)

बुद्धकालीन भारतीय भूगोल (डा. भरतसिंह उपाध्याय)

बुद्धवंसपालि (नालन्दा प्रकाशन)

बुद्धवंसट्ठकथा (हेवावितारण)

बुद्धकालीन गृहस्थीहरू (भिक्षु अमृतानन्द)

बुद्धकालीन परिव्राजकहरू (" ")

बुद्धकालीन प्रेतकथा (" ")

बुद्धकालीन ब्रह्माविदेव (" ")

बुद्धकालीन ब्राह्मण (" ")

बुद्धकालीन महिलाहरू (" ")

बुद्धकालीन राजपरिवार (" ")

बुद्धकालीन विमानकथा (" ")

बुद्धकालीन श्रावक-चरित (" ")

मज्झिमनिकायट्ठकथा (हेवावितारण)

महावग्गपालि (नालन्दा प्रकाशन)

मनोरथपूरणी (हेवावितारण)

विमानवत्थुपालि (नालन्दा प्रकाशन)

विमानवत्थुअट्ठकथा (हेवावितारण)

संयुत्तनिकायट्ठकथा (")

समन्तपासादिका (नालन्दा प्रकाशन)

सुत्तनिपातपालि (नालन्दा प्रकाशन)

सुत्तनिपातट्ठकथा (नालन्दा प्रकाशन)
सुमङ्गलविलासिनी (नालन्दा प्रकाशन)
Dictionary of Pali Proper Names
(Dr. Malalasekera)

संकेत-शब्दको अर्थ—

अं. नि. = अङ्गुत्तरनिकाय।

अं. नि. अ. क. = अङ्गुत्तरनिकायट्ठकथा।

अ. क. = अट्ठकथा।

अप. दा. पा. = अपदानपालि।

उदा. पा. = उदानपालि।

उदा. अ. क. = उदानट्ठकथा।

कथा. व. पा. = कथावत्थुपालि।

चुल्ल. व. पा. = चुल्लवग्गपालि।

जा. पा. = जातकपालि।

जा. अ. क. = जातकट्ठकथा।

थेर. गा. पा. = थेरगाथापालि।

थेर. गा. अ. क. = थेरगाथट्ठकथा।

थेरी. गा. अ. क. = थेरीगाथट्ठकथा।

दी. नि. अ. क. = दीघनिकायट्ठकथा।

धम्म. प. अ. क. = धम्मपदट्ठकथा।

पपं. सू. = पपञ्चसूदनी।

पारा. पा. = पाराजिकपालि।

पाचि. पा. = पाचित्तियपालि।

परि. वा. पा. = परिवारपालि ।

पेत. व. पा. = पेतवत्थुपालि ।

पेत. व. अ. क. = पेतवत्थु अट्ठकथा ।

बु. भा. भू. = बुद्धकालीन भारतीय भूगोल ।

बु. गृ. = बुद्धकालीन गृहस्थीहरू ।

बु. प. = बुद्धकालीन परिव्राजकहरू ।

बु. प्रे. = बुद्धकालीन प्रेतकथा ।

बु. ब्र. = बुद्धकालीन ब्रह्मादिदेव ।

बु. ब्रा. = बुद्धकालीन ब्राह्मणहरू ।

बु. म. = बुद्धकालीन महिलाहरू ।

बु. रा. = बुद्धकालीन राजपरिवारहरू ।

बु. वि. = बुद्धकालीन विमानकथा ।

बु. श्रा. च. = बुद्धकालीन श्रावक-चरित ।

बु. वं. पा. = बुद्धवंसपालि ।

बु. वं. अ. क. = बुद्धवंसट्ठकथा ।

म. नि. = मज्झिमनिकाय ।

म. नि. अ. क. = मज्झिमनिकायट्ठकथा ।

महा. व. पा. = महावग्गपालि ।

मनो. र. पू. = मनोरथपूरणी ।

विमा. व. पा. = विमानवत्थुपालि ।

विमा. व. अ. क. = विमानवत्थु अट्ठकथा ।

सं. नि. = संयुत्तनिकाय ।

सं. नि. अ. क. = संयुत्तनिकायट्ठकथा ।

सम. पा. = समन्तपासादिका ।

सुत्त. नि. पा. = सुत्तनिपातपालि ।

सुत्त. नि. अ. क. = सुत्तनिपातट्ठकथा ।

सुमं. वि. = सुमङ्गलविलासिनी ।

D. P. P. = Dictionary of Pali Proper Names.

त्रि-पिटक-सूची

सुत्तपिटक :

१–दीघनिकाय
२–मज्झिमनिकाय
३–संयुत्तनिकाय
४–अङ्गुत्तरनिकाय
५–खुद्दकनिकाय

विनयपिटक :

१–पाराजिकपालि } सुत्तविभङ्ग
२–पाचित्तियपालि } सुत्तविभङ्ग
३–महावग्गपालि } खन्धक
४–चुल्लवग्गपालि } खन्धक
५–परिवारपालि

अभिधम्मपिटक ।

१–धम्मसङ्गणि
२–विभङ्ग
३–धातुकथा
४–पुग्गलपञ्ञत्ति
५–कथावत्थु
६–यमक
७–पट्ठान

(१) खुद्दकपाठ
(२) धम्मपद
(३) उदान
(४) इतिवुत्तक
(५) सुत्तनिपात
(६) विमानवत्थु
(७) पेतवत्थु
(८) थेरगाथा
(९) थेरीगाथा
(१०) जातक
(११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }
(१२) पटिसम्भिदामग्ग
(१३) अपदान
(१४) बुद्धवंस
(१५) चरियापिटक

विषय-सूची

बुद्धकालीन परिव्राजकहरू

[भाग–२]

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

११.।१ अचेल कस्सप (क)

प रि च य

बुद्धको पालामा नाङ्गा साधुहरू पनि धेरै थिए । पालिसाहित्यले यिनीहरूलाई 'अचेलक' (=वस्त्र नभएका) भन्दछ । यो अचेल कस्सप पनि नाङ्गा साधुहरूमध्येका एक हुन् । यिनको नाम चाहिं कस्सप (=काश्यप वा कश्यप) हो । यिनी राजगृहवासी हुन् ।

एकदिन यिनले महान भिक्षुहरूका साथ भगवान् राजगृह नगरमा भिक्षाटन् गइरहेको देखे । अनि भगवान्कहाँ गई भगवान्सँग यिनले केही प्रश्न सोध्ने वचन मागे । भगवान्ले "अहिले म भिक्षाटनार्थ जाँदैछु" भनी उत्तर दिनुभयो । फेरि पनि यिनले यस्तै भने । भगवान्ले पनि त्यस्तै भन्नुभयो । जब अचेल कस्सपले फेरि पनि अनुरोध गरे तब भगवान्ले "त्यसोभए सोध, जे सोध्न चाहन्छौ" भनी भन्नुभयो । यसपछि अचेल कस्सपले "भो गोतम ! दुःखलाई आफैंले सिर्जना गरेको हो ?" भनी सोधे । भगवान्ले "यस्तो नभन" भनी भन्नुभयो ।

यसो भन्नुहुँदा उनले "त्यसोभए दुःखलाई अर्काले सिर्जना गरिदिएको हो त ?" भनी सोधे । यसमा पनि भगवान्‌ले "यसो नभन" भनी भन्नुभयो । उनले सोधे सोधेकालाई भगवान्‌ले "यसो नभन" भन्ने मात्र सुनेपछि उनले "त्यसोभए दुःख भनेको नै छैन कि क्याहो ?" भनी सोध्दा भगवान्‌ले "दुःख नभएको होइन, दुःख भनेको छ" भनी भन्नुभएपछि अचेल कस्सपले आक्षेप जस्तै गर्दै "तपाईं न दुःखलाई जान्नुहुन्छ न त दुःखलाई नै देख्नुहुन्छ" भनी भगवान्‌लाई भने । यो सुनेर कारण स्पष्ट पार्दै जब भगवान्‌ले अगाडिका कुरा बताउनुभयो तब उनले भगवान्‌सँग "त्यसोभए मलाई दुःख भनेको कस्तो हो" भन्ने विषयमा उपदेश गर्नुहोस् भनी जिज्ञासापूर्वक प्रार्थना गरे । भगवान्‌ले उनलाई प्रतित्यसमुत्पादको आधारमा उपदेश गर्नुभयो । जुन कुरा अगाडिको मूल सूत्रमै प्रष्ट भएको छ । यति सुनेपछि उनी प्रसन्न मात्र भएका होइनन् बुद्धशासनमा दिक्षित हुने आज्ञा पनि मागे । भिक्षु भइसकेपछि उनले अरहत्व पनि प्राप्त गरे ।

पालिसाहित्यमा अचेल कस्सप भन्ने व्यक्तिहरू धेरै पाइएको हुँदा उनीहरूलाई चिनाउन र छुट्याउन मैले "क र ख" मा वर्गीकरण गरेको हुँ ।

× × ×

मूल सूत्र—

दुःख स्वयंकृत हो ?

(अचेलकस्सपसुत्त[1])

यस्तो मैले सुनें ।

एक समय भगवान् राजगृहस्थित वेणुवनको कलन्दक निवापमा बस्नुभएको थियो । अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी राजगृहमा भिक्षाटन्को निमित्त भगवान् जानुभयो ।

अनि अचेल कस्सप (कश्यप) ले[2] टाढैबाट भगवान्लाई आइरहेको देखे । अनि भगवान्कहाँ गई भगवान्संग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा उभिए । एक छेउमा उभिएका अचेल कस्सपले भगवान्लाई यस्तो भने—

---

१. सं. नि. II. पृ. १८: निदानसंयुत्त ; अ. क. II. पृ. २६.

२. 'अचेल' भनेको नाङ्गा साधु हो । 'कस्सप' भन्ने उनको आफ्नो नाम हो । अतः 'अचेल कस्सप' भनेको कश्यप भन्ने नाङ्गा साधु हुन् भनी भनिएको हो । सं. नि. अ. क. II. पृ. २६.

"यदि तपाईं गौतमले प्रश्नको उत्तर दिने वचन दिनुहुन्छ भने हामी तपाईं गौतमसँग केही कुरा सोध्न चाहन्छौं ।"

"कस्सप ! (कश्यप) अहिले प्रश्न सोध्ने समय होइन । भिक्षाटन्को निमित्त नगरभित्र जाँदैछु ।"

दोस्रो पटक पनि अचेल कस्सपले अघि जस्तै भने र भगवान्ले पनि अघि जस्तै भन्नुभयो ।

तेस्रो पटक पनि अचेल कस्सपले अघि जस्तै भने र भगवान्ले पनि अघि जस्तै भन्नुभयो ।

यस्तो भन्नुहुँदा अचेल कस्सपले भगवान्लाई यस्तो भने— "हामी भगवान्सँग कुनै धेरै कुरा सोध्न चाहन्नौं ।"

"कस्सप ! हुन्छ त्यसोभए जे चाहन्छौ सोध ।"

(१) "भो गौतम ! के दुःख स्वयंकृत हो ?"

"कस्सप ! यस्तो नभन" भनी भगवान्ले भन्नुभयो ।

(२) "भो गौतम ! त्यसोभए दुःख परकृत हो त ?"

"कस्सप ! यस्तो नभन" भनी भगवान्ले भन्नुभयो ।

(३) "भो गौतम ! त्यसोभए यो दुःख स्वयंकृत पनि परकृत पनि हो त ?"

"कस्सप ! यस्तो नभन" भनी भगवान्ले भन्नुभयो ।

(४) "भो गौतम ! त्यसोभए यो दुःख स्वयंकृत पनि होइन, परकृत पनि होइन, बल्की आपसेआप उत्पन्न भएको हो त ?"

"कस्सप ! यस्तो नभन" भनी भगवान्‌ले भन्नुभयो ।

(५) "भो गौतम ! के त दुःख भनेकै छैन ?"

"कस्सप ! न दुःख भनेकै छैन । कस्सप ! दुःख भनेको छ ।"

"तर तपाईं गौतमले न दुःखलाई जान्नुहुन्छ, न देख्नुहुन्छ ।"

"कस्सप ! मैले दुःखलाई न जानेको र न देखेको होइन । कस्सप ! म दुःखलाई जान्दछु; कस्सप ! म दुःखलाई देख्दछु ।"

"भो गौतम ! त्यसोभए किननि 'के दुःख स्वयंकृत हो ?' भनी सोध्दा 'कस्सप ! यस्तो नभन' भनी भन्नुहुन्छ । भो गौतम ! 'त्यसोभए दुःख परकृत हो त ?' भनी सोध्दा 'कस्सप ! यस्तो नभन' भनी भन्नुहुन्छ । भो गौतम ! त्यसोभए यो दुःख स्वयंकृत पनि परकृत पनि हो त ?' भनी सोध्दा 'कस्सप ! यस्तो नभन' भनी भन्नुहुन्छ । भो गौतम ! 'त्यसोभए यो दुःख स्वयंकृत पनि होइन, परकृत पनि होइन, बल्की आफसेआफ उत्पन्न भएको हो त ?' भनी सोध्दा 'कस्सप ! यस्तो नभन' भनी भन्नुहुन्छ । भो गौतम ! के त दुःख भनेकै छैन ?' भनी सोध्दा 'कस्सप ! न दुःख भनेकै छैन । कस्सप ! दुःख भनेको छ' भनी भन्नुहुन्छ । 'तर तपाईं गौतमले न दुःखलाई जान्नुहुन्छ न देख्नुहुन्छ' भनी भन्दा 'कस्सप ! दुःखलाई म जानेको र न देखेको होइन । कस्सप ! म दुःखलाई जान्दछु; कस्सप ! म दुःखलाई देख्दछु' भनी भन्नुहुन्छ । भन्ते भगवान् ! त्यसोभए मलाई दुःखको कुरा भन्नुहोस् । भन्ते भगवान् ! मलाई दुःखको उपदेश गर्नुहोस् ।"

प्रतित्यसमुत्पाद

" 'कस्सप ! जसले गर्छ उसैले भोग्छ' भन्ने ठानी 'स्वयंकृत दुःख हो' भन्दा शाश्वतमा पर्छ । 'कस्सप ! अर्कैले गर्छ र अर्कैले भोग्छ' भन्ने ठानी 'परकृत दुःख हो' भन्दा उच्छेदमा पर्छ । कस्सप ! यी दुबैको अन्त्यसम्म नपुगी बीचबाटै तथागत धर्मदेशना गर्छन्—अविद्याको कारणबाट संस्कार हुन्छ, संस्कारको कारणबाट विज्ञान हुन्छ, विज्ञानको कारणबाट नामरूप हुन्छ, नामरूपको कारणबाट षडायतन हुन्छ, षडायतनको कारणबाट स्पर्श हुन्छ, स्पर्शको कारणबाट वेदना हुन्छ, वेदनाको कारणबाट तृष्णा हुन्छ, तृष्णाको कारणबाट उपादान हुन्छ, उपादानको कारणबाट भव (=जन्मिने हेतु) हुन्छ, भवको कारणबाट जाति (=जन्मिनु) हुन्छ, जातिको कारणबाट जरामरण, शोक परिदेव, दुःख दौर्मनस्य तथा उपायास सम्भव हुन्छ । यसरी केवल दुःखस्कन्धको प्रादुर्भाव हुन्छ । अविद्याकै निरवशेष विराग निरोधबाट संस्कार निरुद्ध हुन्छ, संस्कारको निरोधबाट विज्ञान निरुद्ध हुन्छ, विज्ञानको निरोधबाट नामरूप निरुद्ध हुन्छ, नामरूपको निरोधबाट षडायतन निरुद्ध हुन्छ, षडायतनको निरोधबाट स्पर्श निरुद्ध हुन्छ, स्पर्शको निरोधबाट वेदना निरुद्ध हुन्छ, वेदनाको निरोधबाट तृष्णा निरुद्ध हुन्छ, तृष्णाको निरोधबाट उपादान निरुद्ध हुन्छ, उपादानको निरोधबाट भव निरुद्ध हुन्छ, भवको निरोधबाट जाति निरुद्ध हुन्छ, जाति निरोधबाट जरामरण, शोक परिदेव, दुःख दौर्मनस्य तथा उपायास निरुद्ध हुन्छ । यसरी सबै दुःखस्कन्ध निरुद्ध हुन्छ ।"

यस्तो भन्नुहुँदा अचेल कस्सपले भगवान्‌लाई यस्तो भने—"धन्यहो भन्ते ! धन्यहो भन्ते !! भन्ते ! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिँदा वा ढाकिएकोलाई उघारिदिँदा वा बाटो भुलेकोलाई बाटो देखाइदिँदा अथवा अन्धकारमा तेलको दियो बालिदिँदा आँखा हुनेले रुप देख्छ त्यस्तैगरी तपाइँ गौतमले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो । अब म तपाइँ गौतमको शरणमा पर्छु, धर्म र भिक्षु-सङ्घको पनि । भन्ते ! मलाई भगवान्‌को समक्ष प्रव्रज्या र उपसम्पदा पाऊँ ।"

"कस्सप ! जो अघि अन्यतीर्थीय भएका यस धर्मविनयमा प्रव्रज्या र उपसम्पदा चाहन्छ उसले चार महीनासम्म परिवासमा (=परीक्षाको लागि) बस्नुपर्छ । चार महीना पछि परिवासबाट सन्तुष्ट भएका भिक्षुहरूले भिक्षुत्वको लागि प्रव्रजित गर्छन् र उपसम्पदा पनि । हुन त मलाई व्यक्ति विशेषताको कुरो पनि थाहाछ ।

"भन्ते ! यदि यस धर्मविनयमा प्रव्रज्या र उपसम्पदा चाहने अघि अन्यतीर्थीय भएकाले चार महीनासम्म परिवासमा बस्नुपर्छ र चार महीना परिवास बसिसकेपछि त्यसद्वारा सन्तुष्ट भएका भिक्षुहरूले भिक्षुत्वको निमित्त प्रव्रज्या र उपसम्पदा गर्छन् भने म चारवर्ष परिवास बस्नेछु । चारवर्षपछि यदि भिक्षुहरू सन्तुष्ट भएमा भिक्षुत्वको निमित्त मलाई उनीहरूले प्रव्रज्या र उपसम्पदा गरुन् ।"

अनि अचेल कस्सपले भगवान्‌को समक्ष प्रव्रज्या र उपसम्पदा प्राप्त गरे । उपसम्पन्न भएर आयुष्मान् कस्सपले (कश्यपले) एकान्त-

वासमा बसी अप्रमत्त भई, आतप्त युक्त भई, वीर्यवान् भई बसिरहँदा चिरकाल नबित्दै—जसको निमित्त कुलपुत्रहरू सम्यक्‌रूपले घरबाट निस्की अनगारिक भई प्रव्रजित हुन्छन्—त्यो अनुत्तरफल प्राप्त गरी ब्रह्मचर्यवास पूरा गरी यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी उपशान्त भई बसे। 'जाति क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त गर्नुपर्ने केही बाँकी छैन' भन्ने पनि जाने। आयुष्मान् कस्सप अरहन्तहरूमध्ये एक हुनुभयो।

१२।२. अचेल कस्सप (ख)

परिचय

यी अचेल कस्सप मच्छिकासण्डमा बस्ने चित्त गृहपतिका एक साथी हुन्। यिनी निगण्ठ सम्प्रदायमा प्रव्रजित भएका थिए। तीसौं वर्षपछि जब यी दुइ साथीहरूको भेटघाट भयो तब चित्त गृहपतिले[1] अचेल कस्सपसँग "यी तीस वर्षको बीचमा तपाईंले कुनै विशेष ज्ञान प्राप्त गर्नुभएको छ के?" भनी सोध्दा उनले "यो तीस वर्षको बीचमा नग्नता र मुण्डता बाहेक अरू कुनै फल प्राप्त गर्न सकेको छैन" भनी भने।

चित्त गृहपतिले यसरी सोधेपछि अचेल कस्सपले पनि उनीसँग "यो तीस वर्षभित्र तपाईंले के फल पाउनु भएको छ त?" भनी सोध्दा उनले "जतिञ्जेलसम्म प्रथम ध्यानमा बस्न चाहन्छु त्यतिञ्जेलसम्म म प्रथम ध्यानमा मात्र होइन द्वितीय, तृतीय र चतुर्थ

१. यी चित्त गृहपति को हुन् भन्ने बारेका कुरा लेखकको बु. गृ. भा–१, पृ. १३७ मा हेर्नू।

ध्यानमा पनि बस्नसक्छु" भनी भनेको सुनी अचेल कस्सपले "यति राम्रो धर्ममा दिक्षा पाउन सके कति राम्रो हुने थियो" भनी भने। अचेल कस्सपको इच्छाको कुरा सुनी उनलाई फुनै स्थविर भिक्षुहरूकहाँ लगी आफू जिम्मेवार बसी उनलाई भिक्षुभावमा दिक्षा दिलाइ दिए। भिक्षु भइसकेपछि अचेल कस्सपले अरहत्व पनि प्राप्त गरे। युन कुरा अगाडिको मूल सूत्रमा प्रष्टसँग उल्लेख भएको छ।

× × ×

मूल सूत्र—

अचेल कस्सपलाई प्रव्रजित गराए

(अचेलकस्सपसुत्त[१])

त्यसबखत चित्त गृहपतिका पुराना साथी अचेल कस्सप मच्छिकाखण्ड नगरमा आएका थिए। चित्त गृहपतिले "हाम्रा पुराना गृही साथी अचेल कस्सप मच्छिकाखण्डमा आइपुगेका छन्" भन्ने खबर सुने। अनि चित्त गृहपति जहाँ अचेल कस्सप बसेका थिए त्यहाँ गई अचेल कस्सपसँग सम्मोदनीय कुरा गरी एक छेउमा बसे। त्यसपछि चित्त गृहपतिले अचेल कस्सपसँग सोधे—

"भन्ते कस्सप! तपाईं प्रव्रजित हुनुभएको कति वर्ष भयो?"

"हे गृहपति! म प्रव्रजित भएको तीस वर्ष भइसक्यो।"

"भन्ते कस्सप! यी तीस वर्षका बीच कुनै उत्तरीय-मनुष्यधर्म[२]

---

१. सं. नि. III. पृ. २६७: चित्तसंयुत्त; अ. क. III. पृ. ९९.

२. 'उत्तरीय-मनुष्यधर्म' भनेको दशकुशल धर्मभन्दा माथिल्लो धर्मलाई भनिएको हो। म. नि. अ. क. II. पृ. २०२; अं. नि. अ. क. I. पृ. ३९७ र दी. नि. अ. क. II. पृ. ७३.

अथवा कुनै आर्यज्ञान दर्शन विशेषता प्राप्त गरी कुशलपूर्वक बस्नुभएको छ त ?"

"हे गृहपति ! यी तीस वर्षको प्रव्रज्याभित्र मैले न कुनै उत्तरीय-मनुष्यधर्म प्राप्त गर्न सकें, न त कुनै अभिज्ञा दर्शन विशेषता नै प्राप्त गर्न सकें—सिवाय नग्नता, मुण्डता र भुइमा बसेको धूलो टक्टक्याउने बाहेक।"

"यो कुरा सुनी चित्त गृहपतिले अचेल कस्सपलाई भने—

"आश्चर्यहो ! अद्भूतहो भन्ते ! यसोभए कसरी त्यो धर्म सु-आख्यात हुनसक्ला ! जहां कि तीस वर्षसम्ममा पनि कुनै उत्तरीय-मनुष्यधर्म वा आर्यज्ञान दर्शन विशेषता अधिगमन गर्न सक्नु भएन ! सिवाय नग्नता, मुण्डता र भुइको धूलो टक्टक्याउने बाहेक !!"

"हे गृहपति ! तिमी उपासकत्वमा गएको कति वर्ष भयो नि ?"

"भन्ते ! म उपासकत्वमा गएको पनि तीस वर्ष भइसक्यो।"

"हे गृहपति ! यी तीस वर्षको बीचमा तिमीले कुनै उत्तरीय-मनुष्यधर्म वा आर्यज्ञान दर्शन विशेषता प्राप्त गरी कुशलपूर्वक बसेका छौ त ?"

"भन्ते ! गृहस्थीहरूले पनि यस्तो ज्ञान प्राप्त गर्न सक्छन्। भन्ते ! म जतिञ्जेलसम्म इच्छा गर्छु त्यतिञ्जेलसम्म कामविषयबाट अलग भई, अकुशल विषयबाट अलग भई, वितर्क र विचार भएको एकान्तवास (ध्यान) बाट उत्पन्न प्रीति र सुख भएको प्रथमध्यान,...

द्वितीयध्यान,... तृतीयध्यान,... र चतुर्थध्यानमा बस्दछु। यदि भगवान्-भन्दा अगाडि मेरो मृत्यु भएमा भगवान्ले मलाई यसो भन्नुभएमा कुनै आश्चर्य लाग्ने छैन—'चित्त गृहपतिमा त्यो संयोजन छैन जुन संयोजन भएको भए उनी पुनः यस लोकमा आउने थिए।"

यति कुरा सुनेर अचेल कस्सपले चित्त गृहपतिलाई यसो भने—

"हे गृहपति ! आश्चर्य अद्भूत ! कस्तो यो सु-आख्यात धर्म-विनय ! जहाँ कि शुद्ध गृही जीवनमा बस्नेले पनि उत्तरीय-मनुष्यधर्म र आर्यज्ञान दर्शन विशेषता प्राप्त गरी कुशलपूर्वक बस्छन्। हे गृहपति ! यस्तो धर्मविनयमा प्रव्रज्या तथा उपसम्पदा पाउन पाए बेश हुने थियो।"

त्यसपछि चित्त गृहपतिले अचेल कस्सपलाई जहाँ थेर भिक्षुहरू हुनुहुन्थ्यो त्यहाँ लगी थेर भिक्षुसँग प्रार्थना गरे—

"भन्ते ! यी अचेल कस्सप हाम्रा पुराना गृही साथी हुन्। यिनलाई थेर भिक्षुहरूले प्रव्रज्या र उपसम्पदा गरिदिनु भए बेश हुने थियो। म उनको चीवर, भिक्षा-भोजन, शयनासन र ग्लानप्रत्यय भैषज्यं परिष्कारद्वारा उपस्थान गर्नेछु।"

यसपछि अचेल कस्सपले यस धर्मविनयमा प्रव्रज्या र उपसम्पदा पाए।

अनि आयुष्मान् कस्सप उपसम्पदा भएको केही दिनपछि एकान्तवास गरी अप्रमत्त भई, आतप्तयुक्त भई बसिरहँदा—जसको

निमित्त कुलपुत्रहरू घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छन्—त्यो अनुत्तरफल प्राप्त गरी, ब्रह्मचर्यवास पूरा गरी यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी बसे। "जन्म क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें र पुनः यहाँ आउनुपर्ने कुनै हेतु छैन' भन्ने ज्ञान पनि भयो।

आयुष्मान् कस्सप अरहन्तहरूमध्येमा एक हुनुभयो।

१३।३. अचेल कस्सप (ग)

परिचय

यी अचेल कस्सप चाँहि बक्कुल महास्थविरको गृहस्थीका साथी हुन्। यी अचेल कस्सप पनि बक्कुल महास्थविर जस्तै धेरै आयु भएका हुन्[1]। बक्कुल महास्थविर चाँहि ८० वर्षको उमेरमा भिक्षु हुनु भएको थियो[2] र ८० वर्षसम्म भिक्षु जीवन बिताउनु भएको थियो[3]। भिक्षु भएको ८० वर्ष पुगेपछि यिनी बक्कुल महास्थविरसँग भेट्न गएको कुरा अगाडि अनुदित मूल सूत्रबाट बुझिन्छ।

त्यसबखत महास्थविरसँग यिनले "यो असी वर्षको बीचमा तपाईंले कतिचोटि मैथुन गर्नुभएको छ नि?" भनी सोधेका मूर्खतापूर्ण प्रश्नको जुन उत्तर महास्थविरले दिनुभयो सो कुरा अगाडिको मूल सूत्रमा नै स्पष्टसँग उल्लेख भएको छ। बक्कुल महास्थविरको कुरा

---

१. पपं. सू. IV. पृ. १२६: बक्कुलसुत्तवण्णना।

२. पपं. सू. IV. पृ. १२६: बक्कुलसुत्तवण्णना।

३. म. नि. III. पृ. १६०: बक्कुलसुत्तं।

सुनी उनी प्रसन्न भए। पछि यिनी भिक्षु भएका थिए र अरहत् पनि भए भन्ने कुरा अगाडि अनुदित मूल सूत्रले उल्लेख गरेको छ। अगाडिको बक्कुल सूत्र चाहिं द्वितीय सङ्गायनाको समयमा त्रिपिटकमा समावेश गरिएको हो भनी पपं. सू. IV. पृ. १३१: बक्कुलसुत्तवण्णनाले उल्लेख गरेको छ।

× × ×

मूल सूत्र—

बक्कुल स्थविरसँग प्रश्न

(बक्कुलसुत्त[१])

यस्तो मैले सुनें ।

एक समय आयुष्मान् बक्कुल[२] राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बसिरहनुभएको थियो । अनि आयुष्मान् बक्कुलका पुराना गृही साथी अचेल कस्सप जहाँ बक्कुल हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेर आयुष्मान् बक्कुलसँग सम्मोदन गरे । सम्मोदनीय कुशल-वार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका अचेल कस्सपले आयुष्मान् बक्कुलसँग यस्तो सोधे—

"आवुसो बक्कुल ! प्रव्रजित हुनुभएको कति भयो ?"

"आवुसो ! म प्रव्रजित भएको असी वर्ष भयो ।"

---

१. म. नि. III. पृ. १९०; अ. क. IV. पृ. १२७.

२. नालन्दा पालिमा चाहिं 'बाकुल' भनी उल्लेख भएको छ । सूत्तको नाम पनि 'बाकुलसुत्त' उल्लेख भएको छ ।

"आवुसो बक्कुल! यी असी वर्ष भित्र कतिचोटि मैथुनधर्म सेवन गर्नुभयो त?"

(१) "'आवुसो कस्सप! मसँग यी असी वर्ष भित्र कतिचोटि मैथुनधर्म सेवन गर्नुभयो त?' भनी यसरी सोध्ने होइन। 'आवुसो कस्सप! यी असी वर्ष भित्र कतिपल्ट तपाइँको मनमा कामसंज्ञा उत्पन्न भयो त?' भनी यसरी मसँग सोध्नुपर्छ। आवुसो! प्रव्रजित भएको यी असी वर्ष भित्र ममा कामसंज्ञा उत्पन्न भएको कुरा मलाई थाहाछैन।

यी असी वर्ष भित्र आयुष्मान् बक्कुलले जुन कामसंज्ञा उत्पन्न भएको कुरा जान्नुहुन्न—यो पनि हामी आयुष्मान् बक्कुलको आश्चर्य र अद्भूतधर्म हो भनी धारण गर्छौं।

(२) "आवुसो! प्रव्रजित भएको यी असी वर्ष भित्र ममा व्यापादसंज्ञा...विहिंसासंज्ञा उत्पन्न भएको कुरा मलाई थाहाछैन।"

"यी असी वर्ष भित्र आयुष्मान् बक्कुलले जुन व्यापादसंज्ञा... विहिंसासंज्ञा उत्पन्न भएको कुरा जान्नुहुन्न—यो पनि हामी आयुष्मान् बक्कुलको आश्चर्य र अद्भूतधर्म हो भनी धारण गर्छौं।

(३) "आवुसो! प्रव्रजित भएको यी असी वर्ष भित्र ममा कामवितर्कना उत्पन्न भएको कुरा मलाई थाहाछैन।"

"यी असी वर्ष भित्र आयुष्मान् बक्कुलले जुन कामवितर्कना उत्पन्न भएको कुरा जान्नुहुन्न—यो पनि हामी आयुष्मान् बक्कुलको आश्चर्य र अद्भूतधर्म हो भनी धारण गर्छौं।

(४) "आवुसो ! प्रव्रजित भएको यी असी वर्ष भित्र ममा व्यापादवितर्कना,...विहिंसावितर्कना उत्पन्न भएको कुरा मलाई थाहा-छैन ।"

"यी असी वर्ष भित्र आयुष्मान् बक्कुलले जुन व्यापादवितर्कना, ...विहिंसावितर्कना उत्पन्न भएको कुरा जान्नुहुन्न—यो पनि हामी आयुष्मान् बक्कुलको आश्चर्य र अद्भूतधर्म हो भनी धारण गर्छौं ।"

(५) "आवुसो ! प्रव्रजित भएको यी असी वर्ष भित्र गृहपति-चीवर[१] ग्रहण गरेको कुरा मलाई थाहाछैन ।"

"यी असी वर्ष भित्र आयुष्मान् बक्कुलले जुन गृहपतिचीवर ग्रहण गर्नुभएको कुरा जान्नुहुन्न—यो पनि आयुष्मान् बक्कुलको आश्चर्य र अद्भूतधर्म हो भनी हामी धारण गर्छौं ।"

(६) "आवुसो !...यी असी वर्ष भित्र कैंचीले चीवर काटेको कुरा मलाई थाहाछैन ।"

"यी असी वर्ष भित्र जुन कैंचीले चीवर काटेको कुरा आयुष्मान् बक्कुललाई थाहाछैन—यो पनि आयुष्मान् बक्कुलको आश्चर्य र अद्भूतधर्म हो भनी हामी धारण गर्छौं ।"

(७) "आवुसो !...यी असी वर्ष भित्र सियोले चीवर सिएको कुरा, रंगले चीवर रंगाएको कुरा,.. कठीन चीवर सिएको कुरा,...

---

१. 'गृहपतिचीवर' भनेको कुनै गृहस्थीले दिएको चीवरलाई भनिएको हो ।

सब्रह्मचारीहरूको चीवर सिउने काममा अल्झेको कुरा,...निम्तोमा गएको कुरा,...'अहो ! मलाई कसैले निम्त्याए हुन्थ्यो' भन्ने कुरा मनमा आएको कुरा,...घरभित्र बसेको कुरा,...घरभित्र भोजन गरेको कुरा,...आइमाईहरूको हाउभाउमाथि निमित्त ग्रहण गरी हेरेको कुरा, ...आइमाईहरूलाई धर्मदेशना मात्र होइन चार पाँच पदको गाथा सुनाएको कुरा,...भिक्षुणीहरू बस्ने ठाउँमा गएको कुरा,...भिक्षुणीहरू-लाई धर्मोपदेश गरेको कुरा,...शिक्षमाणविकालाई धर्मदेशना गरेको कुरा,...श्रामणेरीहरूलाई धर्मोपदेश गरेको कुरा, . कसैलाई प्रव्रजित गरेको कुरा,...कसैलाई उपसम्पदा गरेको कुरा,...कसैलाई निश्रय दिएको कुरा,...कुनै श्रामणेरद्वारा सेवा गराएको कुरा,...सार्वजनिक नुहाउने घरमा (जन्ताघरे) नुहाएको कुरा,...चूर्ण लगाई नुहाएको कुरा,...कुनै सब्रह्मचारीहरूबाट शरीर मिचाउने आदि गरेको कुरा,... कहिल्यै संचो नभएको कुरा मात्र होइन एकक्षण मात्र पनि संचो नभएको कुरा,...औषधी खाएको मात्र होइन एकटुक्रा हरितकी खाएको कुरा,...अडेस लिएर सुतेको कुरा,...तथा बछ्यानमा सुतेको कुरा पनि मलाई थाहाछैन ।"

"जुन चीवर सिएको कुरा,...तथा बछ्यानमा सुतेको कुरा आयुष्मान् बक्कुललाई थाहाछैन—यो पनि आयुष्मान् बक्कुलको आश्चर्य तथा अद्भूतधर्म हो भनी हामी धारण गर्छौं ।"

(८) "आवुसो ! प्रव्रजित भएको यी असी वर्ष भित्र गाउँघर-भित्र वर्षावास बसेको कुरा मलाई थाहाछैन ।"

"यो असी वर्ष भित्र जुन गाउँघरभित्र वर्षावास बसेको कुरा आयुष्मान् बक्कुललाई थाहाछैन—यो पनि आयुष्मान् बक्कुलको आश्चर्य तथा अद्भूतधर्म हो भनी हामी धारण गर्छौं।"

(६) "आवुसो! एकहप्ता मात्र मैले स-क्लेशी भई राष्ट्रपिण्ड खाएँ; अनि आठौं दिनमा अरहत्व (अञ्ञा) प्राप्त गरें।"

"आयुष्मान् बक्कुलले जुन एकहप्ता मात्र स-क्लेशी भई राष्ट्रपिण्ड खानुभयो र आठौं दिनमा अरहत्व (अञ्ञा) प्राप्त गर्नुभयो —यो पनि आयुष्मान् बक्कुलको आश्चर्य तथा अद्भूतधर्म हो भनी हामी धारण गर्छौं।"

अचेल कस्सप भिक्षुभए

"आवुसो बक्कुल! यस धर्मविनयमा प्रव्रज्या र उपसम्पदा पाऊँ!"

अनि अचेल कस्सपले यस धर्मविनयमा प्रव्रज्या र उपसम्पदा पाए। अनि आयुष्मान् कस्सप उपसम्पदा भएको केही दिनपछि एकान्त-वास गरी अप्रमत्त भई, आतप्तयुक्त भई बसिरहँदा—जसको निमित्त कुलपुत्रहरू घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छन्—त्यो अनुत्तर-फल प्राप्त गरी, ब्रह्मचर्यवास पूरा गरी, यस जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी बसे। "जन्म क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें र पुनः यहाँ आउनुपर्ने कुनै हेतु छैन" भन्ने ज्ञान पनि भयो। आयुष्मान् कस्सप अरहन्तहरूमध्येमा एक हुनुभयो।

अनि पछि कोठाको साँचो लिई प्रत्येक विहारमा गई आयुष्मान् बक्कुलले यस्तो भन्नुभयो—"आयुष्मान्हो ! आउनुहोस्, आउनुहोस्, आउनुहोस् ! आज मेरो परिनिर्वाण हुनेछ।"

"आयुष्मान् बक्कुलले कोठाको सांचो लिई प्रत्येक विहारमा गई 'आउनुहोस्, आउनुहोस्, आउनुहोस् !' भनी जुन कुरा भन्नुभयो—यो पनि आयुष्मान् बक्कुलको आश्चर्य तथा अद्भूतधर्म हो भनी हामी धारण गर्छौं।"

अनि आयुष्मान् बक्कुल भिक्षुसङ्घको बीचमा बसी परिनिर्वाण हुनुभयो[1]। आयुष्मान् बक्कुल जुन भिक्षुसङ्घको बीचमा बसी परिनिर्वाण हुनुभयो—यो पनि आयुष्मान् बक्कुलको आश्चर्य तथा अद्भूतधर्म हो भनी हामी धारण गर्छौं।

---

१. परिनिर्वाण पछि कसैलाई कष्ट नहोस् भन्ने हेतुले आयुष्मान् बक्कुल तेजोधातु समापत्तिमा बसी परिनिर्वाण हुनुभएको थियो भनी पपं. सू. IV. पृ. १३१: बक्कुलसुत्तवण्णनाले उल्लेख गरेको छ।

१४।४. अचेल कस्सप (घ)

परिचय

यी अचेल कस्सप चाहिं कोशल राज्यको उरुञ्ञ नगरवासी हुन् जस्तो लाग्छ। किनभने उरुञ्ञ नगरको कण्णकत्थल भन्ने मृगदायमा भगवान् बसिरहनुभएको वेलामा यिनले भगवान्लाई भेटेका थिए भन्ने कुरा दी. नि. I. पृ. १३८: महासीहनादसुत्तमा[1] उल्लेख भएको छ।

यिनी चाहिं एक नग्न परिव्राजक थिए[2]। त्यसताकाका नग्न परिव्राजकहरूले धेरै किसिमका दुष्करचर्या गर्दथे। यिनीहरू नांगा भई बस्ने मात्र होइनन् एकछाके भएर पनि बस्छन्। महीनाको एकछाक मात्र खाएर पनि बस्छन् र महीनौंसम्म नखाएर पनि बस्छन्। यतिसम्म कि घाँस र गोबर पनि खान्छन्। यिनीहरू उठेर नै दिसापिसाब गर्छन्

---

१. कुनै कुनै सिंहल पुस्तकमा 'कस्सपसीहनादसुत्त' भनी उल्लेख भएको छ।

२. दी. नि. अ. क. II. पृ. ३२: महासीहनादसुत्तवण्णना।

र आफ्नै हातले मल पुछ्छन् । ती मध्येका यी अचेल कस्सप पनि एक हुन् । यिनको नाम 'कस्सप' हो[१] ।

जब भगवान्सँग उरुञ्ञमा भेट गरे तब यिनले वहाँसँग "तपाईंले सबै तपस्या र दुष्करचर्यालाई निन्दा गर्नुहुन्छ रे भन्ने कुरा सुनेको छु । के यो कुरा साँच्चै हो ?" भनी प्रश्न सोधेका थिए । जसको उत्तर भगवान्ले "होइन" भनी भन्नुभएको थियो । यो छलफलका कुराहरू जम्मै अगाडि अनुदित मूल सूत्रमा प्रष्ट भएको छ ।

जब यी अचेल कस्सप भगवान्सँगको छलफलबाट प्रभावित भए तब भिक्षु हुनको लागि यिनले भगवान्सँग अनुरोध गरे । अनि भगवान्ले भिक्षुहरूलाई यहाँई प्रव्रजित गराउन लगाई पछि गणको बीचमा राखी उनलाई उपसम्पदा गराउनु भएको थियो[२] । त्यसैले अगाडिको सूत्रमा "अनि अचेल कस्सपले भगवान्को समक्ष प्रव्रज्या र उपसम्पदा प्राप्त गरे" भनी उल्लेख भएको हो । उपसम्पन्न भएर केही समयपछि उनले अरहत्व पनि प्राप्त गरे ।

× × ×

---

१. दी. नि. अ. क. II. पृ. ३२: महासीहनादसुत्तवण्णना ।

२. दी. नि. अ. क. II. पृ. ४६: महासीहनादसुत्तवण्णना ।

विभिन्न अचेल कस्सपहरू

(१) अचेल कस्सप—यी अचेल कस्सप ती हुन् जसको कुरा सं. नि. II. पृ. १८: अचेलकस्सपसुत्त'मा उल्लेख भएको छ। यिनको कुरा माथि पृ. १ अचेल कस्सप (क) मा उल्लेख भएको छ।

(२) अचेल कस्सप—यी चाहिं चित्त गृहपतिका गृही साथी हुन्। यिनको कुरा पनि माथि पृ. ९ अचेल कस्सप (ख) मा उल्लेख भएको छ। यिनी चाहिं निगण्ठ सम्प्रदायका हुन्।

(३) अचेल कस्सप—यी अचेल कस्सप बक्कुल महास्थविरका गृही साथी हुन्। यिनको कुरा पनि माथि पृ. १५ अचेल कस्सप (ग) मा उल्लेख भएको छ।

(४) अचेल कस्सप—यी अचेल कस्सप एक नग्न परिव्राजक हुन्। यिनले उरुञ्ञ नगरको कण्णकत्थल भन्ने मृगदायमा बसिरहनुभएका बुद्धसँग भेट गरेका थिए। यिनकै कुरा यहाँ अगाडि उल्लेख भएको छ।

(५) अचेलकसुत्तं—यो सूत्र सं. नि. III. पृ. २६७: चित्तसंयुत्तमा उल्लेख भएको छ। यसको अनुवाद माथि पृ. ११ मा भएको छ।

(६) अचेलकस्सपसुत्तं—यो सूत्र सं. नि. II. पृ. १८: निदान-संयुत्तमा उल्लेख भएको छ। यसको अनुवाद माथि पृ. ३ मा भएको छ।

(७) अचेल कोरक्खत्तिय—यिनको नाम दी. नि. III. पृ. ६: पाथिकसुत्तंमा उल्लेख भएको छ। यसको अनुवाद अगाडि १८ औं सूत्रमा भएको छ।

(८) अचेल पाथिकपुत्र—यिनको नाम दी. नि. III. पृ. ११: पाथिकसुत्तंमा उल्लेख भएको छ। यसको अनुवाद अगाडि १८ औं 'अचेल पाथिकपुत्रमा' भएको छ।

(९) अचेल सेनिय—यी अचेल सेनियको नाम म. नि. II. पृ. ६१: कुक्कुरवतिकसुत्तंमा उल्लेख भएको छ। यसको अनुवाद लेखकको बु. गु. भा–३, पृ. १०२ मा भएको छ।

× × ×

मूल सूत्र—

श्रमण गौतम सबै तपको निन्दा गर्छन्
(महासीहनादसुत्त[1])

यस्तो मैले सुनें ।

एक समय भगवान् उरुञ्ञ (नगर) को कण्णकत्थल भन्ने मृगदायमा बस्नुभएको थियो । अनि अचेल कस्सप जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका अचेल कस्सपले भगवान्लाई यस्तो भने—

---

१. दी. नि. I. पृ. १३८; अ. क. II. पृ. ३२. यस सूत्रलाई सिंहल अट्ठकथामा 'कस्सपसीहनादसुत्त' भनी उल्लेख भएको छ । राहुल सांकृत्यायनले पनि 'कस्सपसीहनादसुत्त' भनी उल्लेख गरेको छ । 'कस्सपसीहनादसुत्त' भनी अट्ठकथाले उल्लेख गरेको मज्झिम-निकायको 'महासीहनादसुत्त' सँग भिन्नता देखाउनको निमित्त हुनसक्छ ।

"भो गौतम ! मैले सुनेको छु कि—'श्रमण गौतम सबै तपलाई निन्दा गर्छन्, सबै रूक्षजीवि तपस्वीलाई बिलकूल हेला गर्छन् र उपहास गर्छन् ।' भो गौतम ! जजसले यसो भन्छन्...के उनीहरूले तपाईं गौतमले भने जस्तै भनेका छन् ? के उनीहरूले तपाईं गौतमलाई झूटो आरोप त लगाएनन् ? धर्मानुकूल भनेका छन् ? कुनै कारण सहित (सहधम्मिको) को कुरालाई वादारोपण त भएको छैन ? हामी तपाईं गौतमलाई झूटो आरोप लगाउन चाहन्नौं ।"

"कस्सप (कश्यप) ! जजसले 'श्रमण गौतम सबै तपलाई निन्दा गर्छन्, सबै रूक्षजीवि तपस्वीलाई बिलकूल हेला गर्छन् र उपहास गर्छन्' भनी भन्छन्—उनीहरू मैले भने जस्तै भन्दैनन् । उनीहरू असत्य र अयथार्थ कुराद्वारा मलाई झूटो आरोप लगाउँछन् ।

a. "कस्सप ! यहाँ म अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा केही रूक्षजीवि तपस्वीलाई देख्दछु जो मरणपछि अपाय दुर्गति विनिपात नरकमा उत्पन्न भएका ।

b. "कस्सप ! यहाँ म अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा केही रूक्षजीवि तपस्वीलाई देख्दछु जो मरणपछि सुगति स्वर्गलोकमा उत्पन्न भएका ।

c. "कस्सप ! यहाँ म अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा केही अल्पदुःखविहारी तपस्वीलाई देख्दछु जो मरणपछि अपाय दुर्गति विनिपात नरकमा उत्पन्न भएका ।

d. "कस्सप ! यहाँ म अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा केही अल्पदुःखविहारी तपस्वीलाई देख्दछु जो मरणपछि सुगति स्वर्गलोकमा उत्पन्न भएका।

"कस्सप ! जब कि यी तपस्वीहरूको आगति (=आएको ठाउँ), गति (=जाने ठाउँ), चुति (=त्यहाँबाट च्युत हुने) र उत्पत्ति (=फेरि उत्पन्न हुने) हुने कुरा पनि यथार्थतः जान्दछु भने किन मैले सबै तपस्वीलाई बिलकूल निन्दा र उपहास गर्ने ?"

विद्वानहरूको बीच छलफल गर्नुपर्छ

१-"कस्सप ! कुनै पण्डित निपुण ब्राह्मणहरू छन् जो अर्काको वादलाई रौंलाई चिरेको जस्तै चिर्न सक्छन्। लाग्छ कि उनीहरू प्रज्ञाद्वारा अर्काको दृष्टिलाई छिन्नभिन्न पार्छन्। कुनै ठाउँमा उनीहरू मसँग पनि मेल खान्छ, कुनै ठाउँमा मेल खान्न। a. जो उनीहरू केही ठीक छ भन्छन्, हामी पनि केही ठीक छ भन्छौं। b. जो उनीहरू केही ठीक छैन भन्छन्, हामी पनि केही ठीक छैन भन्छौं। c. जो उनीहरू केही ठीक छ भन्छन्, हामी केही ठीक छैन भन्छौं। d. जो उनीहरू केही ठीक छैन भन्छन्, हामी केही ठीक छ भन्छौं।

a. "जो हामी केही ठीक छ भन्छौं, अरूले पनि केही ठीक छ भन्छन्। b. जो हामी केही ठीक छैन भन्छौं, अरूले पनि केही ठीक छैन भन्छन्। c. जो हामी केही ठीक छैन भन्छौं, अरूले केही ठीक छ

भन्छन् । d. जो हामी केही ठीक छ भन्छौं, अरूले केही ठीक छैन भन्छन् ।

"अनि तिनीहरूकहाँ गई म यस्तो भन्छु—'आवुसो ! जुन ठाउँमा हामीहरूको मेल खान्न त्यो ठाउँलाई छाडिदेऔं । जुन ठाउँमा हामीहरूको मेल खान्छ त्यस विषयमा विज्ञहरू (एक) शास्ताले (अर्को) शास्तासँग, (एक) सङ्घले (अर्को) सङ्घसँग (आ-आपनो) विश्वास सम्बन्धी प्रश्न सोधौं, कारण सोधौं र बुझं सोधौं । जो यी धर्महरू अकुशल र अकुशल मानिन्छ, दोष सहित र दोष सहित मानिन्छ, असेवनीय र असेवनीय मानिन्छ, आर्यमा नपुग्ने र आर्यमा नपुग्ने मानिन्छ, कृष्ण र कृष्ण मानिन्छ—कसले त्यस्तो धर्मलाई निरवशेषरूपले छाडी आचरण गर्छन् ? श्रमण गौतमले वा अरू गणाचार्यहरूले ?'

"कस्सप ! जुन प्रश्न सोध्दा विज्ञहरू यस्तो भन्न सक्छन्—'जो यी धर्महरू अकुशल र अकुशल मानिन्छ, ...कृष्ण र कृष्ण मानिन्छ—यिनीहरूलाई श्रमण गौतमले निरवशेषरूपले छाडी आचरण गर्छन् कि अथवा अरू गणाचार्यहरूले ?' कस्सप ! यसरी विज्ञहरूसँग सोध्दा हामीलाई नै त्यहाँ धेरै प्रशंसा गर्न सक्छन् ।

२—"कस्सप ! फेरि बुद्धिमानि (एक) शास्ताले (अर्को) शास्तासँग वा (एक) सङ्घले (अर्को) सङ्घसँग यस्तो सोध्न सक्छ—'जुन यी धर्महरू कुशल र कुशल मानिन्छ, ...शुक्ल र शुक्ल मानिन्छ—कसले त्यस्तो धर्मलाई निरवशेषरूपले ग्रहण गरी आचरण गर्छन् ? श्रमण गौतमले वा अरू गणाचार्यहरूले ?' भनी सोध्दा यस्तो भन्न सक्छन्—

"कस्सप !...यसरी बुद्धिमानीसँग सोध्दा हामीलाई नै त्यहाँ धेरै प्रशंसा गर्न सक्छन् ।

३–"कस्सप ! फेरि बुद्धिमानी (एक) शास्ताले,...यस्तो सोध्न सक्छ—'जुन यी धर्महरू अकुशल र अकुशल मानिन्छ,...कृष्ण र कृष्ण मानिन्छ—कसले त्यस्तो धर्मलाई निरवशेषरूपले छाडी आचरण गर्छन् ? गौतम श्रावकसङ्घले वा अरू गणाचार्यहरूले ?' भनी सोध्दा यस्तो भन्न सक्छन्—

"कस्सप !...यसरी बुद्धिमानीसँग सोध्दा हामीलाई नै त्यहाँ धेरै प्रशंसा गर्न सक्छन् ।

४–"कस्सप ! फेरि बुद्धिमानी (एक) शास्ताले,...यस्तो सोध्न सक्छ—'जुन यी धर्महरू कुशल र कुशल मानिन्छ,...शुक्ल र शुक्ल मानिन्छ—कसले त्यस्तो धर्मलाई निरवशेषरूपले ग्रहण गरी आचरण गर्छन् ? गौतम श्रावकसङ्घले वा अरू गणाचार्यहरूले ?' भनी सोध्दा यस्तो भन्न सक्छन्—

"कस्सप !...यसरी बुद्धिमानीसँग सोध्दा हामीलाई नै त्यहाँ धेरै प्रशंसा गर्न सक्छन् ।

आफैले जान्न सकिन्छ

"कस्सप ! यो मार्ग हो, यो प्रतिपदा हो । जस अनुसार आचरण गरेमा स्वयंले नै जान्न सक्ने छ र देख्न सक्ने छ कि श्रमण गौतम नै

कालवादी, सत्यवादी, अर्थवादी, धर्मवादी तथा विनयवादी हुन् । कस्सप ! त्यो मार्ग त्यो प्रतिपदा कुन हो त ? जस अनुसार स्वयंले नै जान्न सक्छन् र देख्न सक्छन्...यही आर्यअष्टाङ्गिक मार्ग हो । जस्तै—सम्यक्दृष्टि, सम्यक्संकल्प, सम्यक्वाचा, सम्यक्कर्म, सम्यक-आजीव, सम्यक्व्यायाम, सम्यक्स्मृति र सम्यक्समाधि । कस्सप ! यही त्यो मार्ग हो, यही त्यो प्रतिपदा हो । जस अनुसार आचरण गर्दा स्वयंले नै श्रमण गौतम नै कालवादी, सत्यवादी, अर्थवादी, धर्मवादी तथा विनयवादी हुन् भनी जान्न सक्छ र देख्न सक्छ ।"

तपस्याहरू

यस्तोभन्दा अचेल कस्सपले भगवान्‌लाई यस्तो भने—"आवुसो गौतम ! यी तपस्याहरू पनि यी श्रमणब्राह्मणहरूको श्रामण्यत्व र ब्राह्मण्यत्व मानिन्छन् । जस्तै—नांगा हुनु, मुक्ताचार हुनु[१], हात चाटेर खानु (हत्थापलेखनो), बोलाएर दिएको भिक्षा नलिनु (न एहि भदन्तिको),...[२] निम्तो पनि स्वीकार नगर्ने हुन्छ ।

"उसले घ्याम्पा (कुम्भी) बाट दिएको (भिक्षा) लिदैन, डालो-बाट दिएको लिदैन,...[२] सुरा, मेरय, सर्वत (थुसोदकं) पनि लिदैन ।

---

१. 'मुक्ताचार' भनी उठेर नै दिसापिसाब गर्नेलाई भन्दछन् । दी. नि. अ. क. II. पृ. ३८: महासीहनादसुत्तवण्णना ।

२–२. यहाँका बाँकी कुराहरू लेखकको बु. ब्रा. भा–२, पृ. २१७ मा उल्लेख भएको छ । अतः उहीं हेर्नू ।

"उ एकै घरमा भिक्षा लिन्छ वा एकै गाँस मात्र खान्छ र दुइ घरमा भिक्षा लिन्छ वा दुइ गाँस मात्र खान्छ,[१]...। यसरी आलोपालो गरी आधा महीनाको एकपल्ट मात्र खाएर पनि विहार गर्छ ।

"आवुसो गौतम ! यी तपस्याहरू पनि यी श्रमणब्राह्मणहरूको श्रामण्यत्व र ब्राह्मण्यत्व मानिन्छन् । जस्तै—शाग खाने हुन्छ, चामल खाने हुन्छ, नीवर (=जंगलमा स्वयं उब्जेका धान्यवर्ग) खाने वा दद्दुल (=सार्किले काटेर पर्याकिराखेका छालाका चोटाहरू) खाने हुन्छ,...[२] वनमूल फल खाने वा खसेको फल खाने भई यापन गर्छ ।

"आवुसो गौतम ! यी तपस्वीहरू पनि यी श्रमणब्राह्मणहरूको श्रामण्यत्व र ब्राह्मण्यत्व मानिन्छन् । जस्तै—सनको वस्त्र पनि लगाउँछ, मिसिएको कपडाको वस्त्र पनि लगाउँछ,...[३] लाटो कोसेरको प्वाँखको वस्त्र पनि लगाउँछ । केश दाह्री लुछाउने पनि हुन्छ,...[३] काँढाहरूमा पनि सुत्छ, काँढाहरूमा सुत्ने काममा लागेको हुन्छ । फलेकमा सुत्छ, खुला ठाउँमा बस्ने हुन्छ र जस्तो छ त्यस्तो आसनमा बस्छ विकट

१. यहाँका बाँकी कुराहरू लेखकको बु. ब्रा. भा–२, पृ. २१७ मा उल्लेख भएको छ । अतः उहीं हेर्नू ।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. ब्रा. भा–२, पृ. २१८ मा उल्लेख भएको छ । अतः उहीं हेर्नू ।

३–३. यहाँका बाँकी कुराहरू लेखकको बु. ब्रा. भा–२, पृ. २१८ मा उल्लेख भएको छ । अतः उहीं हेर्नू ।

खाना[1] खाने हुन्छ र विकट खाना खानेमा लागेको हुन्छ, चीसो पानी पिउन्न, चीसो पानी नखानेमा लागेको हुन्छ, पाप पखाल्न भनी संध्या समयसम्म दिनको तीन पटक नुहाउँछ।"

"कस्सप! अचेलक (=नांगा साधु) भएपनि, मुक्ताचार भएपनि, हात चाटेर खाने भएपनि,.. यसरी आलोपालो गरी आधा महीनाको एक पटक मात्र खाएर विहार गर्ने भएपनि उसको शील-सम्पदा, चित्तसम्पदा तथा प्रज्ञासम्पदा अभावित हुन्छ र असाक्षात्कृत। अनि उ श्रामाण्यत्वबाट र ब्राह्मण्यत्वबाट टाढै हुन्छ। कस्सप! जब भिक्षु अवैर, अव्यापाद तथा मैत्रीचित्तको भाविता गर्छ तब आस्रव क्षय गरी, चित्तविमुक्त र प्रज्ञाविमुक्त भई यसै जीवनमा अभिज्ञा साक्षात्कार गरी विहार गर्छ। कस्सप! यसैलाई भिक्षु-श्रमण पनि ब्राह्मण पनि भनिन्छ।

"कस्सप! शाग खाने भएपनि, चामल खाने भएपनि,... वनमूल फल खाने वा खसेको फल खाने भएपनि उसको शीलसम्पदा, चित्त-सम्पदा तथा प्रज्ञासम्पदा अभावित हुन्छ र असाक्षात्कृत। अनि उ श्रामाण्यत्वबाट र ब्राह्मण्यत्वबाट टाढै हुन्छ। कस्सप! जब भिक्षु अवैर, अव्यापाद तथा मैत्रीचित्तको भाविता गर्छ तब आस्रवक्षय गरी...अभिज्ञा

---

१. गुहू, मूत, खरानी र मातोलाई 'विकट खाना' भन्दछन्। यस्तो खाना खानेलाई 'विकट खाना खाने' भनी भन्दछन्। परि. वा. पा. पृ. २२६.

साक्षात्कार गरी विहार गर्छ। कस्सप ! यसैलाई भिक्षु-श्रमण पनि ब्राह्मण पनि भनिन्छ।

"कस्सप ! सनको वस्त्र लगाउने भएपनि, मिसिएको कपडाको वस्त्र लगाउने भएपनि,...पाप पखाल्न संध्या समयसम्म दिनको तीन पटक नुहाएता पनि उसको शीलसम्पदा,......अभावित हुन्छ र असाक्षात्कृत। अनि उ श्रामाण्यत्वबाट र ब्राह्मण्यत्वबाट टाढे हुन्छ। कस्सप ! जब भिक्षु अवैर, अव्यापाद तथा मैत्रीचित्तको भाविता गर्छ तब आस्रवक्षय गरी...अभिज्ञा साक्षात्कार गरी विहार गर्छ। कस्सप ! यसैलाई भिक्षु-श्रमण पनि ब्राह्मण पनि भनिन्छ।"

१–a. "कस्सप ! यो लोकमा 'श्रामाण्यत्व दुष्कर छ, ब्राह्मण्यत्व दुष्कर छ' भन्ने कुरा स्वाभाविकै हो। कस्सप ! अचेलक भएर पनि, मुक्ताचार भएर पनि,...आलोपालो गरी आधा महीनाको एकपल्ट मात्र खाएर पनि विहार गर्छ। कस्सप ! यदि यति मात्रले, यति मात्र तपस्याले श्रामाण्यत्व र ब्राह्मण्यत्व पाउन दुष्कर र अति दुष्कर छ भन्ने हो भने 'श्रामाण्यत्व दुष्कर छ, ब्राह्मण्यत्व दुष्कर छ' भन्नु योग्य छैन।

b. "यदि यति मात्रले (श्रामाण्यत्व) पाउन सक्ने भए गृहपति वा गृहपतिपुत्र अथवा सबभन्दा तल्लो कुम्भदासीले पनि 'ल्यसो भए अचेलक होऔं, मुक्ताचार होऔं,...आलोपालो गरी आधा महीनाको एकपल्ट मात्र खाएर बसौं' भनी बस्न सक्छ।

c. "कस्सप ! किन्तु योभन्दा अर्कै प्रकारले, योभन्दा अर्कै तपस्याले मात्र श्रामाण्यत्व र ब्राह्मण्यत्व पाउन सकिन्छ भन्ने कुरा दुष्कर

तथा अतिदुष्कर छ । त्यसैले 'श्रामाण्यत्व दुष्कर छ, ब्राह्मण्यत्व दुष्कर छ' भन्न योग्य छ ।

"कस्सप ! जब भिक्षु अवैर, अव्यापाद तथा मैत्रीचित्तको भाविता गर्छ तब आस्रवक्षय गरी, चित्तविमुक्ति र प्रज्ञाविमुक्ति भई यसै जीवनमा अभिज्ञा साक्षात्कार गरी विहार गर्छ । कस्सप ! यसैलाई (वास्तवमा) भिक्षु-श्रमण पनि ब्राह्मण पनि भनिन्छ ।

२–a. "कस्सप ! शाग खाने भएर पनि, चामल खाने भएर पनि,...वनमूल फल खाने वा खसेको फल खाने भएर पनि विहार गर्छ । कस्सप ! यदि यति मात्रले, यति मात्र तपस्याले श्रामाण्यत्व र ब्राह्मण्यत्व पाउन दुष्कर र अतिदुष्कर छ भने 'श्रामाण्यत्व दुष्कर छ, ब्राह्मण्यत्व दुष्कर छ' भन्नु योग्य छैन ।

b. "यदि यतिले मात्र (श्रामाण्यत्व) पाउन सक्ने भए गृहपति वा गृहपतिपुत्र अथवा सबभन्दा तल्लो कुम्भदासीले पनि 'त्यसोभए शाग खाने भई बसौं, चामल खाने भई बसौं,...वनमूल फल खाने वा खसेको फल खाने भएर बसौं' भनी बस्न सक्छ ।

c. "कस्सप ! किन्तु योभन्दा अर्कै प्रकारले, योभन्दा अर्कै तपस्याले मात्र श्रामाण्यत्व र ब्राह्मण्यत्व पाउन सकिन्छ र दुष्कर तथा अतिदुष्कर पनि छ । त्यसैले 'श्रामाण्यत्व दुष्कर छ, ब्राह्मण्यत्व दुष्कर छ' भन्न योग्य छ । कस्सप ! जब भिक्षु अवैर, अव्यापाद तथा मैत्रीचित्तको भाविता गर्छ तब...भिक्षु-श्रमण पनि ब्राह्मण पनि भनिन्छ ।

३–a. "कस्सप ! सनको वस्त्र लगाउने भएर पनि, मिसिएको कपडाको वस्त्र लगाउने भएर पनि,...पाप पखाल्न संध्या समयसम्म दिनको तीन पटक नुहाएर पनि विहार गर्छ। कस्सप ! यदि यति मात्रले, यति मात्र तपस्याले श्रामाण्यत्व र ब्राह्मण्यत्व पाउन दुष्कर र अतिदुष्कर छ भन्ने हो भने 'श्रामाण्यत्व दुष्कर छ, ब्राह्मण्यत्व दुष्कर छ' भन्नु योग्य छैन।

b. "यदि यतिले मात्र (श्रामाण्यत्व) पाउन सक्ने भए गृहपति वा गृहपतिपुत्र अथवा सबभन्दा तल्लो कुम्भदासीले पनि 'त्यसोभए सनको वस्त्र लगाएर बसौं, मिसिएको कपडाको वस्त्र लगाएर बसौं,.. पाप पखाल्न संध्या समयसम्म दिनको तीन पटक नुहाउँ' भनी बस्न सक्छ।

c. "कस्सप ! किन्तु योभन्दा अर्कै प्रकारले, योभन्दा अर्कै तपस्याले मात्र श्रामाण्यत्व र ब्राह्मण्यत्व पाउन सक्छ र दुष्कर तथा अति दुष्कर पनि छ। त्यसैले 'श्रामाण्यत्व दुष्कर छ, ब्राह्मण्यत्व दुष्कर छ' भन्न योग्य छ। कस्सप ! जब भिक्षु अवैर, अव्यापाद तथा मैत्री-चित्तको भाविता गर्छ तब...भिक्षु श्रमण पनि ब्राह्मण पनि भनिन्छ।

यस्तोभन्दा अचेल कस्सपले भगवान्‌लाई यस्तो भने—"भो गौतम ! श्रामाण्यत्व भनेको जान्नु गाह्रो छ, ब्राह्मण्यत्व भनेको जान्नु गाह्रो छ।"

१–a. "कस्सप ! यो लोकमा 'श्रामाण्यत्वलाई जान्नु गाह्रो छ, ब्राह्मण्यत्वलाई जान्नु गाह्रो छ' भन्ने कुरा स्वाभाविकै हो। कस्सप !

अचेल भएर पनि, मुक्ताचार भएर पनि,...आलोपालो गरी आधा महीनाको एकपल्ट मात्र खाएर पनि विहार गर्छ। कस्सप! यति मात्रले, यति तपस्याले मात्र श्रामाण्यत्व र ब्राह्मण्यत्व जान्नु गाह्रो र अतिगाह्रो छ भन्ने हो भने 'श्रामाण्यत्वलाई जान्नु गाह्रो छ, ब्राह्मण्यत्वलाई जान्नु गाह्रो छ' भन्नु योग्य छैन।

b. "यदि यतिले मात्र (श्रामाण्यत्व) पाउन सक्ने भए गृहपति वा गृहपतिपुत्र अथवा सबभन्दा तल्लो कुम्भदासीले पनि 'त्यसोभए अचेल होऔं, मुक्ताचार होऔं, . आलोपालो गरी आधा महीनाको एकपल्ट मात्र खाएर बसौं' भनी बस्न सक्छ।

c. "कस्सप! फिन्तु योभन्दा अर्कै प्रकारले, योभन्दा अर्कै तपस्याले भिक्षु-श्रमण पनि ब्राह्मण पनि हुनसक्छ भन्ने कुरा जान्नु गाह्रो छ तथा अतिगाह्रो छ। त्यसैले 'श्रामाण्यत्वलाई जान्नु गाह्रो छ, ब्राह्मण्यत्वलाई जान्नु गाह्रो छ' भन्नु योग्य छ। कस्सप! जब भिक्षु अवैर, अव्यापाद तथा मैत्रीचित्तको भाविता गर्छ तब...कस्सप! यसैलाई (वास्तवमा) भिक्षु-श्रमण पनि ब्राह्मण पनि भनिन्छ।

२-a. "कस्सप! शाग खाने भएर पनि,...वनमूल फल खाने वा खसेको फल खाने भएर पनि विहार गर्छ। कस्सप! यदि यति मात्रले......

b. "यदि यति मात्रले (श्रामाण्यत्व) पाउन सक्ने भए......

c. "कस्सप! किन्तु योभन्दा अर्कै प्रकारले...भिक्षु-श्रमण पनि ब्राह्मण पनि भनिन्छ।

३–a. "कस्सप ! सनको वस्त्र लगाउने भएर पनि,... सिलिएको कपडाको वस्त्र लगाउने भएर पनि... कस्सप ! यदि यति मात्रले......

b. "यदि यति मात्रले (श्रामण्यत्व) पाउन सक्ने भए......

c. "कस्सप ! किन्तु योभन्दा अर्कै प्रकारले,... भिक्षु-श्रमण पनि ब्राह्मण पनि भनिन्छ ।"

शील-चित्त-प्रज्ञासम्पदा

यस्तोभन्दा अचेल कस्सपले भगवान्लाई यस्तो भने—"भो गौतम ! शीलसम्पदा, चित्तसम्पदा तथा प्रज्ञासम्पदा भनेको के हो ?"

शीलसम्पदा—"कस्सप ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध, ...[१] उत्पन्न हुन्छ । वहाँले देव-मार सहित ब्रह्मलोकलाई, श्रमण ब्राह्मण सहित प्रजालाई, देवमनुष्य सहित लोकलाई—स्वयं अभिज्ञाद्वारा साक्षात्कार गर्नुभएको धर्मोपदेश गर्नुहुन्छ ।...[२]

"अनि त्यो धर्मलाई गृहपति वा गृहपतिपुत्रले अथवा अरू कुनै कुलमा जन्मेकाले सुन्दछ । धर्म सुनेर उसको मनमा तथागत प्रति श्रद्धा उत्पन्न हुन्छ । श्रद्धा उत्पन्न भएपछि उसले यस्तो विचार गर्छ—'घरमा बस्नु बाधापूर्ण छ । रागरूपी मल उत्पन्न हुन्छ । प्रव्रज्या हुनु खुला

१. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा–२, पृ. १३४ मा हेर्नू ।
२. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा–२, पृ. १३४ मा हेर्नू ।

आकाश जस्तै हो । घरमा बसेर परिपूर्णरूपले, परिशुद्धरूपले शंख जस्तै सफा गरी ब्रह्मचर्य (=श्रेष्ठचर्या) पालन गर्न सजिलो छैन । अतः किन म केश दाह्री क्षौर गरी घरबाट निस्की अनगारिक भई प्रव्रजित नहूँ ?' अनि पछि गएर उ थोरै वा धेरै भोगसम्पत्तिलाई छाडी, थोरै वा धेरै ज्ञाति परिवारहरूलाई त्यागी, केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार त्यागी अनगारिक भई प्रव्रजित हुन्छ ।

"यसरी प्रव्रजित भएको उ प्रातिमोक्ष संवरशीलले युक्त भई आचार-गोचरले सम्पन्न भई, अणुमात्र दोषमा पनि भयदर्शी भई तथा शिक्षापदहरू समाधान गरी बस्छ । कायकर्म र वचीकर्मले सम्पन्न भई कुशलपूर्वक परिशुद्ध जीवी भई शीलसम्पन्न इन्द्रियहरूमा संयमी भई स्मृति सम्प्रजन्यले युक्त भई सन्तुष्ट भई बस्छ ।

१–"कस्सप ! कसरी भिक्षु शीलसम्पन्न हुन्छ भने ?—कस्सप ! यहाँ भिक्षु प्राणीहिंसाबाट विरत भई बस्छ । दण्ड रहित, शस्त्र रहित, लज्जालु, दयालु तथा सबै प्राणीहरू प्रति हितानुकम्पी भई बस्छ । यो पनि शीलसम्पदा हो ।

(यहाँदेखि उताका कुराहरू जम्मै लेखकको बु. ब्रा. भा–२, पृ. २८ को (२) देखि (२५) सम्म पढ्नू ।)

२६–"छेदन (=हात खुट्टा काट्ने), वध (=पीटने), बन्धन (=बाँधने), हमला गर्ने, लुट्ने, डाकामार्ने र साहसी काम (=जबर-जस्ती, बलात्कार आदि काम) बाट अलग रहन्छ । यो पनि शील-सम्पदा हो ।

२७–"जसरी यहाँ केही श्रमण ब्राह्मणहरू श्रद्धाले दिएका भोजनहरू खाई तिरश्चीन विद्या जस्ता मिथ्या जीवनले जीवन बिताउँछन् । जस्तै—शान्तिकर्म, प्रणीधिकर्म, भूतकर्म, भूरिकर्म[1], पुरुषलाई नपुंसक बनाउने कर्म, .[2] औषधी दिने कर्म र क्षार औषधीको प्रभाव दूर गर्ने औषधी दिने कर्म आदि जस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन । यो पनि शीलसम्पदा हो ।

"अनि यसरी शीलसम्पन्न भएको सो भिक्षुले शीलसंवरको कारणबाट कतैबाट पनि कुनै भय[3] आउने कुरा देख्दैन । कस्सप ! जस्तै—शत्रुलाई पराजित गरी अभिषेक प्राप्त क्षत्रीले कतैबाट कुनै शत्रुको भय आउने कुरो देख्दैन । कस्सप ! त्यस्तैगरी शीलसम्पन्न भएको सो भिक्षुले शीलसंवरको कारणबाट कतैबाट पनि कुनै भय आउने कुरो देख्दैन । उ यो आर्यशीलस्कन्धले सम्पन्न भई आफूभित्र निरवद्य सुखको अनुभव गरी बस्छ । कस्सप ! यसरी भिक्षु शीलसम्पन्न हुन्छ । कस्सप ! यो पनि शीलसम्पदा हो ।

---

१. यी शब्दहरूको अर्थ लेखकको बु. रा. भा–२, पृ. १४७ को पाद-टिप्पणीमा दिइएको छ ।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा–२, पृ. १४८ मा हेर्नू ।

३. असंयमताको कारणबाट जुन भय र त्रास मनमा लाग्ने हो त्यस्तो भय र त्रास उनको मनमा लाग्दैन भनिएको हो । दी. नि. अ. क. I. पृ. २०४: सामञ्जफलसुत्तवण्णना ।

चित्तसम्पदा—"अनि उ कामविषयबाट अलग भई अकुशल-बाट अलग भई वितर्क विचार युक्त भएको विवेकजः (=ध्यानजः) प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ। यो पनि चित्तसम्पदा हो।

"फेरि भिक्षु वितर्क विचारलाई उपशान्त गरी अभ्यन्तर सम्प्रसादलाई चित्तमा एकाग्र गरी वितर्क विचार रहित विवेकजः प्रीतिसुख भएको द्वितीयध्यान प्राप्त गरी बस्छ। यो पनि चित्तसम्पदा हो।

"फेरि भिक्षु प्रीतिलाई पनि त्यागी उपेक्षित भई, स्मृति सम्प्रजन्य भई, शरीरद्वारा सुखानुभव गरी बस्छ। जसलाई आर्यहरु 'उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछन्। त्यस प्रकारको तृतीयध्यान प्राप्त गरी बस्छ। यो पनि चित्तसम्पदा हो।

"फेरि भिक्षु सुखलाई पनि त्यागी दुःखलाई पनि त्यागी पहिले नै सौमनस्य, दौर्मनस्यको अन्त गरी सुखदुःख नभएको स्मृति र उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी बस्छ। यो पनि चित्तसम्पदा हो। कस्सप! यही हो चित्तसम्पदा।

प्रज्ञासम्पदा—"यसरी समाहित चित्त भएपछि, परिशुद्ध स्वच्छ निर्मल क्लेश रहित भएपछि, मृदु तथा कर्मण्य भएपछि तथा निश्चलतामा पुगेपछि ज्ञान दर्शनार्थ[1] उ चित्त अघि बढाउँछ र चित्त झुकाउँछ। यो पनि प्रज्ञासम्पदा हो।

---

१. यो 'ज्ञानदर्शन' भन्ने शब्दको अर्थ चाहिं लेखकको बु. ग्रा. भा–२, पृ. १५८ को पादटिप्पणीमा उल्लेख भएको छ।

"यसरी समाहित चित्त भएपछि . मनोमयकाय निर्माणको निमित्त उ चित्त अघि बढाउँछ र चित्त झुकाउँछ । यो पनि प्रज्ञासम्पदा हो ।

"यसरी समाहित चित्त भएपछि... ऋद्धिविधज्ञानको निमित्त उ चित्त अघि बढाउँछ र चित्त झुकाउँछ । यो पनि प्रज्ञासम्पदा हो ।

"यसरी समाहित चित्त भएपछि... दिव्यश्रोतधातु प्राप्तिको निमित्त उ चित्त अघि बढाउँछ र चित्त झुकाउँछ । यो पनि प्रज्ञासम्पदा हो ।

"यसरी समाहित चित्त भएपछि... परचित्तज्ञानको निमित्त उ चित्त अघि बढाउँछ र चित्त झुकाउँछ । यो पनि प्रज्ञासम्पदा हो ।

"यसरी समाहित चित्त भएपछि .. पूर्वानुस्मृतिज्ञानको निमित्त उ चित्त अघि बढाउँछ र चित्त झुकाउँछ । यो पनि प्रज्ञासम्पदा हो ।

"यसरी समाहित चित्त भएपछि... सत्वहरूको च्युति र उत्पत्ति सम्बन्धी ज्ञानको निमित्त उ चित्त अघि बढाउँछ र चित्त झुकाउँछ । यो पनि प्रज्ञासम्पदा हो ।

"यसरी समाहित चित्त भएपछि .. आस्रवहरूको[1] क्षय हुने ज्ञानको निमित्त उ चित्त अघि बढाउँछ र चित्त झुकाउँछ । अनि 'यो

१. आस्रवहरू भनेका कति छन् भन्ने कुरा लेखकको बु. प. भा–१, पृ. ३२८ र बु. ग्रा. भा–३, पृ. १२७ को पादटिप्पणीमा हेर्नू ।

दुःख हो' भनी यथार्थत बोध गर्छ ।...[१] यसरी देखेपछि यसरी अवबोध भएपछि उसको चित्त कामास्रवबाट[२], भवास्रवबाट र अविद्यास्रवबाट पनि विमुक्त हुन्छ । विमुक्त भएपछि 'विमुक्त भएँ' भन्ने ज्ञान पनि हुन्छ । 'जाति (=जन्म) क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें अब उप्रान्त यहाँ आउनुपर्ने हेतु छैन' भन्ने ज्ञान पनि हुन्छ । यो पनि प्रज्ञासम्पदा हो । कस्सप ! यो हो प्रज्ञासम्पदा ।

"कस्सप ! यी शीलसम्पदा, चित्तसम्पदा तथा प्रज्ञासम्पदा बाहेक अरू योभन्दा माथिल्लो र उत्तमतर शीलसम्पदा, चित्तसम्पदा तथा प्रज्ञासम्पदा छैन ।

गौतमको सिंहनाद

"कस्सप ! यहाँ केही श्रमण ब्राह्मणहरू शीलवादी छन् । उनीहरू अनेकप्रकारले शीलको वर्णन गर्छन् । कस्सप ! जहाँसम्म आर्य परमशीलको कुरा छ त्यस सम्बन्धमा मसमान अरू कुनै देख्दिन भने मभन्दा उत्तमको त के कुरा ! अतः उत्तमशीलको बारेमा चाहिं म नै श्रेष्ठ छु ।

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा-२, पृ. १६८ अथवा बु. प. भा-१, पृ. २९२ मा हेर्नु ।

२. 'कामास्रव' आदि भनेका कस्ता हुन् भन्ने सम्बन्धमा लेखकको बु. प. भा-१, पृ. ३८५ वा बु. गृ. भा-३, पृ. १२७ को पाद-टिप्पणीमा हेर्नु ।

"कस्सप ! यहाँ केही श्रमण ब्राह्मणहरू तपजुगुप्सावादी[1] छन् । उनीहरू अनेकप्रकारले तपजुगुप्साको वर्णन गर्छन् । कस्सप ! जहाँसम्म आर्य परम तपजुगुप्साको कुरा छ त्यस सम्बन्धमा म समान अरू कुनै देखिदन भने मभन्दा उत्तमको त के कुरा ! अतः उत्तम तपजुगुप्साको बारेमा म नै उत्तम छु ।

"कस्सप ! यहाँ केही श्रमण ब्राह्मणहरू छन् । उनीहरू अनेक-प्रकारले प्रज्ञाको वर्णन गर्छन् । कस्सप ! जहाँसम्म आर्य परम प्रज्ञाको[2] कुरा छ त्यस सम्बन्धमा म समान अरू कुनै देखिदन भने मभन्दा उत्तमको त के कुरा ! अतः उत्तम प्रज्ञाको बारेमा म नै श्रेष्ठ छु ।...उत्तम विमुक्तिको बारेमा म नै उत्तम छु ।

"कस्सप ! शायद अन्यतैर्थीय परिब्राजकहरू यस्तो भन्न सक्छन् —'श्रमण गौतम सिंहनाद त गर्छन् तर परिषद्को बीचमा होइन, कोही नभएको ठाउँमा ।' उनीहरूलाई 'यस्तो नभन' भनी भन्नुपर्छ । उनीहरू-

---

१. 'तपजुगुप्सा' भनेको तपस्यालाई घृणा गर्नु । क्लेश संतप्त गर्ने वीर्यलाई 'तप' भनिन्छ । अतः क्लेशलाई घृणा गर्ने भन्ने अर्थले 'तपजुगुप्सा' भनिएको हो भनी दी. नि. अ. क. II. पृ. ४२: महासीहनादसुत्तवण्णनाले उल्लेख गरेको छ ।

२. 'प्रज्ञा' भनेको कर्म नै आफ्नो हो भन्ने प्रज्ञा, विपश्यना-प्रज्ञालाई पनि 'प्रज्ञा' भनिएको हो । मार्गफल युक्त प्रज्ञा चाहिं उत्तम प्रज्ञा हो । दी. नि. अ. क. II. पृ. ४२: महासीहनादसुत्तं ।

लाई 'श्रमण गोतम परिषद्को बीचमा पनि सिंहनाद गर्छन्' भनी भन्नुपर्छ ।

"कस्सप ! शायद अन्यतैर्थीय परिव्राजकहरू यस्तो पनि सक्छन् —'श्रमण गोतम परिषद्को बीचमा सिंहनाद त गर्छन् तर वैशारद्य[१] नभई गर्छन् ।' उनीहरूलाई 'यस्तो नभन' भनी भन्नुपर्छ । उनीहरूलाई 'श्रमण गोतम परिषद्को बीचमा पनि सिंहनाद गर्छन् वैशारद्य भएर पनि गर्छन्' भनी भन्नुपर्छ ।

"कस्सप ! शायद अन्यतैर्थीय परिव्राजकहरू यस्तो भन्न सक्छन् —"श्रमण गोतम सिंहनाद त गर्छन्, परिषद्को बीचमा पनि, वैशारद्य भएर पनि, किन्तु उनीसँग कसैले प्रश्न सोध्दैनन्;...प्रश्न पनि सोध्छन् तर प्रश्नको उत्तर दिदैनन्; ...सोधेको प्रश्नको उत्तर पनि दिन्छन् तर प्रश्नको उत्तरद्वारा चित्त प्रसन्न पार्दैनन्;.. प्रश्नको उत्तरद्वारा चित्त पनि प्रसन्न पार्छन् तर सुन्ने मन गर्दैनन्;.. सुन्ने मन पनि गर्छन् तर सुनेर प्रसन्न हुन्नन्;...सुनेर प्रसन्न पनि हुन्छन् तर प्रसन्नताकार देखाउन्नन्;... प्रसन्नताकार पनि देखाउँछन् तर तदनुसार आचरण गर्दैनन्;.. तदनुसार आचरण पनि गर्छन् तर सन्तोष हुने गरी आचरण गर्दैनन् ।' उनीहरू-लाई 'यस्तो नभन' भनी भन्नुपर्छ । कस्सप ! उनीहरूलाई 'श्रमण गोतम सिंहनाद पनि गर्छन्, परिषद्को बीचमा पनि, वैशारद्य भएर पनि, प्रश्न पनि सोध्छन्, प्रश्नको उत्तर पनि दिन्छन्, प्रश्नको उत्तरद्वारा

१. 'वैशारद्य' भनेको केहो भन्ने सम्बन्धमा लेखकको बु. श्रा. च-भा–३, पृ. ३०२ मा हेर्नू ।

सन्तोष पनि पार्छन्, सुन्ने मन पनि गर्छन्, सुनेर प्रसन्न पनि हुन्छन्, प्रसन्नताकार पनि देखाउँछन्, तदनुसार आचरण पनि गर्छन् र आचरण-द्वारा सन्तोष पनि गराउँछन्' भनी भन्नुपर्छ ।

अचेल कस्सपको प्रव्रज्या

"कस्सप ! एक समय म राजगृहको गृद्धकूट पर्वतमा बसि-रहेको थिएँ । त्यहाँ एक निग्रोध भन्ने तपब्रह्मचारी परिव्राजकले मसँग अधिजुगुप्सा बारे प्रश्न सोधेका थिए[1] । अनि मैले अधिजुगुप्सा विषयमा सोधेको प्रश्नको उत्तर दिएँ । उत्तर दिएपछि उनी असाधि अधिक प्रसन्न भएका थिए ।"

"भन्ते ! भगवान्‌को धर्म सुनी को अधिक प्रसन्न नहोला र ! धन्यहो भन्ते ! धन्यहो भन्ते !! भन्ते ! जस्तै—घोप्टेकोलाई उत्तानो पारिदिँदा ढाकिएकोलाई उघारिदिँदा...[2] आँखा हुनेहरूले रूप देख्दछन्—त्यस्तै प्रकारले भगवान्‌ले अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो । भन्ते ! सो म अब भगवान्‌को शरणमा पर्दछु, धर्म र भिक्षुसङ्घको पनि । भन्ते ! भगवान्‌को समक्ष प्रव्रज्या र उपसम्पदा पाऊँ ।"

---

१. यी निग्रोधले सोधेका कुरा लेखकको बु. गृ. भा–३, पृ. २९२ मा उल्लेख भएको छ ।

२. यहाँका बाँकी कुरा माथि पृ. ७ अचेल कस्सप (क) को कुरामा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

"कस्सप ! जो पनि अन्यतीर्थीय भएका यस धर्मविनयमा प्रव्रज्या र उपसम्पदा चाहन्छन् उनीहरू चार महीनासम्म परिवासमा (=परीक्षाकालसम्म) बस्नुपर्छ।...[1]

अनि अचेल कस्सपले भगवान्को समक्ष प्रव्रज्या र उपसम्पदा प्राप्त गरे[2]। उपसम्पन्न भएर आयुष्मान् कस्सपले...चिरकाल नबित्दै—जसको निमित्त कुलपुत्रहरू सम्यक्‌रूपले घरबाट निस्की अनगारिक भई प्रव्रजित हुन्छन्—त्यो अनुत्तर ब्रह्मचर्यवास पूरा गरी यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी उपशान्त भई बसे। "जाति क्षीण भयो, ब्रह्मचर्यवास पूरा भयो, गर्नुपर्ने गरिसकें, अब उप्रान्त गर्नुपर्ने केही बाँकी छैन" भन्ने पनि जाने।

आयुष्मान् कस्सप (=कश्यप) अरहन्तहरूमध्येमा एक हुनुभयो।

---

१. यहाँका बाँकी कुरा माथि पृ. ७ अचेल कस्सप (क) को कुरामा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू।

२. उनको तीव्र इच्छालाई बुझ्नुभई एक भिक्षुलाई अह्राई उनलाई नुहाई प्रव्रजित गराउन लगाउनुभयो। अनि उनलाई गणहरूको बीचमा बसाली उपसम्पदा पनि गराउनुभयो। त्यसैले 'उपसम्पदा प्राप्त गरे' भनिएको हो। दी. नि. अ. क. II. पृ. ४६: सीहनादसुत्तवण्णना।

१५।५. अजित परिव्राजक

प रि च य

एकदिन यी अजित परिव्राजक भगवान्कहाँ गएको कुरा अगाडि अनुदित मूल सूत्रबाट ज्ञात हुन्छ । अनि भगवान्सँग सम्मोदनीय कुशलवार्ता गरिसकेपछि उनले आफ्ना एक सब्रह्मचारीको बयान सुनाएका थिए । यस सन्दर्भमा भगवान्ले भिक्षुहरूलाई धर्मोपदेश सुनाउनु भएको थियो ।

अजित नामका व्यक्तिहरू कति छन् भन्ने कुरा लेखकको बु. प. भा–१, पृ. १०० मा उल्लेख भएको छ ।

× × ×

मूल सूत्र—

धर्म र अधर्म बुझ्नुपर्छ

(अजितसुत्त[1])

अनि अजित परिव्राजक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्‌सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका अजित परिव्राजकले भगवान्‌लाई यस्तो भने—

"भो गौतम! पण्डित भन्ने हाम्रा सब्रह्मचारी छन्। उनले चित्त उत्पन्न हुने पाँचशय कारणहरु सोचेका छन्। यसबाट अन्यतैर्थीयहरु आफूलाई निग्रहगरी पराजित भएका ठान्दछन्।"

अनि भगवान्‌ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—"भिक्षुहो! के तिमीहरूले पण्डित हुने यो कारणलाई धारण गर्छौ?"

"भगवान्! यस विषयको यो समय हो, सुगत! यस विषय सम्बन्धी जो भगवान् भन्नुहुन्छ सो सुनेर भिक्षुहरू धारण गर्ने छन्।"

---

१. अं. नि–१०, पृ. २८७: पच्चोरोहवग्गो; अ. क. II. पृ. ८५९.

"भिक्षुहो ! त्यसोभए सुन, राम्ररी मनमा राख भन्नेछु।"
"हवस् भन्ते !" भनी ती भिक्षुहरूले भगवान्‌लाई प्रत्युत्तर दिए। अनि भगवान्‌ले यस्तो भन्नुभयो—

१–"भिक्षुहो ! यहाँ केहीले अधार्मिक वादले अधार्मिक वादलाई निग्रह गर्छन् र थिच्छन्। यसद्वारा अधार्मिक परिषद् प्रसन्न हुन्छ। अनि सो अधार्मिक परिषद् 'अहो पण्डित ! अहो पण्डित !' भन्दै होहल्ला मचाउँछ।

२–"भिक्षुहो ! यहाँ केहीले अधार्मिक वादले धार्मिक वादलाई निग्रह गर्छन् र थिच्छन्। यसद्वारा अधार्मिक परिषद् प्रसन्न हुन्छ। अनि सो अधार्मिक परिषद् 'अहो पण्डित ! अहो पण्डित !' भन्दै होहल्ला मचाउँछ।

३–"भिक्षुहो ! यहाँ केहीले अधार्मिक वादले धार्मिक वादलाई पनि अधार्मिक वादलाई पनि निग्रह गर्छन् र थिच्छन्। यसद्वारा अधार्मिक परिषद् प्रसन्न हुन्छ। अनि सो अधार्मिक परिषद् 'अहो पण्डित ! अहो पण्डित' भन्दै होहल्ला मचाउँछ।

४–"भिक्षुहो ! अधर्म पनि धर्म पनि बुझ्नुपर्छ। अर्थ पनि अनर्थ पनि बुझ्नुपर्छ। अधर्मलाई पनि धर्मलाई पनि बुझी अनर्थलाई पनि अर्थलाई पनि बुझी—जो धर्महो जो अर्थहो त्यस अनुसार प्रतिपादन गर्नुपर्छ।

"भिक्षुहो ! कुनचाहिं अधर्म र कुनचाहिं धर्महो ? कुनचाहिं अनर्थ र कुनचाहिं अर्थहो ? भिक्षुहो ! मिथ्यादृष्टि अधर्म हो र

सम्यक्दृष्टि धर्महो। जो मिथ्यादृष्टिको कारणबाट अनेक प्रकारका पापकधर्महरू सम्भव हुन्छन्—यो अनर्थ हो। सम्यक्दृष्टिको कारणबाट अनेक कुशल-धर्महरू परिपूर्ण हुन्छ—यो अर्थ हो।

"भिक्षुहो! मिथ्यासंकल्प अधर्म हो र सम्यक्संकल्प धर्म हो,...भिक्षुहो! मिथ्यावाचा अधर्म हो र सम्यक्वाचा धर्म हो,... भिक्षुहो! मिथ्याकर्म अधर्म हो र सम्यक्कर्म धर्म हो,...भिक्षुहो! मिथ्याजीविका अधर्म हो र सम्यक्जीविका धर्म हो,.. भिक्षुहो! मिथ्याव्यायाम अधर्म हो र सम्यक्व्यायाम धर्म हो,...भिक्षुहो! मिथ्या-स्मृति अधर्म हो र सम्यक्स्मृति धर्महो, ..भिक्षुहो! मिथ्यासमाधि अधर्म हो र सम्यक्समाधि धर्महो,...भिक्षुहो! मिथ्याज्ञान अधर्म हो र सम्यक्ज्ञान धर्म हो।

"भिक्षुहो! मिथ्याविमुक्ति अधर्म हो र सम्यक्विमुक्ति धर्म हो। जो मिथ्याविमुक्तिको कारणबाट अनेक प्रकारका पापक अकुशल, धर्महरू सम्भव हुन्छन्—यो अनर्थ हो। सम्यक्विमुक्तिको कारणबाट अनेक प्रकारका कुशल-धर्महरू परिपूर्ण हुन्छन्—यो अर्थ हो।

"भिक्षुहो! अधर्म पनि धर्म पनि बुझ्नुपर्छ। अनर्थ पनि अर्थ पनि बुझ्नुपर्छ। अधर्म पनि धर्म पनि बुझी, अनर्थ पनि अर्थ पनि बुझी—जो धर्म हो जो अर्थ हो त्यसअनुसार प्रतिपादन गर्नुपर्छ भनी जुन कुरा भनिएको हो सो यसै कारणले भनिएको हो।"

१६.।६ उग्गाहमान परिव्राजक

प रि च य

पपं. सू. III. पृ. १८२: समणमण्डिकसुत्तवण्णनाले यी उग्गाहमान परिव्राजकको खास नाम चाँहि 'सुमन' हो भनी उल्लेख गरेको छ। अलि अलि लेखपढ गर्न जानेका हुनाले यिनलाई 'उग्गाहमान' भनिएको हो भनी उक्त अर्थकथाले उल्लेख गरेको छ।

श्रावस्तीका अनाथपिण्डिकको जेतवनाराममा भगवान् बसिरहनुभएको वेलामा यी उग्गाहमान परिव्राजक कोशल राजाको मल्लिका महारानीको उद्यानमा एकशाल भन्ने घरमा पाँचशय परिषद्का साथ बसिरहेका थिए। एकदिन पञ्चकङ्ग थपति[1] यिनी बसिरहेको ठाउँमा गएका थिए। अनि यिनलाई उग्गाहमान परिव्राजकले "चार अंगले युक्त पुरुषलाई 'सम्पन्न कुशल भएका उत्तम

१. यी पञ्चकङ्ग थपति भन्ने को हुन् भन्ने बारेमा लेखकको बु. गृ. भा–३, पृ. १ मा हेर्नू।

श्रमण भन्दछु''' भनी भनेका थिए। पञ्चकङ्ग थपतिले पोहि यिनको कुरालाई न अनुमोद गरे न त खण्डन नै। बल्की उनी त्यहाँबाट भगवान्कहाँ गई उनले भनेका सबै कुरा भगवान्लाई सुनाए। अनि यसै प्रसंगमा भगवान्ले उनलाई धर्मोपदेश गर्नुभयो।

× × ×

मूल सूत्र—

उग्गाहमान परिब्राजकको वाद

(समणमुण्डिकसुत्त[1])

यस्तो मैले सुनें ।

एक समय भगवान् श्रावस्ती स्थित अनाथपिण्डिकको जेत-अनाराममा बसिरहनुभएको थियो । त्यस समय श्रमणमुण्डिकापुत्र[2] उग्गाहमान[3] परिब्राजक तिन्दुकाचीरको[4] समय-प्रवादक[5] (भन्ने) एकशाल[6] (नामक) मल्लिकाको आराम[7] (=उद्यान) मा पाँचसय महान परिब्राजक परिषद्को साथ बस्ये ।

---

१. म. नि. II. पृ. २४७; म. क. III. पृ. १८२ सिंहल र रोमनमा चाहिं 'समणमण्डिकासुत्त' छ ।

२. सिंहल र रोमनमा 'श्रमणमण्डिकापुत्र' ।

३. 'उग्गाहमान' भनेको परिब्राजकको नाम हो । अलि अलि पढ्नसक्ने भएका हुनाले यिनलाई 'उग्गाहमान' भनिएको हो भनी पपं. सू. III. पृ. १८२: समणमण्डिकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

४. तिम्बरु (=डुम्री) रुखको पंक्तिले घेरिएको हुनाले 'तिन्दुकाचीर' भनिएको हो भनी पपं. सू. III. पृ. १८२: समणमण्डिकसुत्त-वण्णनाले उल्लेख गरेको छ। स्याममा चाहिं 'तिण्डकाचीर' उल्लेख भएको छ।

५. सिद्धान्तहरूलाई 'समय' भन्दछन्। अतः 'समय' अर्थात् सिद्धान्त-हरूको प्रवचन गरिने ठाउँ भएको हुनाले 'समयप्रवादक' भनिएको हो। (समय पवदन्ति एत्थाति समयप्पवादकं) यो ठाउँमा चङ्की, तारुक्ख, पोक्खरसाती प्रभृति ब्राह्मणहरू र निगण्ठ अचेलक परिब्राजक आदि परिव्राजकहरू भेला भई आ-आफ्ना सिद्धान्तका व्याख्यान गर्छन्। यसरी आ-आफ्ना सिद्धान्तका कुराहरूको प्रवचन गर्ने ठाउँ भएकोले त्यस ठाउँलाई 'समय प्रवादक' भनिएको हो भनी पपं. सू. III. पृ. १८२: समणमण्डिकसुत्तवण्णना उल्लेख गर्छ।

६. उपरोक्त तिन्दुकाचीर अर्थात् तिम्बरु रुखहरूले घेरिएको स्थानमा पहिले एउटा शाला थियो। पछि महापुण्यवान् पोट्ठपाद परिव्राजकको कारणमा अनेक शालाहरू बनाइएका थिए। अघि शुरु शुरुमा एउटै शाला मात्र भएको हुँदा एउटै शालाको नामले 'एकशालक' भन्ने नाम रहन गएको हो। अतः पछि धेरै शालाहरू बनेर पनि 'एकशालक' भन्ने नाम नै रहन गएको हो भनी पपं. सू. III. पृ. १८२: समणमण्डिकसुत्तवण्णनाले र सुमं. वि. I.-

अनि पञ्चकङ्ग थपति (=पञ्चकङ्ग स्थपित) भगवान्को दर्शन गर्नको निमित्त मध्यान्ह समयतिर श्रावस्तीबाट निस्के। अनि पञ्चकङ्ग थपतिलाई यस्तो लाग्यो—"अहिले भगवान्को दर्शन गर्ने समय होइन। अहिले भगवान् ध्यानमा बसिरहनुभएको होला। मनोभावनीय[१] (=मनपराउँदा) भिक्षुहरूको दर्शन गर्ने समय पनि होइन। मनोभावनीय भिक्षुहरू पनि अहिले ध्यानमा बसिरहनुभएको होला। अतः किन म जहाँ तिन्दुकचीरको समय-प्रवादक एकशाल (नामक) भन्ने मल्लिकाको आराम हो जहाँ श्रमणमुण्डिका उग्गाहमान परिब्राजक बसेका छन् त्यहाँ नजाऊँ। अनि पञ्चकङ्ग थपति जहाँ

पृ. २३८: पोट्ठपादसुत्तवण्णनाले उल्लेख गरेका छन्। पोट्ठपाद परिब्राजकको कुरा अगाडि उल्लेख भएको छ।

७. यो आराम अथवा उदयान प्रसेनजित् कोशल राजाकी महिषी मल्लिका देवीको हो। यस आराममा फल-फूलहरू धेरै छन्। अतः मल्लिकाको आराम भएको हुँदा 'मल्लिकाको आराममा' भनी सूत्रमा उल्लेख भएको हो। पपं. सू. III. पृ. १८२: समण-मण्डिकसुत्तवण्णना र सुमं. वि. I. पृ. २३८: पोट्ठपादसुत्तवण्णना। मल्लिका देवीका कुरा लेखकको बु. म. भा–२, पृ, ७६ मा उल्लेख भएको छ।

१. जसको स्मरण गर्दा नीवरणहरू हट्छन् र चित्त प्रसन्न हुन्छ अथवा जसलाई भेट गर्दा चित्त प्रफुल्लित हुन्छ त्यस्तालाई 'मनोभावनीय' भन्दछन्। पपं. सू. III. पृ. १८२: समणमण्डिकसुत्तवण्णना।

तिन्दुकचीरका समय-प्रवादक एकशालक (नामक) भन्ने मल्लिकाको आराम हो जहाँ श्रमणमुण्डिकापुत्र उग्गाहमान परिव्राजक थिए त्यहाँ गए ।

त्यस समय श्रमणमुण्डिकापुत्र उग्गाहमान परिव्राजक उन्नाद गरिरहेका र चिच्च्याइरहेका महत् परिव्राजक परिषद्को बीचमा बसिरहेका थिए । उनीहरू अनेक प्रकारका तिरश्चीन कुरा गरी बसिरहेका थिए । जस्तै—(१) राजकथा,...[१]

अनि पञ्चकङ्ग थपति जहाँ श्रमणमुण्डिकापुत्र उग्गाहमान परिव्राजक थिए त्यहाँ गए । त्यहाँ पुगेपछि श्रमणमुण्डिकापुत्र उग्गाहमान परिव्राजकसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका पञ्चकङ्ग थपतिलाई श्रमणमुण्डिकापुत्र उग्गाहमान परिव्राजकले यस्तो भने—

सम्पन्न कुशल पुरुष

"गृहपति ! चार अङ्गले युक्त पुरुष-पुद्गललाई सम्पन्न कुशल, परम कुशल, उत्तम प्राप्त र अयोध्य (=जोसँग वादरूपी युद्ध गर्न नसकिंदैन) श्रमण भनी म भन्दछु । कुन चारले भने—

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा–३, पृ. २० मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

(यहाँदेखि उताका सबै कुराहरू लेखकको बु. गु. भा–३, पृ. २१ देखि ३७ सम्म अनुदित भइसकेको हुँदा उहीं पढ्नू ।)

१७।७. उत्तिय परिव्राजक

प रि च य

एकदिन यी उत्तिय परिव्राजक भगवान्कहाँ गई "के शाश्वत लोक भन्ने मात्र सत्य हो र अरू झूठ हो ?" भनी सोध्दा भगवान्ले "मैले यस्तो कुरा बताएको छैन" भनी भन्नुभयो। यस्तैगरी उत्तिय परिव्राजकले सोधेका अरू प्रश्नको बारेमा पनि भगवान्ले यस्तो भन्नुभएपछि उत्तिय परिव्राजकले "त्यसोभए तपाईंले कस्तो कुरा बताउनु हुन्छ त ?" भनी सोध्दा भगवान्ले जुन कुरा बताउनुभयो त्यो अगाडि अनुदित मूल सूत्रमा प्रष्ट भएको छ।

× × ×

उत्तिय नामका केही व्यक्तिहरू

(१) उत्तियथेर—यी स्थविर चाहिं श्रावस्तीमा कुनै एक ब्राह्मण कुलमा जन्मेका थिए। यिनको नाम 'उत्तिय' थियो। बंश पुगेपछि अमृतको खोजिमा यिनी परिब्राजक सम्प्रदायमा प्रव्रजित भई विचरण गर्दथे।

एकदिन यिनले भगवान्‌लाई देखी वहाँकहाँ गई धर्मोपदेश सुनी प्रभावित भएपछि यिनी बुद्धशासनमा दिक्षित भएका थिए। तर शील विशुद्धपार्न नसकेकोले अरहत्‌फल प्राप्त गर्न सकेका थिएनन्। पछि बुद्धको उपदेश सुनेर अरहत्‌फल प्राप्त गरे। थेर. गा. अ. क. I. पृ. ८६: उत्तियथेरगाथा-वण्णना; थेर. गा. पा. पृ. २४१.

(२) उत्तियथेर—यी स्थविर चाहिं गोधिक, सुबाहु र वल्लिय महास्थविरहरूका साथी हुन्। यी चार जना भगवान्‌का पालाका पायाका चार मल्लहरूको कुलमा जन्मेका थिए।

एकदिन यिनीहरू कुनै कामले कपिलवस्तु गएका थिए। त्यसवखत भगवान् कपिलवस्तुमा यमकप्रातिहार्य देखाई शुद्धोदन सहित शाक्य परिवारहरूलाई दमन गर्नुभएको थियो। यो प्रातिहार्य देखेर यी चार सहायक मल्लपुत्रहरू प्रफुल्लित भई उहीं प्रव्रजित भई विपश्यना भावना गरी अरहत् भएका थिए।

थेर. गा. अ. क. I. पृ. १२३–२७; थेर. गा. पा. पृ. २४६–४७. यस सम्बन्धमा लेखकको बु. गु. भा–१, पृ. २० र पृ. १३५ को पादटिप्पणीमा पनि हेर्नु वेश हुनेछ ।

(३) उत्तियथेर—यी स्थविर कपिलवस्तुको कुनै एक शाक्यपरिवारमा जन्मेका थिए । उनको नाम 'उत्तिय' थियो । वँश पुगेपछि शाक्यहरूको ज्ञातिसमागममा बुद्धको प्रभाव देखेर प्रसन्न भई भिक्षु भई श्रमणधर्म गरी बसेका थिए ।

एकदिन कपिलवस्तु नगरमा भिक्षाटन् जाँदा एउटी आइमाईको गीत स्वरमा आफू आकर्षित भएको प्रत्यवेक्षणा ज्ञानले देखेपछि विरक्तिएर विहारमा गई विपश्यना बढाई अरहत् भएका थिए । थेर. गा. अ. क. I. पृ. २०२: उत्तियथेरगाथावण्णना; थेर. गा. पा. पृ. २५७.

(४) उत्तियथेर—यी स्थविर ती हुन् जो सम्राट अशोकका पुत्र महेन्द्र महास्थविरसँग लंकामा धर्मप्रचारार्थ जानुभएको थियो । सम. पा. I. पृ. ६२: बाहिरनिदानकथा ।

(५) उत्तियथेर—यी स्थविर अप. दा. पा. I. पृ. ९३ मा उल्लिखित उत्तिय स्थविर हुन् ।

(६) उत्तियसुत्तं—यो सूत्र सं. नि. IV. पृ. २०: मग्गसंयुत्तमा उल्लेख भएको छ । यस सूत्रमा उत्तिय भिक्षु भगवान्कहाँ गई वहाँसँग पञ्चकामगुण भनेका के हुन् भनी सोधेका कुरा छन् ।

(७) उत्तियसुत्तं—यो सूत्र सं. नि. IV. पृ. १४२: सतिपट्ठान-संयुत्त मा उल्लेख भएको छ। यसलाई त्रिपिटक सूची पृ. ५६ मा 'उत्तियवादसुत्तं' भनी उल्लेख भएको छ।

एकदिन भगवान्कहाँ गई उत्तिय भिक्षुले "संक्षेपमा धर्मोपदेश गर्नुहोस्" भनी विन्तिगर्दा भगवान्ले "त्यसोभए पहिले शील परिशुद्ध गर" भनी भन्नुभएको कुरा यस सूत्रमा उल्लेख भएको छ।

(८) उत्तियसुत्तं—यो सूत्र अं. नि–१०, पृ. २५५: उपालिवर्गमा उल्लेख भएको छ। यसमा उत्तिय परिव्राजकले भगवान्संग प्रश्नहरू सोधेका कुरा छन्। जसको अनुवाद यहाँ अगाडि गरिदिएको छ।

(९) उत्तिय गृहपति—यी गृहपतिको नाम कथा व. पा. पृ. २४१: गिहिस्सअरहातिकथा, चतुर्थवर्गमा उल्लेख भएको छ। यस कथामा उत्तिय गृहपतिका साथ यस कुलपुत्र र सेतु माणव गृहस्थी भावमै अरहन्त भएको कुरा उल्लेख भएको छ।

× × ×

मूल सूत्र—

लोक शाश्वत हो ?

(उत्तियसुत्त[१])

अनि उत्तिय परिव्राजक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका उत्तिय परिव्राजकले भगवान्लाई यस्तो भने—

१–"भो गौतम ! के शाश्वतलोक भन्ने मात्र सत्य र अरू तुच्छ हुन् ?"

"उत्तिय ! 'शाश्वतलोक भन्ने मात्र सत्य र अरू तुच्छ हुन्' भन्ने कुरा मैले बताएको छैन ।"

२–"भो गौतम ! के त अशाश्वतलोक भन्ने मात्र सत्य र अरू तुच्छ हुन् त ?"

"उत्तिय ! 'अशाश्वतलोक भन्ने मात्र सत्य र अरू तुच्छ हुन्' भन्ने कुरा पनि मैले बताएको छैन ।"

---

१. अं. नि–१०, पृ. २५५: उपालिवग्गो; अ. क. II. पृ. ८५४.

३–"भो गौतम ! के अन्तवान्‌लोक भन्ने मात्र...अनन्तवान्‌लोक भन्ने मात्र...उही जीव उही शरीर भन्ने मात्र...अर्कै जीव अर्कै शरीर भन्ने मात्र...मरणपछि तथागत हुन्छ भन्ने मात्र...मरणपछि तथागत हुन्छ पनि हुन्न पनि भन्ने मात्र...मरणपछि तथागत न हुन्छ, न त हुन्न भन्ने मात्र सत्य र अरू तुच्छ हुन् त ?"

"उत्तिय ! 'अनन्तवान्‌लोक भन्ने मात्र...सत्य हो अरू तुच्छ हुन्' भन्ने कुरा पनि मैले बताएको छैन ।

"भो गौतम ! 'के शाश्वतलोक भन्ने मात्र सत्य र अरू तुच्छ हुन् ?' भनी सोध्दा 'उत्तिय ! शाश्वतलोक भन्ने मात्र सत्य र अरू तुच्छ हुन्' भन्ने कुरा मैले बताएको छैन भनी भन्नुहुन्छ । 'भो गौतम ! के त अशाश्वत लोक भन्ने मात्र सत्य र अरू तुच्छ हुन् त ?' भनी सोध्दा 'उत्तिय ! अशाश्वतलोक भन्ने मात्र सत्य र अरू तुच्छ हुन्' भन्ने पनि मैले बताएको छैन भनी भन्नुहुन्छ ।...'भो गौतम ! मरणपछि तथागत न हुन्छ, न त हुन्न भन्ने मात्र सत्य र अरू तुच्छ हुन् त ?' भनी सोध्दा 'उत्तिय ! मरणपछि तथागत न हुन्छ, न त हुन्न भन्ने मात्र सत्य र अरू तुच्छ हुन्' भन्ने पनि मैले बताएको छैन भनी भन्नुहुन्छ । त्यसोभए तपाईं गौतमले के बताउनु भएको छ त ?"

"उत्तिय ! मैले अवबोध गरी प्राणीहरूको विशुद्धको निमित्त, शोकपरिदेवलाई पार गर्नको निमित्त, दुःखदौर्मनस्यको अन्तः गर्नको निमित्त, ज्ञान प्राप्तिको निमित्त तथा निर्वाण प्राप्तिको निमित्त श्रावकहरूलाई धर्मदेशना गर्छु ।"

"तपाईं गौतमले अवबोध गरी प्राणीहरूको विशुद्धिको निमित्त, शोकपरिदेवलाई पार गर्नको निमित्त, दुःखदौर्मनस्यको अन्तः गर्नको निमित्त, ज्ञान प्राप्तिको निमित्त तथा निर्वाण प्राप्तिको निमित्त श्रावकहरूलाई जुन धर्मदेशना गर्नुहुन्छ—त्यसले सबै लोकजनलाई निर्वाणतिर लैजान्छ कि आधा अथवा चारखण्डको तीन खण्डसम्मलाई लैजान्छ ?"

यस्तो सोध्दा भगवान् चूपरहनुभयो।

अनि आयुष्मान् आनन्दलाई यस्तो लाग्यो—" 'मैले श्रमण गौतमसँग प्रश्नहरूमध्ये सर्वश्रेष्ठ प्रश्न सोधें। किन्तु उनी चूप बस्छन् उत्तर दिन्नन् र उत्तर दिन सक्दैनन्' भन्ने गलत धारणा उत्तिय परिव्राजकमा हुन नपाओस्। जो उत्तिय परिव्राजकको लागि दीर्घकालिक दुःख हुनसक्छ।"

यति सोचेर आयुष्मान् आनन्दले उत्तिय परिव्राजकलाई यस्तो भन्नुभयो—"उत्तिय! त्यसोभए तिमीलाई उपमा बताउनेछु। उपमाद्वारा पनि यहाँ कुनै बुद्धिमानीले भनेको कुराको अर्थ बुझ्नसक्छन्। उत्तिय! मानौं कि राजाको प्रत्यन्त नगरमा बलियो परखालले घेरिएको तोरण भएको यौटै मात्र नगरमा जाने ढोका छ। त्यहाँ ढोकामा बस्ने पाले पण्डित तथा व्यक्त छ। उसले चिनेकोलाई मात्र भित्र पस्न दिन्छ अरूलाई दिन्न। उ नगरको चारैतिर गई परखाल हेर्छ। कतै पनि कुनै प्वाल वा परखाल भत्केको देख्दैन। बिरालो छिर्नसक्ने प्वालसम्म पनि देख्दैन। तर उसलाई यस्तो ज्ञान हुन्न—'यति प्राणीहरू यो नगरभित्र पस्छन् वा बाहिर निस्कन्छन्।' किन्तु उसलाई यस्तो लाग्छ—'जो स्थूल

प्राणीहरू यो नगरभित्र पस्छन् वा बाहिर निस्कन्छन् ती सबै यसै ढोकावाट भित्र पस्छन् र वाहिर निस्कन्छन् ।"

"आवुसो उत्तिय ! यस्तैगरी 'सबै लोकजनलाई त्यसले निर्वाणतिर लैजान्छ वा आधा अथवा चारखण्डको तीनखण्ड सम्मलाई ?' भन्ने विषयमा तथागत उत्सुक हुनुहुन्न । बल्की तथागतलाई यति मात्र हुन्छ कि—'जे जति लोकबाट निर्वाणतिर लगिए वा लगिएका छन् वा लगिनेछन् ती सबै पञ्चनीवरणलाई हटाई, चित्तका क्लेशहरूलाई प्रज्ञाद्वारा कमजोरपारी चार सतिपट्ठानहरूमा राम्ररी चित्त राखी, सात बोध्यङ्गहरूको राम्ररी भाविता गरी निर्वाणतिर लैजान्छ । यसरी लोकजनलाई लोकबाट निर्वाणतिर लैजान्छ । यसरी (लोकजनलाई लोकबाट निर्वाणतिर) लगे वा लगिएको छ र लगिनेछ ।' आवुसो उत्तिय ! जो प्रश्न तिमीले भगवान्सँग सोधे सो प्रश्न तिमीले अर्कै ढंगले (दृष्टिले) सोध्यौ । त्यसैले भगवान्ले केही भन्नु नभएको हो ।"

१८।८. उपक आजीवक

प रि च य

यी उपक आजीवक एक नांगा साधु हुन् । जसलाई भगवान् बुद्धले बुद्धत्व प्राप्त गरिसक्नुभएपछि सर्वप्रथम धर्मचक्र प्रवर्तन गर्नको निमित्त बुद्धगयाबाट ऋषिपतन मृगदायतिर (हाल सारनाथ, बनारस) गइरहनु भएको वेलामा गया र बुद्धगयाको बीच बाटोमा भेट्नुभएको थियो ।

मगध राज्यको बुद्धगयाको आसपासमा 'नाळा' भन्ने गाउँमा यिनको जन्म भएको थियो । यिनी कालो वर्णका थिए । त्यसैले यिनलाई यिनकी भार्याले 'काळ' भनी भनेकी हुन्[1] ।

दी. नि. II. पृ. ३३: महापदानसूत्र र यसको अट्ठकथा II. पृ. १६४ को अध्ययन गर्दा विपश्वी आदि बुद्धहरू धर्मचक्र प्रवर्तन गर्नको लागि ऋद्धिबलद्वारा आकाशमार्गबाट मृगदायमा गएको बुझिन्छ । तर हाम्रा शाक्यमुनि बुद्ध मात्र किन हिंडेर जानुभएको होला भन्ने

---

१. थेरी. गा. अ. क. पृ. १७६: चापाथेरीगाथावण्णना ।

विषयमा स्पष्टिकरण दिदै दी. नि. अ. क. II. पृ. १६४: महापदानसुत्त-वण्णनाले "उपकसँग भेट गर्नाले पछि उनी मकहां आई प्रव्रजित हुनेछन्" भन्ने कारणलाई जान्नुभई वहां हिंडेर नै जानुभएको हो भन्ने कुरा उल्लेख गरेको छ।

यसरी बाटामा भेट्दा उपकले बुद्धसँग केही प्रश्न सोधेका थिए। जुन कुरा अगाडिको मूल पालिमा नै प्रष्टिएको छ। भगवान्को उत्तर सुनी "हुन सक्छ" भन्दै टाउको हल्लाउँदै उपक आजीवक त्यहाँबाट वङ्गहार[1] वा बङ्कहार जनपदमा गई एक व्याधाको गाउँमा बसेका थिए। त्यस गाउँका व्याधाका नायकले देखी "अहो! कस्ता श्रमण होलान् जो वस्त्र पनि लगाउन्नन्। यी त अवश्य पनि कुनै अरहन्त होलान्!" भनी उनलाई एक ठाउँमा बसाली हेरचाह गऱ्यो। सो व्याधाको एउटी जवा वा छाव (चापा) भन्ने छोरी थिई।

एकदिन व्याधा टाढा जांदा आफ्नी छोरीलाई "सो श्रमणको राम्ररी हेरचाह गर्नू" भनी अह्राएर गयो। उसको घरमा भिक्षा लिन जांदा उसकी सुन्दरी छोरीलाई देखेर आकर्षित भई खाना नखाई उपक डेरामा फर्के। पछि सो व्याधा फर्केपछि श्रमणको बारेमा सोधपुछ गर्दा जबाले "एकदिन आएर त्यसपछि आएको छैन" भनी भनेको सुनी व्याधा तुरन्त उपक बस्ने ठाउँमा गई खुट्टा मिच्दै "के भयो कसो भयो" भनी सोध्दा कोल्टोपरी उनले केही भनेनन्।

१. D. P. P. II. पृ. ८०१ मा डा. मललसेकरले वङ्गहार जनपद सम्भवत: मगध राज्यको दक्षिणतिर पर्न सक्छ भनी उल्लेख गरेका छन्।

"भन्ते ! भन्नुहोस् हामी सक्दो गर्नेछौं" भनी बार बार सोधेपछि "त्यसोभए जवालाई पाएमा बाँच्नेछु नत्र मर्नेछु" भनी भने । यो सुनी व्याधाले "भन्ते ! तपाईं केही काम गर्न जान्नुहुन्छ त ?" भनी सोध्यो ।

"म केही जान्दिन ।"

"भन्ते ! केही काम गर्न नजान्नेलाई गृहस्थमा बस्न गाह्रो पर्छ ।"

"म केही काम गर्न जान्दिन । तर तिम्रो मासु ल्याउने काम र बेच्ने काम भने म गर्न सक्छु ।"

व्याधाले पनि यस्तै चाहेको थियो । अनि उनलाई एक कपडा दिई एक साथीको घरमा राख्न लग्यो । केही दिनपछि उनलाई आफ्नो घरमा लगी आफ्नी छोरी दियो ।

केही समयपछि उनीहरूबाट एक छोरा जन्म्यो । उसको नाम सुभद्र भन्ने राखिएको थियो । बालक रूँदा उनकी भार्या जवाले "नरोऊ बाबु नरोऊ । नरोऊ आजीवकको पुत्र नरोऊ ! उपकको पुत्र नरोऊ । नरोऊ मासु ल्याउने व्याधाको पुत्र नरोऊ !" भनी उपकलाई व्यङ्ग गर्दै बालक फुल्याउँथी । यो सुनेर उपकले "मलाई धेरै नजिस्क्याऊ । श्रावस्तीमा मेरा अनन्त जिन भन्ने साथी छन् । म त्यहाँ जानेछु" भनी सुनाउँदथे । यस्तै हुँदा हुँदा एकदिन उनी श्रावस्तीमा गइहाले ।

उता श्रावस्तीमा भगवान्ले भिक्षुहरूलाई "भिक्षुहो ! यदि यहाँ 'अनन्त जीन भन्ने कहाँ छन् ?' भनी सोध्दै कुनै पुरुष आएमा उनलाई मकहाँ पठाउनू" भनी निर्देशन दिनुभयो । नभन्दै उपक श्रावस्तीमा पुगी जेतवनाराम भित्र गई "अनन्त जीन भन्ने कहाँ छन् ?" भनी सोधेपछि उनलाई बुद्धकहाँ लगे । अनि भगवान्लाई देखेर "मलाई चिन्नुहुन्छ के ?" भनी उपकले सोधेपछि भगवान्ले "चिन्दछु, आजकल कहाँ बस्दछौ ?" भनी सोध्नुभयो । "वङ्कहार जनपदमा" भनी उपकले जवाफ दिएपछि भगवान्ले "उपक ! तिमी त बुढा भए जस्ताछौ । के तिमी प्रव्रजित हुनसक्छौ ?" भनी सोध्नुहुँदा "भन्ते ! सक्छु" भनी जवाफ दिएपछि भगवान्ले उनलाई प्रव्रजित गराई कर्मस्थान भावना सिकाउनुभयो । अनि कर्मस्थान भावना बढाउँदै जाँदा उपकले अनागामी फल प्राप्त गरे । मृत्युपछि उनी अविहा ब्रह्मलोकमा उत्पन्न भए । अविहा ब्रह्मलोकमा उत्पन्न हुने बित्तिकै उनी अरहत् भए । अविहा ब्रह्मलोकमा पुग्ने बित्तिकै अरहत् हुनेहरू सातजना छन् भनी सं. नि. I. पृ. ३३: घटिकारसुत्त, देवतासंयुत्त र पृ. ५८: घटिकार-सुत्त, देवपुत्तसंयुत्तमा यसरी उल्लेख गरेका छन्—

"उपको पलगण्डो[१] च, पुक्कुसाति च ते तयो ।
भद्दियो खण्डदेवो[२] च, बाहुरग्गि[३] च सङ्गियो[४] ।
ते हित्वा मानुसं देहं, दिब्बयोगं उपच्चगु[५]'ति ॥"

---

१. स्याम र रोमनमा: 'फलगण्डो' ।

२. सिंहलमा: 'भद्ददेवो' ।

अर्थ—

"उपक, पलगण्ड, पुक्कुसाति, भद्दिय, खण्डदेव, बाहुरग्गि³ र पिङ्गिय⁴ भन्ने यी सातजना अविहा ब्रह्मलोकमा उत्पन्न हुने हुन् ।"

उपकाजीवक सम्बन्धी उक्त कुरा पपं. सू. II. पृ. १५८–५९: पासरासिसुत्तवण्णना; सुत्त. नि. अ. क. I. पृ. ३२७–२८: मुनिसुत्त-वण्णना र थेरी. गा. अ. क. पृ. १७२–७३: चापाथेरीगाथा अट्ठकथामा उल्लेख भएका छन् ।

पछि उपककी भार्या पनि भिक्षुणी भएर अरहत्नी भइन् ।

यी उपकको नाम सं. नि. I. पृ. ३३: घटिकारसुत्त, देवता-संयुत्तमा; सं. नि. I. पृ. ५८: घटिकारसुत्त, देवपुत्तसंयुत्तमा; म. नि. I. पृ. २२०: पासरासिसुत्त; म. नि. II. पृ. ३३६: बोधिराजकुमार-सुत्तमा र महा. व. पा. पृ. ११: पञ्चवग्गियकथा, महाखन्धकमा उल्लेख भएका पाइन्छन् । उपक नामका केही व्यक्तिहरूको बारेमा लेखकको बु. गृ. भा–२, पृ. ५५ मा उल्लेख भइसकेको छ ।

× × ×

३. सिंहलमा: 'बाहुदन्ति' ।

४. सिंहल र रोमनमा: 'पिङ्गियो' ।

५. यस विषयमा लेखकको बु. श्र. भा–१, पृ. १८३ र १८७ मा हेर्नू ।

मूल सूत्र —

उपक आजीवकको प्रश्न

(पासरासिसुत्तबाट[१])

"भिक्षुहो ! अनि म उरुवेल बनमा इच्छानुसार बसी बाराणसीको लागि चारिका गरें । भिक्षुहो ! अनि उपक आजीवकले गया र बोधि (वृक्ष) को बीचमा हिँडिरहेको मलाई देखे । देखेर मलाई यस्तो भने—'आवुसो ! तिम्रा इन्द्रियहरू अति परिशुद्ध छन्, तिम्रो छविवर्ण अति चम्किलो छ । आवुसो ! कसको उद्देश्यले तिमी प्रव्रजित भएकाह्वौ ? तिम्रो गुरु को हुन् ? कसको धर्म तिमी रुचाउँछौ ?'

"भिक्षुहो ! यस्तोभन्दा उपक आजीवकलाई मैले गाथाद्वारा यस्तो भने—

---

१. म. नि. I. पृ. २२०; अ. क. II. पृ. १५७; म. नि. II. पृ. ३३६; बोधिराजकुमारसुत्त; महा. व. पा. पृ. ११: पञ्चवग्गियकथा; अ. क. III. पृ. १०११.

१. 'सब्बाभिभू सब्बविदूहमस्मि,
सब्बेसु धम्मेसु अनूपलित्तो ।
सब्बञ्जहो तण्हक्खयो विमुत्तो,
सयं अभिञ्ञाय कमुद्दिसेय्यं ।।

२. 'न मे आचरियो अत्थि,
सदिसो मे न विज्जति ।
सदेवकस्मिं लोकस्मिं,
नत्थि मे पटिपुग्गलो ।।

३. 'अहं हि अरहा लोके,
अहं सत्था अनुत्तरो ।
एकोम्हि सम्मासम्बुद्धो,
सीतिभूतोस्मि निब्बुतो ।।

४. 'धम्मचक्कं पवत्तेतुं,
गच्छामि कासिनं पुरं ।
अन्धभूतस्मिं लोकस्मिं,
आहञ्छं अमतदुन्दुभि ।।' "

अर्थ—

१—'सबै त्रैभूमिक[1]' संसारलाई आफैले जितेर सबै चातुर्भौमिक'

---

१. 'त्रैभूमिक' भनेको कामावचर, रूपावचर र अरूपावचर लोकलाई भनिएको हो ।

भूमिलाई जानेर सत्रै त्रैभूमिक लोकमा अलिप्त भई सबै त्रैभूमिक लोकलाई त्यागी तृष्णा क्षय गरी विमुक्त भई—सबै चातुर्भौमिक भूमिहरूलाई स्वयं अभिज्ञात गरेर—कसलाई मैले (यो मेरो आचार्य हुन् भनी) उद्देश्य गरूँ ?

२–'मेरो आचार्य छैन, न त म समान अरू कुनै छन्, देवसहित लोकमा म समान अरू कुनै पुद्गल छैन ।

३–'यो लोकमा म नै अरहन्त हुँ, म नै अनुपम शास्ता हुँ सबै क्लेशरूपी आगोलाई निवृत्त गरी शीतल भएको सम्यक्सम्बुद्ध म नै एक्लो हुँ ।

४–'धर्मचक्र प्रवर्तन गर्नको लागि काशीदेशमा जाँदैछु । अन्धकारमय यस लोकमा अमृत-भेरी बजाउनेछु ।' "

"आवुसो ! जस्तो तिमी भन्दछौ त्यस अनुसार त तिमी 'अनन्त जीन' नै हुनसक्छौ ।"

"मादिसा वे जिना होन्ति, ये पत्ता आसवक्खयं ।
जिता मे पापका धम्मा, तस्माहमुपक जिनो'ति ।।"

अर्थ—

"म जस्ता नै 'अनन्त जिन' हुन सक्छन्—जसले आस्रवक्षय गरी

---

२. 'चातुर्भौमिक' भनेको अपायभूमि, कामभूमि, रूपावचरभूमि र अरूपावचरभूमिलाई भनिएको हो ।

निर्वाण प्राप्त गरिसक्यो; मैले पापधर्महरूलाई जितिसकें; हे उपक ! यसैले म 'जिन' हुं ।"

"भिक्षुहो ! यस्तोभन्दा 'हुनसक्छ' भन्दै टाउको हल्लाउँदै छेउको बाटो लागी उपक आजीवक गए ।"

१६।६. कन्दरक परिव्राजक

परिचय

यी कन्दरक परिव्राजक वस्त्र लगाउने एक सन्यासी हुन् भन्ने कुरा पपं. सू. III. पृ. १: कन्दरकसुत्तवण्णनाले उल्लेख गरेको छ ।

यिनी कहाँ बस्ने हुन् भन्ने कुरा मूल पालि र अट्ठकथाहरूमा कतै उल्लेख भएको पाइन्न । अगाडि अनुदित सूत्रमाथि विचार गर्दा शायद यिनी चम्पा नगरमा बस्ने हुन सक्छन् भन्ने अनुमान गर्न सकिन्छ । किनभने एकदिन यिनी पेस्स माहुतेसँग चम्पा नगरको गग्गरा भन्ने पोखरीको तीरमा वसिरहनुभएका भगवान्कहाँ गएका थिए ।

त्यहाँ जाँदा त्यहाँ वसिरहेका भिक्षुहरूको शान्त दान्त भाव देखेर यिनी निकै प्रभावित भएका थिए भन्ने कुरा सूत्रबाट ज्ञात हुन्छ । यिनले बुद्धको पनि प्रशंसा गरेका थिए ।

× × ×

मूल सूत्र--

कन्दरक परिव्राजकको उद्धार
(कन्दरकसुत्त[1])

यस्तो मैले सुनें।

एक समय भगवान् चम्पाको गग्गरा भन्ने पुष्करणीको तीरमा[2] महत् भिक्षुसङ्घका साथ बसिरहनुभएको थियो।

अनि पेस्स माहुतेपुत्र र कन्दरक परिव्राजक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी पेस्स माहुतेपुत्र एक छेउमा बसे। कन्दरक परिव्राजकले भगवान्‌सँग

---

१. म. नि. II. पृ. ३; म. क. III. पृ. १.

२. चम्पक नगरको आसपासमा गग्गरा महिषीद्वारा बनाइएको पुष्करणी भएको हुँदा 'गग्गरा' भन्ने नाम रहन गएको हो। सोही 'गग्गरा' पुष्करणीको तीरमा अनेक रंगीबिरंगी फूलहरूले सजिएको एक ठूलो चम्पक वन थियो र भगवान् त्यसै रमणीय बनमा बस्नु-भएको थियो। पपं. सू. III. पृ. १: कन्दरकसुत्तवण्णना।

सम्बोधन गरे । सम्बोधनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा उभिए । एक छेउमा उभिएका कन्दरक परिव्राजकले शान्तपूर्वक चूपलागी बसिरहेका भिक्षुहरूलाई देखेर भगवान्सँग यस्तो भने—

"आश्चर्यहो, भो गौतम ! अद्भूतहो, भो गौतम !! कति राम्ररी तपाईं गौतमले भिक्षुसङ्घलाई प्रतिपादन गर्नु भएको हो । भो गौतम ! अतीत समयमा जो ती अरहन्त सम्यक्सम्बुद्धहरू थिए वहाँ भगवान्हरूले पनि यस्तै गरी भिक्षुसङ्घलाई प्रतिपादन गर्नुभयो होला । जस्तै अहिले तपाईं गौतमले भिक्षुसङ्घलाई राम्ररी प्रतिपादन गर्नु भएको छ । भो गौतम ! जो ती अरहन्त सम्यक्सम्बुद्धहरू भविष्यमा हुने छन् उनीहरूले पनि यस्तै गरी भिक्षुसङ्घलाई राम्ररी प्रतिपादन गर्ने छन् होला । जस्तै अहिले तपाईं गौतमले भिक्षुसङ्घलाई राम्ररी प्रतिपादन गर्नुभएको छ ।"

(यस सूत्रको अनुवाद लेखकको बु. गृ. भा–३, पृ. १२० मा भइसकेको हुँदा यहाँका अरू बाँकी कुराहरू लेखकको उक्त पुस्तक पृ. १२३ देखि हेर्नू ।)

२०।१०. कुण्डलिय परिव्राजक

प रि च य

यो कुण्डलिय परिव्राजक साकेतवासी हुन् भनी मूल सूत्रको आधारमा भन्न सकिन्छ ।

एकदिन तिनी साकेतको अञ्जन भन्ने मृगदायमा बसिरहनुभएका भगवान्कहाँ गएका थिए । त्यहाँ गएर यिनले आफू बिहानको खाना सिद्धिएपछि परिषद्हरूको र आरामहरूको बीचमा घुम्ने कुरा बताएका थिए । यसरी घुम्न जाँदा उनले त्यहाँ श्रमणहरू अनेक सवाल जवाफ गरी बसिरहेका देख्दछु भन्ने कुरा पनि भगवान्लाई सुनाए । यति सुनाएर उनले भगवान्सँग "तपाइँ कुन विषयमा कुराकानी गर्नुहुन्छ नि ?" भनी सोध्दा भगवान्ले "म विद्याविमुक्तिको विषयमा कुरा गर्छु" भनी जवाफ दिनुभयो । यो सुनेर उनले "कसरी विद्याविमुक्ति पूरा गर्न सकिन्छ त ?" भनी सोधेपछि भगवान्ले उनलाई सप्तबोध्यङ्गको कुरा सुनाउनुभयो । यो सुनी कुण्डलिय परिव्राजक प्रसन्न भई भगवान्को शरणमा गएको कुरा अगाडि अनुदित मूल सूत्रले बताउँछ ।

× × ×

मूल सूत्र—

कुण्डलिय परिव्राजकको प्रश्न

(कुण्डलियसुत्त[1])

एक समय भगवान् साकेतको अञ्जन भन्ने मृगदायवनमा बस्नु-भएको थियो। अनि कुण्डलिय परिव्राजक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका कुण्डलिय परिव्राजकले भगवान्लाई यस्तो भने—

"भो गौतम! म आरामवासी हुँ र म परिषद्हरूमा विचरण गर्छु[2]। भो गौतम! अनि म बिहानको खाना सिद्धिएपछि—आराम-बाट आराममा, उद्यानबाट उद्यानमा चंक्रमण गर्दै विचरण गर्छु। अनि सो म त्यहाँ केही श्रमण ब्राह्मणहरू तर्क गर्ने विषयमा र उत्तरदिने

---

१. सं. नि. IV. पृ. ६८, बोज्झङ्गसंयुत्त; प्र. क. III. पृ. १२६.

२. जो अर्काको वादलाई मर्दन गर्दै हिंड्छ त्यस्तालाई 'परिषद्हरूमा विचरण गर्ने' भनिन्छ भनी सं. नि. प्र. क. III. पृ. १२६–२७: कुण्डलियसुत्तवण्णनाले उल्लेख गरेको छ।

विषयमा कुरा गरिरहेको देख्दछु । १–'तपाईं गौतम चाहिं के विषयमा कुरा गर्नुहुन्छ नि ?"

"कुण्डलिय ! तथागत चाहिं विद्याविमुक्तिको विषयमा कुरा गर्छन् ।"

२–"भो गौतम ! कुन धर्मलाई भाविता र बहुलिकृत गर्दा विद्याविमुक्ति पूरा हुन्छ त ?"

"कुण्डलिय ! सात बोध्यङ्गहरू भाविता र बहुलिकृत गर्दा विद्याविमुक्ति पूरा हुन्छ ।"

३–"भो गौतम ! कुन धर्मको भाविता र बहुलिकृत गर्दा सात बोध्यङ्गहरू पूरा हुन्छन् ?"

"कुण्डलिय ! चार सतिपट्ठानहरू भाविता र बहुलिकृत गर्दा सात बोध्यङ्गहरू पूरा हुन्छन् ।"

४–"भो गौतम ! कुन धर्मलाई भाविता र बहुलिकृत गर्दा चार सतिपट्ठानहरू पूरा हुन्छन् ?"

"कुण्डलिय ! तीन सुचरित्रहरू भाविता र बहुलिकृत गर्दा चार सतिपट्ठानहरू पूरा हुन्छन् ।"

५–"भो गौतम ! कुन धर्म भाविता र बहुलिकृत गर्दा तीन सुचरित्रहरू पूरा हुन्छन् ?"

"कुण्डलिय ! इन्द्रिय संयमलाई भाविता र बहुलिकृत गर्दा तीन सुचरित्रहरू पूरा हुन्छन् ।

"कुण्डलिय! कसरी इन्द्रियसंयम भाविता र बहुलिकृत गरी तीन सुचरित्रहरू पूरा गर्न सकिन्छ भने—'कुण्डलिय! यहाँ भिक्षु चक्षुले रूप देखेर रूपमाथि आशा गर्दैन, हर्षित हुन्न र राग निकाल्दैन। उसको काय र चित्त स्थिर[1] रहन्छ, भित्र राम्ररी स्थिर र सुविमुक्त[2] रहन्छ। चक्षुले रूप देखेर अप्रसन्न हुन्न, खिन्न हुन्न, अप्रतिस्थित हुन्न र दौर्मनस्य पनि हुन्न। उसको काय र चित्त स्थिर रहन्छ, भित्र राम्ररी स्थिर र सुविमुक्त रहन्छ।

"कुण्डलिय! फेरि भिक्षु श्रोतले शब्द सुनेर...घ्राणले गन्ध सुँघेर..जिव्हाले रस चाखेर. शरीरले स्पर्श गरेर...मनले मनको विषय जानेर त्यसमाथि आशा गर्दैन[3],...उसको काय र चित्त स्थिर रहन्छ, भित्र राम्ररी स्थिर र सुविमुक्त रहन्छ।

"कुण्डलिय! जब भिक्षुको चक्षुले रूप देख्दा प्रिय अप्रिय रूपहरूमा काय र चित्त स्थिर रहन्छ, भित्र सुप्रतिष्ठित भई सुविमुक्त

---

१. भनाइको मतलब उसको नाम काय र चित्त अध्यात्म गोचरमा नै रहिरहन्छ, बाहिर जान्न भनिएको हो। सं. नि. अ. क. III. पृ. १२७: कुण्डलियसुत्तवण्णना, बोज्झङ्गसंयुत्तं।

२. भनाइको मतलब कर्मस्थान अर्थात् ध्यानमा मात्र मन रहेको हुन्छ भनिएको हो। सं. नि. अ. क. III. पृ. १२७: कुण्डलियसुत्त-वण्णना, बोज्झङ्गसंयुत्तं।

३. यहाँका बाँकी कुराहरू माथिल्लो पैरामा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

हुन्छ...मनले मनको विषय जानेर प्रिय अप्रिय विषयहरूमा काय र चित्त स्थिर रहन्छ, भित्र सुप्रतिष्ठित भई सुविमुक्त रहन्छ। कुण्डलिय! यसरी इन्द्रियसंयम भाविता र बहुलिकृत गर्दा तीन सुचरित्रहरू पूरा हुन्छ।

"कुण्डलिय! कसरी तीन सुचरित्रहरू भाविता र बहुलिकृत गर्दा चार सतिपट्ठानहरू पूरा हुन्छन् भने—कुण्डलिय! यहाँ भिक्षु कायदुश्चरित्रलाई त्यागी कायसुचरित्र भाविता गर्छ, वचीदुश्चरित्रलाई त्यागी वचीसुचरित्र भाविता गर्छ र मनःदुश्चरित्रलाई त्यागी मनःसुचरित्र भाविता गर्छ। कुण्डलिय! यसरी तीन सुचरित्रहरू भाविता र बहुलिकृत गर्दा चार सतिपट्ठानहरू पूरा हुन्छन्।

"कुण्डलिय! कसरी चार सतिपट्ठानहरू भाविता र बहुलिकृत गर्दा सात बोध्यङ्गहरू पूरा हुन्छन् भने—कुण्डलिय! यहाँ भिक्षु आतप्त युक्त सम्प्रज्ञानी स्मृतिवान् भई यस लोकमा अभिध्या दौर्मनस्यलाई हटाउनको निमित्त कायमा कायानुपश्यी भई विहार गर्छ...वेदनामा वेदनानुपश्यी भई विहार गर्छ...चित्तमा चित्तानुपश्यी भई विहार गर्छ र...धर्ममा धर्मानुपश्यी भई विहार गर्छ। कुण्डलिय! यसरी चार सतिपट्ठानहरू भाविता र बहुलिकृत गर्दा सात बोध्यङ्गहरू पूरा हुन्छन्।

"कुण्डलिय! कसरी सात बोध्यङ्गहरू भाविता र बहुलिकृत गर्दा विद्याविमुक्ति पूरा हुन्छ भने—कुण्डलिय! यहाँ भिक्षु विवेक निश्रित, विराग निश्रित तथा निर्वाण निश्रित भई स्मृति सम्बोध्यङ्ग भाविता गर्छ, ..धर्मविचय सम्बोध्यङ्ग भाविता गर्छ, वीर्य सम्बोध्यङ्ग

भाविता गर्छ,...प्रीति सम्बोध्यङ्ग भाविता गर्छ,...प्रशब्धि सम्बोध्यङ्ग भाविता गर्छ, ..समाधि सम्बोध्यङ्ग भाविता गर्छ तथा उपेक्षा सम्बोध्यङ्ग भाविता गर्छ। कुण्डलिय! यसरी सात बोध्यङ्गहरू भाविता र बहुलिकृत गर्दा विद्याविमुक्ति पूरा हुन्छ।"

यस्तोभन्दा कुण्डलिय परिव्राजकले भगवान्‌लाई यस्तो भने—"धन्यहो भो गौतम! धन्यहो भो गौतम!! भो गौतम! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिंदा ..अन्धकारमा तेलको दियो बालिदिंदा आंखा हुनेले रूप देख्दछ त्यस्तैगरी तपाईं गौतमले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो। अब म तपाईं गौतमको शरणमा पर्छु धर्म र भिक्षुसङ्घको पनि। आजदेखि तपाईं गौतमले मलाई जीवनभर शरणमा आएको उपासक हो भनी धारण गर्नुहोस्।"

२१।११. केणिय जटिल

परिचय

यो केणीय जटिल अंगुतराप अर्थात् अंग देशको २० हजार पसलहरू भएको आपण भन्ने एक निगममा बस्दथे। यिनी असिकोटी धन निधान गरी राख्ने एक ब्राह्मण महाशाल कुलका हुन्। यिनका स्त्री सहित परिवारहरू पनि थिए।

आफूसँग भएको धन कसैले हरण गर्न नपाओस् भन्ने हेतुले राजालाई उपहारद्वारा खुशी पारी राजाबाट एक ठूलो भूमिभाग प्राप्त गरी त्यसमा आश्रम बनाई जटा पाली गेरुवावस्त्र लगाई यिनी बस्दथे। दिनभरी गेरुवावस्त्रमा बसी रातभरी यिनी पञ्चकाम विषयमा रञ्जित हुन्थे। पाँचशय गाडाहरूमा व्यापार गर्न लगाई हजार परिवारहरूको मालिक भई बस्थे। पपं. सू. III. पृ. २७५: सेलसुत्तवण्णना र सुत्त. नि. अ. क. II. पृ. २७२: सेलसुत्तवण्णना उल्लेख गर्छन् कि त्यस आश्रममा एउटा तालवृक्ष थियो जसबाट दिनको एउटा सुवर्णमय फल खस्थ्यो।

एक समय "आऊ भिक्षु" भन्ने वाक्यद्वारा भिक्षु भएका[1] साँढे बाह्रशय भिक्षुहरूका साथ भगवान् आपणमा आइपुग्नु भयो। अनि केणिय जटिलले आपणमा बुद्ध आइपुग्नु भएको खबर सुने। उनले बुद्धको सम्बन्धमा—वहाँ शाक्य कुलबाट प्रव्रजित भएका अरहत् सम्यक्-सम्बुद्ध हुनुहुन्छ र वहाँले लोक कल्याणको निमित्त धर्मोपदेश गर्नुहुन्छ भन्ने कुरा पनि सुनेका थिए। त्यसैले उनको मनमा त्यस्ता महापुरुषको दर्शन गर्न जानु कल्याणकर हो भन्ने लागेपछि उनी भगवान्को दर्शन गर्न गए।

अनि उनले सोचे कि वहाँ जस्ता महापुरुषकहाँ खालीहात जान ठीक छैन। केही उपहार त लैजानुपर्ला भन्ने सोचे। उनी जाने वेलामा अपराण्ह भइसकेको थियो। अपराण्ह समयमा अष्टक, वामक आदि ऋषिहरूले पनि केही खाना खान्नन्। तिनीहरूले अपराण्ह समयमा सर्वत आदि मात्र पान गर्छन्। त्यसैले बुद्धलाई पनि मैले केही फलफूलको रस लैजानु राम्रो हुनेछ। यति सोचेर अनेक फलफूलको रस तयार पार्न लगाई खर्पणका खर्पण भरी बोकाई उनी बुद्धकहाँ गए। जुन कुरा अगाडि अनुदित मूल पालिमा पनि उल्लेख भएको छ।

यसबखतसम्म अपराण्ह समयमा फलफूलको रस पिउने वा नपिउने भन्ने कुनै निर्देशन भगवान्ले दिनुभएको थिएन। जब केणिय जटिलले भगवान् सहित भिक्षुसङ्घलाई सर्वत अर्पित गरे तब भगवान्ले

---

१. पपं. सू. III. पृ. २७५: सेलसुत्तवण्णना।

भिक्षुहरूलाई सर्बत पिउने आज्ञा दिनुभयो। यसै सन्दर्भमा पछि वहाँले आठ प्रकारको फलफूलको सर्बत पिउनहुने नियम बनाइदिनु भयो।

त्यसपछि भगवान्‌को उपदेश सुनी जब यिनी प्रसन्न भए तब यिनले भगवान् सहित भिक्षुसङ्घलाई भोलिको निमित्त निम्त्याए। तर भगवान्‌ले भिक्षुसङ्घ धेरै छन् भन्दै उनको निम्तो स्वीकार्न हिचकिचाउनु भयो र तीन तीन पटक प्रार्थना गरेपछि वहाँले स्वीकार्नु भयो।

यसो गर्नाको कारण के थियो भने—भोलि बिहान यी केणिय जटिलका श्रद्धापात्र भएका सेल ब्राह्मण आफ्ना तीनशय शिष्य परिवारका साथ भिक्षु हुने कुरा भगवान्‌लाई थाहाथियो। अनि तीनशय नयाँ भिक्षुहरूका साथ उनकहाँ भोजनको लागि जाँदा साँढे बाह्रशय भिक्षुहरूका लागि तयार पारिएको भोजन सबैलाई नपुग्दा यसबाट केणिय जटिललाई अपवाद हुनसक्ने कारणलाई मनमा राखनुभई वहाँले निम्तो अस्वीकार गर्नु भएको हो।

पछि भगवान्‌ले उनलाई "केणिय! तिमी ब्राह्मणहरूमाथि प्रसन्न हुनेहौ" भन्दै सेल ब्राह्मणलाई लक्ष गरी कुरा सुनाउनु भएपछि उनले कारण बुझी सेल ब्राह्मणहरूलाई पनि निम्तो गर्नेछु भनेपछि भगवान्‌ले निम्तो स्वीकार गर्नुभयो। यसबाट यो ज्ञात हुन्छ अब केणिय जटिलले पन्द्रह सोह्र शय मानिसहरूको निमित्त भोजन तयार गर्ने छन्।

सेल ब्राह्मण र केणिय जटिलका बीच बडो घनिष्टता थियो। केणिय जटिल सेल ब्राह्मण प्रति निकै श्रद्धाभक्ति राख्दथे। सेल ब्राह्मण पनि त्यसबखत आपणमा नै बस्दथे।

जब सेल ब्राह्मण आफ्ना शिष्य मण्डलका साथ डुल्दै टहलिदै केणिय जटिलको आश्रममा पुगे तब उनले त्यहाँ निकै मानिसहरूको भीड देखे। त्यसबखत त्यहाँ कोहि चूलो बनाउँदै थिए र कोही दाउरा चीर्दै थिए भने कसैले हतार हतार गर्दै अरू कामधाम गर्दै थिए। केणिय जटिलले चाहिं भगवान्‌को लागि मण्डप बनाउँदै थिए। यो देखेर सेल ब्राह्मणले केणियसँग सोधे—

"भो केणिय! के तपाईंको कुनै आवाह-विवाह छकि क्याहो?"

"छैन।"

"के तपाईंकहाँ मगधराजा सेनीय विम्बिसार आउनेछन् कि क्याहो?"

"छैन।"

"त्यसोभए किन नि यत्तिका मानिसहरू यस्तो बिघ्न हतार हतार गरी कामकाजमा व्यस्त भएका?"

"भो सेल! भोलि मकहाँ बुद्ध भगवान् आउँदै हुनुहुन्छ। वहाँ भोलि मकहाँ दिवाभोजनको निमित्त आउनु हुनेछ। वहाँलाई निम्त्याएको छु।"

"के तपाईं बुद्ध भनी भन्नुहुन्छ? के साँच्चै तपाईंकहाँ बुद्ध आउनु हुनेछ?"

"हो, भोलि मकहाँ बुद्ध भगवान् आउनु हुनेछ।"

"भो केणिय! बुद्ध भन्ने शब्द त सुन्नु पनि दुर्लभ छ। तपाईं

चाहिं बुद्ध आउनु हुन्छ भनी भन्नुहुन्छ । वहाँ बुद्ध अहिले कहाँ वस्नुहुन्छ त ?"

यो सुनेर केणिय जटिलले हात पसारी बुद्ध वस्नुभएको जंगल देखाइदिए । त्यसपछि सेल ब्राह्मण आफ्ना तीनशय शिष्य परिवारहरूका साथ बुद्धकहाँ गई दिक्षा लिएर भिक्षु भए ।

भोलिपल्ट भगवान् भिक्षुसङ्घका साथ केणिय जटिलको आश्रममा दिवाभोजनार्थ जानुभयो । भोजनपछि भगवान्ले "अग्गिहुत्तमुखा यञ्ञा, सावित्ती छन्दसो मुखा..." भन्ने गाथाद्वारा अनुमोदन गर्नुभयो । जुन गाथा अगाडि उल्लेख भएको छ । म. नि. अ. क. III. पृ. २७४: सेलसुत्तवण्णना; सुत्त. नि. अ. क. II. पृ. २६९: सेलसुत्तवण्णना; पपं. सू. III. पृ. २५: पोतलियसुत्तवण्णना र लेखकको बु. ब्रा. भा–३, पृ. ४३३–६६.

× × ×

मूल सूत्र—

केणिय जटिलको पेय दान

(केणियजटिलवत्थु[1])

अनि क्रमशः चारिका गर्दै जहाँ आपण[2] (निगम) हो त्यहाँ भगवान् जानुभयो। अनि केणिय जटिलले सुने—"श्रमण गौतम शाक्यपुत्र शाक्यकुलबाट प्रव्रजित भई आपणमा आइपुग्नु भएको छ। वहाँ आदरणीय गौतमको यस्तो कल्याणकीर्ति शब्द फैलिरहेको छ— 'वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्य सारथी, देवमनुष्यहरूका शास्ता तथा बुद्ध

---

१. महा. व. पा. पृ. २५६: भेसज्जक्खन्धकं; अ. क. III. पृ. ११६६.

२. 'आपण' को शब्दार्थ पसल हो। तर यहाँ चाहि 'आपण' भनेको अङ्गुत्तरापको एक निगमको नाम हो। त्यहाँ धेरै पसलहरू भएका हुनाले 'आपण' भनिएको हो। अर्थात् बजार भनिएको हो। यस बजारमा २० हजार पसलहरू थिए भनी सुत्त. नि. अ. क. II. पृ. २७२: सेलसुत्तवण्णना र पपं. सू. III. पृ. २५: पोतलिसुत्तवण्णनाले उल्लेख गरेका छन्।

भगवान् हुनुहुन्छ। वहाँले यो लोकमा— देवसहित, मारसहित, ब्रह्मा-सहित लोकलाई; श्रमणसहित प्रजालाई, देवसहित मनुष्यलोकलाई— विशिष्ट प्रज्ञाद्वारा स्वयं साक्षात्कार गर्नु भएको धर्मोपदेश गर्नुहुन्छ। वहाँले आदिकल्याण, मध्यकल्याण तथा पर्यवशानकल्याण हुने धर्मोपदेश गर्नुहुन्छ। वहाँले अर्थयुक्त ब्यञ्जनयुक्त, परिपूर्ण परिशुद्ध भएको ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ।' वहाँहरू जस्ता अरहत्को दर्शन गर्नु कल्याणकर हो।"

अनि केणिय जटिललाई यस्तो लाग्यो— "जो ती ब्राह्मणहरूका पूर्वज मन्त्रकर्ता र मन्त्र प्रवर्तक ऋषिहरू थिए उनीहरूको पुराना मन्त्रपद, गीत, प्रोक्ता र संहिताहरू अहिलेका ब्राह्मणहरूले तदनुसार गायन गर्छन्, तदनुसार भाषण गर्छन् र भाषणको अनुभाषण र वाचनको अनुवाचन गर्छन्। जस्तै— अट्टक, वामक, वामदेव, विश्वमित्र, यमदग्नि (यमतग्गि), अङ्गिरस, भारद्वाज, वाशिष्ठ (वासेट्ठो) कश्यप र भृगु (भगु) आदिले। उनीहरू पनि रातमा खाना खान्नन्। उनीहरू यसप्रकारका पेयहरू पिउँछन्। श्रमण गौतम पनि रातमा खाना खान्नन्। त्यसो हुनाले मनि यसप्रकारका पेयहरू श्रमण गौतम पिउन सक्छन्।"

यति सोचेर पर्याप्त मात्रामा पेयहरू तयारपारी खर्पणमा बोकाएर जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहीं पुगेपछि भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा उभिए। एक छेउमा उभिएका केणिय जटिलले भगवान्लाई यस्तो भने— "भो गौतम! मेरो पेयहरू ग्रहण गर्नुहोस्।"

"केणिय ! त्यसोभए भिक्षुहरूलाई देऊ।" अनि केणिय जटिलले भिक्षुहरूलाई दिए। संकोची भिक्षुहरूले ग्रहण गरेनन्। "भिक्षुहो ! ग्रहण गर, भोजन गर !"

अनि बुद्ध सहित भिक्षुसङ्घलाई प्रसस्त मात्रामा पेयहरूद्वारा आफ्नै हातले सन्तर्पित गरे। अनि भगवान्ले हात धोएर पात्र पर सारिसकेपछि केणिय जटिल एक छेउमा बसे। एक छेउमा बसेका केणिय जटिललाई भगवान्ले धार्मिककथाद्वारा सन्दर्शित, समादपित, समुत्तेजित र सम्प्रहर्षित गराउनुभयो। अनि भगवान्को धार्मिककथाद्वारा सन्दर्शित, समादपित, समुत्तेजित तथा सम्प्रहर्षित भएका केणिय जटिलले भगवान्लाई यस्तो भने—"तपाईं गौतमले भिक्षुसङ्घ सहित भोलिको मेरो भोजन स्वीकार गर्नुहोस्[1]।"

"केणिय ! भिक्षुसङ्घ महान छ जसमा साँढे बाह्रशय भिक्षुहरू छन्। तिमी चाहिं ब्राह्मणहरूमाथि अभिप्रसन्न हुनेछौ।"

दोश्रो पटक पनि केणिय जटिलले भगवान्लाई यस्तो भने—

---

१. यी केणिय जटिलका कुरा म. नि. II, पृ. ३९६: सेलसुत्तंमा र सुत्त. नि. पृ. ३५३: सेलसुत्तं, महावग्गमा पनि उल्लेख भएको पाइन्छ। महा. व. पा. मा लेखिएको कुरा र तिनीहरूमा लेखिएका प्रारम्भिक कुरामा अलिकता फरक देखिन्छ। यस सम्बन्धी केही कुरा मैले बु. व्रा. भा–३, पृ. ४३८–३९ को पादटिप्पणीमा उल्लेख गरिदिएको छु।

"भो गौतम ! यद्यपि भिक्षुसङ्घ महान छ जसमा साँढे बाह्रशय भिक्षुहरू छन् । यद्यपि म ब्राह्मणहरूमाथि अभिप्रसन्न हुने हुँ (तैपनि) तपाईं गौतमले भिक्षुसङ्घका साथ भोलिको मेरो भोजन स्वीकार गर्नुहोस् ।"

"केणिय ! भिक्षुसङ्घ महान छ, जसमा साँढे बाह्रशय भिक्षुहरू छन्..."

तेश्रो पटक पनि केणिय जटिलले भगवान्लाई यस्तो भने—

"भो गौतम ! यद्यपि भिक्षुसङ्घ महान छ,...(तैपनि) तपाईं गौतमले भिक्षुसङ्घका साथ भोलिको मेरो भोजन स्वीकार गर्नुहोस् ।"

भगवान्ले तूष्णीभावद्वारा स्वीकार्नुभयो[१] ।

अनि भगवान्ले स्वीकार्नुभएको कुरा बुझी केणिय जटिल आसनबाट उठेर गए । त्यसपछि यसै कारणमा, यसै प्रसंगमा[२] धार्मिक-कथा सुनाई भगवान्ले भिक्षुहरूलाई आमन्त्रण गर्नुभयो—

---

१. केणिय जटिलले बार बार निवेदन गर्दा पनि किन भगवान्ले निम्तो स्वीकार गर्नु नभएको होला भन्ने बारेको स्पष्टिकरण लेखकको बु. ब्रा. भा–३, पृ. ४४३ को पादटिप्पणीमा उल्लेख भएको छ ।

२. माथि केणिय जटिलले भिक्षुहरूलाई पेय प्रदान गरेको सम्बन्धलाई लिएर भनिएको हो ।

"भिक्षुहो ! अष्टपानको अनुज्ञा दिन्छु । जस्तै—अम्बपान, जम्बुपान, चोचपान (=बियो भएको केरा), मोचपान (=बियो नभएको केरा), मधुपान, मुद्दिकपान (=किसमिस), सालुकपान, (=कमलफूलका जराहरू) र फारुसकपान (=जमुना वर्ग)। भिक्षुहो ! धान्यवर्ग बाहेक अरू सबै फलको रसको अनुज्ञा दिन्छु। भिक्षुहो ! पकाएको पातवर्ग बाहेक अरू सबै पातवर्गको रसको अनुज्ञा दिन्छु। मधुक (=महुवा) फूलको रस बाहेक अरू सबै फूलको रसको अनुज्ञा दिन्छु। भिक्षुहो ! उखुको रसको अनुज्ञा दिन्छु।"

अनि त्यस रात वितेपछि आफ्नो आश्रममा प्रणीत खादनीय र भोजनीय तयार पार्न लगाई केणिय जटिलले भगवान्‌लाई समयको सूचना दिन पठाए—"भो गौतम ! समय भयो। भोजन तयार छ।" अनि भगवान् पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ केणिय जटिलको आश्रम हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि बिच्छाइराखेको आसनमा भिक्षुसङ्घ सहित बस्नुभयो। अनि बुद्ध सहित भिक्षुसङ्घलाई प्रणीत खाद्य भोज्यद्वारा आफ्नै हातले सन्तर्पित समर्पित गरे। भोजनपछि भगवान्‌ले पात्र एक छेउमा राखेपछि केणिय जटिल एक छेउमा बसे। एक छेउमा बसेका केणिय जटिललाई भगवान्‌ले यो गाथाद्वारा अनुमोदन गर्नुभयो—

१. "अग्गिहुत्तमुखा यञ्ञा सावित्ती[१] छन्दसो मुखं।
राजा मुखं मनुस्सानं नदीनं सागरो मुखं॥

---

१. रोमनमा: 'सावत्थी'।

२. "नक्खत्तानं मुखं चन्दो आदिच्चो तपतं मुखं ।
पुञ्ञं आकङ्खमानानं सङ्घो वे यजतं[1] मुखं'ति ॥"

अर्थ—

१–"यज्ञमध्ये प्रमुख यज्ञ अग्निहोत्र हो छन्दहरूमध्येमा सावित्री[2] छन्द प्रमुख हो, मनुष्यहरूमध्येमा प्रमुख राजा हो र नदीहरूमध्येमा सागर प्रमुख हो ।

२–"नक्षत्रहरूमध्येमा प्रमुख चन्द्रमा हो, तप्त हुनेहरूमध्येमा प्रमुख सूर्य हो, त्यस्तैगरी पुण्य इच्छा गरी दानदिने कार्यमा सङ्घ प्रमुख हो ।"

यी गाथाद्वारा केणिय जटिललाई अनुमोदन गरी भगवान् आसनबाट उठेर जानुभयो ।

---

१. रोमनमा: 'जयतं' ।

२. वेद पढनेहरूले सर्वप्रथम सावित्री भन्ने गायत्री मन्त्र पढ्छन् । त्यसैले यसलाई प्रमुख भनिएको हो । सुत्त. नि. अ. क. पृ. ३७५: सेलसुत्तवण्णना ।

२२।१२. कोकनुद परिव्राजक

परिचय

एकदिन आनन्द महास्थविर राजगृहको तपोदाराममा नुहाउनको लागि जानुभएको थियो। त्यसबखत यी कोकनुद परिव्राजक पनि नुहाउनको निमित्त त्यहाँ जांदा यिनले वहाँलाई देखेका थिए। अनि यिनले वहाँसँग "तपाईं को हुनुहुन्छ?" भनी सोध्दा वहाँले "म भिक्षु हुं" भनी जवाफ दिनुभयो। यसपछि कोकनुद परिव्राजकले वहाँसँग प्रश्न सोधेका थिए। जुन कुरा अगाडि अनुदित मूल सूत्रमै प्रष्टिएको छ।

× × ×

मूल सूत्र—

कोकनुद परिव्राजकको प्रश्न

(कोकनुदसुत्त[1])

एक समय आयुष्मान् आनन्द राजगृहको तपोदाराममा बस्नुभएको थियो। अनि आयुष्मान् आनन्द रात्रीको प्रत्यूस समयमा उठी जहाँ तपोदा[2] (=तातो पानीको कुण्ड) हो त्यहाँ शरीर नुहाउनको निमित्त जानुभयो। अनि तपोदामा शरीर नुहाई (कुण्डबाट) माथि आई आङ् सुकाउँदै एउटै चीवर लगाई उभिइरहनुभयो। कोकनुद परिव्राजक पनि रात्रीको प्रत्यूस समयमा उठी जहाँ तपोदा हो त्यहाँ शरीर नुहाउनको निमित्त गए। अनि कोकनुद परिव्राजकले आयुष्मान् आनन्दलाई टाढैबाट आइरहेको देखे। देखेर आयुष्मान् आनन्दलाई यस्तो भने—

"आवुसो! यहाँ को हुनुहुन्छ?"

---

१. अं. नि–१०, पृ. २५७: उपालिवग्गो; अ. क. II. पृ. ८५५.

२. 'तपोदा' सम्बन्धी विशेष कुरा जान्न चाहनेले पपं. सू. IV. पृ. १५८: महाकच्चान भद्देकरत्त सुत्तवण्णनामा हेर्नू।

"आवुसो ! म भिक्षु हुँ ।"

"आवुसो ! कुन भिक्षुहरूमध्ये ?"

"आवुसो ! श्रमण शाक्यपुत्रहरूमध्ये ।"

"यदि आयुष्मान्ले प्रश्नको उत्तर दिन वचन दिनुहुन्छ भने आयुष्मान्सँग हामी केही कुरा सोध्न चाहन्छौं ।"

"आवुसो ! सोध्नुहोस्, प्रश्न सुनेर जान्नेछु ।"

१–"के तपाईं 'शाश्वत लोक मात्र सत्य हो अरू तुच्छ हुन्' भन्ने विचारको हुनुहुन्छ ?"

"आवुसो ! न म 'शाश्वत लोक मात्र सत्य हो अरू तुच्छ हुन्' भन्ने हुँ ।"

२–"के त तपाईं 'अशाश्वत लोक मात्र सत्य हो अरू तुच्छ हुन्' भन्ने विचारको हुनुहुन्छ ?"

"आवुसो ! न म 'अशाश्वत लोक मात्र सत्य हो अरू तुच्छ हुन्' भन्ने हुँ ।"

३–"के त 'अन्तवान् लोक...[1] मरणपछि तथागत न हुन्छ, न त हुन्न भन्ने मात्र सत्य हो अरू तुच्छ हुन्' भन्ने विचारको हुनुहुन्छ ?"

"आवुसो ! न म 'अन्तवान् लोक...मरणपछि तथागत न हुन्छ, न त हुन्न भन्ने मात्र सत्य हो अरू तुच्छ हुन्' भन्ने हुँ ।"

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. ६५ उत्तिय परिव्राजकको कुरामा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

"त्यसोभए तपाइँ जान्नुहुन्न, देख्नुहुन्न।"

"आवुसो ! न म जान्दिन, न म देख्दिन। आवुसो ! म जान्दछु, म देख्दछु।"

४–"त्यसोभए शाश्वत लोक मात्र... सत्य हो अरू तुच्छ हुन् भन्ने विचारको हुनुहुन्छ त... भनी सोध्दा किन 'न म शाश्वत लोक मात्र सत्य हो अरू तुच्छ हुन् भन्ने विचारको हुँ' भनी भन्नुहुन्छ... त्यसोभए 'तपाइँ जान्नुहुन्न देख्नुहुन्न' भनी भन्दा 'न म जान्दिन, न म देख्खिन बल्कि जान्दछु, देख्दछु' भनी भन्नुहुन्छ। आवुसो ! कसरी यसको अर्थ बुझ्ने त ?"

"आवुसो ! 'शाश्वत लोक मात्र सत्य हो अरू तुच्छ हुन्' भन्नु दृष्टिगत हो। 'अशाश्वत लोक मात्र सत्य हो अरू तुच्छ हुन्' भन्नु पनि दृष्टिगत हो...'न तथागत मरणपछि हुन्छ न त हुन्न—यही सत्य हो अरू तुच्छ हुन्' भन्नु पनि दृष्टिगत हो।

"आवुसो ! जति दृष्टिगतहरू हुन्, जति दृष्टि अधिष्ठानहरू छन्, जति दृष्टि परियुष्ठानहरू छन्, जति दृष्टिसमुत्थानहरू छन् तथा जति दृष्टिसमुद्घातनहरू छन्—तिनीहरूलाई म जान्दछु र म देख्दछु। तिनीहरूलाई जानेर तिनीहरूलाई देखेर कसरी 'म जान्दिन र म देख्दिन' भनूँ ? आवुसो ! म जान्दछु र म देख्दछु।"

"आयुष्मान्‌को नाम के हो ? कसरी सब्रह्मचारीहरू आयुष्मान्‌लाई चिन्दछन् ?"

"आवुसो ! मेरो नाम आनन्द हो। सब्रह्मचारीहरूले मलाई आनन्द भनी चिन्दछन्।"

"महाचार्य हुनुभएका तपाईंसँग कुरा गरेर पनि तपाईंलाई 'आनन्द' भनी चिन्न सकेनौं। यदि हामीले 'यी आयुष्मान् आनन्द हुन्' भन्ने कुरा थाहा पाएको भए यति कुरा पनि गर्ने थिएनौं। आयुष्मान् आनन्दले मलाई क्षमा गर्नुहोस्।"

२३।१३. छन्न परिव्राजक

परिचय

यो परिव्राजकको नाम 'छन्न' हो। यिनी वस्त्रधारी परिव्राजक हुन्।

एकदिन यिनी जेतवनाराममा बसिरहनुभएका आनन्द महास्थविरकहाँ गई यिनले वहाँसँग "आवुसो आनन्द! तपाईंहरू पनि राग, द्वेष र मोह हटाउनको निमित्त धर्मोपदेश गर्नुहुन्छ। हामी पनि राग, द्वेष र मोह हटाउनको निमित्त धर्मोपदेश गर्छौं। राग, द्वेष, मोहमा के दोष देखेर तपाईंहरू राग, द्वेष, मोह हटाउने उपदेश गर्नुहुन्छ?" भनी प्रश्न सोध्दा महास्थविरले जुन उत्तर दिनुभयो सो कुरा अगाडि अनुदित मूल सूत्रमै प्रष्टिएको छ। यो सुनेर छन्न परिव्राजक सन्तुष्ट भएको थियो भन्ने कुरा मूल सूत्रबाट बुझिन्छ।

× × ×

केही छन्न नामहरू

(१) छन्न—यी छन्न उनी हुन् जो सिद्धार्थ राजकुमारका सारथी थिए। (जा. अ. क. I–II. पृ. ५३: अविदूरेनिदान; बु. वं. अ. क. पृ. २३३: गोतमबुद्धवंसवण्णना।)

थेरगाथट्ठकथा I. पृ. १५५: छन्नत्थेरगाथट्ठकथाले यिनी शुद्धोदन राजाको दरबारकी एक दासीको कोखमा जन्मेका थिए भनी उल्लेख गरेको छ। सिद्धार्थ कुमार जन्मेको दिनमै यिनी पनि जन्मेका थिए। पछि भगवान् बुद्ध कपिलवस्तुमा आउनुहुँदा त्यहाँ भएको ज्ञातिसमागम देखेर प्रभावित भई यिनी प्रव्रजित भएका थिए।

प्रव्रजित भइसकेपछि "मेरै बुद्ध हो, मेरै धर्म हो र मेरै सङ्घ हो" भन्ने भावनाले यिनी घमण्डी भएका थिए। यिनका बारेका कुराहरू चुल्ल. व. पा. पृ. ४४, ४८, ५२: कम्मक्खन्धकंमा र पृ. ४१२ र ४१४: पञ्चसतिकक्खन्धकंमा पाइन्छन्। पारा. पा. पृ. २३२: सत्तमसङ्घादिसेसमा पनि पाइन्छन्। पाचि. पा. पृ. ५६: बारसमपाचित्तियं; पृ. ७१: ऊनवीसतिमपाचित्तियं; पृ. १५४: चतुपञ्ञासमपाचित्तियं र पृ. १९०: छन्नभिक्खुवत्थुमा पनि पाइन्छन्।

सं. नि. II. पृ. ३५१: छन्नसुत्तं, खन्धवग्गमा; दी.

नि. II. पृ. ११८: महापरिनिब्बानसुत्तमा र धम्म. प. अ. क.- पृ. ३३६: छन्नत्थेरवत्थु, पण्डितवग्गमा पनि पाइन्छन् ।

यो छन्न, बोधिसत्वको पालामा जा. अ. क. III. पृ. १२९: सुवण्णमिगजातकमा व्याधा थिए; जा. अ. क. III. पृ. २३२: गिज्झजातकमा व्याधापुत्र थिए; जा. अ. क. V. पृ. ५: सालिकेदारजातकमा खेतको मालिक थिए भने जा. अ. क. V. पृ. ११५: चूलहंसजातकमा, जा. अ. क. VI. पृ. २०१: चुल्लहंसजातकमा र उहीं पृ. २२३: महाहंसजातकमा पनि व्याधा नै थिए । जा. अ. क. VII. पृ. ५२७: महावेस्सन्तर जातकमा यिनी चेतपुत्र थिए ।

(२) छन्न—यिनी एक स्थविर हुन् । जो राजगृहमा बस्दथे । यिनी संच नहुँदा आयुष्मान् सारिपुत्र र आयुष्मान् महाचुन्द यिनलाई हेर्न गएका थिए । यस कुराको सम्बन्धमा मूल सूत्र म. नि. III. पृ. ३२५: छन्नोवाद सूत्रमा उल्लेख भएको छ । यसको अनुवाद लेखकको बु. श्रा. च. भा-३, पृ. २६१ मा भएको छ ।

(३) छन्न—यिनी एक परिव्राजक हुन् । यिनकै कुरा यहाँ अगाडि उल्लेख भएको छ ।

(४) छन्नसुत्तं—यो सूत्र अं. नि-३, पृ. १९९: आनन्दवग्गमा उल्लेख भएको छ । यसको अनुवाद अगाडि भएको छ । त्रिपिटक सूची

पृ. ८६ मा यस सूत्रलाई 'छन्न परिब्बाजकसुत्तं' भनी उल्लेख भएको छ ।

(५) छन्नसुत्तं—यो सूत्र सं. नि. II. पृ. ३५१: खन्धवर्गमा उल्लेख भएको छ । यसमा भगवान्का सारथी छन्नको कुरा उल्लेख भएको छ । यस सूत्रलाई त्रिपिटक-सूची पृ. २३ ले 'छन्नत्थेर-सुत्तं' भनी उल्लेख गरेको छ ।

(६) छन्नसुत्तं—यो सूत्र सं. नि. III. पृ. ५२: सलायतनसंयुत्तमा उल्लेख भएको छ । यसमा राजगृहवासी छन्न स्थविरको कुरा छ ।

(७) छन्नवग्गो—यो वर्ग सं. नि. III. पृ. ६४ मा उल्लेख भएको छ ।

(८) छन्नत्थेरगाथा—यो गाथा भगवान्का सारथी छन्न स्थविरको हो ।

यो गाथा थेरगाथापालि पृ. २५० मा उल्लेख भएको छ । यसको अर्थकथा थेर. गा. अ. क. I. पृ. १५५ मा पनि उल्लेख भएको छ ।

(९) छन्नत्थेरगाथा—यो गाथा धम्म. प. पा. गा. नं. ७८: पण्डित-वर्गमा उल्लेख भएको छ । यसको कथा धम्म. प. अ. क. पृ. ३३६: पण्डितवर्गमा उल्लेख भएको छ ।

× × ×

मूल सूत्र—

राग, द्वेष, मोहमा के दोष छ ?

(छन्नसुत्त[१])

एक समय भगवान् श्रावस्ती स्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो। अनि छन्न परिव्राजक जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ गएर आयुष्मान् आनन्दसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका छन्न परिव्राजकले आयुष्मान् आनन्दलाई यस्तो भने—

"आवुसो आनन्द ! तपाईंहरू पनि राग प्रहाणको कुरा बताउनु हुन्छ, द्वेष प्रहाणको कुरा बताउनु हुन्छ र मोह प्रहाणको कुरा बताउनु हुन्छ। हामी पनि राग प्रहाण गर्ने कुरा बताउँछौं, द्वेष प्रहाण गर्ने कुरा बताउँछौं र मोह प्रहाण गर्ने कुरा बताउँछौं। आवुसो ! रागमा के दोष देखेर तपाईंहरू राग प्रहाण गर्ने कुरा बताउनु हुन्छ,

१. अं. नि–३, पृ. १९९: आनन्दवग्गो; प्र. क. I. पृ. ४३२.

द्वेषमा के दोष देखेर द्वेष प्रहाण गर्ने कुरा र मोहमा के दोष देखेर मोह प्रहाण गर्ने कुरा बताउनु हुन्छ ?"

१–"(१) आवुसो ! रागले रञ्जित भई, रागको दबाउमा परी आफ्नो हानी पनि गर्छ, अर्काको हानी पनि गर्छ, दुवैको हानी पनि गर्छ र चैतसिक (=चित्तभित्र) दुःख दौर्मनस्य पनि अनुभव गर्छ। राग प्रहीण भएपछि न आफ्नो हानी गर्छ, न अर्काको हानी गर्छ, न दुवैको हानी गर्छ र न चैतसिक दुःख दौर्मनस्य अनुभव गर्छ। (२) आवुसो ! रागले रञ्जित भई...कायले दुश्चरित गर्छ, वचनले दुश्चरित गर्छ र मनले दुश्चरित गर्छ। राग प्रहीण भएपछि न कायले... न वचनले...र न मनले दुश्चरित गर्छ। (३) आवुसो ! रागले रञ्जित भई...आफ्नो हित पनि यथार्थतः जान्दैन, अर्काको हित पनि यथार्थतः जान्दैन र दुवैको हित पनि यथार्थतः जान्दैन। राग प्रहीण भएपछि आफ्नो हित पनि यथार्थतः जान्दछ, अर्काको हित पनि यथार्थतः जान्दछ र दुवैको हित पनि यथार्थतः जान्दछ। (४) आवुसो ! राग अन्धकारक हो, अज्ञान कारक हो, प्रज्ञा विनाशक हो, हानीकारक हो र निर्वाण बाधक हो।

२–"(१) आवुसो ! द्वेषले दुष्ट भई, द्वेषको दबाउमा परी,...[1] दुःख दौर्मनस्य अनुभव गर्छ। (२) आवुसो ! द्वेषले दुष्ट भई, द्वेषको दबाउमा परी...कायले दुश्चरित गर्छ,...मनले दुश्चरित

१. यहांका बांकी कुराहरू माथि नं. १ मा उल्लेख भए जस्तै मिलाई दोहऱ्याई पढ्नू।

गर्छ । (३) आवुसो ! द्वेषले दुष्ट भई, द्वेषको दबाउमा परी... दुवैको हित पनि यथार्थतः जान्दैन । (४) आवुसो ! द्वेष अन्धकारक हो, .. निर्वाण बाधक हो ।

३–"(१) आवुसो ! मोहले मोहित भई, मोहको दबाउमा परी,...दुःख दौर्मनस्य अनुभव गर्छ । (२) आवुसो ! मोहले मोहित भई, मोहको दबाउमा परी.. कायले दुश्चरित गर्छ, ..मनले दुश्चरित गर्छ । (३) आवुसो ! मोहले मोहित भई, मोहको दबाउमा परी... दुवैको हित पनि यथार्थतः जान्दैन । (४) आवुसो ! मोह अन्धकारक हो,...निर्वाण बाधक हो ।

"आवुसो ! यही दोष रागमा देखेर हामी राग प्रहाण बताउँछौं । यही दोष द्वेषमा देखेर हामी द्वेष प्रहाण बताउँछौं । यही दोष मोहमा देखेर हामी मोह प्रहाण बताउँछौं ।"

"आवुसो ! यो राग, द्वेष र मोह हटाउने मार्ग र प्रतिपदा छ के ?"

"आवुसो ! यो राग, द्वेष र मोह हटाउने मार्ग र प्रतिपदा छ ।"

"आवुसो ! यो राग, द्वेष र मोह हटाउने मार्ग र प्रतिपदा कुन हो त ?"

"आवुसो ! यही आर्यअष्टाङ्गिक मार्ग हो । जस्तै—सम्यक्-

दृष्टि,.. र सम्यक्समाधि । आवुसो ! यी राग, द्वेष र मोह हटाउने मार्ग र प्रतिपदा यही नै हो ।"

"आवुसो ! यी राग, द्वेष र मोह हटाउने मार्ग र प्रतिपदा राम्रै हो । आवुसो ! अप्रमाद हुनको निमित्त यो मार्ग ठीकै छ ।"

२४।१४. जालिय परिव्राजक

प रि च य

यी जालिय परिव्राजक काठको पात्र लिई भिक्षाटन् गर्ने एक परिव्राजकका शिष्य हुन् ।

एकदिन यिनी मुण्डिय परिव्राजकका साथ वाद आरोप गर्ने कुरा मनमा राखी कौशम्बीको घोषितारामा बसिरहनुभएका बुद्ध-कहाँ गएका थिए ।

यिनीहरूले यस्तो सोचेका थिए कि यदि बुद्धले "उही जीव उही शरीर हो" भनी भनेमा "तपाइँको धर्ममा यहीं सत्व विनाश हुन्छ, त्यसैले तपाइँको वाद उच्छेदवाद हुन्छ" भनी भन्नेछौं र यदि वहाँले "अर्कै जीव र अर्कै शरीर हो" भनेमा "तपाइँको वादमा रूप विनाश हुन्छ, सत्व विनाश हुन्न, त्यसैले तपाइँको वादमा सत्व शाश्वत हुन्छ" भनी वाद आरोप गर्नेछौं भन्ने ठानेका थिए[१] । किन्तु भगवान्ले उनीहरूले सोधेको प्रश्नको बीचको मध्यममार्गद्वारा धर्मोपदेश गर्नु भएको

---

१. दी. नि. अ. क. II. पृ. ३०: जालियसुत्तवण्णना ।

कुरा सुनेर उनीहरू छक्कपरी सन्तुष्ट भएका थिए । विशेष कुरा यहाँ अगाडि अनुदित मूल सूत्रमै प्रष्टिएको छ ।

भगवान् वैशालीको कूटागारशालामा बसिरहनुभएको वेलामा अचेल पाथिकपुत्र पनि वैशालीमा बसिरहेका थिए । उनले वैशालीका लिच्छवीहरूलाई "बुद्ध पनि ज्ञानवादी हुन् म पनि ज्ञानवादी हुँ । अतः यदि बुद्धले एकवटा ऋद्धिप्रातिहार्य देखाएमा मैले दुइवटा देखाउनेछु" भनी उद्घोषण गरेका थिए ।

अनि एकदिन भगवान् अचेल पाथिकपुत्रको आराममा दिवाविहारको लागि जानुभयो । त्यसबखत अचेल पाथिकपुत्र डराएर आफ्नो आरामबाट भागेर तिन्दुकखाणु परिव्राजकाराममा गएका थिए । त्यसबखत यी जालिय परिव्राजक उनलाई बोलाउन गएका थिए[१] ।

अर्को एक समय यी जालिय परिव्राजक भगवान्कहाँ गई यस्तै प्रश्न सोधेको कुरा दी. नि. I. पृ. १३४: महालिसुत्तमा उल्लेख भएको छ । यसको अनुवाद लेखकको बु. रा. भा–१, पृ. ४०५ मा भएको छ ।

× × ×

---

१. दी. नि. III. पृ. १८: पाथिकसुत्तं । यो सूत्त अगाडि भग्गवगोत्तिय परिव्राजकको कुरामा अनुवाद भएको छ ।

मूल सूत्र--

उही जीव र उही शरीर हो ?

(जालियसुत्त[१])

यस्तो मैले सुनें ।

एक समय भगवान् काशम्बीको घोषितारामभा बस्नुभएको थियो । त्यस समय दारुपत्तिकका[२] अन्तेवासी मुण्डिय र जालिय दुइ परिव्राजकहरू जहां भगवान् हुनुहुन्थ्यो त्यहां गए । त्यहां पुगेपछि भगवान्सँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा उभिए । एक छेउमा उभिएका ती दुइ प्रव्रजितहरूले भगवान्लाई यस्तो भने—"आवुसो ! गौतम उही जीव र उही शरीर हो कि अथवा अर्कै जीव र अर्कै शरीर हो ?"

---

१. दी. नि. I. पृ. १३६; अ. क. II. पृ. २८.

२. काठको भिक्षापात्र लिएर भिक्षाटन् गर्ने भएको हुनाले 'दारुपत्तिक' भनिएको हो भनी दी. नि. अ. क. II. पृ. ३०: जालियसुत्त-वण्णनाले उल्लेख गरेको छ ।

"आवुसो ! त्यसोभए सुन, राम्ररी मनमा राख र भन्दछु ।" "हवस् हुन्छ" भनी ती दुइ प्रव्रजितहरूले भगवान्‌लाई प्रत्युत्तर दिए । भगवान्‌ले यस्तो भन्नुभयो—

"आवुसो ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध ..[1] लोकमा उत्पन्न हुन्छन् । वहाँले देव-मार सहित ब्रह्मलोकलाई...[1] ब्रह्मचर्य प्रकाश पार्नु हुन्छ ।

"अनि त्यो धर्मलाई गृहपति वा गृहपतिपूत्रले अथवा कुनै कुलमा जन्मेकाले सुन्दछ । धर्म सुनेर उसको मनमा तथागत प्रति श्रद्धा उत्पन्न हुन्छ ।...[2] अनि पछि गएर उ थोरै वा धेरै भोगसम्पत्तिलाई छाडी...[2] प्रव्रजित हुन्छ ।

"यसरी प्रव्रजित भएको उ...[3] सन्तुष्ट भई बस्छ ।

"यहाँ भिक्षु प्राणीहिंसालाई त्यागी प्राणीहिंसाबाट विरत भई बस्छ ।...[4] यसरी भिक्षु शीलसम्पन्न हुन्छ ।

१–१. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा–१, पृ. २, पृ. १३४ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

२–२. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा–१, पृ. १३४–३५ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

३. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा–१, पृ. १३६ मा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू ।

४. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा–१, पृ. १३६ को 'स्यानो शील' भन्ने शीर्षक देखि पृ. १४६ सम्म पढ्नू ।

"अनि उ कामविषयबाट अलग भई अकुशलबाट अलग भई वितर्क विचार युक्त भएको विवेकजः (=ध्यानजः) प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ ।

"आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ भने त्यस्तो भिक्षुले 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भन्नु ठीक होला ? आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ भने त्यस्ता भिक्षुले 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भन्नु ठीक छैन । आवुसो ! म पनि यस्तो जान्दछु र देख्दछु त्यसैले म 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भनी भन्दिन । अनि उ...द्वितीयध्यान,... तृतीयध्यान,...चतुर्थध्यान प्राप्त गरी बस्छ । आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ भने त्यस्ता भिक्षुले 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो अर्कै शरीर हो' भन्नु ठीक होला ? आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ भने त्यस्ता भिक्षुले 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भन्नु ठीक छैन । आवुसो ! म पनि यस्तो जान्दछु र देख्दछु त्यसैले म 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भनी भन्दिन ।

"अनि उसले ज्ञानदर्शनको निमित्त चित्त अघि बढाउँछ चित्त झुकाउँछ ।...आवुसो ! जो भिक्षु यस्तो जान्दछ र देख्दछ भने त्यस्तो भिक्षुले 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भन्नु ठीक होला ? आवुसो ! जो भिक्षु यस्तो जान्दछ र

देखदछ भने त्यस्ता भिक्षुले 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भन्नु ठीक छैन। आवुसो! म पनि यस्तो जान्दछु र देखदछु त्यसैले म 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भनी भन्दिन। उसले आस्रवहरूको क्षय हुने ज्ञानको निमित्त चित्त अघि बढाउँछ र चित्त झुकाउँछ।...[1] अब उप्रान्त यहाँ आउनुपर्ने हेतु छैन भन्ने ज्ञान पनि हुन्छ। आवुसो! जो भिक्षु यस्तो जान्दछ र देखदछ भने त्यस्ता भिक्षुले 'उही जीव हो र उही शरीर हो अथवा अर्कै जीव हो र अर्कै शरीर हो' भन्नु ठीक होला? आवुसो! जो भिक्षु यस्तो जान्दछ र देखदछ भने त्यस्ता भिक्षुले 'उही जीव हो...' भन्नु ठीक छैन। आवुसो! म पनि यस्तो जान्दछु र देखदछु त्यसैले म 'उही जीव हो...' भनी भन्दिन।"

भगवान्‌ले यति भन्नु भएपछि सन्तुष्ट भएका ती दुइ प्रव्रजित-हरूले भगवान्‌को भाषणलाई अभिनन्दन गरे।

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा–२, पृ. १६८ को आस्रवक्षय ज्ञानमा उल्लेख भए अनुसार मिलाई पढ्नू।

२५।१५. तिम्बरुक परिव्राजक

प रि च य

यी तिम्बरुक परिव्राजक श्रावस्तीमा बस्थये । यिनले सोधेका प्रश्नहरूको उत्तर सकारात्मकरूपले दिंदा शाश्वतवादमा पर्ने र नकारात्मकरूपले दिंदा उच्छेदवादमा पर्ने भएको हुँदा भगवान्‌ले मध्यम-मार्गद्वारा प्रतित्यसमुत्पादको कुरा बताउनु भएको हो । जुन कुरा सुनी तिम्बरुक परिव्राजक सन्तुष्ट भएका थिए भन्ने कुरा उनी बुद्धको शरणमा गएबाट प्रष्ट हुन्छ । कस्ता प्रश्नहरू सोधेका थिए र कस्तो उत्तर भगवान्‌ले दिनुभयो भन्ने कुरा अगाडि अनुदित मूल सूत्रबाट प्रष्ट बुझिने छ ।

× × ×

केही तिम्बरु नामहरू

(१) तिम्बरु—यो चाहिं गन्धर्व देवराजाको नाम हो । यो नाम दी. नि. II. पृ. १६३: महासमयसूत्रमा र त्यसको अर्थकथा भाग–२, पृ. ४१५ मा उल्लेख भएको पाइन्छ । त्यस्तैगरी दी. नि. II. पृ. १६८ र २००: सक्कपञ्हसुत्तमा पनि पाइन्छ ।

(२) तिम्बरुतित्थ—यो चाहिं एक तीर्थस्थान पोखरीको नाम हो । जहाँ गएर ब्राह्मणहरू होम गर्छन् । यो शब्द जा. पा. भा–१, पृ. २४२: कोसियजातकमा र जा. पा. भा–२, पृ. १०६: सुधा-भोजन जातकमा पाइन्छन् ।

(३) तिम्बरुत्थनिं—यो शब्द सुत्त. नि. पृ. २८६: पराभवसुत्तमा पाइन्छ ।

(४) तिम्बरुसकवण्णाभो—यो शब्द अप. दा. पा. भा–१, पृ. ८०: सुभूतित्थेर अपदान र अप. दा. पा. भा–१, पृ. ३६६: सेलत्थेर अपदानमा पाइन्छ ।

(५) तिम्बरुकसुत्तं—यो सूत्र सं. नि. II. पृ. २१: निदानसंयुत्तमा उल्लेख भएको छ । यसको अनुवाद यहाँ अगाडि भएको छ ।

(६) तिम्बरुक—यो एक परिब्राजकको नाम हो । यिनकै कुरा यहाँ उल्लेख भएको छ ।

(७) तिम्बरुसक—यो एक फलको नाम हो। यो शब्द विमा. व. प्र. क. पृ. ११४: गुत्तिलविमानमा उल्लेख भएको छ। यसको अनुवाद लेखकको बु. वि. पृ. ५८ मा भएको छ।

(८) तिम्बरु नारद—यो एक गुत्तिल बोधिसत्वको नाम हो। यो नाम विमा. व. प्र. क. पृ. ११०: गुत्तिलविमान कथामा उल्लेख भएको छ। यसको अनुवाद लेखकको बु. वि. पृ. ५८ मा भएको छ।

× × ×

मूल सूत्र—

सुख दुःख स्वयंकृत हो ?

(तिम्बरुकसुत्त[1])

भगवान् श्रावस्तीमा बस्नुभएको थियो। अनि तिम्बरुक परिव्राजक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्-सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका तिम्बरुक परिव्राजकले भगवान्लाई यस्तो भने—

"भो गौतम ! के सुखदुःख स्वयंकृत हो ?"

"तिम्बरुक ! यस्तो नभन" भनी भगवान्ले भन्नुभयो।

"भो गौतम ! त्यसोभए परकृत सुखदुःख हो त ?"

"तिम्बरुक ! यस्तो नभन" भनी भगवान्ले भन्नुभयो।

"भो गौतम ! त्यसोभए सुखदुःख स्वयंकृत र परकृत हो त ?"

"तिम्बरुक ! त्यस्तो नभन" भनी भगवान्ले भन्नुभयो।

---

१. सं. नि. II. पृ. २१: निदानसंयुत्त; अ. क. II. पृ. २८.

"भो गौतम ! त्यसोभए सुखदुःख स्वयंकृत पनि होइन परकृत पनि होइन बल्कि आपसेआप उत्पन्न भएको हो त ?"

"तिम्बरुक ! यस्तो नभन" भनी भगवान्‌ले भन्नुभयो ।

"भो गौतम ! सुखदुःख भनेको छैन त ?"

"तिम्बरुक ! सुखदुःख नभएको होइन । तिम्बरुक ! सुखदुःख भनेको छ ।"

"त्यसोभए तपाईं गौतम सुखदुःखलाई जान्नुहुन्न र देख्नुहुन्न ।"

"तिम्बरुक ! मैले सुखदुःखलाई नजानेको र नदेखेको होइन । तिम्बरुक ! म सुखदुःखलाई जान्दछु र देख्दछु ।"

"भो गौतम ! 'किन स्वयंकृत सुखदुःख हो कि ?' भनी सोध्दा 'तिम्बरुक ! यस्तो नभन' भनी भन्नुहुन्छ ।...त्यसोभए तपाईं गौतमले मलाई सुखदुःखको कुरा भन्नुहोस् । तपाईं गौतमले मलाई सुखदुःखको उपदेश गर्नुहोस् ।"

"तिम्बरुक ! पहिले नै 'त्यो वेदना त्यसले अनुभव गर्छ' भनी ठान्दा 'स्वयंकृत सुखदुःख' हुन्छ । यस्तो पनि म भन्दिन । तिम्बरुक ! पहिले नै 'अर्कै वेदना अर्कैले अनुभव गर्छ' भन्ने ठान्दा 'परकृत सुखदुःख' हुन्छ । यस्तो पनि म भन्दिन । तिम्बरुक ! यिनीहरूको अन्तमा नगई बीच बाटोबाट तथागतले धर्मदेशना गर्छन्—'अविद्याको कारणबाट संस्कार हुन्छ,...[१] । यसरी केवल दुःखस्कन्धको प्रादुर्भाव हुन्छ । अविद्याकै निरवशेष विराग निरोधबाट संस्कार निरुद्ध हुन्छ,...[१] ।

१-१. यहाँका बाँकी कुराहरू माथि पृ. ६ अचेल कस्सप (क) मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

यसरी केवल दुःखस्कन्धको निरुद्ध हुन्छ' ।"

यस्तो भन्नुहुँदा तिम्बरुक परिब्राजकले भगवान्‌लाई यस्तो भने—"धन्यहो भो गौतम ! धन्यहो भो गौतम !!...अब म तपाईं गौतमको शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि । आजदेखि तपाईं गौतमले मलाई जीवनभर शरणमा आएको उपासक हो भनी धारणा गर्नुहोस् ।"

२६।१६. नन्दिय परिव्राजक

प रि च य

यो नन्दिय एक वस्त्रधारी परिब्राजक हुन्[१] ।

एकदिन यिनी जेतवनाराममा बसिरहनुभएका बुद्धकहाँ गई "कति धर्म भाविता र बहुलिकृत गर्दा निर्वाण प्राप्त हुनसक्छ ?" भनी प्रश्न सोध्दा भगवान्ले अष्टाङ्गिक मार्गको कुरा बताउनु भएको थियो । यो कुरा सुनी सन्तुष्ट भई यिनी बुद्धको शरणमा परेका थिए ।

× × ×

---

१. सं. नि. अ. क. III. पृ. ११५: नन्दियसुत्तवण्णना ।

केही नन्दिय नामहरू

(१) नन्दिय—यी नन्दिय, एक स्थविर हुन्। जो आयुष्मान् अनुरुद्ध र आयुष्मान् किम्बिलका साथ कौशाम्बीको पाचीन-वंसदाय भन्ने बनमा बसिरहेका थिए।

कौशम्बीमा भिक्षुहरूको झगडापछि भगवान् कौशम्बी-बाट निस्कनु भई बालकलोणकार गाउँमा आयुष्मान् भगुसँग भेटी त्यहाँ जानु भएको थियो। त्यसपछि वहाँ पारिलेय्य वनमा जानु भएको थियो। म. नि. III. पृ. २२३: उपक्किलेससुत्तं; प्र. क. IV. पृ. १३५.

आयुष्मान् अनुरुद्ध र आयुष्मान् किम्बिलका साथ आयुष्मान् नन्दिय नादिकमा बसिरहनुभएको कुरा चूलगोसिङ्ग सूत्रमा पनि उल्लेख भएको छ। म. नि. I. पृ. २५६; प्र. क. II. पृ. १६६.

(२) नन्दिय उपासक—यी उपासक बाराणसीका हुन्। यिनी श्रद्धालु तथा दानपति थिए। यिनकी पत्नी रेवती थिइन्। यिनीहरूका दुइ पुत्र थिए। विमा. व. पा. पृ. ७७: रेवती-विमानवत्थु, प्र. क. पृ. १७६ यी नन्दियको नाम पेत. व. पा. पृ. २१८: रेवतीपेतवत्थु र पेत. व. प्र. क. पृ. १८४ मा पनि उल्लेख भएको छ।

(३) नन्दिय मिगराज जातकं—यो जातक जा. पा. I. पृ. १३६ र जा. प्र. क. III. पृ. १६० मा उल्लेख भएको छ ।

(४) नन्दियत्थेरगाथा—यो गाथा थेर. गा. पा. पृ. २४० र थेर. गा. प्र. क. I. पृ. ८२ मा समुल्लेख भएको छ । यसमा नन्दिय स्थविरका कुरा छ ।

(५) नन्दिय परिव्राजक—यिनी उही परिव्राजक हुन् जसको कुरा यहाँ उल्लेख भएको छ ।

(प्ररू नन्दिय नामहरू लेखकको बु. गृ. भा–२, पृ. ४३५ मा उल्लेख भएका छन् ।)

× × ×

मूल सूत्र—

कति धर्मले निर्वाण पुगिन्छ ?

(नन्दियसुत्त[१])

भगवान् श्रावस्तीमा बस्नुभएको थियो। अनि नन्दिय परिब्राजक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्-सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका नन्दिय परिब्राजकले भगवान्लाई यस्तो भने—"भो गौतम! कति धर्मलाई भाविता र बहुलिकृत गर्दा निर्वाण-गामी हुन्छ, निर्वाणपरायण हुन्छ र निर्वाणमा अन्त हुन्छ ?"

"नन्दिय! यी आठ धर्महरूलाई भाविता र बहुलिकृत गर्दा निर्वाणगामी हुन्छ, निर्वाण परायण हुन्छ र निर्वाणमा अन्त हुन्छ। कुन आठ ? जस्तै—सम्यक्दृष्टि,...सम्यक्समाधि। नन्दिय! यी आठ धर्महरूलाई भाविता र बहुलिकृत गर्दा निर्वाणगामी हुन्छ, निर्वाण-परायण हुन्छ र निर्वाणमा अन्त हुन्छ।"

१. सं. नि. IV. पृ. ११: मग्गसंयुत्तं; अ. क. III. पृ. ११५.

यस्तो भन्नु हुँदा नन्दिय परिव्राजकले भगवान्‌लाई यस्तो भने—"धन्यहो भो गौतम ! धन्यहो भो गौतम !!...आजदेखि तपाई गौतमले मलाई जीवनभर शरणमा आएको उपासक हो भनी धारण गर्नुहोस् ।"

२७। १७. निग्रोध परिब्राजक

प रि च य

यो निग्रोध परिब्राजक वस्त्रधारी एक परिब्राजक हुन् । यिनी तीनशय शिष्यहरूका साथ राजगृह नजिकको उदुम्बरिकाको परिब्राजकाराममा बस्दथे ।

एकदिन राजगृहका सन्धान गृहपति यिनको आराममा जाँदा उनले त्यहाँ निग्रोध परिब्राजकका शिष्यहरू अनेक प्रकारका तिरश्चीन कुरा गर्दै होहल्ला गरी बसिरहेको देखेर उनले "यो परिब्राजकहरू त होहल्ला गरी पो बस्दारहेछन् । हाम्रा बुद्ध त शून्यागारमा शान्तपूर्वक बस्नुहुन्छ" भन्दै बुद्ध बसिरहनुभएको दिशातिर हेरी दुइहात जोरी नमस्कार गरे[१] । यसबाट रिसाएका निग्रोध परिब्राजकले बुद्ध प्रति आक्षेप गर्दै "गृहपति ! जान्दछौ के श्रमण गौतम कोसँग कुरा गर्लान् र कोसँग धर्म साकच्छा गर्लान् ? शून्यागारमा बस्ने श्रमण गौतमको त्यो प्रज्ञा पनि विनाश भइसक्यो जो अघि उनमा थियो" भनो भने । यति

१. दी. नि. अ. क. III. पृ. १५१: उदुम्बरिकसुत्तवण्णना ।

मात्र होइन उनले बुद्धलाई "कुराकानी गर्न असमर्थ छन्" भन्ने पनि आरोप लगाए। अझ अगाडि उनी भन्बछन्—"यदि श्रमण गौतम यहाँ आएको भए हामी उनलाई एकै प्रश्नद्वारा नाजवाफ पार्ने थियौं र खाली घैंटोलाई घुमाउने झैं घुमाउने थियौं" भन्ने पनि भनेका थिए।

जब दिव्यश्रोतद्वारा भगवान्‌ले यी कुराहरू सुन्नुभयो तब वहाँ निग्रोध परिव्राजकको आराममा आउनुभयो। अनि त्यसवखत निग्रोध परिव्राजकले भगवान्‌सँग "तपाईं गौतम कस्तो उपदेशद्वारा आफ्ना शिष्यहरूलाई विनीत पार्नु हुन्छ?" भनी सोध्दा भगवान्‌ले उनलाई "तिमी जस्ता अन्य दृष्टिकले, अन्य भक्तिकले, अन्य सिद्धान्त हुनेले मेरो कुरा के बुझ्न सकौला र! बरु तिम्रो आफ्नै सिद्धान्त सम्बन्धी कुरा सोध" भनी भन्नुभयो। जुन कुरा अगाडि अनुदित मूल सूत्रमै समुल्लेख भएको छ।

दी. नि. I. पृ. १४९: महासीहनाद सूत्रमा पनि यी निग्रोध परिव्राजकको सम्बन्धमा उल्लेख भएको पाइन्छ।

उपदेशको अन्त्यमा निग्रोध परिव्राजकले आफ्नो गल्तीलाई स्वीकार गरी भगवान्‌सँग क्षमा मागेका थिए।

× × ×

केही निग्रोध नामहरू

(१) निग्रोध—यो कपिलवस्तुको एक शाक्यको नाम हो। यिनले कपिलवस्तुमा निग्रोधाराम बनाएका थिए। जा. अ. क. I–II. पृ. ७२: सन्तिकेनिदान।

(२) निग्रोध—यो एक बोधिसत्वको नाम हो। यिनका पिता मगध देशको एक सेठको छोरा हो। जा. अ. क. IV. पृ. ७२: निग्रोधजातकं, नं. ४४५.

(३) निग्रोध—यो, काश्यप बुद्धको बोधिवृक्ष हो। निग्रोध भनेको बरको रुख हो। यसै बरको रुखमनि बसी वहाँले बुद्धत्व प्राप्त गर्नुभएको थियो। जा. अ. क. I–II. पृ. ३७: दूरेनिदान; बु. वं. पा. पृ. ३७८.

(४) निग्रोध—यो बरको रुखको नाम हो। यो रुख खन्धबीज अन्तर्गत पर्छ। पाचि. पा. पृ. ५५: एकादसमपाचित्तियं।

(५) निग्रोध—यो चाहिं एक तपब्रह्मचारीको नाम हो। यो नाम दी. नि. I. पृ. १४९: महासीहनादसुत्त'मा उल्लेख भएको छ।

(६) निग्रोध—यो सम्राट अशोकको पालाका निग्रोध श्रामणेरको नाम हो। यो निग्रोध श्रामणेरका पिताको नाम सुमन

राजकुमार र माताको नाम सुमना थियो। यी निग्रोध श्रामणेर निग्रोध (वर) को रुखमनिको एक सत्तलमा जन्मेका थिए। सात वर्षको उमेरमा यिनलाई महावरुण स्थविरले श्रामणेर बनाएका थिए। श्रामणेर बनाउन केश क्षौर गर्दा गर्दै यिनी अरहन्त भएका थिए। यिनैलाई देखेर तथा यिनकै उपदेश सुनेर सम्राट अशोक बौद्ध भएका थिए। सम. पा. I. पृ. ३९: बाहिरनिदानकथा।

(७) निग्रोध—यो एक स्थविरको नाम हो। यी स्थविर श्रावस्तीको एक धनाढ्य ब्राह्मणका छोरा हुन्। भगवान्ले जेतवनाराम ग्रहण गर्नु भएको बेलामा बुद्धको प्रभाव देखेर प्रभावित भई यिनी बुद्ध शासनमा प्रव्रजित भएका थिए। पछि केही समयमै यिनी षडभिज्ञ ज्ञान सहित अरहत् भएका थिए। थेर. गा. अ. क. I. पृ. ७५: निग्रोधत्थेरगाथट्ठकथा।

(८) निग्रोध—यो एक वस्त्रधारी परिव्राजकको नाम हो। जसको कुरा यहाँ उल्लेख गरिएको छ। यी परिव्राजक राजगृह नजिकको उदुम्बरिकाको आराममा बस्दथे।

(९) निग्रोध (कप्प)—यो चाहिं बङ्गीस स्थविरका गुरुको नाम हो। सं. नि. I. पृ. १८५: निक्खन्तसुत्तं; सं. नि. I. पृ. १८६: अरतिसुत्तं; सं. नि. I. पृ. १८७: पेसलसुत्तं, बङ्गीससंयुत्तं तथा सुत्त. नि. पृ. ३१८: निग्रोधकप्पसुत्तंमा उल्लेख भएका

छन् । थेर. गा. अ. क. II. पृ. १९३: वङ्गीसथेरगाथट्ठकथामा पनि उल्लेख भएको छ । त्यस्तैगरी सुत्त. नि. अ. क. II. पृ. १६२: मा पनि समुल्लेख भएको छ ।

उनको नाम 'कप्प' हो तर निग्रोध रुखमनि बसी अरहत्व प्राप्त गरेको हुनाले पछि 'निग्रोध कप्प' हुन गएको हो भनी सुत्त. नि. अ. क. II. पृ. १६४: निग्रोधकप्पसुत्तवण्णनाले उल्लेख गरेको छ ।

(१०) निग्रोध (राजा)—यो नाम अं. नि–६, पृ. ८१: धम्मिकसुत्तं, धम्मिकवग्गमा उल्लेख भएको छ ।

(११) निग्रोध (जातकं)—यो जातक जा. अ. क. IV. पृ. ७१ मा उल्लेख भएको छ । यो जातक देवदत्तको कारणमा बताइएको हो, नं. ४४५.

(१२) निग्रोध (मिग जातकं)—यो जातक जा. अ. क. I–II. पृ. ११२ मा उल्लेख भएको छ । कुमार काश्यपकी माताको कारणमा यो जातक बताइएको हो, नं. १२.

(१३) निग्रोध (थेरगाथा)—यो गाथा निग्रोधथेर (नं. ७) ले बताएका हुन् । यो गाथा थेर. गा. पा. पृ. २३९ मा उल्लेख भएको छ ।

(१४) निग्रोध (परिमण्डल)—यो चाहिं भगवान्को बत्तीस लक्षण-हरूमध्ये एउटा लक्षणको नाम हो। दी. नि. II. पृ. १५: महापदानसुत्त र म. नि. II. पृ. ३८५: ब्रह्मायुसुत्त मा उल्लेख भएका छन्। यस सूत्रको अनुवाद लेखकको बु. व्रा. भा–१, पृ. १६४ मा भएको छ।

× × ×

मूल सूत्र—

निग्रोध परिव्राजक उदुम्बरिक परिव्राजकाराममा
(उदुम्बरिकसुत्त[1])

यस्तो मैले सुनें ।

एक समय भगवान् राजगृहस्थित गृद्धकूट पर्वतमा बसिरहनुभएको थियो । त्यस समय निग्रोध (=न्यग्रोध) परिव्राजक उदुम्बरिकाको परिव्राजकाराममा तीनशय महान परिव्राजकहरूका साथ बसिरहेका थिए । अनि सन्धान गृहपति दिनदिनमै (=मध्याण्ह समयमै) भगवान्को दर्शनार्थ राजगृहबाट निस्के । अनि सन्धान गृहपतिलाई यस्तो लाग्यो—

"भगवान्को दर्शन गर्ने समय यो होइन । भगवान् (अहिले) ध्यानमा हुनुहुन्छ (होला) । अनि मनोभावनीय भिक्षुहरूको दर्शन गर्ने समय पनि होइन । मनोभावनीय भिक्षुहरू पनि (अहिले) ध्यानमा

१. दी. नि. III. पृ. २९, अ. क. III. पृ. १५० सिंहल र रोमनमा: 'उदुम्बरिकसीहनादसुत्त' ।

जुगुप्सा गर्छ (होला)। अतः फिन म जहाँ उदुम्बरिकाको परिव्राजकाराम हो, जहाँ निग्रोध परिव्राजक छन् त्यहाँ नजाऊँ।"

त्यसपछि सन्धान गृहपति जहाँ उदुम्बरिकाको परिव्राजका-राम हो, जहाँ निग्रोध परिव्राजक छन् त्यहाँ गए।

(यस सूत्रको अनुवाद लेखकको बु. गृ. भा–३, पृ. २८१ देखि ३२२ मा उल्लेख भएको हुँदा जम्मै कुरा उहीं हेर्नू।)

२८।१८. अचेल पाथिकपुत्र

परिचय

यी अचेल पाथिकपुत्र वैशालीवासी हुन् । यी पाथिकपुत्र बडा घमण्डी थिए । थिनी भन्दथे कि भगवान् पनि ज्ञानवादी हुन् म पनि ज्ञानवादी हुं । अतः म उनीसँग ऋद्धिप्रातिहार्य देखाउन सक्छु । यदि उनले एउटा ऋद्धिप्रातिहार्य देखाउँछन् भने म दुइवटा देखाउनेछु भनी वैशालीका लिच्छवीहरूको परिषद्‌लाई उनी भन्दथे । अनि सुनक्खत्त लिच्छवीपुत्र जो भगवान्‌को शिष्य थिए भगवान्‌कहाँ गई पाथिकपुत्रले भनेका कुरा सुनाए । यो सुनेर भगवान्‌ले भन्नुभयो कि जबसम्म यो थोक्रो अहंकारलाई छाड्ने छैन तबसम्म उनी मकहाँ आउन सक्दैन भने उनले मसँग ऋद्धिप्रातिहार्य देखाउने कुरा त परै जाओस् ।

यसै कुराको सिलसिलामा एकदिन भगवान् पाथिकपुत्रको आराममा दिवाविहार गर्नको निमित्त जानुभयो । भगवान् आउनुभएको कुरा सुनी अचेल पाथिकपुत्र डराई सुटुक्क भागी तिन्दुकखाणुक परिव्राजकाराममा गए । जब त्यहाँ भगवान् तथा पाथिकपुत्रको ऋद्धिप्रातिहार्य हेर्छौं भनी अनेक हजार लिच्छवीहरू भेलाभए तब त्यहाँ

पाथिकपुत्र नभएको कुरा बुझी लिच्छवीहरूले एक पुरुषलाई पठाई उनलाई बोलाउन पठाए । किन्तु "आउँछु आउँछु" भन्दै आफू बसेको आसनबाट फितिपक नचलो उनी उहीं बसिरहे । यो सुनेर लिच्छवी अमात्य र दारुपत्तिकका शिष्य जालिय परिव्राजक पनि उनलाई बोलाउन गए । जब "आउँछु आउँछु" भन्दै उनी आसनबाट फितिवक चलेनन् तब उनलाई जालियले बूढो स्यालको कुरा सुनाई फर्केर आए । आखिरमा उनी आउँदै आएनन् र उनी पराजित भए । यस्ता थिए यी अचेल पाथिकपुत्र ।

× × ×

मूल सूत्र—

अचेल पाथिकपुत्रको खोक्रो घमण्ड

(पाथिकसूत्रबाट[1])

"भग्गव ! (=भार्गव) एक समय म उहीं वैशाली स्थित महावनको कूटागारशालामा बसिरहेको थिएँ। त्यस समय अचेल पाथिकपुत्र पनि लाभ प्राप्त गरी यश प्राप्त गरी वैशालीको वज्जि गाउँमा बस्दथे। उनी वैशालीको सभाबद्मा यस्तो भन्दथे—'श्रमण गौतम ज्ञानवादी हुन् म पनि ज्ञानवादी हुँ। ज्ञानवादीले ज्ञानवादीसँग उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउनु योग्य छ। यदि श्रमण गौतम आधा बाटो आएमा म पनि आधा बाटो जानेछु। त्यहाँ दुवैले उत्तरीय-मनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउनेछौं। यदि श्रमण गौतमले एउटा उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउँछन् भने मैले दुइवटा देखाउनेछु। यदि श्रमण गौतमले दुइवटा...देखाउँछन् भने मैले चारवटा देखाउनेछु। यदि श्रमण गौतमले चारवटा ..देखाउँछन् भने मैले आठवटा देखाउनेछु। जति श्रमण गौतमले— देखाउनेछन् त्यसको दोब्बर मैले देखाउनेछु।'

---

१. दी. नि. III. पृ. ११, अ. क. III. पृ. १४१.

"भगव ! अनि सुनक्खत्त लिच्छवीपुत्र मकहाँ आए । मकहाँ आई मलाई अभिवादन गरी एक छेउमा बसे । भगव ! एक छेउमा बसेका सुनक्खत्त लिच्छवीपुत्रले मलाई यसो भने—'भन्ते ! अचेल पाथिकपुत्र वैशालीको वज्जि गाउँमा बस्दछन् । उनी वैशालीको सभाषद्‌मा यस्तो भन्दछन्—'श्रमण गौतम ज्ञानवादी हुन् म पनि ज्ञानवादी हुँ । ज्ञानवादीले ज्ञानवादीसँग उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउनु योग्य छ । यदि श्रमण गौतम आधा बाटो आउँछन् भने म पनि आधा बाटो जानेछु । अनि त्यहाँ दुवै जनाले उत्तरीयमनुष्यधर्म ऋद्धि-प्रातिहार्य देखाउनेछौं । यदि श्रमण गौतमले एउटा...देखाउँछन् भने मैले दुइवटा देखाउनेछु । यदि श्रमण गौतमले चारवटा...देखाउँछन् भने मैले आठवटा देखाउनेछु । जति श्रमण गौतमले...देखाउनेछन् त्यसको दोब्बर मैले देखाउनेछु ।'

"भगव ! यस्तोभन्दा मैले सुनक्खत्त लिच्छवीपुत्रलाई यस्तो भनें—'सुनक्खत्त ! त्यो वचनलाई नछाडी, त्यो चित्तलाई नहटाई, त्यो विचारलाई नत्यागी अचेल पाथिकपुत्र मकहाँ आउन सक्नेछैन । यदि त्यो वचनलाई नछाडी...म श्रमण गौतमकहाँ जानेछु भनी उनले चिताउँछ भने उनको शीर पनि फुट्नेछ ।'

(अनि सुनक्खत्त लिच्छवीपुत्र भन्छन्—)

'भन्ते ! सम्हालेर बोल्नुहोस् ! सुगत ! सम्हालेर बोल्नुहोस् !'

'सुनक्खत्त ! किन तिमी मलाई यस्तो भन्छौ...?'

'भन्ते ! भगवान्ले चाहिं—अचेल पाथिकपुत्रले त्यो वचनलाई नछाडी ..मकहाँ आउन सक्नेछैन भनी ठोकेर नै भन्नुहुन्छ । यदि उनले त्यो वचनलाई नछाडी...मकहाँ आउँछन् भने उनको शीर पनि फुट्नेछ भनी भन्नुहुन्छ । यदि अचेल पाथिकपुत्रले भेष बदलेर (अर्कै रूप धारण गरी) भगवान्को समक्ष आए भने भगवान्को त्यो वचन झूटो हुनेछ ।'

'सुनक्खत्त ! के त भगवान्ले त्यस्तो वचन भन्नेछ त जो झूटो हुन्छ ?'

'भन्ते ! भगवान्ले अचेल पाथिकपुत्रको चित्तलाई जानेर अचेल पाथिकपुत्र...आउन सक्दैन भनी भन्नुभएको हो कि...? अथवा कुनै देवताले यस्तो कुरा भनेका हुन्...?'

'सुनक्खत्त ! मैले आफैंले उनको चित्तलाई जानेर पनि हो... देवताले पनि मलाई यस्तो भने...

'लिच्छवीहरूका अजित भन्ने सेनापति हालै परलोक भई त्रयस्त्रिंश देवलोकमा उत्पन्न भए । उनी पनि आएर मलाई यस्तो भने—'भन्ते ! अचेल पाथिकपुत्र निर्लज्जी छन् । भन्ते ! अचेल पाथिकपुत्र झूटावादी हुन् । भन्ते वज्जि ग्राममा उनले मेरो बारेमा यस्तो भनेका थिए—लिच्छवीहरूका अजित भन्ने सेनापति महानरकमा उत्पन्न भए । भन्ते ! म महानरकमा उत्पन्न भएको छैन । म त्रयस्त्रिंश देवलोकमा उत्पन्न भएको छु । भन्ते ! अचेल पाथिकपुत्र निर्लज्जी छन्, भन्ते ! अचेल पाथिकपुत्र झूटावादी हुन् । भन्ते !

अचेल पाथिकपुत्र त्यो वचनलाई नछाडी, त्यो चित्तलाई नहटाई, त्यो विचारलाई नत्यागी भगवान्कहाँ आउन सक्दैन। यदि उनी त्यो वचनलाई नछाडी...श्रमण गौतमकहाँ जान्छु भनी आएमा उनको शीर पनि फुट्नेछ।'

'सुनक्खत्त! सो म वैशालीमा भिक्षाटन् गरी भोजनपछि जहाँ अचेल पाथिकपुत्रको आराम हो त्यहाँ दिवाविहारको निमित्त जानेछु। सुनक्खत्त! जसलाई चाहन्छौ त्यसलाई भन।'

पाथिकपुत्रको आराममा मानिसहरूको भेला

"भगव! अनि म पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी वैशालीमा भिक्षाटन्को निमित्त गएँ। वैशालीमा भिक्षाटन् पछि भोजन गरी जहाँ अचेल पाथिकपुत्रको आराम हो त्यहाँ दिवाविहारको निमित्त म गएँ। भगव! अनि सुनक्खत्त लिच्छवीपुत्र हतारिदै वैशालीमा गई जहाँ नामी नामी लिच्छवीहरू थिए त्यहाँ गए। त्यहाँ गएर नामी नामी लिच्छवीहरूलाई यस्तो भने—'आवुसो! वैशालीमा भिक्षाटन्पछि भोजन गरी भगवान् दिवाविहारको निमित्त अचेल पाथिकपुत्रको आराममा जानुभएको छ। आयुष्मान् हो! आउनुहोस्! आयुष्मान् हो! आउनुहोस्!! साधुरूप श्रमणहरूको उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्यको प्रदर्शन हुनेछ।' भगव! अनि नामी नामी लिच्छवीहरूको मनमा यस्तो लाग्यो—'साधुरूप श्रमण-

हरूको उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्यको प्रदर्शनी हुनेछ । जाऔं ! हामीहरू जाऔं !!' भन्दै जहाँ नामी नामी ब्राह्मण महाशाल, गृहपति महाशाल र अनेक तीर्थीय श्रमण ब्राह्मणहरू थिए त्यहाँ गए । त्यहाँ पुगेपछि नामी नामी अनेक तीर्थीय श्रमण ब्राह्मणहरूलाई यस्तो भने— 'आवुसो हो ! भगवान् वैशालीमा भिक्षाटनपछि भोजन गरी जहाँ अचेल पाथिकपुत्रको आराम हो त्यहाँ दिवाविहारको निमित्त जानुभएको छ । आउनुहोस् आयुष्मान् हो ! आउनुहोस् आयुष्मान् हो !! साधुरूप श्रमणहरूको उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्यको प्रदर्शनी हुनेछ ।' भग्गव ! अनि नामी नामी अनेक तीर्थीय श्रमण ब्राह्मणहरूलाई यस्तो लाग्यो—'साधुरूप श्रमणहरूको उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्यको प्रदर्शनी हुनेछ । जाऔं हामीहरू जाऔं !'

"भग्गव ! अनि नामी नामी लिच्छवीहरू, नामी नामी ब्राह्मण महाशाल, गृहपति महाशाल तथा अनेक तीर्थीय श्रमण ब्राह्मणहरू जहाँ अचेल पाथिकपुत्रको आराम हो त्यहाँ गए । भग्गव ! त्यो परिषद् अनेकशय अनेकहजारको महापरिषद् थियो ।

"भग्गव ! अनि अचेल पाथिकपुत्रले नामी नामी लिच्छवीहरू, ब्राह्मण महाशाल, गृहपति महाशाल, अनेक तीर्थीय श्रमण ब्राह्मणहरू तथा श्रमण गौतम पनि आफ्नो आराममा दिवाविहारको निमित्त आएर बसिरहेको कुरा सुने । यो सुनेर भयभीत भई रौं ठाडो भयो । भग्गव ! अनि अचेल पाथिकपुत्र संविग्न भई, लोमहर्षित भई जहाँ तिन्दुकखाणु परिव्राजकाराम हो त्यहाँ गए ।

"भगव ! अनि त्यो परिषद्ले अचेल पाथिकपुत्र भयभीत भई, संविग्न भई, रौं ठाडो पारी जहाँ तिण्डुकखाणु परिव्राजकाराम हो त्यहाँ गए भन्ने कुरा सुने । भगव ! अनि सो परिषद्ले एक पुरुषलाई बोलाई—'हे पुरुष ! तिमी तिन्दुकखाणु परिव्राजकाराममा गई अचेल पाथिकपुत्रलाई यसो भन—'आवुसो पाथिकपुत्र ! आउनुहोस् नामी नामी लिच्छवीहरू...अनेक तीर्थीय श्रमण ब्राह्मणहरू तथा श्रमण गौतम पनि आयुष्मान्को आराममा दिवाविहारको निमित्त आएर बसिरहेका छन् । आवुसो पाथिकपुत्र ! तपाईंले वैशालीमा परिषद्लाई यस्तो भन्नुभएको थियो—'श्रमण गौतम पनि ज्ञानवादी हुन् म पनि ज्ञानवादी हुँ । ज्ञानवादीले ज्ञानवादीसँग उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउनु उचित हुनेछ । यदि श्रमण गौतम आधा बाटो आएमा म पनि आधा बाटो जानेछु र त्यहाँ दुवै जनाले.. ऋद्धिप्रातिहार्य देखाउनेछौं । यदि श्रमण गौतमले एउटा...ऋद्धिप्रातिहार्य देखाउँछन् भने मैले दुइवटा देखाउनेछु...जति श्रमण गौतमले...देखाउनेछन् त्यसको दोब्बर मैले देखाउनेछु ।' भो पाथिकपुत्र ! 'अब आधा मात्र बाटो जानुहोस् । श्रमण गौतम चाहिं पहिले नै आयुष्मान्को आराममा दिवाविहारको निमित्त आएर बस्नुभएको छ ।'

"भगव ! 'हवस् हुन्छ' भनी सो पुरुष त्यस परिषद्लाई प्रत्युत्तर दिई जहाँ तिन्दुकखाणु भन्ने परिव्राजकाराम हो, जहाँ अचेल पाथिकपुत्र थिए त्यहाँ सो पुरुष गयो । त्यहाँ पुगेपछि अचेल पाथिकपुत्रलाई यसो भन्यो—'पाथिकपुत्र ! आउनुहोस्...(माथिको जम्मै कुरा दोहऱ्याई पढ्नू ।)'

पराजित पाथिकपुत्र

"भगव ! यस्तोभन्दा अचेल पाथिकपुत्रले 'जानेछु आवुसो ! जानेछु आवुसो !' भन्दै उहीं बसे र आसनबाट उठ्न पनि सकेनन् । भगव ! अनि सो पुरुषले अचेल पाथिकपुत्रलाई यस्तो भन्यो— 'आवुसो पाथिकपुत्र ! के तपाईंको चाक आसनमा टाँसियो कि क्याहो ? अथवा तपाईंको आसन चाकमा टाँसियो कि क्याहो ? 'जानेछु आवुसो ! जानेछु आवुसो !' भन्दै उहीं बस्नुहुन्छ र आसनबाट उठ्न पनि सक्नुहुन्न !' भगव ! यस्तोभन्दा अचेल पाथिकपुत्र 'जानेछु आवुसो ! जानेछु आवुसो !' भन्दै उहीं बसे । आसनबाट उठ्न पनि सकेनन् ।

"भगव ! जब सो पुरुषले जान्यो—यो अचेल पाथिकपुत्र पराजित भई 'जानेछु आवुसो ! जानेछु आवुसो !' भन्दै उहीं टाँसिएर बस्छन् र आसनबाट उठ्न पनि सक्दैनन् तब परिषद्कहाँ आई सो पुरुषले यस्तो भन्यो—'भो ! अचेल पाथिकपुत्र पराजित भए । 'जानेछु आवुसो ! जानेछु आवुसो !' भन्दै उहीं टाँसिएर बस्छन् र आसनबाट उठ्न पनि सक्दैनन् ।' भगव ! यस्तोभन्दा मैले त्यो परिषद्-लाई यस्तो भनें—'आवुसो ! अचेल पाथिकपुत्र त्यो वचन नछाडी, त्यो चित्त नहटाई, त्यो विचारलाई नत्यागी मकहाँ आउन सक्दैनन् । यदि 'त्यो वचन नछाडी, त्यो चित्तलाई नहटाई, त्यो विचारलाई नत्यागी म श्रमण गौतमकहाँ जानेछु' भन्छन् भने उनको शीर पनि फुट्नेछ ।

लिच्छवी अमात्य गएर बोलाए

"भग्गव ! अनि एक लिच्छवी महामात्य आसनबाट उठी त्यो परिषद्लाई यसो भने—'भो ! त्यसोभए एकछिन पर्खनुहोस् म गएर आउनेछु । शायद अचेल पाथिकपुत्रलाई मैले ल्याउन सकूँला ।'

"भग्गव ! अनि सो लिच्छवी अमात्य जहाँ तिन्दुकखाणुक भन्ने परिव्राजकाराम हो जहाँ अचेल पाथिकपुत्र थिए त्यहाँ गए । त्यहाँ पुगेर अचेल पाथिकपुत्रलाई यस्तो भने—'आवुसो पाथिकपुत्र ! आउनुहोस् ! तपाईंलाई जानु नै बेश छ । नामी नामी लिच्छवीहरू नामी नामी ब्राह्मण महाशालहरू, नामी नामी गृहपति महाशालहरू, अनेक तीर्थीय श्रमण ब्राह्मणहरू आएका छन् । श्रमण गौतम पनि तपाईंको आराममा दिवाविहारको निमित्त बसिरहनुभएको छ । तपाईंले वैशालीको सभाषद्लाई यस्तो भन्नुभएको थियो—'श्रमण गौतम पनि ज्ञानवादी हुन् म पनि ज्ञानवादी हुँ...' आवुसो पाथिकपुत्र ! अब आधा बाटो जानुहोस् । श्रमण गौतम चाहिं पहिले नै आयुष्मान्को आराममा दिवाविहारको निमित्त आएर बस्नुभएको छ । आवुसो पाथिकपुत्र ! श्रमण गौतमले सभाषद्मा यस्तो भनेकाछन् त्यो वचनलाई नछाडी... मकहाँ आउन सक्ने छैन । यदि...आए पनि उनको शीर पनि फुट्न सक्छ । आवुसो पाथिकपुत्र ! आउनुहोस् । तपाईंको आगमनले नै तपाईंको जय र श्रमण गौतमको पराजय हुनेछ ।'

"भग्गव ! यस्तोभन्दा अचेल पाथिकपुत्रले 'जानेछु आवुसो !

जानेछु आवुसो !' भन्दै उहीं बसे र आसनबाट उठ्न पनि सकेनन् । भग्गव ! अनि सो लिच्छवी महामात्यले अचेल पाथिकपुत्रलाई यस्तो भने—'आवुसो पाथिकपुत्र ! के तपाईंको चाक आसनमा टाँसियो कि क्याहो ? अथवा तपाईंको आसन चाकमा टाँसियो कि क्याहो ?...

"भग्गव ! जब सो लिच्छवी महामात्यले यो अचेलक पाथिकपुत्र पराजित भई 'जानेछु आवुसो ! जानेछु आवुसो !' भन्दै उहीं टाँसिएर बस्छन् र आसनबाट उठ्न पनि सक्दैनन् भनी जाने तब सो लिच्छवी महामात्यले परिषद्‌कहाँ आई यस्तो भने—'भो ! अचेल पाथिकपुत्र पराजित भए ।...' भग्गव ! अनि मैले त्यो परिषद्‌लाई यस्तो भनें—'आवुसो ! अचेल पाथिकपुत्र त्यो वचनलाई नछाडी... आउन सक्दैनन् ।...यदि आयुष्मान् लिच्छवीहरूलाई यस्तो लाग्छ कि हामीले अचेल पाथिकपुत्रलाई डोरीले बाँधेर अथवा गोरुले तानेर ल्याउनेछौं । डोरी चुँडिएर जाला वा पाथिकपुत्र चुँडिएलान् (तर उनलाई आसनबाट छुटाउन सक्नेछैनं) । अचेल पाथिकपुत्र त्यो वचनलाई नछाडी...आउन सक्नेछैनं ।...शीर पनि फुट्ने छ ।'

उनलाई ल्याउन जालिय गए

"भग्गव ! अनि आसनबाट उठी दारुपत्तिकको अन्तेवासी जालियले यसो भने—'भो ! त्यसोभए तपाईंहरू एकछिन पर्खनुहोस्, म गएर आउनेछु । शायद म अचेल पाथिकपुत्रलाई यो परिषद्‌मा ल्याउन सकूँला ।'

"भगव ! अनि सो दारुपत्तिकको अन्तेवासी जालिय जहाँ तिन्दुकखाणु भन्ने परिव्राजकाराम हो जहाँ अचेळ पाथिकपुत्र थिए त्यहाँ गए । त्यहाँ पुगेर अचेळ पाथिकपुत्रलाई यस्तो भने— 'आवुसो पाथिकपुत्र ! आउनुहोस् तपाईं जानु नै वेश हुनेछ...[1] ।

"भगव ! जब सो दारुपत्तिकको अन्तेवासी जालियले 'यो अचेळ पाथिकपुत्र पराजित भई जानेछु आवुसो ! जानेछु आवुसो ! भन्दै उहीं टाँसिएर बस्छन र आसनबाट उठ्न पनि सक्दैनन्' भनी जाने तब उनलाई (पाथिकपुत्रलाई) जालियले यस्तो भने—

बुढो स्याल जस्तै पाथिकपुत्र

'आवुसो पाथिकपुत्र ! अघि मृगराजा सिंहलाई यस्तो लाग्यो— 'एक जंगलको आश्रय लिई वास बस्नुपर्‍यो । अनि संध्या समयमा वासबाट निस्केर आङ् तान्नेछु, आङ् तानेर चारैतिर हेर्नेछु । चारैतिर हेरेर तीनपटक सिंहनाद गर्नेछु । तीनपटक सिंहनाद गरी गोचरको लागि जानेछु । अनि असल असल मृगसंघलाई मारेर कमलो कमलो मासुहरू खाएर उही वासमा आउनेछु ।' आवुसो ! अनि सो सिंह एक जंगलको आश्रय लिई वास बस्यो । त्यहाँ वास बसी संध्या समयमा वासबाट निस्क्यो । वासबाट निस्केर आङ् तान्यो । आङ् तानेर चारैतिर

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. १४४ मा उल्लेख भए झैं दोहर्‍याई पढ्नू ।

हेऱ्यो । चारैतिर हेरेर तीनपटक सिंहनाद गऱ्यो । तीनपटक सिंहनाद गरी गोचरको लागि गयो । अनि उसले राम्रो राम्रो मृगसंघलाई मारी कमलो कमलो मासु खाई उही बासमा फर्क्यो ।

'आवुसो पाथिकपुत्र ! त्यो मृगराजा सिंहको जूठो खाने एउटा बुढो स्याल मोटायो र बलियो हुँदै आयो । आवुसो ! अनि सो बुढो स्याललाई यस्तो लाग्यो—म को हुं ! मृगराजा सिंह को हो ! किन म यौटा जंगलको आश्रय लिएर नबसूं । त्यहाँ बास बसी संध्या समयमा बासबाट निस्कनेछु । बासबाट निस्की आङ् तान्नेछु । आङ् तानेर चारैतिर हेर्नेछु । चारैतिर हेरेर तीनपटक सिंहनाद गर्नेछु । तीनपटक सिंहनाद गरी गोचरको लागि जानेछु । अनि राम्रो राम्रो मृगसंघलाई मारी कमलो कमलो मासु खाएर उही बासमा बस्नेछु । आवुसो ! अनि सो बुढो स्याल यौटा जंगलको आश्रय लिई बास बस्यो । बास बसी संध्या समयमा बासबाट निस्क्यो । बासबाट निस्केर आङ् तान्यो । आङ् तानेर चारैतिर हेऱ्यो । चारैतिर हेरेर तीनपटक सिंहनाद गर्छु भनी आफ्नै स्वभाव अनुसार करायो, भेडा जस्तै गरी करायो । कहाँ बुढो स्यालको आवाज ! कहाँ सिंहको आवाज[१] !!

१. यसबारे पूर्वकथा—

एकदिन सिंह गोचरबाट फर्किरहेको वेलामा एक बुढो स्याल डरले भागिरहेको देखेर उसमाथि दयाराखी सिंहले 'हे बुढो ! डराउन पर्दैन । तँ कोहोस् ?' भनी सोध्दा बुढो स्यालले 'भो स्वामी ! म स्याल हुँ' भनी भन्यो । 'तैंले मेरो उपस्थान

गर्न सक्छस् ?' भनी सिंहले सोध्दा उसले 'सक्छु' भनी भन्यो। त्यहाँदेखि उसले सिंहको उपस्थान गर्न थाल्यो। गोचरवाट फर्कंदा एक ठूलो मासुको टुक्रा ल्याइदिन्थ्यो। त्यही खाएर उ नजिकको एक ढुंगामा वस्नथाल्यो। केही दिनमै उ मोटाएर बलियो पनि भयो। अनि एकदिन सिंहले 'हे स्याल! मैले आङ् तान्दा नजिकमा बसी 'कराउनुहोस् स्वामी!' भनी मलाई भन्न सक्छस् ?' भनी सोध्यो। 'सक्छु' भनी सिंहले आङ् तान्दा स्यालले त्यसो भन्न थाल्यो।

एकदिन बुढो स्याल कुवामा पानी पिउन जांदा पानीमा आफ्नो छायामा आफ्नो मोटो शरीर देख्यो। अनि उसले म स्याल हुं भन्ने नठानी 'म पनि सिंह नै हुं' भन्ने ठान्यो। अनि उसले मनमनै यस्तो भन्यो - 'यस्तो मोटो शरीर भएपछि पनि मैले कसैको जूठो खाएर बस्नुपर्छ र! के तिमी पुरुष होइनौ र! सिंहको पनि चारवटा खुट्टा, दुइवटा दाह्रा, दुइवटा कान र एउटा पुच्छर छ। तिम्रो पनि सबै त्यस्तै छन्। केवल तिम्रो जगर मात्र छैन।' यसरी कल्पना गर्दा गर्दै उसमा अहंभाव बढ्यो। अनि यसैको कारणले 'म कोहुँ! सिंह कोहो र!' भन्ने स्यालको मनमा घमण्ड चढ्यो। यति मात्र होइन उसले यस्तो पनि ठान्यो—सिंह कोहो र! उ न मेरो नातेदार हो, न मालिक हो। किन मैले उसको मान गर्ने! दी. नि. अ. क. III. पृ. १४६: पाथिकसुत्त-वण्णना।

'आवुसो पाथिकपुत्र ! यस्तैगरी तपाईं सुगतको नामले जीविका गर्ने, सुगतलाई दिने दानको शेष भाग खाएर[१] तथागत अरहत् सम्यक्-सम्बुद्धसँग दाँजिन खोज्नु हुन्छ । कहाँको तुच्छ पाथिकपुत्रसँग तथागत अरहत् सम्यक्सम्बुद्धसँग तुलना !!'

"भग्गव ! जब दारुपत्तिकका अन्तेवासी जालियले यस्तो उपमाद्वारा पनि अचेल पाथिकपुत्रलाई त्यस आसनबाट चलाउन सकेनन् तब उनलाई (पाथिकपुत्रलाई) यसो भने—

'सीहो ति अत्तानं समेक्खियान,
अमञ्ञि कोत्थु मिगराजहमस्मि ।
तथेव[२] सो सिङ्गालकं अनदि,
के[३]च छवे सिङ्गाले के पन सीहनादे[३]'ति ।।'

अर्थ—

'आफूलाई सिंह जस्तै ठान्ने स्यालले आफूलाई मृगराजा सिंह

१. बुद्ध नभइकन बुद्धको गुण जस्तै देखाई त्यसबाट प्राप्त भोजनद्वारा जीविका गर्ने हुनाले र बुद्धलाई पूर्वाण्ह समयमा दिएर बाँकी भाग साँझ प्राप्त गर्ने भएको हुनाले 'सुगतको नामले जीविका गर्ने र दानको शेष भाग खाएर' भनी भनिएको हो । दी. नि. अ. क. III. पृ. १४७: पाथिकसुत्तवण्णना ।

२. स्याममा: 'तमेव' ।

३–३. सिंहलमा: 'को च छवो सिगालो को पन सीहनादो' ।

जस्तै ठाने पनि स्याल जस्तै कराउँछ । कहाँ स्यालको आवाज ! कहाँ सिंहको आवाज !!'

'आवुसो पाथिकपुत्र ! यस्तैगरी तपाईं सुगतको नाममा जीविका गरी सुगतको भोजनको शेष भागद्वारा जीविका गरी तथागत अरहत् सम्यक्सम्बुद्धसँग दाँजन खोज्नु हुन्छ । कहाँको तुच्छ पाथिकपुत्रसँग तथागत अरहत् सम्यक्सम्बुद्धसँग तुलना !'

"भग्गव ! जब दारुपत्तिकका अन्तेवासी जालियले यस उपमाद्वारा पनि अचेल पाथिकपुत्रलाई त्यस आसनबाट चलाउन सकेनन् तब उनलाई यस्तो भने—

'अञ्ञं[1] अनुचङ्कमनं अत्तानं विघासे समेक्खिय,
याव अत्तानं न पस्सति कोत्थु ताव ब्यग्घो ति मञ्ञति ।
तथेव सो सिङ्गालकं अनदि,
के च छवे सिङ्गाले के पन सीहनादे'ति ।।'

अर्थ—

'जूठो भाँडोको पानीमा मोटो देख्नेले जबसम्म आफूलाई जूठो खाएर मोटाएको भनी आफ्नो स्वरूप देख्दैन तबसम्म उ आफूलाई सिंह भनी ठान्दछ । उ स्याल जस्तै कराउँछ पनि । कहाँ चुत्थो स्यालको आवाज ! कहाँ सिंहको !!'

---

१. स्याममा: 'सुञ्ञं'; सिंहलमा: 'अमञ्ञि' ।

'आवुसो पाथिकपुत्र ! त्यस्तैगरी तपाईं सुगतको नाममा जीविका गरी...सम्यक्सम्बुद्धसँग बाँज्न खोज्नु हुन्छ। कहाँको चुत्थो पाथिकपुत्रसँग तथागत अरहन् सम्यक्सम्बुद्धसँग तुलना !!'

"भार्गव ! जब दारुपत्तिकका अन्तेवासी जालियले यो उपमाद्वारा पनि अचेल पाथिकपुत्रलाई त्यस आसनबाट चलाउन सकेनन् तब उनलाई यस्तो भने—

'भुत्वान भेके खलमूसिकायो,
कटसीसु खित्तानि च कोणपानि।
महावने सुञ्ञवने विवड्ढो,
अमञ्ञि कोत्थु मिगराजाहमस्मि॥
तथेव सो सिङ्गालकं अनदि,
के च छवे सिङ्गाले के पन सीहनादे'ति।'

अर्थ—

'खाल्टोमा भ्यागुता, खलमा मुसा, श्मशानमा फालेको मूर्दाहरू खाएर, महावन र शून्यवनमा बढेको स्यालले आफूलाई सिंह ठान्यो। उसले स्याल जस्तै करायो। कहाँ स्यालको आवाज ! कहाँ सिंहको आवाज !!'

'आवुसो पाथिकपुत्र ! यस्तैगरी तपाईं सुगतको नाममा जीविका गरी ..सम्यक्सम्बुद्धसँग बाँज्न खोज्नु हुन्छ। कहाँको चुत्थो पाथिकपुत्रसँग तथागत अरहत् सम्यक्सम्बुद्धसँग तुलना !!'

"भगव ! जब दारुपत्तिकका अन्तेवासी जालियले यो उपमाद्वारा पनि अचेल पाथिकपुत्रलाई त्यस आसनबाट चलाउन सकेनन् तब त्यो परिषद्मा आई यस्तो भने—'भो ! अचेल पाथिकपुत्र पराजित भए । 'जानेछु आवुसो ! जानेछु आवुसो !' भन्दै उहीं टाँसिएर बसेकाछन् आसनबाट उठ्न पनि सक्दैनन् ।'

"भगव ! यस्तोभन्दा मैले त्यो परिषद्लाई यस्तो भने—'आवुसो ! अचेल पाथिकपुत्र त्यो वचनलाई नछाडी...मकहाँ आउन सक्दैन ।...उनको शीर पनि फुट्नेछ । यदि तपाईं आयुष्मान् लिच्छवी-हरूलाई यस्तो लाग्छ कि...तानेर ल्याउनेछौं । डोरी चुँडिएर जाला... आउन सक्नेछैन ।...शीर पनि फुट्नेछ ।'

भगवान्ले ऋद्धिप्रातिहार्य देखाउनुभयो

"भगव ! अनि त्यो परिषद्लाई धार्मिक कथाद्वारा सन्दर्शित, समादपित, समुत्तेजित र सम्प्रहर्षित पारें । त्यो परिषद्लाई सन्दर्शित ...र सम्प्रहर्षित पारी महाबन्धनबाट विमुक्त गरी, चौरासीहजार प्राणीहरूलाई महाओघबाट उद्धार गरी, तेजोधातु समाधिमा बसी सातवटा तालवृक्षको प्रमाणको उचाइमा गई अर्का सातवटा तालवृक्षको उचाइ माथि ज्वाला निकाली प्रज्वलित भई धुँवा निकाली म महा-वनको कूटागार शालामा उभिएँ ।

"भगव ! अनि सुनक्खत्त लिच्छवीपुत्र मकहाँ आए । मकहाँ आएर मलाई अभिवादन गरी एक छेउमा बसे । भगव ! अनि एक

छेउमा बसेका सुनक्खत्त लिच्छवीपुत्रसँग मैले यस्तो सोधें—'सुनक्खत्त ! अचेल पाथिकपुत्रको सम्बन्धमा जुन कुरा मैले बताएँ त्यसको फल त्यस्तै भयो कि अन्यथा भयो त ? यसमा तिमी के भन्छौ त ?'

'भन्ते ! जस्तो तपाईंले अचेल पाथिकपुत्रको सम्बन्धमा मलाई बताउनु भएको थियो त्यस्तै फल भयो अन्यथा भएन ।'

'सुनक्खत्त ! यदि यस्तो हो भने उत्तरीयमनुष्यधर्म ऋद्धि-प्रातिहार्य देखाएको हुन्छ कि हुँदैन त ? यसमा तिमी के भन्छौ त ?'

'भन्ते ! यस्तो हुँदा अवश्य पनि उत्तरीयमनुष्यधर्म ऋद्धि-प्रातिहार्य देखाएको हुन्छ, अन्यथा हुन्न ।'

'हे मोघपुरुष ! यसरी मैले उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउँदा पनि तिमी यस्तो भन्छौ—'भगवान्‌ले मलाई उत्तरीयमनुष्यधर्म ऋद्धिप्रातिहार्य देखाउनु हुन्न । हे मोघपुरुष ! यो पनि तिम्रो अपराध हो ।'

"भग्गव ! यस्तोभन्दा पनि सुनक्खत्त लिच्छवीपुत्र अपायमा जाने व्यक्ति अपायमा जाने झैं यो धर्मविनयलाई छाडेर नै गए ।

२६। १६. पिलोतिक परिव्राजक

प रि च य

यी पिलोतिक परिव्राजक श्रावस्तीवासी हुन। तरुण छँदा नै यिनी त्रिदण्ड र कमण्डलु हातमा लिई परिव्राजक भएका थिए। यिनको रुप अति सुन्दर तथा आकर्षक थियो। यिनी समय समयमा जेतवनारामसा गई बुद्ध तथा सङ्घ महास्थविरहरूको उपस्थान गर्थे। यिनको नाम पिलोतिक थियो र यिनको गोत्र वात्स्यायन (वच्छायन) थियो। त्यसैले यिनलाई जाणुस्सोणी ब्राह्मणले वच्छायन (=वात्स्यायन) भनी आमन्त्रण गरेका हुन्[१]।

यिनी बुद्धका अनुयायी नभए पनि बुद्धका प्रशंसक थिए। एकदिन यिनी जेतवनारामबाट निस्की श्रावस्तीतिर गइरहेको दिनको बेलामा श्रावस्तीका जाणुस्सोणी ब्राह्मण रथमा बसी श्रावस्ती नगरमा जाँदथे। अनि पिलोतिक परिव्राजकलाई चिनी उनको गोत्रद्वारा

---

१. म. नि. अ. क. II. पृ. १६२—६३: चूलहत्थिपदोपमसुत्तवण्णना। यसको अनुवाद लेखकको बु. ग्रा. भा—२, पृ. ३२२ मा भएको छ।

सम्बोधन गरी कहाँबाट आएकाह्वौ भनी सोधेका थिए । अनि पिलोतिक परिव्राजकले भगवान्को दर्शन गरी जेतवनबाट आइरहेको कुरा सुनाउँदा जाणुस्सोणीले "के त तिमीले बुद्धलाई चिन्न सक्यौ त ?" भनी भन्दा उनले "बुद्धलाई चिन्न त बुद्धमा जस्तै ज्ञान हुनेले मात्र चिन्न सक्नेछ" भन्दै बुद्धको प्रशंसा गरेका थिए । त्यसैले सं. नि. अ. क. II. पृ. १८८: देवदत्तसुत्तवण्णना, २१.१.२ ले यिनलाई पण्डित भनेको हो । अरू कुरा अगाडि अनुदित मूल सूत्रमै प्रष्टसँग उल्लेख भएको छ ।

× × ×

केही पिलोतिक नामहरू

(१) पिळोतिक (स्थविर)—यो स्थविर आनन्द स्थविरका शिष्य हुन्।

एकदिन हातमा कपाल र एक टुक्रा कपडा लिई मार्ग हिँडिरहेको देखेर आनन्द स्थविरले यिनलाई लगी प्रव्रजित गर्नुभएको थियो। पछि यिनी अरहत् भए। अनि भगवान्ले धम्मपदको दण्डवर्गमा "हिरी निसेधो पुरिसो..." भन्ने गाथा भन्नुभएको थियो। धम्म. प. अ. क. पृ. ४७७: दण्डवर्ग।

(२) पिळोतिक (परिव्राजक)—यिनी एक तरुण त्रिदण्ड र कमण्डलु धारी परिव्राजक हुन्। यिनकै कुरा यहाँ उल्लेख भएको छ।

× × ×

मूल सूत्र--

बुद्धको प्रशंसा

(चूलहत्थिपदोपमसुत्तबाट[1])

यस्तो मैले सुनें ।

एक समय भगवान् श्रावस्ती स्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो । त्यस समय जाणुस्सोणि ब्राह्मण मध्याण्ह समयमा सबै सेता घोडीहरू भएका रथद्वारा श्रावस्तीतिर जाँदै थिए । त्यसबखत जाणुस्सोणि ब्राह्मणले पिलोतिक[2] परिब्राजकलाई

---

१. म. नि. I. पृ. २२६, ग्र. क. II. पृ. १६१, यो सूत्र लेखकको बु. ब्रा. भा–२, पृ ३२२ मा अनुदित भएको छ ।

२. यी पिलोतिक परिब्राजक तन्नेरी थिए, सुवर्णवर्णी तथा बुद्धको उपासक थिए । बिहान सवेरै तथागत र महास्थविरहरूको उपासना गरी आफ्ना त्रिदण्ड र कमण्डलु आदि सामानका साथ जेतवनबाट निस्की नगरतिर जाँदै थिए । यसैबखत जाणुस्सोणि ब्राह्मणले यिनलाई टाढैदेखि आइरहेका देखेका थिए । पपं. सू. II. पृ. १६२: चूलहत्थिपदोपमसुत्तवण्णना ।

टाढैदेखि आइरहेका देखे। देखेर पिलोतिक परिव्राजकलाई यस्तो भने—

"हन्द ! तपाईं वच्छायन (=वात्स्यायन) मध्याण्ह समयमा कहाँबाट आइरहनु भएको हो ?"

"भो ! म वहाँ श्रमण गौतमकहाँबाट आइरहेको हुँ ।"

"तपाईं वच्छायन श्रमण गौतमको प्रज्ञा-विचक्षणताको बारेमा के सोच्नुहुन्छ नि ? के वहाँलाई पण्डित सम्झनु हुन्छ ?"

"भो ! श्रमण गौतमको प्रज्ञा-विचक्षणतालाई जान्नसक्ने म कोहुँ र ! जो श्रमण गौतमको प्रज्ञा-विचक्षणतालाई जान्नसक्छ, उ पनि त्यत्तिकै प्रज्ञावान् हुनुपर्ला नि ।"

"तपाईं वच्छायनले त श्रमण गौतमको निकै प्रशंसाद्वारा प्रशंसा गर्नुहुन्छ ।"

"भो ! श्रमण गौतमको प्रशंसा गर्ने म कोहुँ र ! प्रशंसा पाउनेहरूद्वारा नै वहाँ प्रशंसित हुनुहुन्छ[1] । वहाँ गौतम देवमनुष्यहरूमध्येमा श्रेष्ठ नै हुनुहुन्छ ।"

"के कारण देखेर तपाईं वच्छायन श्रमण गौतम प्रति यसरी अभिप्रसन्न हुनु भएको त ?"

---

१. 'प्रशंसा पाउनेहरूद्वारा नै प्रशंसित हुनुहुन्छ' भन्नेको पालि शब्द हो—'पसत्थपसत्थो' । यसको स्पष्टिकरण यसरी दिएको छ ।

सबै प्रकारका गुणहरूद्वारा श्रेष्ठ र सबैलोकद्वारा प्रशंसित

भएकालाई अरू कसैले प्रशंसा गर्नुपर्ने काम छैन । जस्तै चंपक फूल अथवा नीलोत्पलादि पद्मफूल अथवा लोहित चन्दनहरू आफ्नै वर्ण-गन्ध तथा श्रीद्वारा प्रियंकर तथा सुगन्धित छन्; उनीहरूलाई कुनै आगन्तुक वर्ण-गन्धद्वारा स्तुति वा प्रशंसा गर्नु पर्दैन । जस्तै मणिरत्न अथवा चन्द्रमण्डलहरू आफ्नै आलोकद्वारा प्रकाशित हुन्छन् र उनीहरूलाई अर्काले प्रकाश पार्नुपर्दैन । यस्तैगरी श्रमण गौतम पनि सबै लोकमा प्रशंसित हुने तथा आफ्नै गुणद्वारा प्रशंसित भई सबै लोकहरूमा श्रेष्ठोत्तम हुनुहुन्छ । वहाँलाई कसैले प्रशंसा गर्नुपर्दैन ।

त्यसैले प्रशंसितद्वारा प्रशंसित हुनु भएका वहाँलाई 'पसत्थपसत्थो' भनिएको हो ।

कसद्वारा प्रशंसित छन् त ? राजा प्रसेनजितादि कोशल-द्वारा र काशी-कोशलवासीहरूद्वारा प्रशंसित छन् । बिम्बिसार राजाद्वारा, अङ्ग-मगधवासीहरूद्वारा प्रशंसित छन् । वैशालीका लिच्छवीहरूद्वारा, वज्जीदेशवासीहरूद्वारा प्रशंसित छन् । पावाका मल्लहरूद्वारा, कुशीनगरवासीहरूद्वारा प्रशंसित छन् । अरू पनि, क्षत्रीहरूद्वारा, ती ती जनपदवासीहरूद्वारा प्रशंसित छन् ।

चङ्की आदि ब्राह्मणहरूद्वारा, ब्राह्मणगणहरूद्वारा प्रशंसित छन् । अनाथपिण्डिक उपासकहरूद्वारा, उपासकगणहरूद्वारा प्रशंसित छन् । विशाखा आदि उपासिकाहरूद्वारा अनेक शत उपासिकाहरू-द्वारा प्रशंसित छन् । सकुलुदायी आदि परिव्राजकहरूद्वारा, अनेक

श्रमण गौतममा चार चिन्हहरू छन्

"भो ! जस्तै कुनै चतुर नागवनिक (=हात्ती विद्या जान्ने) हात्तीवनभित्र जान्छ । उसले हात्तीवनमा लँबाइ र चौडाइमा ठूलो भएको हात्तीको ठूलो पाइला देख्छ । (अनि) यसबाट उसलाई निश्चय हुन्छ कि—'भो ! यो त ठूलो हात्ती हो ।' भो ! यस्तैगरी जब मैले श्रमण गौतममा चार चिन्हहरू (पदहरू) देखें तब म निश्चयमा पुगें कि—'यहाँ भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन् ।'

कुन चार ?

(१) "भो ! यहाँ म केही क्षत्रीहरू देख्दछु—जो पण्डित, निपुण, कृतपरप्रवादी, वालवेधी (=वाणद्वारा रौंलाई घोर्न सक्ने)

शत परिव्राजकहरूद्वारा प्रशंसित छन् । उत्पलवर्णा स्थविरादि महाश्राविकाहरूद्वारा, अनेक शत भिक्षुणीहरूद्वारा प्रशंसित छन् । सारिपुत्र स्थविरादि महास्थविरहरूद्वारा, अनेक शत भिक्षुहरूद्वारा प्रशंसित छन् । महाब्रह्मादि ब्रह्माहरूद्वारा, अनेक सहस्र ब्रह्माहरू-द्वारा प्रशंसित छन् । तिनीहरू सबैले दशबल बुद्धको प्रशंसा गर्छन्, स्तुति गर्छन् तथा वर्णना गर्छन् । त्यसैले भगवान् बुद्ध 'प्रशंसा पाउनेहरूद्वारा नै प्रशंसित हुनुहुन्छ' भनी सूत्रमा उल्लेख भएको हो भनी पपं. सू. II. पृ. १६३–६४: चूलहत्थिपदोपमसुत्तवण्णनाले उल्लेख गरेको हो ।

समान आफ्नो प्रज्ञाद्वारा अर्काको दृष्टिलाई (=मतलाई) मर्दन गरी हिंड्छन् । उनीहरूले सुन्दछन् कि—'श्रमण गौतम अमुक नामक गाउँ वा निगममा आउनेछन् ।' भो ! (अनि) उनीहरूले प्रश्नहरू तयार पार्छन्—'हामीहरू श्रमण गौतमकहाँ गई यो प्रश्न सोध्नेछौं; यस्तो सोध्दा यस्तो उत्तर दिनेछन् । (अनि) हामीले यसरी वाद आरोप गर्नेछौं; यस्तो सोध्दा यस्तो उत्तर दिनेछन्, यसमा पनि हामीले यसरी वाद आरोप गर्नेछौं ।' भो ! (अनि) उनीहरूले सुन्दछन् कि—श्रमण गौतम अमुक नामक गाउँ वा निगममा आइपुगे ।' (अनि) उनीहरू श्रमण गौतमकहाँ जान्छन् । श्रमण गौतमले उनीहरूलाई धार्मिककथा-द्वारा संदर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित पार्नुहुन्छ । श्रमण गौतमको धार्मिककथाद्वारा संदर्शित, सम्प्रतिष्ठित, समुत्तेजित तथा सम्प्रहर्षित भएका उनीहरूले श्रमण गौतमसँग प्रश्न सोध्दैनन्, वाद आरोप गर्ने कुरा त परंजावोस् । बरु उनीहरू श्रमण गौतमकै श्रावक हुन्छन् । भो ! जब मैले श्रमण गौतममा यो पहिलो चिन्ह देखें तब म निश्चयमा पुगें कि—(वहाँ) भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन् ।'

(२) "फेरि, भो ! यहाँ म केही ब्राह्मण पण्डितहरू देख्दछु—जो पण्डित...अर्काको दृष्टिलाई मर्दन गरी हिंड्छन् ।...उनीहरू श्रमण गौतमकहाँ जान्छन् । श्रमण गौतमले उनीहरूलाई धार्मिककथाद्वारा संदर्शित...पार्नुहुन्छ । श्रमण गौतमको धार्मिककथाद्वारा संदर्शित...

भएका उनीहरूले श्रमण गौतमसँग प्रश्न सोध्दैनन्, वाद आरोप गर्ने कुरा त परै जाओस् ।...भो ! जब मैले श्रमण गौतममा यो दोश्रो चिन्ह देखें तब म निश्चयमा पुगें कि—'(यहाँ) भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ, भगवान्को धर्म सु-आख्यात छ, भगवान्का श्रावकसङ्घ सु-प्रतिपन्न छन् ।'

(३) "फेरि, भो ! यहाँ म केही गृहपति पण्डितहरू देख्दछु—जो पण्डित.. अर्काको दृष्टिलाई मर्दन गरी हिड्छन् ।...उनीहरू श्रमण गौतमकहाँ जान्छन् । श्रमण गौतम उनीहरूलाई धार्मिककथाद्वारा संदर्शित, पार्नुहुन्छ । श्रमण गौतमको धार्मिककथाद्वारा संदर्शित,... भएका उनीहरूले श्रमण गौतमसँग प्रश्न सोध्दैनन्, वाद आरोप गर्ने कुरा त परै जाओस् ।...भो ! जब मैले श्रमण गौतममा यो तेश्रो चिन्ह देखें तब म निश्चयमा पुगें कि '(यहाँ) भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ,.. ।'

(४) "फेरि, भो ! यहाँ म केही श्रमण पण्डितहरू देख्दछु—जो पण्डित...अर्काको दृष्टिलाई मर्दन गरी हिड्छन् ।...उनीहरू श्रमण गौतमकहाँ जान्छन् । श्रमण गौतमले उनीहरूलाई धार्मिककथाद्वारा संर्दाशत,...पार्नुहुन्छ । श्रमण गौतमको धार्मिककथाद्वारा संदर्शित,... भएका उनीहरूले श्रमण गौतमसँग प्रश्न सोध्दैनन्, वाद आरोप गर्ने कुरा त परै जाओस् । बल्कि उनीहरू घरबार छाडी अनगारिक भई प्रव्रजित हुनको निमित्त श्रमण गौतमसँग अवकाश माग्छन् । उनीहरूलाई श्रमण गौतमले प्रव्रजित गराउनु हुन्छ । उनीहरू त्यहाँ प्रव्रजित भएर एकान्त-वासमा बसी अप्रमत्त, आतप्त सम्पन्न तथा वीर्यवान् भई चिरकाल

नवितदं—जसको निमित्त कुलपुत्रहरू राम्ररी घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छन्—त्यो अनुत्तर ब्रह्मचर्यको फल यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी विहार गर्छन्। (अनि) उनीहरू यस्तो भन्दछन्—'भो! हामी नाश हुने थियौं, भो! हामी विनाश हुने थियौं[१] (मनं वत, भो, अनस्साम, मनं वत, भो, पनस्साम)। अघि हामीहरू अश्रमण भएर नै श्रमणह्वौं भनी भन्दथ्यौं; अब्राह्मण भएर नै ब्राह्मणह्वौं भनी भन्दथ्यौं; अरहन्त नभएर नै अरहन्तह्वौं भनी भन्दथ्यौं। अहिले हामीहरू श्रमण भयौं, अहिले हामीहरू ब्राह्मण भयौं, अहिले हामीहरू अरहन्त भयौं।' भो! जब मैले श्रमण गौतममा यो चौथो चिन्ह देखें तब म निश्चयमा पुगें कि—'(वहाँ) भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ,...।'

"भो! जब मैले यी चार कारणहरू श्रमण गौतममा देखें तब म निश्चयमा पुगें कि—'(वहाँ) भगवान् सम्यक्सम्बुद्ध हुनुहुन्छ,...।"

यस्तो भनेपछि जाणुस्सोणि ब्राह्मण सबै सेता घोडीको रथबाट ओर्ल्हीं, उत्तरासङ्ग एकांश पारी जहाँ भगवान् हुनुहुन्थ्यो त्यतातिर फर्की दुइहात जोरी तीनबार उदान प्रकट गरे—

---

१. भनाइको तात्पर्य—यदि हामीहरू क्षणभरको लागि यहाँ नआएको भए, यो क्षणभर नआउनाको कारणले गर्दा हामीहरू नाश हुने थियौं, विनाश हुने थियौं; तर अब यहाँ आएकाले हामीहरू नाश भएनौं भनी भनिएको हो। पपं. सू. II. पृ. १६५: चूलहत्थिपदोपमसुत्तवण्णना।

"वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धलाई नमस्कार !

"वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धलाई नमस्कार !

"वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्धलाई नमस्कार ! अवश्य हामीले पनि कहिले काहिं वहाँ गौतमसँग भेट गर्न सक्नेछौं र अवश्य पनि केही कुराकानी पनि हुनसक्छ ।"

३०।२०. पोट्ठपाद परिव्राजक

परिचय

यी पोट्ठपाद परिव्राजक एक शिष्टसम्पन्न विद्वान थिए । समय समयमा यिनी विद्वानहरूसँग छलफल गर्दथे । यिनी मल्लिका देवीको फलफूलको बगिचा भित्र भएको एकशाल भन्ने घरमा तीन हजार परिव्राजकहरूका साथ बस्दथे ।

एकदिन भगवान् यिनी बस्ने ठाउँमा जानुभएको थियो । भगवान् त्यहाँ जानुहुँदा उनले भगवान्सँग अनेक विषयहरूमा प्रश्न सोधेका थिए । भगवान्ले दिएका उत्तरलाई उनले अनुमोदन गरेका थिए । भगवान् जानुभएपछि उनको परिषद्ले भगवान्को कुरालाई अनुमोदन गरे भनी उनलाई खूब टोकेका थिए । "म जस्ता पण्डितले सत्य कुरालाई सत्य हो नभन्नु ठीक छैन" भनी उनले आफ्नो परिषद्-लाई जवाफ दिएका थिए । त्यसपछि दुइ तीन दिनपछि उनी भगवान्कहाँ गई आफ्नो परिषद्ले आफूलाई टोकेको कुरा भगवान्लाई सुनाएका थिए ।

× × ×

केही पोट्ठपाद नामहरू

(१) पोट्ठपाद—यो चाहिं बोधिसत्वको नाम हो । जो सुगा योनीमा जन्मेका थिए । यस सम्बन्धी सबै कुरा जा. अ. क. I–II. पृ. ३६७: राधजातकमा उल्लेख भएको छ । जा. नं. १४५.

(२) पोट्ठपाद—यो चाहिं आनन्दको नाम हो । जो अघि अघिको जन्ममा यस नामले सुगा योनीमा जन्मेका थिए । बोधिसत्व चाहिं पोट्ठपाद सुगाको दाइ राध भन्ने सुगा भएका थिए । यस सम्बन्धी सबै कुरा जा. अ. क. I–II. पृ. ४६८: राधजातकमा उल्लेख भएको छ । जा. नं. १९८.

(३) पोट्ठपाद—यो चाहिं आनन्दको नाम हो । जो अघि अघिको जन्ममा यस नामले सुगा भई जन्मेका थिए । यिनका दाइ चाहिं बोधिसत्व थिए । जो राध भन्ने नामले सुगा नै भई जन्मेका थिए । यस सम्बन्धी सबै कुरा जा. अ. क. III. पृ. ६८: कालबाहुजातकमा उल्लेख भएको छ । जा. नं. ३२९.

(४) पोट्ठपाद—यो चाहिं एक पोहरेको छोराको नाम हो । एकदिन आनन्द स्थविर कुण्डी नगरको सानुवासी पर्वतमा बसी भोजन गरिरहनुभएको बेलामा यी पोट्ठपाद केटा आएको देखी उसलाई पनि खाना खुवाई पछि स्थविरले उसलाई प्रव्रजित गराई अरहत् प्राप्त गराइदिनु भएको थियो । पेत. व. अ. क.

पृ. १२७: सानुवासिपेतवत्थु । यसको अनुवाद लेखकको बु. प्रे. पृ. २२० मा भएको छ ।

(५) पोट्ठपाद—यो एक परिव्राजकको नाम हो । जसको कुरा यहाँ उल्लेख भएको छ ।

(६) पोट्ठपाद (सुत्तं)—यो सूत्र दी. नि. I. पृ. १५० मा उल्लेख भएको छ । यसको अनुवाद यहाँ अगाडि भएको छ ।

× × ×

मूल सूत्र—

भगवान् पोट्ठपादकहाँ जानुभयो

(पोट्ठपादसुत्त[1])

यस्तो मैले सुनें ।

एक समय भगवान् श्रावस्ती स्थित अनाथपिण्डिकको जेतवनाराममा बसिरहनुभएको थियो । त्यस समय पोट्ठपाद परिव्राजक समयप्रवादक भन्ने तिन्दुकाचीरको एक शालक भन्ने मल्लिकाको आराम (=उद्यान) मा तीन हजार महान परिव्राजक परिषद्का साथ बसिरहेका थिए । अनि पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटन्को निमित्त भगवान् जानुभयो ।

अनि भगवान्लाई यस्तो लाग्यो—"श्रावस्तीमा भिक्षाटन्को निमित्त जान अझै समय छ । (त्यतिन्जेलसम्म) किन म समयप्रवादक भन्ने तिन्दुकाचीरको एक शालक भन्ने मल्लिकाको आराम हो जहाँ पोट्ठपाद परिव्राजक हो त्यहाँ नजाऊँ ।" अनि भगवान् जहाँ

१. दी. नि. I. पृ. १५०, अ. क. II. पृ. ४८.

समयप्रवादक तिन्दुकाचीरको एक शालक भन्ने मल्लिकाको आराम हो त्यहाँ जानुभयो ।

त्यसबखत पोट्ठपाद् परिव्राजक महान परिव्राजक परिषद्सँग अनेक प्रकारका तिरश्चीन कुरा गर्दै, होहल्ला गर्दै, चिच्याउँदै, कराउँदै बसेका थिए । जस्तै—राजकथा, चोरकथा...[१] ।

अनि पोट्ठपाद् परिव्राजकले टाढैदेखि भगवान्लाई आइरहनुभएको देखे । देखेपछि आफ्नो परिषद्लाई शान्तपारे—"तपाईंहरू चुपलाग्नुहोस् । तपाईंहरू हल्लागुल्ला नगर्नुहोस् । यी श्रमण गौतम आउँदै हुनुहुन्छ । वहाँ आयुष्मान् निःशब्दतालाई रुचाउनु हुन्छ; निःशब्दताको प्रशंसक हुनुहुन्छ । शायद निःशब्द परिषद् देखेर वहाँ, यहाँ आउनसक्नुहुन्छ ।" यस्तो भन्दा ती परिव्राजकहरू चुपलागे ।

अनि, जहाँ पोट्ठपाद परिव्राजक थिए त्यहाँ भगवान् जानुभयो । अनि पोट्ठपाद् परिव्राजकले भगवान्लाई यस्तो भने—"भन्ते भगवान् ! आउनुहोस् । भन्ते ! भगवान्को स्वागत छ । धेरै दिनपछि भगवान्ले यहाँ आउने काम गर्नुभयो[२] । भन्ते ! भगवान् ! बस्नुहोस् । यो आसन बिच्छ्याइएको छ ।" त्यसपछि भगवान् बिच्छ्याइराखेको आसनमा बस्नुभयो । पोट्ठपाद् परिव्राजक पनि एक होचो आसन लिई एक

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. प. भा–१, पृ. ४२० मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

२. यो वाक्य त्यसबखतको व्यवहारिक शिष्टाचार सम्पन्न कुरा हो ।

छेउमा बसे। एक छेउमा बसेका पोट्ठपाद परिव्राजकलाई भगवान्ले यस्तो भन्नुभयो—

"पोट्ठपाद! अहिले यहाँ के कुरा गर्दै बसेका थियौ? के कुरामा कुरा रोकियो?"

कसरी अभिसंज्ञा निरोध हुन्छ?

यस्तो भन्दा पोट्ठपाद परिव्राजकले भगवान्लाई यस्तो भने— "भन्ते! छाडिदिनुहोस् यो कुरा जुन कुराहरू गरी हामीहरू यहाँ बसेकाछौं। भन्ते! यस्ता कुराहरू भगवान्लाई पछि पनि सुन्न दुर्लभ हुने छैन। भन्ते! अस्ति अस्ति कौतूहल शालामा भेला भई बसेका नानातीर्थीय श्रमण ब्राह्मणहरूको बीचमा 'कसरी अभिसंज्ञा निरोध हुन्छ' भन्ने विषयमा कुरा उठेको थियो—

(१) "त्यहाँ केहीले यस्तो भने—'विना हेतु, विना प्रत्यय पुरुषको संज्ञा (=चित्त) उत्पन्न पनि हुन्छ र निरुद्ध पनि हुन्छ। जुन बखत (संज्ञा) उत्पन्न हुन्छ त्यसबखत संज्ञी हुन्छ। जुन बखत (संज्ञा) निरुद्ध हुन्छ त्यसबखत असंज्ञी हुन्छ।' यसरी केही अभिसंज्ञा निरोध बताउँछन्।

(२) "त्यहाँ अर्काले यसो भने—'भो! यो त्यस्तो हुन सक्दैन, यस्तो हुन सक्छ। भो! संज्ञा (=चित्त) नै पुरुषको आत्मा हो। सो आउँछ पनि जान्छ पनि। जुन बखत आउँछ त्यसबखत संज्ञी हुन्छ।

जुन बखत जान्छ त्यसबखत असंज्ञी हुन्छ।' यसरी केही अभिसंज्ञानिरोध बताउँछन्।

(३) "त्यहाँ अर्कले यस्तो भने—'भो! यो त्यस्तो हुन सक्दैन। भो! महर्द्धिक महानुभाव हुने श्रमण ब्राह्मणहरू छन्। उनीहरू यो पुरुषको संज्ञालाई भित्र ल्याउँछन् पनि बाहिर लैजान्छन् पनि। जुन बखत भित्र ल्याउँछन् त्यसबखत संज्ञी हुन्छ। जुन बखत बाहिर लैजान्छन् त्यसबखत असंज्ञी हुन्छ।' यसरी केही अभिसंज्ञानिरोध बताउँछन्।

(४) "त्यहाँ अर्कले यस्तो भने—'यो त्यस्तो हुन सक्दैन। भो! महर्द्धिक महानुभाव हुने देवताहरू छन्। उनीहरू यो पुरुषको संज्ञालाई भित्र राख्छन् पनि बाहिर पनि राख्छन्। जुन बखत भित्र राख्छन् त्यसबखत संज्ञी हुन्छ। जुन बखत बाहिर राख्छन् त्यसबखत असंज्ञी हुन्छ।' यसरी अभिसंज्ञानिरोध बताउँछन्।

"भन्ते! त्यस समय मलाई भगवान्‌को सम्झना भयो—'अहो वहाँ भगवान्! अहा वहाँ सुगत! जो यी धर्महरूमा चतुर हुनुहुन्छ।' भन्ते! भगवान् चतुर हुनुहुन्छ। भगवान् अभिसंज्ञानिरोधको बारेमा प्रकृतज्ञ (=अभ्यस्त) हुनुहुन्छ। भन्ते! कसरी अभिसंज्ञानिरोध हुन्छ?"

(क) अनुपूर्वाभिसंज्ञानिरोध संप्रज्ञान समापत्ति

१-"पोट्ठपाद! त्यहाँ जुन श्रमण ब्राह्मणहरूले 'विनाहेतु विना

प्रत्यय संज्ञा उत्पन्न हुन्छ र निरुद्ध पनि हुन्छ' भनी भने शुरुमै (उनीहरूले) गल्ती गरे। किनभने ? पोट्ठपाद ! हेतु सहित, प्रत्यय सहित (=कारण सहित) पुरुषको संज्ञा उत्पन्न हुन्छ र निरुद्ध पनि हुन्छ। एक शिक्षाबाट एक संज्ञा उत्पन्न हुन्छ, एक शिक्षाबाट एक संज्ञा निरुद्ध हुन्छ।

त्यो शिक्षा भनेको के हो त भनी भगवान्‌ले भन्नुभयो— "पोट्ठपाद ! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध...[१] लोकमा उत्पन्न हुन्छ।...[२] पोट्ठपाद ! यसरी भिक्षु शीलसम्पन्न हुन्छ।...[३] यी पञ्च-नीवरणहरू प्रहीण भएको कुरा आफूमा देख्दा उसमा प्रामोद्य उत्पन्न

---

१. यहाँका बाँकी कुरा लेखकको बु. प. भा–१, पृ. २१२ अथवा लेखकको बु. रा. भा–२, पृ. १३४ मा उल्लेख भए अनुसार दोहऱ्याई पढ्नू।

२. यहाँका बाँकी कुराहरू सामञ्ञफलसूत्रको अनुवाद अनुसार लेखकको बु. रा. भा–२, पृ. १३४ को 'वहाँले देवमार सहित ब्रह्मालाई' भन्ने ठाउँदेखि पृ. १४९ को 'यो आर्यशीलस्कन्धले सम्पन्न भएको आफूभित्र निरवद्य सुखको अनुभव गर्छ' भन्ने ठाउँसम्म दोहऱ्याई पढ्नू।

३. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा–२, पृ. १४९ मा 'कसरी भिक्षुले आफ्नो इन्द्रियलाई वशमा राख्छ ?' भन्ने ठाउँदेखि लिएर पृ. १५७ 'जस्तै अऋण झैं...मुक्त भएको कुरा आफूमा देख्छ' भन्ने ठाउँसम्म पढ्नू।

हुन्छ । प्रमुदित हुनेको प्रीति उत्पन्न हुन्छ । प्रीति चित्त भएको शरीर शान्त हुन्छ । शान्त भएको कायले सुखानुभव गर्छ । सुखी भएको चित्त समाधिष्ठ हुन्छ । अनि उ कामविषयबाट अलग भई अकुशलबाट अलग भई वितर्कविचार युक्त भएको विवेकजः (=ध्यानजः) प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ । त्यसको जुन पहिलेको कामसंज्ञा हो त्यो निरुद्ध हुन्छ । विवेकजः प्रीतिसुख सूक्ष्म सत्यसंज्ञा त्यस समयमा हुन्छ । त्यस समय उ विवेकजः प्रीतिसुख सूक्ष्म सत्यसंज्ञी मात्र हुन्छ । यसरी एक शिक्षाबाट एक संज्ञा उत्पन्न हुन्छ, एक शिक्षाबाट एक संज्ञा निरुद्ध हुन्छ ।" यो शिक्षा हो भनी भगवान्‌ले भन्नुभयो ।

२–"पोट्ठपाद ! फेरि वितर्क विचारलाई उपशान्त गरी अभ्यन्तर सम्प्रसादलाई चित्तमा एकाग्र गरी वितर्क विचार रहित विवेकजः प्रीतिसुख भएको द्वितीयध्यान प्राप्त गरी भिक्षु बस्छ । उसको जुन पहिलेको विवेकजः प्रीतिसुख सूक्ष्मसत्यसंज्ञा हो त्यो निरुद्ध हुन्छ । समाधिजः प्रीतिसुख सूक्ष्मसत्यसंज्ञा त्यस समयमा हुन्छ । त्यस समय उ समाधिजः प्रीतिसुख सूक्ष्मसत्यसंज्ञी मात्र हुन्छ । यसरी एक शिक्षाबाट एक संज्ञा उत्पन्न हुन्छ, एक शिक्षाबाट एक संज्ञा निरुद्ध हुन्छ ।" यो पनि शिक्षा हो भनी भगवान्‌ले भन्नुभयो ।

३–"पोट्ठपाद ! फेरि प्रीतिलाई पनि त्यागी उपेक्षित भई स्मृति-सम्प्रजन्य भई शरीरद्वारा सुखानुभव गरी भिक्षु बस्छ । जसलाई आर्यहरू 'उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछन् त्यस प्रकारको तृतीयध्यान प्राप्त गरी बस्छ । उसको जुन पहिलेको समाधिजः प्रीतिसुख

सूक्ष्मसत्यसंज्ञा हो त्यो निरुद्ध हुन्छ। उपेक्षासुख सूक्ष्मसत्यसंज्ञा त्यस समयमा हुन्छ। त्यस समय उपेक्षासुख सूक्ष्मसत्यसंज्ञी मात्र हुन्छ। यसरी एक शिक्षाबाट एक संज्ञा उत्पन्न हुन्छ, एक शिक्षाबाट एक संज्ञा निरुद्ध हुन्छ।" यो पनि शिक्षा हो भनी भगवान्‌ले भन्नुभयो।

४-"पोट्ठपाद! फेरि सुखलाई पनि त्यागी दुःखलाई पनि त्यागी पहिले नै सौमनस्य (=मानसिकसुख) दौर्मनस्य (=मानसिक दुःख) को अन्त गरी सुख दुःख नभएको स्मृति र उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी भिक्षु बस्छ। उसको जुन पहिलेको उपेक्षासुख सूक्ष्मसत्यसंज्ञा हो त्यो निरुद्ध हुन्छ। अदुःखमसुख सूक्ष्मसत्यसंज्ञा त्यस समयमा हुन्छ। त्यस समय उ अदुःखमसुख सूक्ष्मसत्यसंज्ञी मात्र हुन्छ। यसरी एक शिक्षाबाट एक संज्ञा उत्पन्न हुन्छ, एक शिक्षाबाट एक संज्ञा निरुद्ध हुन्छ।" यो पनि शिक्षा हो भनी भगवान्‌ले भन्नुभयो।

५-"पोट्ठपाद! फेरि सबै प्रकारले रूपसंज्ञालाई समतिक्रम गरी, प्रतिघ (=मानसिक द्वेषभाव, घर्षण) संज्ञालाई अन्तगरी, नानात्व-संज्ञालाई मनन नगरी -'आकाश अनन्त हो' भनी आकाशानन्त्यायतन (समाधि) प्राप्त गरी भिक्षु बस्छ। उसको जुन पहिलेको रूपसंज्ञा हो त्यो निरुद्ध हुन्छ। आकाशानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञा त्यस समयमा हुन्छ। त्यस समय उ आकाशानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञी मात्र हुन्छ। यसरी एक शिक्षाबाट एक शिक्षा उत्पन्न हुन्छ; एक शिक्षाबाट एक शिक्षा निरुद्ध हुन्छ।" यो पनि शिक्षा हो भनी भगवान्‌ले भन्नुभयो।

६-"पोट्ठपाद! फेरि सबै प्रकारले आकाशानन्त्यायतनलाई

समतिक्रम गरी 'विज्ञान अनन्त हो' भनी विज्ञानन्त्यायतन (समाधि) प्राप्त गरी भिक्षु बस्छ। उसको जो पहिलेको आकाशानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञा हो त्यो निरुद्ध हुन्छ। विज्ञानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञा त्यस समयमा हुन्छ। त्यस समय उ विज्ञानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञी मात्र हुन्छ। यसरी एक शिक्षाबाट एक संज्ञा उत्पन्न हुन्छ, एक शिक्षाबाट एक संज्ञा निरुद्ध हुन्छ।" यो पनि शिक्षा हो भनी भगवान्ले भन्नुभयो।

७–"पोट्ठपाद! फेरि विज्ञानन्त्यायतनलाई समतिक्रम गरी 'केही छैन' भनी आकिञ्चन्यायतन (समाधि) प्राप्त गरी भिक्षु बस्छ। उसको जुन पहिलेको विज्ञानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञा हो त्यो निरुद्ध हुन्छ। आकाशानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञा त्यस समयमा हुन्छ। त्यस समय उ आकाशानन्त्यायतनसुख सूक्ष्मसत्यसंज्ञी मात्र हुन्छ।" यसरी एक शिक्षाबाट एक संज्ञा उत्पन्न हुन्छ; एक शिक्षाबाट एक संज्ञा निरुद्ध हुन्छ।" यो पनि शिक्षा हो भनी भगवान्ले भन्नुभयो।

८–"पोट्ठपाद! जब यहाँ भिक्षु स्वक-संज्ञी (=आफूले प्राप्त गरेको ध्यानसंज्ञी) हुन्छ तब उ त्यहाँबाट अर्को (ध्यान) मा त्यहाँबाट अर्को (ध्यान) मा क्रमशः गई श्रेष्ठतर संज्ञामा (सञ्जग्गं) पुग्छ (फुस्सति)। अनि श्रेष्ठतर संज्ञामा बसेको उसलाई यस्तो लाग्छ—'चिन्तन गर्नु मेरो लागि खराब हो, चिन्तन नगर्नु मेरो लागि बेश हो। यदि मैले चिन्तन गरें भनें, यदि मैले अभिसंस्कार गरें भनें—यी मेरा संज्ञाहरू निरुद्ध हुने छन् र अर्का मोटा मोटा संज्ञाहरू उत्पन्न हुनेछन्। त्यसैले चिन्तन पनि नगरुँ र अभिसंस्कार पनि नगरुँ।' (यति सोचेर)

उसले चिन्तन पनि गर्दैन र अभिसंस्कार पनि गर्दैन । उसको अचिन्तनले गर्दा अनभिसंस्कारले गर्दा ती संज्ञाहरू निरुद्ध हुन्छन् र अर्का मोटा मोटा संस्कारहरू पनि उत्पन्न हुन्नन् । उ निरोध स्पर्श गर्छ (निरोधमा पुग्छ) । पोट्ठपाद ! यसरी अनुपूर्वाभिसंज्ञानिरोध सम्प्रज्ञान समापत्ति हुन्छ ।

"पोट्ठपाद ! तिमीले यसभन्दा अघि यस्तो अनुपूर्वाभिसंज्ञानिरोध सम्प्रज्ञान समापत्तिको बारे सुनेका थियौ ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! सुनेको थिइन । भगवान्ले अहिले भन्नुभएर मात्र मैले यस्तो जानें—'पोट्ठपाद ! जब यहाँ भिक्षु स्वक-संज्ञी हुन्छ तब उ त्यहाँबाट अर्को (ध्यान) मा त्यहाँबाट अर्को (ध्यान) मा क्रमशः गर्दै श्रेष्ठतर संज्ञामा (सञ्ञग्गं) पुग्छ (फुस्सति) । अनि श्रेष्ठतर संज्ञामा बसेको उसलाई यस्तो लाग्छ—'चिन्तन गर्नु मेरो लागि खराब हो, चिन्तन नगर्नु मेरो लागि बेश हो । ..[१] उ निरोध स्पर्श गर्छ (निरोधमा पुग्छ) । पोट्ठपाद ! यसरी अनुपूर्वाभिसंज्ञानिरोध सम्प्रज्ञान समापत्ति हुन्छ ।"

"पोट्ठपाद ! यस्तै हो ।"

(ख) श्रेष्ठतरसंज्ञा एउटै मात्र छ कि धेरै छन् ?

"भन्ते ! श्रेष्ठतर संज्ञा एउटै मात्र छ भनी भगवान् बताउनु हुन्छ कि धेरै छन् भनी बताउनु हुन्छ ?"

---

१. माथि पृ. १७५ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

"पोट्ठपाद ! एउटै मात्र भन्ने पनि म बताउँछु धेरै भनेर पनि बताउँछु ।"

"भन्ते ! कसरी भगवान् एउटै मात्र भनी बताउनु हुन्छ र कसरी धेरै भनी बताउनु हुन्छ ?"

"पोट्ठपाद ! जसो जसो निरोध प्राप्त गर्छ त्यसो त्यसो म श्रेष्ठतर संज्ञा बताउँछु । पोट्ठपाद ! यसरी म एउटा मात्र श्रेष्ठतर संज्ञा भनेर पनि बताउँछु धेरै भनेर पनि बताउँछु[1] ।"

(ग) पहिले संज्ञा कि पहिले ज्ञान ?

"भन्ते ! पहिले संज्ञा उत्पन्न हुन्छ अनि पछि ज्ञान उत्पन्न हुन्छ कि अथवा ज्ञान पहिले उत्पन्न हुन्छ अनि पछि संज्ञा ? अथवा संज्ञा र ज्ञान दुवै एकैचोटि उत्पन्न हुन्छन् ?"

"पोट्ठपाद ! पहिले संज्ञा उत्पन्न हुन्छ अनि पछि ज्ञान उत्पन्न हुन्छ । (निरोधबाट उठेकाको मनमा पहिले अरहत्फल संज्ञा उत्पन्न हुन्छ, त्यसपछि ज्ञान उत्पन्न हुन्छ भनिएको हो ।) संज्ञा उत्पन्न भएपछि नै ज्ञान उत्पन्न हुन्छ । अनि उ यसरी जान्दछ—'यसको कारणले (=अरहत्फल संज्ञाको कारणले) मेरो ज्ञान (=प्रत्यवेक्षणा ज्ञान) उत्पन्न भयो ।' पोट्ठपाद ! यसरी यसलाई बुझ्नुपर्छ—'जसरी पहिले

---

१. निरोध पुग्ने माध्यमको प्रभेदलाई ध्यानमा राखी यहाँ धेरै भनिएको हो ।

संज्ञा (=अरहन्‌फल संज्ञा) उत्पन्न भएर पछि ज्ञान (=प्रत्यवेक्षण ज्ञान) उत्पन्न हुन्छ त्यस्तैगरी संज्ञा भएपछि नै ज्ञान उत्पन्न हुन्छ।"

(घ) संज्ञा पुरुषको आत्मा होइन त ?

"भन्ते ! संज्ञा नै पुरुषको आत्मा हो कि अथवा संज्ञा अर्कै हो, आत्मा अर्कै हो ?"

"पोट्ठपाद ! तिमी केलाई आत्मा भनी ठान्दछौ ?"

"भन्ते ! म चातुर्महाभौतिकद्वारा बनिएको गाँस गाँस खाने स्थूल रूपलाई आत्मा भनी ठान्दछु।"

"पोट्ठपाद ! यदि तिम्रो आत्मा 'चातुर्महाभौतिकद्वारा बनिएको गाँस गाँस खाने स्थूलरूपी हो' भने पोट्ठपाद ! अर्कै संज्ञा र अर्कै आत्मा हुन्छ। पोट्ठपाद ! त्यसैले यसप्रकार बुझ्नुपर्छ कि अर्कै संज्ञा हुन्छ र अर्कै आत्मा। पोट्ठपाद ! 'चातुर्महाभौतिकद्वारा बनिएको गाँस गाँस खाने स्थूलरूपी आत्मा हो' भन्ने कुरा छाडिदेऊ। बरु यो पुरुषको अर्कै संज्ञा उत्पन्न हुन्छ अर्कै संज्ञा निरुद्ध हुन्छ। पोट्ठपाद ! अतः यसप्रकार जान्नुपर्छ कि अर्कै संज्ञा र अर्कै आत्मा'।"

"भन्ते ! म सबै अङ्गप्रत्यङ्ग भएको इन्द्रिय हीन नभएको मनोमय (वस्तु) लाई आत्मा भनी ठान्दछु।"

"पोट्ठपाद ! यदि तिम्रो आत्मा 'सबै अङ्गप्रत्यङ्ग भएको इन्द्रिय हीन नभएको हो' भने, पोट्ठपाद ! त्यसोभए पनि अर्कै संज्ञा र अर्कै

आत्मा हुने छ । पोट्ठपाद ! त्यो यसप्रकार जान्नुपर्छ—जस्तै अर्कै संज्ञा र अर्कै आत्मा हुने छ । पोट्ठपाद ! 'सबै अङ्गप्रत्यङ्ग भएको इन्द्रिय हीन नभएको मनोमय आत्मा हो भन्ने यो कुरालाई छाडिदेऊ । बरु यो पुरुषको अर्कै संज्ञा उत्पन्न हुन्छ अर्कै संज्ञा निरुद्ध हुन्छ । अतः यसप्रकार जान्नुपर्छ कि 'अर्कै संज्ञा हुनेछ र अर्कै आत्मा' ।"

"भन्ते ! म संज्ञामयी अरूपीलाई आत्मा भनी ठान्दछु ।"

"पोट्ठपाद ! यदि तिम्रो आत्मा 'संज्ञामयी अरूपी हो' भने, पोट्ठपाद ! त्यसोभए पनि अर्कै संज्ञा हुनेछ र अर्कै आत्मा । त्यो यस-प्रकार जान्नुपर्छ—जस्तै अर्कै संज्ञा हुनेछ र अर्कै आत्मा । पोट्ठपाद ! 'संज्ञामयी अरूपी आत्मा हो' भन्ने यो कुरालाई छाडिदेऊ । यो पुरुषको अर्कै संज्ञा उत्पन्न हुन्छ अर्कै संज्ञा निरुद्ध हुन्छ । अतः यसप्रकार जान्नुपर्छ कि—'अर्कै संज्ञा हुनेछ र अर्कै आत्मा' ।"

"भन्ते ! के म यो बुझ्न सकुँला कि संज्ञा पुरुषको आत्मा हो अथवा अर्कै संज्ञा हो र अर्कै आत्मा ?"

"पोट्ठपाद ! तिमी जस्ता भिन्नै दृष्टिकले, भिन्नै विश्वासीले, भिन्नै रुचिराखनेले, भिन्नै उद्योग गर्नेले र भिन्नै आचार्य हुनेले 'संज्ञा पुरुषको आत्मा हो भन्ने वा अर्कै संज्ञा हो र अर्कै आत्मा हो' भन्ने यो कुरा बुझ्न सक्दैनौ ।"

अब्याकृत प्रश्न

"भन्ते ! यदि हामी जस्ता भिन्नै दृष्टिकले...'संज्ञा पुरुषको

आत्मा हो...' भन्ने यो कुरा बुझ्न सक्दैनौं भने के त भन्ते ! शाश्वत लोक हो, यही सत्य हो अरू तुच्छ हुन् त ?"

"पोट्ठपाद ! शाश्वत लोक हो—यही सत्य हो अरू तुच्छ हुन् भन्ने कुरा मैले बताएको छैन ।"

"भन्ते ! के त अशाश्वत लोक हो—यही सत्य हो अरू तुच्छ हुन् त ?"

"पोट्ठपाद ! यो पनि...मैले बताएको छैन ।"

"भन्ते ! अन्तवान् लोक हो,...[१] न हुन्छ न त हुन्न तथागत मरणपछि—यही सत्य हो अरू तुच्छ हुन् त ?"

"पोट्ठपाद ! यो पनि...मैले बताएको छैन ।"

"भन्ते ! किन यो बताउनु नभएको त ?"

"पोट्ठपाद ! यो न अर्थयुक्त (=प्रयोजनीय) छ, न धर्मयुक्त छ, न आदिब्रह्मचर्यको निमित्त उपयुक्त छ, न निर्वेदको निमित्त छ, न विरागको निमित्त छ, न निरोधको निमित्त छ, न उपशान्तको निमित्त छ, न अभिज्ञाको निमित्त छ, न सम्बोधिको निमित्त छ तथा न यसले निर्वाणमा पुऱ्याउँछ । त्यसैले यसलाई हामीले न बताएकाह्रौं ।"

---

१. यहांका बांकी कुरा माथि पृ. ६५ उत्तिय परिब्राजकको कुरामा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

के बताउनु हुन्छ त ?

"भन्ते ! भगवान्ले के बताउनु भएको छ त ?"

"पोट्ठपाद ! यो दुःख हो भन्ने कुरा हामीले बताएकाछौं, यो दुःख समुदय हो भन्ने कुरा हामीले बताएकाछौं, यो दुःख निरोध हो भन्ने कुरा हामीले बताएकाछौं तथा यो दुःखनिरोधको मार्ग हो भन्ने कुरा हामीले बताएकाछौं ।"

"भन्ते ! भगवान्ले यो कुरा किन बताउनु भएको हो त ?"

"पोट्ठपाद ! यो अर्थयुक्त छ, यो धर्मयुक्त छ, यो आदिब्रह्मचर्यको निमित्त उपयुक्त छ, यो निर्वेदको निमित्त छ, यो विरागको निमित्त छ, यो निरोधको निमित्त छ, यो उपशान्तको निमित्त छ, यो अभिज्ञाको निमित्त छ, यो सम्बोधिको निमित्त छ तथा यसले निर्वाणमा पुऱ्याउँछ । त्यसैले यसलाई हामीले बताएका छौं ।"

"भगवान ! यस्तै हो, सुगत यस्तै हो । भन्ते ! जस्तो भगवान् उचित समय जान्नुहोस् ।"

अनि भगवान् आसनबाट उठेर जानुभयो ।

भगवान् जानुभएको केहीछिन पछि ती परिव्राजकहरूले पोट्ठपाद परिव्राजकलाई चारैतिरबाट वचनरूपी बाँणले खूब प्रहार गर्न थाले—"यस्तै हो तपाईं पोट्ठपाद !! जे जे श्रमण गौतमले भाषण गरे ती ती सबै वचनलाई तपाईंले 'यस्तै हो भगवान् ! यस्तै हो भगवान् !' भनी

अनुमोदन गर्नुभयो। 'शाश्वत लोक हो भनी वा अशाश्वत लोक हो भनी; अन्तवान् लोक हो भनी वा अनन्तवान् लोक हो भनी; उही जीव हो उही शरीर हो भनी वा अर्कै जीव हो अर्कै शरीर हो भनी; मरणपछि तथागत हुन्छ वा मरणपछि तथागत हुन्न भनी; मरणपछि तथागत हुन्न भनी वा मरणपछि तथागत न त हुन्छ न त हुन्न भन्ने आदि कुनै पनि एकांशिक (=एक पक्षिय वा निश्चिन्तरूपले) धर्मदेशना श्रमण गौतमले गरेका कुरा हामीलाई थाहाछैन।"

यस्तोभन्दा पोट्ठपाद परिव्राजकले पनि ती परिव्राजकहरूलाई यस्तो भने—"मलाई पनि शाश्वत लोक हो...आदि कुनै एकांशिक धर्मदेशना श्रमण गौतमले गरेका कुरा थाहाछैन। तैपनि श्रमण गौतमले यथार्थ, सत्य, तथतापूर्ण प्रतिपदा धर्ममा (नवलोकोत्तर धर्ममा) रही धर्मनियामको कुरा बताउनुभयो। अतः यथार्थ, सत्य, तथतापूर्ण प्रतिपदा धर्ममा रही, धर्मनियामको कुरा बताएपछि म जस्ता विज्ञले कसरी श्रमण गौतमको सुभाषितलाई सुभाषित भनी अनुमोदन नगरूँ?"

अनि दुइ तीन दिन बितेपछि चित्तहत्थि सारिपुत्र र पोट्ठपाद परिव्राजक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्-लाई अभिवादन गरी चित्तहत्थि सारिपुत्र एक छेउमा बसे। पोट्ठपाद परिव्राजकले भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका पोट्ठपाद परिव्राजकले भगवान्लाई यस्तो भने—"भन्ते! त्यसदिन भगवान् जानुभएको केहीछिन पछि ती परिव्राजकहरूले चारैतिरबाट "यस्तै हो तपाईं

पोट्ठपाद !..." भन्दै मलाई खूब वचन प्रहारले प्रहार गर्न थाले। भन्ते ! यस्तोभन्दा मैले ती परिव्राजकहरूलाई "भो ! मलाई पनि शाश्वत लोक हो...आदि कुनै एकांशिक धर्मदेशना श्रमण गौतमले गरेका कुरा थाहाछैन। तैपनि श्रमण गौतमले यथार्थ,.. कुरा बताउनुभयो। अतः यथार्थ कुरा बताएपछि म जस्ता विज्ञले कसरी श्रमण गौतमको सुभाषितलाई सुभाषित भनी अनुमोदन नगरूँ ?" भनी भनें।

"पोट्ठपाद ! ती सबै परिव्राजकहरू अन्धा, चक्षुनभएका हुन्। तिमी मात्र उनीहरूमध्ये चक्षुवान् हौ। पोट्ठपाद ! मैले एकांशिकरूपले पनि धर्महरू देशना गरेको छु। पोट्ठपाद ! अनेकांशिकरूपले पनि मैले धर्महरू देशना गरेको छु। पोट्ठपाद ! मैले अनेकांशिकरूपले देशना गरेका धर्महरू कुन् हुन् त ? पोट्ठपाद ! शाश्वत लोक हो भनी... मैले अनेकांशिकरूपले देशना गरेका धर्महरू हुन् ..

"पोट्ठपाद ! किन मैले अनेकांशिकरूपले धर्महरू देशना गरेको त ? पोट्ठपाद ! यसमा कुनै अर्थयुक्त छैन, कुनै धर्मयुक्त छैन,...न यसले निर्वाणमा पुऱ्याउँछ।"

"पोट्ठपाद ! मैले एकांशिकरूपले देशना गरेका धर्महरू कुन् हुन् त ? पोट्ठपाद ! यो दुःख हो भनी मैले एकांशिकरूपले देशना गरेको धर्म हो। यो दुःख समुदय हो भनी मैले एकांशिकरूपले देशना गरेको धर्म हो। यो दुःखनिरोध हो भनी मैले एकांशिकरूपले देशना गरेको धर्म हो। यो दुःखनिरोध हुने मार्ग हो भनी मैले एकांशिकरूपले देशना गरेको धर्म हो।

"पोट्ठपाद ! फिन मैले एकांशिकरूपले धर्महरू देशना गरेको त ? पोट्ठपाद ! यिनीहरू अर्थयुक्त छन्, यिनीहरू धर्मयुक्त छन्, यिनीहरू आदिब्रह्मचर्यको निमित्त उपयुक्त छन्, यिनीहरू निर्वेदको निमित्त, विरागको निमित्त, निरोधको निमित्त, उपशान्तको निमित्त, अभिज्ञाको निमित्त, सम्बोधिको निमित्त युक्त छन् र यिनीहरूले निर्वाणमा पुन्याउँछन् । त्यसैले मैले एकांशिकरूपले धर्महरू देशना गरेको हुँ ।"

मरणपछि आत्मा सुखी हुन्छ

"पोट्ठपाद ! यहाँ केही श्रमण ब्राह्मणहरू यस्तावादी यस्ता दृष्टिका छन् जो मरणपछि आत्मा निश्चिन्तरूपले सुखी तथा निरोगी हुन्छ भनी भन्छन् । उनीहरूकहाँ गई म यस्तो भन्छु—'साँच्चै तपाईं आयुष्मान्हरू मरणपछि आत्मा निश्चिन्तरूपले सुखी तथा निरोगी हुन्छ भन्ने यस्ता वादी, यस्ता दृष्टिका हुनुहुन्छ ?' यस्तो सोध्दा उनीहरू 'हो' भनी भन्छन् । अनि उनीहरूलाई म यस्तो भन्छु—'के त तपाईं आयुष्मान्हरू सुखदायी लोकको बारेमा निश्चिन्तरूपले जानी बुझी बस्नु-भएको छ ?' यस्तो सोध्दा 'थाहाछैन' भनी भन्छन् ।

"अनि उनीहरूलाई म यस्तो भन्छु—'के त तपाईं आयुष्मान्हरू एक रात वा एक दिन, आधा रात वा आधा दिन एकान्तरूपले सुखी आत्मालाई जान्नुहुन्छ ?' यस्तो सोध्दा 'थाहाछैन' भनी भन्छन् । अनि उनीहरूलाई म यस्तो भन्छु—'के तपाईं आयुष्मान्हरू एकान्तरूपले सुख

भएको लोकको साक्षात्कार हुने यो प्रतिपदा हो भनी जान्नुहुन्छ ?' यस्तो सोध्दा 'जान्दैनौं' भनी भन्छन् ।

"अनि उनीहरूलाई म यस्तो भन्छु—'के तपाईं आयुष्मान्हरूले जो ती देवताहरू एकान्तरूपले सुखदायी लोकमा उत्पन्न भए उनीहरू 'मारिष ! एकान्तरूपले सुखदायी लोकको साक्षात्कार गर्नको निमित्त सु-प्रतिपन्न होऊ, मारिष ! ऋजुप्रतिपन्न होऊ । मारिष ! हामी पनि यस्तो बाटोमा लागेर एकान्तरूपले सुखदायी लोकमा उत्पन्न भएका हौं' भनी कुरा गरिरहेको सुन्नु भएको छ ?' यस्तो सोध्दा 'छैन' भनी भन्छन् ।

"पोट्ठपाद ! त्यसोभए ती श्रमण ब्राह्मणहरूको कुरा अप्रमाणिक हुन्छ, होइन त ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! यस्तो भएमा निश्चय नै ती श्रमण ब्राह्मणहरूको कुरा अप्रमाणिक हुन्छ ।"

जनपदकल्याणीको उपमा

"पोट्ठपाद ! जस्तै—कुनै पुरुष यस्तो भन्छ—'यो जनपदमा जो जनपदकल्याणी छ म उसलाई चाहन्छु ।' उसलाई अर्कोले भन्छ—'हे पुरुष ! जो जनपदकल्याणीलाई तिमी चाहन्छौ र रुचाउँछौ के तिमीलाई सो जनपदकल्याणी क्षत्रीनी हो कि, ब्राह्मणनी हो कि, वैश्या हो कि अथवा शूद्रा हो कि भन्ने थाहाछ ?' यस्तो सोध्दा 'थाहाछैन' भनी

भन्छ। उसलाई यस्तो भन्नुपर्छ—'हे पुरुष ! जो जनपदकल्याणीलाई तिमी चाहन्छौ, रुचाउँछौ के तिमी जान्दछौ कि सो जनपदकल्याणीको के नाम हो, के गोत्र हो, अग्ली छे कि, होची छे कि, मझ्यौली छे ? काली छे कि, गोरी छे कि, मङ्गुरी छे ? फलाना गाउँमा वा निगममा अथवा नगरमा बस्छे ?' यस्तो सोध्दा 'जान्दिन' भनी भन्छ। त्यसलाई यस्तो भन्नुपर्छ—'हे पुरुष ! जसलाई तिमी जान्दैनौ, देख्दैनौ त्यसलाई तिमी चाहन्छौ, रुचाउँछौ ?' यस्तो सोध्दा 'हो' भन्छ।

"पोट्ठपाद ! यस्तो हुँदा के त्यस पुरुषको वचन अप्रमाणिक हुन्न त ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! यस्तो भएमा अवश्य पनि त्यस पुरुषको वचन अप्रमाणिक हुन्छ।"

"पोट्ठपाद ! त्यस्तैगरी 'मरणपछि एकांशरूपले आत्मा सुखी र निरोगी हुन्छ' भन्ने जो ती श्रमण ब्राह्मणहरू हुन् तिनीहरूलाई म यस्तो भन्छु—'साँच्चै हो के तपाईं आयुष्मान्हरू मरणपछि एकान्तरूपले आत्मा सुखी र निरोगी हुन्छ भन्ने यस्ता वादी यस्ता दृष्टिका हुनुहुन्छ ?' यस्तो सोध्दा उनीहरू 'हो' भनी भन्छन्। पनि उनीहरूलाई मैले यस्तो भन्छु—'के तपाईं आयुष्मान्हरू एकान्तरूपले सुखदायी लोकको बारेमा जानी बुझी बस्नुभएको छ ?' यस्तो सोध्दा 'बसेका छैनौं' भनी भन्छन्।

"उनीहरूलाई यस्तो भन्छु—'के तपाईं आयुष्मान्हरू एक रात

वा एक दिन, आधा रात वा आधा दिन, एकान्तरूपले सुखी आत्मालाई जान्नु हुन्छ ?' यस्तो सोध्दा 'जान्दैनौं' भनी भन्छन् ।

"उनीहरूलाई यस्तो भन्छु—'के तपाईं आयुष्मान्हरू एकांतरूपले सुख भएको लोकलाई साक्षात्कार गर्ने यो मार्ग हो, यो प्रतिपदा हो भन्ने कुरा जान्नु हुन्छ के ?' यस्तो सोध्दा 'जान्दैनौं' भनी भन्छन् ।

"उनीहरूलाई यस्तो भन्छु—'तपाईं आयुष्मान्हरूले जो ती देवताहरू एकान्तरूपले सुखदायी लोकमा उत्पन्न भए उनीहरू 'मारिष ! एकान्तरूपले सुखदायी लोकको साक्षात्कार गर्नको निमित्त सुप्रतिपन्न होऊ, मारिष ! ऋजुप्रतिपन्न होऊ । मारिष ! हामी पनि यस्तो बाटोमा लागेर एकान्तरूपले सुखदायी लोकमा उत्पन्न भएका ह्वौं' भनी कुरा गरिरहेको सुनेकाछौ के ?' यस्तो सोध्दा 'सुनेकाछैनौं' भनी भन्छन् ।

"पोट्ठपाद ! यस्तो भएमा ती श्रमण ब्राह्मणहरूको कुरा अप्रमाणिक हुन्छ होइन त ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! यदि यस्तो भएमा अवश्य पनि ती श्रमण ब्राह्मणहरूको कुरा अप्रमाणिक हुन्छ ।"

भऱ्याङको उपमा

"पोट्ठपाद ! जस्तै—कुनै पुरुष चौबाटोमा बसी प्रासादमा उक्लिनको लागि भऱ्याङ् बनाउँछ । उसँग यस्तो सोधिन्छ—'हे पुरुष ! जुन प्रासादमा उक्लिन तिमी भऱ्याङ् बनाउँदैछौ तिमी जान्दछौ के ?

त्यो पूर्वदिशामा छ वा दक्षिण दिशामा छ वा पश्चिम दिशामा छ अथवा उत्तर दिशामा छ, अग्लो छ वा होचो छ वा मझौला छ ?' यस्तो सोध्दा 'जान्दिन' भनी भन्छ। त्यससँग यस्तो सोध्छ—'हे पुरुष ! जो तिमी जान्दैनौ र देख्दैनौ—त्यस प्रासादको भर्याङ् तिमी बनाउँछौ त ?' यस्तो सोध्दा 'हो' भनी भन्छ।

"पोट्ठपाद ! यस्तो हुँदा सो पुरुषको कुरा अप्रमाणिक हुन्छ होइन त ?"

"भन्ते ! यस्तो भएमा अवश्य पनि उसको कुरा अप्रमाणिक हुन्छ।"

"पोट्ठपाद ! त्यस्तैगरी—जो ती श्रमण ब्राह्मणहरू मरणपछि एकान्तरूपले आत्म सुखी र निरोगी हुन्छ भन्ने वादी र दृष्टिका हुन् उनीहरूकहाँ गई यस्तो भन्छु—'साँच्चैहो के तपाइँ आयुष्मान्हरू मरणपछि एकान्तरूपले आत्मा सुखी र निरोगी हुन्छ भन्ने वादी र दृष्टिका हुनुहुन्छ ?' यस्तो सोध्दा 'हो' भनी भन्छन्। उनीहरूसँग म यस्तो भन्छु—'के त तपाइँ आयुष्मान्हरू एकान्तरूपले सुखदायी लोकको बारेमा जानी बुझी बस्नुहुन्छ त ?' यस्तो सोध्दा 'होइन' भनी भन्छन्।...

"पोट्ठपाद ! यदि यस्तो भएमा ती श्रमण ब्राह्मणहरूको वचन अप्रमाणिक हुन्छ होइन त ?"

"भन्ते ! यदि यस्तो भएमा अवश्य पनि ती श्रमण ब्राह्मणहरूको वचन अप्रमाणिक हुन्छ।"

तीन प्रकारको शरीर ग्रहण

"पोट्ठपाद ! तीन प्रकारको शरीर ग्रहण छन् । (१) स्थूल शरीर ग्रहण, (२) मनोमय शरीर ग्रहण र (३) अरूपी शरीर ग्रहण ।

"पोट्ठपाद ! स्थूल शरीर ग्रहण भनेको के हो ? चतुर्महाभूतले बनेको गाँस गाँस खाने रूप—यही हो स्थूल शरीर ग्रहण । मनोमय शरीर ग्रहण भनेको के हो ? सबै अङ्गप्रत्यङ्ग भएको इन्द्रिय हीन नभएको मनोमय रूप—यही हो मनोमय शरीर ग्रहण । अरूपी शरीर ग्रहण भनेको के हो ? संज्ञामय अरूप—यही हो अरूपी शरीर ग्रहण ।

"पोट्ठपाद ! स्थूल शरीर ग्रहणबाट छुट्कारा पाउनको लागि म धर्मदेशना गर्छु । जुन बाटोमा लाग्दा संक्लेशिक धर्महरू दूर हुने छन्, शुद्ध धर्महरू अभिवृद्धि हुने छन्, प्रज्ञापरिपूर्ण भई विपुलता प्राप्त गरी यसै जीवनमा अभिज्ञा साक्षात्कारगरी शान्त भई विहार गर्छन् । पोट्ठपाद ! शायद तिमीलाई यस्तो लाग्नसक्छ—'संक्लेशिक धर्महरू दूर हुने छन्, शुद्ध धर्महरू अभिवृद्धि हुने छन्, प्रज्ञा परिपूर्ण भई विपुलता प्राप्त गरी यसै जीवनमा अभिज्ञा साक्षात्कारगरी शान्त भई विहार गर्ने छन् । (तर) त्यो कठिन विहार हुनेछ ।' पोट्ठपाद ! यस्तो सम्झनु हुन्न । संक्लेशिक धर्महरू दूर हुने छन्...अभिज्ञा साक्षात्कारगरी शान्त भई विहार गर्ने छन्, प्रामोद्य पनि हुनेछ, प्रीति पनि हुनेछ, प्रशब्धी पनि हुनेछ, स्मृति सम्प्रजन्य पनि सुखविहार पनि हुनेछ ।

"पोट्ठपाद ! मनोमय शरीर ग्रहणबाट छुटकारा पाउनको लागि म धर्मदेशना गर्छु । जुन बाटोमा लाग्दा संक्लेशिक धर्महरू दूर हुने छन्,...यसै जीवनमा अभिज्ञा साक्षात्कारगरी शान्त भई विहार गर्ने छन् । पोट्ठपाद ! शायद तिमीलाई यस्तो लाग्न सक्छ कि— 'संक्लेशिक धर्महरू दूर हुने छन्...। (तर) त्यो कठिन विहार हुनेछ ।' पोट्ठपाद ! यस्तो सम्झनु हुन्न । संक्लेशिक धर्महरू दूर हुने छन्,...स्मृतिसम्प्रजन्य पनि सुखविहार पनि हुनेछ ।

"पोट्ठपाद ! अरूपी शरीर ग्रहणबाट छुटकारा पाउनको लागि म धर्मदेशना गर्छु । जुन बाटोमा लाग्दा संक्लेशिक धर्महरू दूर हुने छन्,...यसै जीवनमा अभिज्ञा साक्षात्कार गरी शान्त भई विहार गर्ने छन् । पोट्ठपाद ! शायद तिमीलाई यस्तो लाग्न सक्छ कि—'संक्लेशिक धर्महरू दूर हुने छन्,...। (तर) त्यो कठिन विहार हुनेछ ।' पोट्ठपाद ! यस्तो सम्झनु हुन्न । संक्लेशिक धर्महरू दूर हुने छन्...स्मृतिसम्प्रजन्य पनि सुखविहार पनि हुनेछ ।

"पोट्ठपाद ! अरूले हामीसँग यस्तो सोध्न सक्छन्—'आवुसो ! कुनचाहिं त्यो स्थूल शरीर ग्रहण हो जसको परित्यागको निमित्त तपाईंहरू धर्मदेशना गर्नुहुन्छ ? जसमा लाग्दा...यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कारगरी शान्त भई विहार गर्छन् ?" यस्तो सोध्दा हामी उनीहरूलाई यस्तो उत्तर दिन्छौं—'आवुसो ! यो वा त्यो स्थूल शरीर ग्रहण हो जसको परित्यागको निमित्त हामी धर्मदेशना गर्छौं । जसमा लाग्दा...यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कारगरी शान्त भई विहार गर्ने छन् ।'

"पोट्ठपाद ! हामीसँग अरूले यस्तो सोध्न सक्छन्—'आवुसो ! कुनचाहिं त्यो मनोमय शरीर ग्रहण हो जसको परित्यागको निमित्त तपाईंहरू धर्मदेशना गर्नुहुन्छ ? जसमा लाग्दा...यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कारगरी शान्त भई बस्छन् ?' यस्तो सोध्दा हामी उनीहरूलाई यस्तो उत्तर दिन्छौं—'आवुसो ! यो वा त्यो मनोमय शरीर ग्रहण हो जसको परित्यागको निमित्त हामी धर्मदेशना गर्छौं । जसमा लाग्दा...यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कारगरी शान्त भई विहार गर्छन् ।'

"पोट्ठपाद ! हामीसँग अरूले यस्तो सोध्न सक्छन्—'आवुसो ! कुनचाहिं त्यो अरूपी शरीर ग्रहण हो जसको परित्यागको निमित्त तपाईंहरू धर्मदेशना गर्नुहुन्छ ? जसमा लाग्दा...यसै जीवनमा अभिज्ञा साक्षात्कारगरी शान्त भई विहार गर्ने छन् ?' यस्तो सोध्दा हामी उनीहरूलाई यस्तो उत्तर दिन्छौं—'आवुसो ! यो वा त्यो अरूपी शरीर ग्रहण हो जसको परित्यागको निमित्त हामी धर्मदेशना गर्छौं । जसमा लाग्दा...यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कारगरी शान्त भई विहार गर्ने छन् ।'

"पोट्ठपाद ! यस्तो भएमा सप्रमाणिक वचन हुनेछ होइन ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! यस्तो भएमा अवश्य पनि सप्रमाणिक वचन हुनेछ ।"

"पोट्ठपाद ! जस्तै कुनै पुरुष प्रासादमाथि उक्लनको निमित्त

प्रासाद मनि बसेर भऱ्याङ् बनाउँछ । उसँग यस्तो सोधिन्छ—'हे पुरुष ! जो तिमी प्रासादमा उक्लनको निमित्त भऱ्याङ् बनाउँछौ, तिमीलाई थाहाछ के त्यो प्रासाद पूर्वदिशामा छ वा दक्षिणदिशामा छ वा पश्चिमदिशामा छ वा उत्तरदिशामा छ अथवा त्यो प्रासाद अग्लो छ वा होचो छ वा मध्यम छ भन्ने कुरा ?' उ यस्तो भन्छ—'यही त्यो प्रासाद हो जसको मनि बसेर प्रासादमा जानको निमित्त भऱ्याङ् बनाउँछु ।'

"पोट्ठपाद ! यस्तो भएमा त्यो पुरुषको वचन प्रामाणिक हुन्छ होइन त ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! यस्तो भएमा अवश्य पनि त्यो पुरुषको वचन प्रामाणिक हुन्छ ।"

"पोट्ठपाद ! यस्तैगरी अरूले हामीसँग यस्तो सोध्न सक्छन्—'आवुसो ! कुनचाहिं त्यो स्थूल शरीर ग्रहण हो...मनोमय शरीर ग्रहण हो...अरूपी शरीर ग्रहण हो जसको परित्यागको निमित्त तपाईंहरू धर्मदेशना गर्नुहुन्छ ? जसमा लाग्दा...यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कारगरी शान्त भई विहार गर्ने छन् ?' यस्तो सोध्दा हामी उनीहरूलाई यस्तो उत्तर दिन्छौं—'आवुसो ! यही त्यो...अरूपी शरीर ग्रहण हो जसको परित्यागको निमित्त हामी धर्मदेशना गर्छौं । जसमा लाग्दा...यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कारगरी शान्त भई विहार गर्ने छ ।'

"पोट्ठपाद ! यस्तो भएमा के त्यो वचन प्रामाणिक हुन्न त ? यसमा तिमी के भन्छौ ?"

"भन्ते ! यस्तो भएमा अवश्य पनि त्यो वचन प्रामाणिक हुनेछ ।"

भूत, भविष्य र वर्तमान शरीर

यस्तोभन्दा चित्तहत्थि सारिपुत्रले भगवान्‌लाई यस्तो भने—(१) "भन्ते ! जुन समयमा स्थूल शरीर प्रतिलाभ हुन्छ त्यस समय मनोमय शरीर प्रतिलाभ तुच्छ हुन्छ र अरूपी शरीर प्रतिलाभ पनि तुच्छ हुन्छ; स्थूल शरीर प्रतिलाभ मात्र त्यस समयमा सत्य हुन्छ । (२) भन्ते ! जुन समयमा मनोमय शरीर प्रतिलाभ हुन्छ त्यस समयमा स्थूल शरीर प्रतिलाभ तुच्छ हुन्छ र अरूपी शरीर प्रतिलाभ पनि तुच्छ हुन्छ; मनोमय शरीर प्रतिलाभ मात्र त्यस समयमा सत्य हुन्छ । (३) भन्ते ! जुन समयमा अरूपी शरीर प्रतिलाभ हुन्छ त्यस समयमा स्थूल शरीर प्रतिलाभ तुच्छ हुन्छ, मनोमय शरीर प्रतिलाभ पनि तुच्छ हुन्छ र अरूपी शरीर प्रतिलाभ मात्र त्यस समयमा सत्य हुन्छ ।"

"चित्त ! (१) जुन समय स्थूल शरीर प्रतिलाभ हुन्छ त्यस समयमा मनोमय शरीर प्रतिलाभ हुन्छ भनी भनिदैन न अरूपी शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ; त्यस समयमा स्थूल शरीर प्रतिलाभ मात्र हुन्छ भनिन्छ । (२) चित्त ! जुन समयमा मनोमय शरीर प्रतिलाभ हुन्छ त्यस समयमा स्थूल शरीर प्रतिलाभ हुन्छ भनी भनिदैन न अरूपी शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ; त्यस समयमा मनोमय शरीर

प्रतिलाभ मात्र हुन्छ भनिन्छ। (३) चित्त! जुन समयमा अरूपी शरीर प्रतिलाभ हुन्छ त्यस समयमा स्थूल शरीर प्रतिलाभ हुन्छ भनी भनिदैन न मनोमय शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ; त्यस समयमा अरूपी शरीर प्रतिलाभ मात्र हुन्छ भनिन्छ।

"चित्त! यदि तिमीसँग यस्तो सोध्छन्—'तिमी भूतकालमा थियौ कि थिएनौ; तिमी भविष्यकालमा हुनेछौ कि हुनेछैनौ; तिमी वर्तमानकालमाछौ कि छैनौ?' चित्त! यस्तो सोद्धा तिमी के भन्छौ?"

"भन्ते! यदि मसँग यस्तो सोध्छन् भने...म यस्तो भन्छु—'भूतकालमा म थिएँ न कि थिइन; म भविष्यकालमा पनि हुनेछु न कि हुनेछैन; अहिले पनि म छु, न म छैन।' यस्तो सोध्दा यस्तो भन्छु।"

"चित्त! यदि तिमीसँग यस्तो सोध्छन्—'जो तिम्रो भूतकालको शरीर प्रतिलाभ हो सोही शरीर प्रतिलाभ सत्य हो, भविष्यको र वर्तमानको तुच्छ हो? जो तिम्रो भविष्यको शरीर प्रतिलाभ हो सोही शरीर प्रतिलाभ सत्य हो, भूत र वर्तमानको तुच्छ हो? जो तिम्रो अहिले वर्तमानकालको शरीर प्रतिलाभ हो सोही शरीर प्रतिलाभ सत्य हो, भूतकालको र भविष्यकालको तुच्छ हो?' चित्त! यस्तो सोध्दा तिमी के भन्छौ?"

"भन्ते! यदि मसँग यस्तो सोध्छन् भने म यस्तो भन्छु—'जो मेरो भूत समयको शरीर प्रतिलाभ हो सोही शरीर प्रतिलाभ त्यस

समयमा सत्य हो, भविष्य र वर्तमानको तुच्छ हो । जो मेरो भविष्य समयको शरीर प्रतिलाभ हो सोही शरीर प्रतिलाभ त्यस समयमा सत्य हो, भूतकाल र वर्तमान समयको तुच्छ हो । जो मेरो वर्तमान समयको शरीर प्रतिलाभ हो सोही शरीर प्रतिलाभ सत्य हो, भूतकालको र भविष्यकालको तुच्छ हो ।' भन्ते ! यस्तो सोध्दा म यस्तो भन्छु ।"

"चित्त ! त्यस्तैगरी जुन समयमा स्थूल शरीर प्रतिलाभ हुन्छ न त्यस समयमा मनोमय शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ, न अरूपी शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ; स्थूल शरीर मात्र त्यस समयमा प्रतिलाभ हुन्छ भनी भनिन्छ । चित्त ! जुन समयमा मनोमय शरीर प्रतिलाभ हुन्छ न त्यस समयमा स्थूल शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ, न अरूपी शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ; मनोमय शरीर मात्र त्यस समयमा प्रतिलाभ हुन्छ भनी भनिन्छ । चित्त ! जुन समयमा अरूपी शरीर प्रतिलाभ हुन्छ न त्यस समयमा स्थूल शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ, न मनोमय शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ; अरूपी शरीर मात्र त्यस समयमा प्रतिलाभ हुन्छ भनी भनिन्छ ।

गाईबाट दूध, दूधबाट दही आदि

"चित्त ! जस्तै—गाईबाट दूध, दूधबाट दही, दहीबाट नौनी, नौनीबाट सप्पी, सप्पीबाट सप्पीमण्ड हुन्छ । जुन समयमा दूध हुन्छ त्यस समयमा न दही भनी भनिन्छ, न नौनी भनी भनिन्छ, न सप्पी

भनी भनिन्छ, न सप्पीमण्ड भनी भनिन्छ; त्यस समयमा दूध मात्र भनिन्छ। जुन समयमा दही हुन्छ,...जुन समयमा नौनी हुन्छ,.. जुन समयमा सप्पी हुन्छ,...जुन समयमा सप्पीमण्ड हुन्छ त्यस समयमा न दूध भनी भनिन्छ, न दही भनी भनिन्छ, न नौनी भनी भनिन्छ, न सप्पी भनी भनिन्छ, त्यस समयमा सप्पीमण्ड मात्र भनिन्छ। चित्त! यस्तैगरी—जुन समयमा स्थूल शरीर प्रतिलाभ हुन्छ,...चित्त! जुन समयमा मनोमय शरीर प्रतिलाभ हुन्छ,.. चित्त! जुन समयमा अरूपी शरीर प्रतिलाभ हुन्छ त्यस समयमा न स्थूल शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ, न मनोमय शरीर प्रतिलाभ हुन्छ भनी भनिन्छ; त्यस समयमा अरूपी शरीर मात्र प्रतिलाभ हुन्छ भनी भनिन्छ। चित्त! यिनीहरू लोकसंज्ञा हुन्, लोक निरुक्ति हुन्, लोक व्यवहार हुन्, लोक प्रज्ञप्ति हुन् जुन तथागतले पनि निर्लिप्त भई व्यवहार गर्छन्।"

चित्तहत्थि सारिपुत्र अरहन्त भए

यस्तोभन्दा पोट्ठपाद परिव्राजकले भगवान्लाई यस्तो भने—"धन्यहो भन्ते! धन्यहो भन्ते!!.. भन्ते! अब म भगवान्को शरणमा पर्छु धर्म र भिक्षुसङ्घको पनि। आजदेखि उपासक हो भनी भगवान्ले धारण गर्नुहोस्।"

चित्तहत्थि सारिपुत्रले चाहिं भगवान्लाई यस्तो भने—"धन्यहो भन्ते! धन्यहो भन्ते!! जस्तै—घोप्टेकोलाई उत्तानो

पारिदिँदा, ढाकिएकोलाई उघार्दिँदा, बाटो भुलेकोलाई बाटो देखाइ-दिँदा, अन्धकारमा बत्ति बालिदिँदा आँखा हुनेहरूले रूप देखिने हो—यस्तैगरी तपाईं भगवान्ले मलाई अनेकप्रकारले धर्म प्रकाश पारिदिनु भयो। भन्ते! अब म भगवान्को शरणमा पर्छु धर्म र भिक्षुसङ्घको पनि। भन्ते! मैले भगवान् समक्ष प्रव्रज्या र उपसम्पदा पाऊँ।"

अनि चित्तहत्थि सारिपुत्रले भगवान् समक्ष प्रव्रज्या र उपसम्पदा पाए। प्रव्रजित भएको चिरकाल नबित्दै आयुष्मान् चित्तहत्थि सारिपुत्र एकान्तवास गरी अप्रमत्त भई, आतप्तयुक्त भई वीर्यवान् भई बसिरहँदा—जसको निमित्त कुलपुत्रहरू सम्यक्रूपले घरबार छाडी प्रव्रजित भई ब्रह्मचर्यवास पूरा गर्छन्—त्यस्तैगरी यसै जीवनमा स्वयं अभिज्ञा साक्षात्कार गरी उपशान्त भई विहार गरे। "जाति क्षीणभयो, ब्रह्मचर्यवास पूराभयो, गर्नुपर्ने गरिसकें अब उप्रान्त यहाँ आउनुपर्ने कुनै हेतु छैन" भन्ने पनि थाहापाए। सो आयुष्मान् चित्तहत्थि सारिपुत्र अरहन्तहरूमध्येमा एक भए।

३१।२१. पोतलिपुत्र परिब्राजक

परिचय

एकदिन यी पोतलिपुत्र परिब्राजक डुल्दै टहलिंदै जहाँ आयुष्मान् समिद्धि बसेका थिए त्यहाँ गए। त्यहाँ गएर आयुष्मान् समिद्धिसँग यिनले "श्रमण गौतमले कायकर्म र वचीकर्म तुच्छ छन् केवल मनःकर्म मात्र सत्य हो भनेको कुरा मैले सुनेकोछु; के यो कुरा साँच्चै हो ?" भनी सोधे।

आयुष्मान् समिद्धिले "यस्तो नभन, भगवान्माथि झूटो आरोप लगाउन ठीक छैन" भनी भन्नुभयो। यो सुनेर पोतलिपुत्र परिब्राजक चुपलागेर फर्केर गए।

पछि आयुष्मान समिद्धिले पोतलिपुत्र परिब्राजकले सुनाएका कुरा भगवान्सँग सोध्दा भगवान्ले "उनलाई मैले देखेकै छैन" भनी भन्नुभयो। यसबाट थाहा हुन्छ कि पोतलिपुत्र परिब्राजक झूटावादी थिए।

× × ×

मूल सूत्र—

पोतलिपुत्र र समिद्धिको बीच वार्ता
(महाकम्मविभङ्गसुत्त[1])

यस्तो मैले सुनें।

एक समय, भगवान् राजगृह स्थित वेणुवनको कलन्दक-निवापमा बस्नुभएको थियो। त्यसबखत आयुष्मान् समिद्धि अरण्य कुटिकामा बस्नुभएको थियो। अनि पोतलिपुत्र परिब्राजक टहलिंदै टहलिंदै जहाँ आयुष्मान् समिद्धि थिए त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् समिद्धिसँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसके-पछि एक छेउमा बसे। एक छेउमा बसेका पोतलिपुत्र परिब्राजकले आयुष्मान् समिद्धिलाई यस्तो भने—

"आवुसो समिद्धि! 'कायकर्म तुच्छ हो, वचीकर्म तुच्छ हो र मनःकर्म मात्र सत्य हो[2]' भन्ने कुरा मैले श्रमण गौतमको सम्मुखमा

---

१. म. नि. III. पृ. २८७; अ. क. IV. पृ. १६३.

२. यो कुरा यिनले भगवान्बाट सुनेका होइनन्। कायकर्म, वचीकर्मको भन्दा मनःकर्मको दोष धेरै गरुँगो छ भन्ने कुरा भगवान्ले

सुनेको छु, सम्मुखमा ग्रहण गरेको छु। (यो पनि सुनेको छु कि) 'त्यस्तो समापत्ति छ जुन समापत्तिमा बस्दा केही वेदना हुन्न'[1]।'

"आवुसो पोतलिपुत्र ! यस्तो नभन। आवुसो पोतलिपुत्र ! यस्तो नभन। भगवान्‌लाई झूटो आरोप नलगाऊ। भगवान्‌लाई झूटो आरोप लगाउनु ठीक होइन। भगवान्‌ले 'कायकर्म तुच्छ हो, वचीकर्म तुच्छ हो र मनःकर्म मात्र सत्य हो' भनी भन्नुहुन्न। आवुसो ! त्यस्तो समापत्ति छ जुन समापत्तिमा बस्दा केही वेदना हुन्न।"

"आवुसो समिद्धि ! प्रव्रजित भएको कति हुनुभयो ?"

"आवुसो ! धेरै भएको छैन केवल तीन वर्ष भयो।"

"जहाँ कि यस्ता तरुण भिक्षुले पनि शास्ताको रक्षा गर्न सोज्छन् भने स्थविर भिक्षुहरूको त के कुरा। आवुसो समिद्धि ! कायवचन मनले सञ्चेतनिक कर्म गऱ्यो भने उसले के अनुभव गर्छ ?"

उपालिसूत्रमा उल्लेख गर्नुभएको छ। यो कुरा चाहिं तीर्थीयहरूको बीचमा निकै प्रख्यात भएको थियो। यिनले यसै कुरालाई लिएर यसो भनेका हुन् भनी पपं. सू. IV. पृ. १६३: महाकम्मविभङ्ग-सुत्तवण्णनाले उल्लेख गरेको छ। उपालिसूत्रको अनुवाद लेखकको बु. गृ. भा-२, पृ. ७० मा उल्लेख भएको छ।

१. यो चाहिं उनले दी. नि. I. पृ. १५१ को पोट्ठपाद सूत्रमा 'अभिज्ञा-निरोध हुन्छ' भन्ने कुरा सुनेको आधारमा भनेका हुन् भनी पपं. सू. IV. पृ. १६३: महाकम्मविभङ्गसुत्तवण्णनाले उल्लेख गरेको छ।

"आवुसो पोतलिपुत्र ! कायवचन मनले सञ्चेतनिक कर्म गर्‍यो भने उसले दुःख अनुभव गर्छ ।"

अनि पोतलिपुत्र परिव्राजकले आयुष्मान् समिद्धिको भाषणलाई न अभिनन्दन गरे न निन्दा नै । अभिनन्दन पनि नगरी निन्दा पनि नगरी पोतलिपुत्र परिव्राजक आसनबाट उठेर गए ।

अनि पोतलिपुत्र परिव्राजक गएको केहिछिनपछि आयुष्मान् समिद्धि जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि आयुष्मान् आनन्दसँग सम्मोदन गरे । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे । एक छेउमा बसेका आयुष्मान् समिद्धिले जति कुरा पोतलिपुत्र परिव्राजकसँग भएको थियो ती सबै आयुष्मान् आनन्दलाई सुनाए ।

यसोभन्दा आयुष्मान् आनन्दले आयुष्मान् समिद्धिलाई यस्तो भन्नुभयो—"आवुसो समिद्धि ! यो कुराको प्रसंगमा भगवान्‌को दर्शन गर्नु ठीक हुनेछ । आवुसो समिद्धि ! जहाँ भगवान् हुनुहुन्छ त्यहाँ जाऔं । त्यहाँ गएर भगवान्‌लाई यो कुरा सुनाऔं । जस्तो भगवान् भन्नुहुन्छ त्यस्तै हामी धारणा गरौं ।" "हुन्छ आवुसो" भनी आयुष्मान् समिद्धिले आयुष्मान् आनन्दलाई प्रत्युत्तर दिए ।

अनि आयुष्मान् आनन्द र आयुष्मान् समिद्धि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका आयुष्मान् आनन्दले जति कुराकानी

आयुष्मान् समिद्धि र पोतलिपुत्र परिव्राजकको बीच भएको थियो ती सबै भगवान्लाई बताउनुभयो। यसोभन्दा भगवान्ले आयुष्मान् आनन्दलाई यस्तो भन्नुभयो—"आनन्द! मैले पोतलिपुत्रलाई देखेको त छैन भने उनीसँग कहाँको यस्तो कुरा! आनन्द! विभाजन गरी बताउनु पर्ने पोतलिपुत्र परिव्राजकको प्रश्नलाई यी मोघपुरुष समिद्धिले एकतर्फी उत्तर दिए।" यसोभन्दा आयुष्मान् उदायी (लाल) ले भगवान्लाई यस्तो भने—"भन्ते! शायद आयुष्मान् समिद्धिले 'जे जति अनुभव गरिन्छ ती सबै दुःख हुन्' भन्ने भावनाको आधारमा भनेको हो कि?"

अनि भगवान्ले आयुष्मान् आनन्दलाई आमन्त्रण गर्नुभयो—"आनन्द! देख्छौ यी मोघपुरुष उदायीको कुमार्ग! आनन्द! मैले जानिसकेको छु कि यी मोघपुरुष उदायीले अज्ञानपूर्वक शीर उठाउने छन्। आनन्द! शुरुमै पोतलिपुत्र परिव्राजकले तीन वेदनाको सम्बन्धमा सोधे। आनन्द! यदि यी मोघपुरुष समिद्धिले यस्तो सोधेका पोतलिपुत्र परिव्राजकलाई—'आवुसो पोतलिपुत्र! सञ्चेतनिक काय-वचन-मनःकर्म गर्दा सुखवेदनीय सुख उसले अनुभव गर्छ; आवुसो पोतलिपुत्र! सञ्चेतनिक काय-वचन-मनःकर्म गर्दा दुःखवेदनीय दुःख उसले अनुभव गर्छ; आवुसो पोतलिपुत्र! सञ्चेतनिक काय, वचन र मनः-कर्म गर्दा अदुःखमसुखवेदनीय अदुःखमसुख उसले अनुभव गर्छ' भनी यस्तो उत्तर दिनुपर्थ्यो। आनन्द! यसरी उत्तर दिएको भए मोघपुरुष समिद्धिले पोतलिपुत्र परिव्राजकलाई ठीक उत्तर दिएको हुने थियो। आनन्द! यी मूर्ख अव्यक्त अन्यतीर्थीय परिव्राजकहरूले तथागतको

महाकर्मविभङ्गलाई के जान्न सक्लान् र ! आनन्द ! यदि तथागतको महाकर्मविभङ्गको कुरा विभाजन गरी सुन्न चाहन्छौ भने (बताउनेछु) ।"

महाकर्मविभङ्गको व्याख्या

"भगवान् ! यसको यो समय हो, सुगत ! यसको यो समय हो; भगवान्द्वारा जुन् महाकर्मविभङ्गको विभाजन हुने छ— त्यो भगवान्सँग सुनी भिक्षुहरूले धारणा गर्ने छन् ।"

"आनन्द ! त्यसोभए सुन; राम्ररी मनमा राख; भन्नेछु ।" "हवस् भन्ते" भनी आयुष्मान् आनन्दले भगवान्लाई प्रत्युत्तर दिनुभयो । भगवान्ले यस्तो भन्नुभयो —

चार प्रकारका व्यक्तिहरू

"आनन्द ! यो लोकमा चार किसिमका व्यक्तिहरू छन् । कुन चार भने ?—

a. १–"आनन्द ! यहाँ कुनै व्यक्ति प्राणातिपाती हुन्छ, अदिन्ना-दायी हुन्छ, कामभिथ्याचारी हुन्छ, मृषावादी हुन्छ, पैशुन्यवादी हुन्छ, परुषवादी हुन्छ, सम्प्रलापी हुन्छ, अभिध्यालु (=लोभी) हुन्छ, द्वेषी हुन्छ र मिथ्यादृष्टिक हुन्छ । उ मृत्युपछि शरीरछाडी अपायदुर्गति विनिपात नरकमा उत्पन्न हुन्छ ।

a. २–"आनन्द ! यहाँ कुनै व्यक्ति प्राणातिपाती हुन्छ, . द्वेषी हुन्छ र मिथ्यादृष्टिक हुन्छ । उ मृत्युपछि शरीरछाडी सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ ।

a. ३–"आनन्द ! यहाँ कुनै व्यक्ति प्राणातिपातबाट विरत रहन्छ, अदिन्नादानबाट विरत रहन्छ, काममिथ्याचारबाट विरत रहन्छ, मृषावादबाट विरत रहन्छ, पैशुन्यवाचाबाट विरत रहन्छ, परुषवाचाबाट विरत रहन्छ, सम्प्रलापबाट विरत रहन्छ, अनभिध्यालु (=निर्लोभी) हुन्छ, अद्वेषी हुन्छ र सम्यक्‌दृष्टिक हुन्छ । उ मृत्युपछि शरीरछाडी सुगति स्वर्गलोकमा उत्पन्न हुन्छ ।

a. ४–'आनन्द ! यहाँ कुनै व्यक्ति प्राणातिपातबाट विरत रहन्छ,...अद्वेषी हुन्छ र सम्यक्‌दृष्टिक हुन्छ । उ मृत्युपछि शरीरछाडी अपाय दुर्गति विनिपात नरकमा उत्पन्न हुन्छ ।

b. १–"आनन्द ! यहाँ कुनै श्रमण वा ब्राह्मण आतप्तगरी, वीर्यगरी, अनुयोगगरी, अप्रमाद भई तथा राम्ररी मनमा राख्ने भई त्यस्तो समाधि प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा अमानुषीय विशुद्ध दिव्यचक्षुद्वारा त्यस व्यक्तिलाई देख्छ जो यहाँ प्राणातिपाती,... तथा मिथ्यादृष्टिक थियो । जो मृत्युपछि शरीरछाडी अपाय दुर्गति विनिपात नरकमा उत्पन्न भयो । उ यसो भन्छ—'भो ! पापकर्महरू छन् र दुश्चरितकर्मको विपाक (=फल) छ । मैले फलाना व्यक्तिलाई देखें जो यहाँ प्राणातिपाती,...तथा मिथ्यादृष्टिक थियो । जो मृत्युपछि... नरकमा उत्पन्नभयो ।' उ यसो भन्छ—'भो ! जो प्राणातिपाती हुन्छ...

तथा मिथ्यादृष्टिक हुन्छ ती सबै मृत्युपछि...नरकमा उत्पन्न हुन्छन्। जसले यस्तो जान्दछ त्यसले ठीक जान्दछ। जो जसले अन्यथा जान्दछन् उनीहरूको ज्ञान मिथ्या हो।' अनि जसलाई उसले स्वयं जान्यो, स्वयं देख्यो र स्वयं बुझ्यो त्यसैलाई लिई परामर्श गरी बस्छ र यस्तो भन्छ—'यही सत्य हो अरू तुच्छ हुन्।'

b. २—"आनन्द! यहाँ कुनै श्रमण वा ब्राह्मण आतप्तगरी,... त्यस्तो समाधि प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा...त्यस व्यक्तिलाई देख्छ जो यहाँ प्राणातिपाती,..तथा मिथ्यादृष्टिक थियो जो मृत्युपछि ..सुगति स्वर्गलोकमा उत्पन्न भयो। उ यसो भन्छ—'भो! पापकर्महरू छैनन् र दुश्चरितको विपाक छैन। मैले फलाना व्यक्तिलाई देखें जो यहाँ प्राणातिपाती,...तथा मिथ्यादृष्टिक थियो। जो मृत्युपछि ...स्वर्गलोकमा उत्पन्न भयो।' उ यसो भन्छ—'भो! जो प्राणातिपाती हुन्छ,...तथा मिथ्यादृष्टिक हुन्छ ती सबै मृत्युपछि...स्वर्गलोकमा उत्पन्न हुन्छन्। जसले यस्तो जान्दछ त्यसले ठीक जान्दछ। जो जसले अन्यथा जान्दछन् उनीहरूको ज्ञान मिथ्या हो।' अनि जुन उसले स्वयं जान्यो, स्वयं देख्यो र स्वयं बुझ्यो उसैलाई लिई परामर्श गरी बस्छ र यसो भन्छ—'यही सत्य हो अरू तुच्छ हुन।'

b. ३—"आनन्द! यहाँ कुनै श्रमण वा ब्राह्मण आतप्त गरी,... त्यस्तो समाधि प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा.. त्यस व्यक्तिलाई देख्छ जो यहाँ प्राणातिपातबाट विरत थियो, अदिन्नादानबाट विरत थियो,...तथा सम्यक्दृष्टिक थियो। जो मृत्युपछि सुगति स्वर्गलोकमा

उत्पन्न भयो । उ यसो भन्छ—'भो ! असल कर्महरू छन् र सुचरितको विपाक छ । मैले फलाना व्यक्तिलाई देखें जो यहाँ प्राणातिपातबाट विरत थियो,...तथा सम्यक्‌दृष्टिक थियो । जो मृत्युपछि...स्वर्गलोकमा उत्पन्न भयो ।' उ यसो भन्छ—'भो ! जो प्राणातिपातबाट विरत हुन्छ,...तथा सम्यक्‌दृष्टिक हुन्छ ती सबै मृत्युपछि.. स्वर्गलोकमा उत्पन्न हुन्छन् । जसले यस्तो जान्दछ त्यसले ठीक जान्दछ । जो जसले अन्यथा जान्दछन् उनीहरूको ज्ञान मिथ्या हो ।' अनि जुन उसले स्वयं जान्यो, स्वयं देख्यो र स्वयं बुझ्यो त्यसैलाई लिई परामर्श गरी बस्छ र यसो भन्छ—'यही सत्य हो अरू तुच्छ हुन् ।'

b. ४–"आनन्द ! यहाँ कुनै श्रमण वा ब्राह्मण आतप्तगरी,... त्यस्तो समाधि प्राप्त गर्छ जुन समाधिमा समाधिष्ठ हुँदा.. त्यस व्यक्तिलाई देख्छ जो यहाँ प्राणातिपातबाट विरत थियो,...र सम्यक्‌दृष्टिक थियो । जो मृत्युपछि...नरकमा उत्पन्न भयो । उ यसो भन्छ—'भो ! असल कर्महरू छैनन् र सुचरितको फल छैन । मैले फलाना व्यक्तिलाई देखें जो यहाँ प्राणातिपातबाट विरत थियो,...र सम्यक्‌दृष्टिक थियो । जो मृत्युपछि...नरकमा उत्पन्न भयो ।' उ यसो भन्छ—'भो ! जो प्राणातिपातबाट विरत हुन्छ,...तथा सम्यक्‌दृष्टिक हुन्छ ती सबै मृत्युपछि,... नरकमा उत्पन्न हुन्छ । जो जसले यस्तो जान्दछ उ उसले ठीक जान्दछ । जसले अन्यथा जान्दछन् उनीहरूको ज्ञान मिथ्या हो ।' अनि जुन उसले स्वयं जान्यो, स्वयं देख्यो र स्वयं बुझ्यो त्यसलाई लिई परामर्श गरी बस्छ र यसो भन्छ—'यही सत्य हो अरू तुच्छ हुन् ।'

C. १–"आनन्द ! जो श्रमण वा ब्राह्मण त्यहाँ यस्तो भन्छ—(१) 'भो ! पापकर्महरू छन् र दुश्चरितको विपाक छ।' उसको यस कुरासँग म सहमत छु। (२) जो उ यसो भन्छ—'मैले त्यस्तो पुरुष देखें जो यहाँ प्राणातिपाती थियो,...र मिथ्यादृष्टिक थियो। जो मृत्युपछि...नरकमा उत्पन्न भयो।' यसमा पनि म सहमत छु। (३) जो उ यसो भन्छ—'भो ! जति प्राणातिपाती . र मिथ्यादृष्टिक हुन्छन् ती सबै मृत्युपछि...नरकमा उत्पन्न हुन्छन्।' यसमा भने म सहमत छैन। (४) जो उ यस्तो भन्छ—'जतिले यसरी जान्दछन् उनीहरू ठीक जान्दछन्। जतिले अन्यथा जान्दछन् उनीहरूको ज्ञान मिथ्या हो।' यसमा पनि मेरो सहमत छैन। (५) जो जसले स्वयं जानेर, स्वयं देखेर तथा स्वयं बुझेर त्यसलाई लिई परामर्श गरी बस्छ र यस्तो भन्छ—'यही सत्य हो अरू तुच्छ हुन।' यसमा पनि मेरो सहमत छैन। किनभने ?—आनन्द ! तथागतको महाकर्मविभङ्गमा अर्कै ढंगको ज्ञान हुन्छ।

C. २–"आनन्द ! जो श्रमण वा ब्राह्मण त्यहाँ यस्तो भन्दछ—(१) 'भो ! पापकर्महरू छैनन् र दुश्चरितको फल छैन।' उसको यस कुरामा मेरो सहमत छैन। (२) जो उ यसो भन्छ—'मैले त्यस्तो पुरुष देखें जो यहाँ प्राणातिपाती,...र मिथ्यादृष्टिक थियो। जो मृत्युपछि...स्वर्गलोकमा उत्पन्न भयो।' यसमा पनि म सहमत छैन। (३) जो उ यस्तो भन्दछ—'भो ! जो प्राणातिपाती,...र मिथ्यादृष्टिक हुन्छ ती सबै मृत्युपछि...स्वर्गलोकमा उत्पन्न हुन्छ।' यसमा पनि

मेरो सहमत छैन। (४) जो उ यस्तो भन्छ—'जतिले यसरी जान्दछन् उनीहरू ठीक जान्दछन्। जो जसले अन्यथा जान्दछन् उनीहरूको ज्ञान मिथ्या हो।' यसमा पनि मेरो सहमत छैन। (५) जो उसले स्वयं जानेर, स्वयं देखेर तथा स्वयं बुझेर त्यसैलाई लिई परामर्श गरी बस्छ र यस्तो भन्छ—"यही सत्य हो अरू तुच्छ हुन्।' यसमा पनि मेरो सहमत छैन। किनभने—आनन्द! तथागतको महाकर्मविभङ्गमा अर्कै ढंगको ज्ञान हुन्छ।

C. ३—"आनन्द! जो श्रमण वा ब्राह्मण त्यहाँ यस्तो भन्छ—(१) 'अकुशलकर्महरू छन् र सुचरितको विपाक छ।' उसको यस कुरासँग मेरो सहमत छ। (२) जो उ यसो भन्छ—'मैले त्यस्तो पुरुष देखें जो यहाँ प्राणातिपातबाट विरत थियो,.. र सम्यक्दृष्टिक थियो। जो मृत्युपछि...स्वर्गलोकमा उत्पन्न भयो।' यो कुरामा पनि मेरो सहमत छ। (३) जो उ यसो भन्छ—'जो प्राणातिपातबाट विरत हुन्छ,...र सम्यक्दृष्टिक हुन्छ ती सबै मृत्युपछि...स्वर्गलोकमा उत्पन्न हुन्छ।' यसमा भने मेरो सहमत छैन। (४) जो उ यसो भन्छ—'जतिले यसरी जान्दछन् उनीहरू ठीक जान्दछन्। जो जसले अन्यथा जान्दछ उनीहरूको ज्ञान मिथ्या हो।' यसमा पनि मेरो सहमत छैन। (५) जो उसले स्वयं जानेर, स्वयं देखेर तथा स्वयं बुझेर त्यसैलाई लिई परामर्श गरी बस्छ र यसो भन्छ—'यही सत्य हो अरू तुच्छ हुन्।' यसमा पनि मेरो सहमत छैन। किनभने ?—आनन्द! तथागतको महाकर्मविभङ्गमा अर्कै ढंगको ज्ञान हुन्छ।

८. ४—"आनन्द ! जो श्रमण वा ब्राह्मण त्यहाँ यसो भन्छ— (१) 'असल कर्महरू छैनन् र सुचरितको विपाक छैन ।' उसको यस कुरामा मेरो सहमत छैन । (२) जो उ यसो भन्छ—मैले यस्तो पुरुष देखें जो यहाँ प्राणातिपातबाट विरत थियो,...र सम्यक्दृष्टिक थियो । जो मृत्युपछि...नरकमा उत्पन्न भयो ।' यसमा पनि म सहमत छैन । (३) जो उ यसो भन्छ—'जो प्राणातिपातबाट विरत हुन्छ,...र सम्यक्दृष्टिक हुन्छ ती सबै मृत्युपछि...नरकमा उत्पन्न हुन्छन् ।' यसमा पनि मेरो सहमत छैन । (४) जो उ यसो भन्छ—'जो जसले यसरी जान्दछ उनीहरू ठीक जान्दछन् । जो जसले अन्यथा जान्दछन् उनीहरूको ज्ञान मिथ्या हो ।' यसमा पनि म सहमत छैन । (५) जो उसले स्वयं जानेर, स्वयं देखेर तथा स्वयं बुझेर त्यसलाई लिई परामर्श गर्छ र यस्तो भन्छ—'यही सत्य हो अरू तुच्छ हुन् ।' यसमा पनि मेरो सहमत छैन । किनभने ?—तथागतको महाकर्मविभङ्गमा अर्कै ढंगको ज्ञान हुन्छ ।

चारप्रकारका कर्महरू

(१) "आनन्द ! त्यहाँ जो व्यक्ति यहाँ प्राणातिपाती भई...र मिथ्यादृष्टिक भई मृत्युपछि...नरकमा उत्पन्न हुन्छ (भनिएको छ) । उसले पहिले[१] नै दुःखवेदनीय पापकर्म गरेको हुन्छ, अथवा पछि[१] दुःखवेदनीय पापकर्म गरेको हुन्छ, अथवा मरणासन्नमा[१]

१. यहाँ जुन 'पहिले नै दुःखवेदनीय पापकर्म गरेको हुन्छ' भनी सूत्रमा

मिथ्यादृष्टिलाई ग्रहण गरेको हुन्छ। त्यसले उ मृत्युपछि... नरकमा उत्पन्न हुन्छ। जो उ यहाँ प्राणातिपाती हुन्छ,... र मिथ्यादृष्टिक हुन्छ त्यसबाट यसै जीवनमा भोग्नुपर्ने (दिट्ठधम्मवेदनीय) कर्म पनि हुनसक्छ, यसपछिको जीवनमा तुरन्त भोग्नुपर्ने (उपपज्ज वेदनीय) कर्म पनि हुनसक्छ र अरू अरू जीवनमा भोग्नुपर्ने (अपरापरिय वेदनीय) कर्म पनि हुनसक्छ[1]।

(२) "आनन्द! त्यहाँ जो व्यक्ति यहाँ प्राणातिपाती,... र मिथ्यादृष्टिक हुन्छ उ मृत्युपछि...स्वर्गलोकमा उत्पन्न हुन्छ। उसले

उल्लेख भएको छ त्यसको मतलब त्यो ध्यानी पुरुषले देख्नुभन्दा 'पहिले नै' उसले पापकर्म गरेको हुन्छ भनिएको हो। त्यस्तैगरी 'पछि' भनेको ध्यानी पुरुषले देखिसकेपछि 'पछि गरेको पापकर्म' भनी भनिएको हो। त्यस्तैगरी 'मरणासन्नमा' भनेको मरण हुने समयमा चित्तमा मिथ्यादृष्टिको धारणा पर्न जान सक्छ। अत: ध्यानीले देख्नुभन्दा अगाडि वा पछाडि पनि कुशल र अकुशल गरेको हुनसक्छ। पपं. सू. IV. पृ. १६५: महाकम्मविभङ्गसुत्तवण्णना।

१. भनाइको मतलब के भने कर्म थरि थरिका हुन्छन्। कुनै कर्मफल यसै जीवनमा दिने कर्म, कुनै कर्म अर्को जीवनमा फल दिने कर्म र कुनै त्यसभन्दा अर्कै अर्कै जीवनमा दिने कर्मफलहरू छन्। यी कर्महरू जम्मा १२ प्रकारका छन् भनी अट्ठकथाहरूले उल्लेख गरेका छन्। यसबारे लेखकको बु. प्रे. पृ. ७१ मा उल्लेख भएको पाद-टिप्पणीमा हेर्नू।

पहिले नै सुखवेदनीय कल्याणकर्म गरेको हुन्छ अथवा पछि सुखवेदनीय कल्याणकर्म गरेको हुन्छ अथवा मरणासन्नमा सम्यक्‌दृष्टिलाई ग्रहण गरेको हुन्छ। त्यसैले उ मृत्युपछि...स्वर्गलोकमा उत्पन्न हुन्छ। जो उ यहाँ प्राणातिपाती हुन्छ...र मिथ्यादृष्टिक हुन्छ त्यसबाट यसै जीवनमा भोग्नुपर्ने कर्म पनि हुनसक्छ, यस जीवनपछिको जीवनमा तुरन्त भोग्नुपर्ने कर्म पनि हुनसक्छ र अरू अरू जीवनमा भोग्नुपर्ने कर्म पनि हुनसक्छ।

(३) "आनन्द! त्यहाँ जो व्यक्ति यहाँ प्राणातिपातबाट विरत भई,...सम्यक्‌दृष्टिक भई मृत्युपछि...स्वर्गलोकमा उत्पन्न हुन्छ। उसले पहिले नै सुखवेदनीय कल्याणकर्म गरेको हुन्छ अथवा पछि सुखवेदनीय कल्याणकर्म गरेको हुन्छ अथवा मरणासन्नमा सम्यक्‌दृष्टिलाई ग्रहण गरेको हुन्छ। त्यसैले उ मृत्युपछि...स्वर्ग-लोकमा उत्पन्न हुन्छ। जो उ यहाँ प्राणातिपातबाट विरत हुन्छ,...र सम्यक्‌दृष्टिक हुन्छ त्यसबाट यसै जीवनमा भोग्नुपर्ने कर्म पनि हुनसक्छ, यसपछिको जीवनमा तुरन्तै भोग्नुपर्ने कर्म पनि हुनसक्छ र अरू अरू जीवनमा भोग्नुपर्ने कर्म पनि हुनसक्छ।

(४) "आनन्द! त्यहाँ जो व्यक्ति यहाँ प्राणातिपातबाट विरत भई,...सम्यक्‌दृष्टिक भई मृत्युपछि...नरकमा उत्पन्न हुन्छ। उसले पहिले नै दुःखवेदनीय पापकर्म गरेको हुन्छ अथवा पछि दुःख-वेदनीय पापकर्म गरेको हुन्छ अथवा मरणासन्नमा मिथ्यादृष्टि-लाई ग्रहण गरेको हुन्छ। त्यसैले उ मृत्युपछि...नरकमा उत्पन्न हुन्छ।

जो त यहाँ प्राणातिपातबाट विरत हुन्छ,...सम्यक्‌दृष्टिक हुन्छ त्यसबाट यसै जीवनमा भोग्नुपर्ने कर्म पनि हुनसक्छ, यसपछिको जीवनमा तुरुन्तै भोग्नुपर्ने कर्म पनि हुनसक्छ र अरू अरू जीवनमा भोग्नुपर्ने कर्म पनि हुनसक्छ।

"आनन्द! यहाँ अकुशल (अभव्व) कर्मलाई अकुशल कर्मले प्रभावित पार्नसक्ने कर्म छ। अकुशल कर्मलाई कुशल (भव्व) कर्मले प्रभावित पार्नसक्ने कर्म छ। कुशल कर्मलाई कुशल कर्मले प्रभावित पार्नसक्ने कर्म छ। कुशल कर्मलाई अकुशल कर्मले प्रभावित पार्नसक्ने कर्म छ।"

भगवान्‌ले यति भन्नुभएपछि सन्तुष्टभएका आयुष्मान् आनन्दले भगवान्‌को भाषणलाई अभिनन्दन गर्नुभयो।

३२।२२. पोतलिय परिब्राजक

प रि च य

यी पोतलिय परिब्राजक एक जिज्ञासु स्वभावका थिए। एकदिन थिनी भगवानकहाँ जाँदा थिनको मनोभावलाई बुझ्नुभई भगवान्ले थिनलाई चारप्रकारका व्यक्तिहरू भएका कुरा सुनाउनु भएको थियो। यो कुरा सुनी पोतलिय परिब्राजक खुशी भई बुद्धको शरणमा गएका थिए।

(पोतलिय नामका कति व्यक्तिहरू छन् भन्ने कुरा लेखकको बु. गू. भा–३, पृ. १४० मा उल्लेख भइसकेको छ।)

× × ×

मूल सूत्र—

वर्णन र अवर्णन गर्ने व्यक्तिहरू

(पोतलियसुत्तं[१])

अनि पोतलिय परिव्राजक जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका पोतलिय परिव्राजक-लाई भगवान्ले यस्तो भन्नुभयो—

"पोतलिय ! यो लोकमा चार किसिमका व्यक्तिहरू छन्। कुन चार भने ?—(१) पोतलिय ! यहाँ कुनै व्यक्ति अवर्णनीय पुरुषको अवर्णन, समयमा तथा सत्यकुराको आधारमा गर्छ। तर वर्णनीय पुरुषको वर्णन भने समयमा तथा सत्यकुराको आधारमा गर्दैन। (२) पोतलिय ! यहाँ कुनै व्यक्ति वर्णनीय पुरुषको वर्णन, समयमा तथा सत्यकुराको आधारमा गर्छ। तर अवर्णनीय पुरुषको अवर्णन भने समयमा तथा सत्यकुराको आधारमा गर्दैन। (३) पोतलिय ! यहाँ कुनै व्यक्ति अवर्णनीय पुरुषको अवर्णन र वर्णनीय पुरुषको वर्णन, समयमा तथा

१. अं. नि-४, पृ. १०५: असुरवग्गो; अ. क. II. पृ. ५२७.

सत्यकुराको आधारमा गर्दैन। (४) पोतलिय! यहाँ कुनै व्यक्ति अवर्णनीय पुरुषको अवर्णन र वर्णनीय पुरुषको वर्णन, समयमा तथा सत्यकुराको आधारमा गर्छ। पोतलिय! यो लोकमा यी चार किशिमका व्यक्तिहरू छन्। पोतलिय! यी चार किशिमका व्यक्तिहरूमध्येमा तिमीलाई कुन व्यक्ति सुन्दरतर र उत्तमतर लाग्छ?"

"भो गौतम! ...यी चार किशिमका व्यक्तिहरूमध्येमा जो व्यक्ति अवर्णनीय पुरुषको अवर्णन र वर्णनीय पुरुषको वर्णन, समयमा तथा सत्यकुराको आधारमा गर्दैन—यी चार व्यक्तिहरूमध्येमा यो व्यक्ति मलाई सुन्दरतर र उत्तमतर लाग्छ। किनभने?—भो गौतम! उपेक्षा भनेको नै सुन्दरतर हो।"

"पोतलिय! यो लोकमा चार किशिमका व्यक्तिहरू छन्। कुन चार भने?— ...पोतलिय! यी चार किशिमका व्यक्तिहरूमध्ये जो अवर्णनीय पुरुषको अवर्णन र वर्णनीय पुरुषको वर्णन, समयमा तथा सत्यकुराको आधारमा गर्छ—उही व्यक्ति यी चार किशिमका व्यक्तिहरू-मध्ये सुन्दरतर र उत्तमतर छ। किनभने?—पोतलिय! त्यस त्यस ठाउँमा समयोचित हुनु नै सुन्दरतर र उत्तमतर हो।"

"भो गौतम! यो लोकमा चार किशिमका व्यक्तिहरू छन्। कुन चार भने— ...भो गौतम! यी चार किशिमका व्यक्तिहरूमध्ये जो अवर्णनीय पुरुषको अवर्णन र वर्णनीय पुरुषको वर्णन, समयमा तथा सत्यकुराको आधारमा गर्छ—उही व्यक्ति यी चार किशिमका व्यक्तिहरू-मध्ये मेरो निमित्त सुन्दरतर र उत्तमतर छ। किनभने—भो गौतम!

त्यस त्यस ठाउँमा समयोचित हुन्नु नै सुन्दरतर र उत्तमतर हो भनी जुन तपाइँ भन्नुहुन्छ (त्यो राम्रै हो)।

"धन्यहो भो गौतम ! धन्यहो भो गौतम !! जस्तै घोप्टेकोलाई उत्तानो पारिदिंदा...चक्षु हुनेले रूप देख्छ त्यस्तै तपाइँ गौतमले अनेक प्रकारले धर्म प्रकाश पारिदिनुभयो। अब म तपाइँ गौतमको शरणमा पर्छु, धर्म र भिक्षुसङ्घको पनि। आजदेखि तपाइँ गौतमले मलाई जीवनभर शरणमा आएको उपासक हो भनी धारण गर्नुहोस्।"

३३।२३. बाहिय दारुचीरिय

परिचय

भगवान्को समयमा उत्तरापथमा बाहिय वा वाहिक भन्ने राष्ट्र थियो[1]। यस राष्ट्रमा बस्ने एक परिवारमा यिनको जन्म भएको थियो। बाहिय भन्ने देशमा जन्मेको भन्ने कारणले नै यिनको नाम 'बाहिय' भन्ने रहन गएको हो[2]। वंश पुगेपछि गृहस्थीमै बसी यिनले व्यापार गर्नथाले। व्यापारको लागि यिनी अनेक साथीहरूका साथ अनेक सामानहरू लिई समुद्रपार पनि जान्थे। समुद्रपारको व्यापारमा यिनले सातपटकसम्म सफलता हासिल गरी घर फर्केका थिए।

आठौं पटकमा चाहिं सुवर्णभूमिमा[3] जाने इच्छा गरी सामान-

---

१. बु. भा. भू. पृ. ४७९.

२. अप. दा. पा. II. पृ. १२३: बाहियत्थेरअपदानमा चाहिं भारुकच्छमा जन्मेको भनी उल्लेख भएको छ।

३. सुवर्णभूमि भनेको हाल बर्माको दक्षिण भागमा पर्छ भनी बु. भा. भू. पृ. ४२९ र D. P. P. II. पृ. १२६३ ले उल्लेख गरेका छन्।

हरूले भरीभराउ नौका चढी गए। जाँदा जाँदा आफूले चिताएको दिशातिर जानुभन्दा अगाडि नै महासमुद्रमा पुगी नौका ध्वस्त भयो। अनि त्यसमा बसेका मानिसहरू सोंजगोंज र माछाहरूको आहार भए। यी बाहिय चाहिं नौकाको एउटा फलेकमा बसी समुद्रको लहरले अलि अलि गरी बगाउँदा बगाउँदै सातौं दिनमा सुप्पारक भन्ने बन्दरगाहको किनारमा पुगे[1]। यो सुप्पारक[2] भन्ने बन्दरगाह सूनापरन्त जनपदमा अवस्थित छ[3]।

सुप्पारक बन्दरगाहको किनारमा पुगेपछि थकित भएका बाहियले केहीछिन किनारमा लेटी थकाइमारे। पछि निर्वस्त्र भएकोले लाजमानी कता जाऊँ कता जाऊँ भई उनी एक जंगलभित्र गए। त्यहाँ उनले रूखका बोक्राहरूले आफ्नो गुप्ताङ्ग छोपे। रूखका बोक्राले गुप्ताङ्ग छोप्ने भएको हुनाले उनलाई 'दारुचीरिय' भन्नथाले। बाहिय भन्ने र

---

१. उदा. अ. क. पृ. ५४: बाहियसुत्तवण्णना, बोधिवर्ग; धम्म. प. अ. क. पृ. ३९१: दारुचीरियत्थेरवत्थु, सहस्सवर्ग र मनो. र. पू. I. पृ. १५६: एककनिपातवण्णना, बाहियदारुचीरिय।

२. यो सुप्पारक भन्ने नगर सूनापरन्तको राजधानी हो र हाल यस ठाउँलाई 'सोपार' भन्दछन् जो बम्बईदेखि ३७ माइल उत्तरतिर ठाणा भन्ने जिल्लामा पर्छ भनी बु. भा. भू. पृ. ४८९ ले उल्लेख गरेको छ।

३. थेर. गा. अ. क. I. पृ. १५७: पुण्णत्थेरगाथट्ठकथा।

दारुचीरिय भन्ने दुवै शब्द जोडी पछि उनलाई 'बाहिय दारुचीरिय' भन्ने नामले चिन्नथाले[1]।

त्यसपछि हातमा कपाल लिई उनी सुप्पारक नगरमा भिक्षा माग्न गए। उनलाई देखेर मानिसहरूले "यो लोकमा अरहन्तहरू भन्ने छन्। शायद अरहन्त भन्नेहरू यस्तै हुँदा होलान्" भन्ने सोची उनलाई 'अरहन्त' भन्नथाले। के यी आर्यले वस्त्र लिदारहेछन् कि रहेनछन् भन्ने विचार गरी मानिसहरूले नानाप्रकारका वस्त्रहरू ल्याइदिए। किन्तु यिनले "यदि म यसप्रकारले नहिँडेको भए यिनीहरूले मलाई यसरी सम्मान गर्ने थिएनन्। अतः यिनीहरूले दिएका वस्त्रहरू म लिनेछैन" भन्ने सोची उनले वस्त्र लिएनन्। मानिसहरू झन् प्रसन्न भए। उनी यस्तैगरी बस्नथाले। अनि मानिसहरूले भन्नथाले कि "अहो कस्ता सन्तोषी महापुरुष!" यस्तो भन्दै उनलाई खूब ठूलो मान र सत्कार गर्नथाले। अनि त्यहाँ भोजन गरी कुनै एक देवमन्दिरमा गई बसे। मानिसहरूले सो मन्दिर सफा सुग्घर गरी उनको सेवा गर्नथाले। मानिसहरूले सेवा सत्कार गरेको देखेर योभन्दा उत्कृष्ट जीवन बिताउनपर्‍यो भन्ने उनले मनमा ठाने। सबैका सबै मानिसहरूले "अरहन्त, अरहन्त" भनेको सुनेर पछि गएर उनको मनमा पनि "म अरहन्त हुँ" भन्ने लाग्यो र सन्तोषी भई बस्नथाले। उनको लाभसत्कार झन झन बढेर गएपछि उनले यस्तो पनि सोच्नथाले—"यो लोकमा जति अरहन्तहरू छन् अथवा

---

१. उदा. अ. क. पृ. ५५: बाहियसुत्तवण्णना, बोधिवर्ग।

अरहन्तमार्गमा जाने हुन् तिनीहरूमध्ये म पनि एक हुँ[1]।" त्यसैले अगाडि अनुदित मूल सूत्रमा "जो यो लोकमा अरहन्त वा अरहन्तमार्गमा लागेका छन् तिनीहरूमध्ये म पनि एक हुँ" भनी उल्लेख भएको हो।

यसरी उनको मनमा गलत धारणा भएपछि उनका एक हितैषी साथी जो अघि उनीसँगै बसी भिक्षुचर्या बिताएका थिए जो पहिले ब्रह्मलोकमा उत्पन्न भएका छन् उनले "तिमी अरहन्त पनि होइनौ न अरहन्तमार्गमा नै गएका छौ" भनी सुनाए। यी ब्रह्मलोकमा उत्पन्न भएका हितैषी साथी भनेका को हुन् भने—

परापूर्वकालमा काश्यप बुद्धको शासन लोप हुन लाग्दा श्रामणेरहरूको विकारता देखेर विरक्तिएका सातजना[2] भिक्षुहरू

---

१. उदा. अ. क. पृ. ५५-५६: बाहियसुत्तवण्णना, बोधिवग्गो; धम्म. प. अ. क. पृ. ३९१: दारुचीरियत्थेरवत्थु सहस्सवग्गो; मनो. र. पू. I. पृ. १५६: बाहियदारुचीरिय, एककनिपातवण्णना।

२. उदा. अ. क. पृ. ५६: बाहियसुत्तवण्णना, बोधिवग्गो; धम्म. प. अ. क. पृ. ३९१: दारुचीरियत्थेरवत्थु, सहस्सवग्गो र अप. दा. पा. II. पृ. ११६: दब्बमल्लपुत्तत्थेर अपदानं, अ. क. पृ. ४२८; मनो. र. पू. I. पृ. १५६: बाहियदारुचीरिय, एककनिपातवण्णना। तर दी. नि. अ. क. III. पृ. १२५: पायासिराजञ्ञसुत्तवण्णना र पपं. सू. II. पृ. १००: वम्मिकसुत्तवण्णनामा भने पाँचजना भिक्षुहरू भनी उल्लेख भएका छन् भने सुत्त. नि. अ. क. II. पृ. २५०: सभियसुत्तवण्णनामा चाहिँ केवल तीनजना भिक्षुहरू भनी उल्लेख भएको छ।

"जबसम्म शासन लोप हुने छैन तबसम्म हामीले आफ्नो प्रतिष्ठा बनाउनै छौं" भनी निश्चय गरी भऱ्याङ् राखेर एक पर्वतमाथि चढी पछि भऱ्याङ् खसालीदिए । त्यसपछि त्यो पर्वतको टुप्पोमा बसी यी सातजना भिक्षुहरूले श्रमणधर्म गर्नथाले । त्यसमध्ये संघस्थविर भएकाले एक रात बितेपछि अरहत्व प्राप्त गरे । अनि उनले उत्तर कुरुमा गई भिक्षा भोजन ल्याए । किन्तु उनीहरूले उनले ल्याएको भोजन खाएनन् । बरु उनीहरूले भने कि आफ्नो प्रतिष्ठा बनाइसकेपछि आफैंले भिक्षा मागी खाने छौं । यसरी निराहारी भएर नै उनीहरूले श्रमणधर्म गर्नथाले । त्यसपछि दोश्रो दिनमा दोश्रो महास्थविर अनागामी फलमा प्रतिष्ठित भए । उनले पनि अघिका संघस्थविरले झैं भिक्षा मागेर ल्याई उनीहरूलाई दिए । किन्तु उनीहरूले भोजन गरेनन् । त्यसपछि, अरहन्त भएका संघस्थविर परिनिर्वाण भए । अनागामी भएका स्थविर शुद्धावास ब्रह्मलोकमा उत्पन्न भए । बांकी पाँचजना भिक्षुहरूले कोशिस र उत्साह गर्दा पनि कुनै विशेष फल पाउन नसकी परलोक भई एक बुद्धको समयसम्म देवलोकमै समय बिताए ।

हाम्रा शाक्यमुनि बुद्धको पालामा ती पाँचजना भिक्षुहरू देवलोकबाट च्युत भई त्यस त्यस कुलगृहमा जन्मलिए । तीमध्ये (१) एकजना तक्षशिलाका पुक्कुसाति राजा भए, (२) एकजना कुमार काश्यप भए, (३) एकजना दब्बमल्लपुत्र भिक्षु भए, (४) एकजना सभिय परिव्राजक भए र (५) एकजना बाहिय दारुचीरिय भए[१] ।

---

१ सभिय थेरगाथट्ठकथा पृ. ३८२ ले चाहिं यिनीहरू यसरी जन्मेका

अनि जो भिक्षु अनागामी भई शुद्धावास ब्रह्मलोकमा उत्पन्न भएका थिए उनले आफू कहाँबाट आएको रहेछु भनी विचार गर्दा काश्यप बुद्धको शासनमा भिक्षु भई सातजना भिक्षुहरूमध्ये एकजना परिनिर्वाण भएको र आफू अनागामी भई ब्रह्मलोकमा उत्पन्न भएको कुरा थाहापाएपछि अरू पाँचजना कहाँ उत्पन्न भएछन् भनी दिव्यचक्षु-द्वारा हेर्दा उनीहरू दिव्यलोकमा उत्पन्न भएको कुरा थाहापाए। त्यहाँदेखि उनले समय समयमा ती पाँचजना साथीहरूको बारेमा दृष्टिपात गर्ने गर्थे। यसै सिलसिलामा एकदिन यिनले ती पाँचजना साथीहरूमध्ये कुन कहाँ छन् भन्ने विचार गर्दा यी बाहिय दारुचीरिय-लाई देखेका हुन् भनी उदानट्ठकथाले उल्लेख गरेको छ।

यसरी विचार गर्दा जब उनले गलत धारणा लिई आफू अरहन्त नभइकन पनि अरहन्त हुँ भन्ने धारणा लिई बसेका बाहियलाई देखे तब उनीमाथि अनुकम्पाराखी उनको गलत धारणालाई हटाइदिने उद्देश्यले उनी देखापर्न आएका हुन्। यति मात्र होइन उनले बुद्ध उत्पन्न भएको कुराको पनि सूचना दिनको निमित्त सो देवपुत्र आएका हुन्। जुन कुरा अगाडि अनुदित मूल सूत्रमा—"अनि बाहिय दारुचीरियको जो अनुकम्पक र अर्थकामी पहिलेको रक्तसम्बन्धी देवता थिए उनले

कुरा उल्लेख गरेको छ—(१) एकजना मल्ल राजकुलमा, (२) एकजना गन्धार राजकुलमा, (३) एकजना बाहिय देशमा, (४) एकजना राजगृहको एक स्त्रीको कोखमा र (५) एकजना एउटी परिव्राजिकाको कोखमा।

बाहिय दारुचीरियको मनको कुरा जानी जहाँ बाहिय दारुचीरिय थिए त्यहाँ गए" भनी उल्लेख भएको हो ।

अनि ती देवता ब्रह्मलोकमा अन्तरधान भई रातको समयमा सुप्पारक बन्दरगाहमा जहाँ बाहिय दारुचीरिय थिए त्यहाँ प्रकट भए । अनि आफू बस्ने ठाउँमा उज्यालोपन देखेर बाहिर निस्की "को रहेछ यो" भन्दै यताउता हेरिरहँदा उनले आकाशमा उभिइरहेका महाब्रह्मालाई देखी नमस्कार गरी "तपाईं को हुनुहुन्छ ?" भनी सोधे ।

ब्रह्माले "म तिम्रो पुरानो हितैषी साथी हुँ । त्यसबखत म अनागामी भई ब्रह्मलोकमा उत्पन्न भएँ । तिमीले त्यसबखत कुनै विशेषता प्राप्त गर्न सकेनौ । पृथक्जन भइकनै तिमी परलोक भयौ र अहिले यहाँ जन्मी तीर्थीयभेष धारण गरी अरहन्त्व नभइकन नै अरहन्त हुँ भन्ने गलत धारणा लिई बसिरहेको देखेर म यहाँ आएको हुँ । बाहिय ! तिमी न अरहन्त ह्वौ, न त तिमी अरहन्त मार्गमा नै छौ । अतः यो गलत धारणा छाडिदेऊ । तिम्रो अहित हुन नपाओस्" भनी भने ।

यो कुरा सुनेर बाहियको मनमा सारै विरक्त लाग्यो । अनि उनले सोचे कि त्यसोभए यो लोकमा अरहन्त हुने कुनै छन् के ? यति सोची उनले "त्यसोभए यो लोकमा अरहन्त हुने कुनै व्यक्ति छन् के ?" भनी सोधे । ब्रह्माले "छन्" भनी भने र "अहिले लोकमा सम्यक्सम्बुद्ध उत्पन्न हुनु भएको छ । वहाँ भगवान् अरहत् पनि हुनुहुन्छ । अहिले वहाँ सुप्पारकबाट पूर्वोत्तर दिशाको श्रावस्ती नगरमा हुनुहुन्छ । जाऊ

वहांको उपासना गर। वहांले अरहन्तको निमित्त उपदेश पनि गर्नुहुन्छ" भनी भने।

यति कुरा सुनी बाहियलाई सारै उद्वेग लाग्यो। अनि उतनाघरिमै उनी श्रावस्तीको लागि प्रस्थान गरे। १२० योजनका बाटामा उनले कतैपनि अरुणोदय हुने गरी रात बिताएनन्। त्यसैले अगाडि अनुदित सूत्रमा "सबै ठाउँमा एक रात बिताई जहाँ श्रावस्ती स्थित अनाथपिण्डिकको जेतवनाराम हो त्यहाँ गए" भनी उल्लेख भएको हो।

त्यस बिहान भगवान्ले बाहियलाई आफ्नो ज्ञान जालमा देख्नु भएको थियो। किन्तु त्यतिञ्जेलसम्म उनको ज्ञान परिपक्वता नभएको हुनाले भगवान् विहारमा नबस्नु भई भिक्षुहरूका साथ बुद्धलीलाले श्रावस्ती नगरमा भिक्षाटन्‌को निमित्त निस्कनु भएको हो।

बिहानपख श्रावस्तीमा पुगेका बाहिय दारुचीरिय जेतवना-रामभित्र जाँदा केही भिक्षुहरू चंक्रमण गरिरहेको देखेर त्यहाँ गई "भगवान् बुद्ध कहाँ हुनुहुन्छ?" भनी सोधे। भिक्षुहरूले "कहाँबाट आएका हौ?" भनी सोध्दा उनले "सुप्पारकबाट" भनी भने। अनि भिक्षुहरूले "भगवान् भिक्षाटन्‌को निमित्त नगरभित्र गइसक्नुभयो। वहाँ फर्कनु भएपछि वहाँसँग भेट गरौला। त्यतिञ्जेलसम्म यहीं बसी आराम लिई थकाईमार" भनी भने। किन्तु उनी मानेनन्। उनी अगाडि भन्छन्—"भन्ते! मलाई थाहाछैन कि त्यतिञ्जेलसम्म म वा भगवान् बाँचनेछौं वा छैनौं।" यति भनी उनी हतार हतार गरी श्रावस्ती नगर-तिर गए। जब टाढैदेखि उनले बुद्धलीला देखाउनु भई सुविनीत इन्द्रिय

लिई गइरहनु भएका भगवान्‌लाई देखे तब उनको सारा शरीरमा पञ्चवर्ण प्रीति फैलिएर गयो र "अहो धेरै दिनपछि मैले भगवान्‌को दर्शन पाएँ" भन्दै हर्षित भए। अनि बगुर्दै भगवान् छेउ पुगी भगवान्‌का गोलीगाँठा समाती पाउमा चुम्बन गरी ढोगे। अनि भगवान्‌सँग "भन्ते! मलाई धर्मोपदेश गर्नुहोस्" भनी प्रार्थना गरे। भगवान्‌ले "बाहिय! अहिले म भिक्षाटन् जाँदैछु" भनी भन्दा पनि तीन तीन पटकसम्म आग्रह गरेपछि भगवान्‌ले छोटकरीमा उनलाई धर्मोपदेश गर्नुभयो। जुन कुरा अगाडि अनुदित मूल सूत्रमा प्रष्ट भएको छ। उपदेश सुन्दा सुन्दै उनको मनमा विपश्यना भावना उपस्थित भई उहीं उनी सबै आस्रवहरू क्षीण भई प्रतिसम्भिदा ज्ञान सहित अरहत् भए। त्यसपछि उनले भगवान्‌सँग "प्रव्रज्या पाऊँ" भनी प्रार्थना गर्दा "तिम्रा पात्र चीवरहरू छन् के?" भनी सोध्नु हुँदा "छैनन्" भनी भनेपछि "त्यसोभए पात्र चीवरहरू खोज" भनी भगवान् जानुभयो।

उनी पनि पात्र चीवरहरू खोज्नेछु भनी बाटामा हिँडिरहेको बेलामा वेगले आइरहेको एक बाछाको हनाइद्वारा त्यहीं नै उनको ज्यान गयो[1]।

---

१. बुद्धको पालामा यसरी बाछाको हनाइद्वारा ज्यान गएका व्यक्तिहरू चारजना छन् भनी धम्म. प. अ. क. पृ. २९१: सुप्पबुद्धकुट्ठिवत्थु, बालवग्गो र उदा. अ. क. पृ. २०३: सुप्पबुद्धकुट्ठिसुत्तवण्णना; सोणवग्गले उल्लेख गरेका छन्। तिनीहरू हुन्—(१) पुक्कुसाति राजा, (२) बाहिय दारुचीरिय, (३) तम्बदाठि चोरघातिक र सुप्पबुद्धकुट्ठि।

यहाँनिर एउटा प्रश्न उठ्नसक्छ कि भगवान्ले उनलाई "श्राऊ भिक्षु" भन्ने वाक्यद्वारा किन प्रव्रजित नगराउनु भएको ?

यस सम्बन्धमा अर्थकथाहरू[1] यसरी उल्लेख गर्छन्—

काश्यप बुद्धको पालामा यिनी बीसहजार वर्षसम्म भिक्षु भएका थिए। यी बीसहजार वर्षभित्र यिनले कुनै पनि भिक्षुलाई आफूले पाएका चतुप्रत्ययहरूद्वारा संग्रह गरेका थिएनन्। यिनी भन्थे "आफूले पाएका प्रत्ययहरूद्वारा कसैको संग्रह गर्नु ठीक छैन। आफूले मात्र परिभोग गर्नुपर्छ।" अतः यिनले कुनै पनि भिक्षुलाई पात्रद्वारा वा चीवरद्वारा संग्रह गरेका थिएनन्। त्यसैले ऋद्धिमय पात्र-चीवर उत्पन्न हुने कुनै संस्कार छैन भन्ने कुरा बुझ्नुभई भगवान्ले उनलाई चीवर खोज्न पठाउनु भएको हो।

भोजनपछि केही भिक्षुहरूका साथ भगवान् नगरबाट आइरहनु भएको बेलामा बाहियको शव काँचिगर फाल्ने ठाउँमा परिरहेको देखनुभई भिक्षुहरूलाई अह्राई नगर बाहिर जलाउन लगाई स्तूप पनि राख्न लगाउनुभयो।

त्यसपछि भिक्षुहरू आई भगवान्सँग उनको गति सम्बन्धी प्रश्न गर्दा भगवान्ले उनी अरहत् भई परिनिर्वाण भएको कुरा बताउनुभयो र धर्मसम्बन्धी उनले भगवान्लाई कुनै कष्ट नदिई तुरन्तै धर्मलाई

---

१. उदा. अ. क पृ. ६६: बाहियसुत्तवण्णना र धम्म. प. अ. क. पृ. ३९३–९४: दारुचीरियत्थेरवत्थु।

बुझिलिए भन्नुहुँदै चाँडै धर्मावबोध गर्नेहरूमध्येमा उनलाई अग्रस्थानमा पनि राख्नुभयो ।

फेरि त्यति थोरै कुरा सुनी कसरी क्षीणास्रवी भए होलान् भन्ने कुरा उठेपछि वहाँले धर्मलाई थोरै वा धेरै भनी नाप्न सकिन्न । अनर्थ-संहित हजार कुराभन्दा पनि अर्थसंहित कुरा एउटै भएपनि श्रेष्ठ हुन्छ भन्नुहुँदै धम्मपदमा "सहस्समपि चे गाथा...[१]" भन्ने गाथा भन्नुभयो ।

× × ×

---

१. मनो. र. पू. I. पृ. १५८: बाहियदारुचीरिय; उदा. अ. क. पृ. ६६–६७: बाहियसुत्तवण्णना र धम्म. प. अ. क. पृ. ३९४: दारुचीरियत्थेरवत्थु ।

केही बाहिय नामहरू

(१) बाहिय—यो चाहिं एक भिक्षुको नाम हो। यी आयुष्मान् एकदिन भगवान्कहाँ गई संक्षेपमा धर्मोपदेश गर्नु हुन प्रार्थना गर्दा भगवान्ले अनित्यको सम्बन्धमा उपदेश गर्नुभएको थियो। यो उपदेश सुनेर पछि आयुष्मान् बाहिय अरहत् भएको थियो। सं. नि. III. पृ. ५९: बाहियसुत्तं, सलायतनसंयुत्तं। यस्तैगरी अरहत् भएको कुरा सं. नि. IV. पृ. १४१: बाहिय-सुत्तं, सतिपट्ठानसंयुत्तंमा पनि उल्लेख भएको छ।

(२) बाहिय—यो चाहिं आयुष्मान अनुरुद्धको साथमा बस्ने एक भिक्षुको नाम हो। यी आयुष्मान् बाहियले कौशम्बीको संघभेद गराउने काममा पूर्ण समर्थन जनाए तापनि आयुष्मान् अनुरुद्धले यिनलाई केही भन्नुहुन्न भनी आयुष्मान् आनन्दले आरोप लगाउनु भएको छ। अं. नि–४, पृ. २५४: सङ्घभेदक-सुत्तं, आपत्तिभयवग्गो।

(३) बाहिय—यो एक जातकको नाम हो। यो बाहिय जातक जा. अ. क. I–II. पृ. ३१० मा उल्लेख भएको छ। यसको अनुवाद लेखकको जा. सं. भा–२, पृ. १५८ मा भएको छ।

(४) बाहियसुत्तं—यो सूत्र सं. नि. III. पृ. ५९: सलायतनसंयुत्तंमा

उल्लेख भएको छ। यो सूत्र आयुष्मान् बाहियलाई बताउनु भएको हो। यसमा अनित्यको कुरा उल्लेख भएको छ। यो सूत्रको कुरा सुनेपछि आयुष्मान् बाहिय अरहत् भएको कुरा उल्लेख भएको छ।

(५) बाहियसुत्तं—यो सूत्र सं. नि. IV. पृ. १४१: सतिपट्ठान-संयुत्तमा उल्लेख भएको छ। यो सूत्र पनि आयुष्मान् बाहिय-लाई बताउनु भएको हो। यसमा पहिले शीललाई परिशुद्ध गर्नुका साथै सतिपट्ठान भावना गर्ने कुरा समावेश भएको छ। यो सूत्रको कुरा सुनी आयुष्मान् बाहिय अरहत् भएको कुरा पनि उल्लेख भएको छ।

(६) बाहियसुत्तं—यो सूत्र उदा. पा. पृ. ६९: बोधिवग्गमा समुल्लेख भएको छ। यस सूत्रका कुरा यहाँ अगाडि अनुदित भएको छ।

(७) बाहिय दारुचीरियसुत्तं—यो सूत्र अं. नि-१, पृ. २४ को एतदग्गवग्ग (ग) मा उल्लेख भएको छ। यसमा चाँडै धर्माव-बोध गर्नेहरूमध्येमा बाहिय दारुचीरिय अग्र छन् भन्ने कुरा उल्लेख भएको छ।

(८) बाहियत्थेर अपदानं—यो अपदान अप. ना. पा. II. पृ. १२२ मा उल्लेख भएको छ। यसमा बाहिय दारुचीरियको आत्म-कथा र पूर्व कथा उल्लेख भएको पाइन्छ।

(९) (बाहिय) दारुचीरियत्थेरवत्थु—यो कथा धम्म. प. अ. क. पृ. ३६१ः सहस्सवग्गमा उल्लेख भएको छ ।

(१०) बाहिय दारुचीरिय—यो चाहिं बाहिय दारुचीरिय को नाम हो । यिनकै कुरा यहाँ अगाडि उल्लेख भएको छ ।

× × ×

मूल सूत्र—

बाहिय दारुचीरियको गलत धारणा

(बाहियसुत्तं[1])

यस्तो मैले सुनें ।

एक समय, भगवान् श्रावस्ती स्थित अनाथपिण्डिकको जेतवनाराममा बस्नुभएको थियो । त्यस समय बाहिय दारुचीरिय समुद्रको तीरमा सुप्पारक भन्ने ठाउँमा चीवर पिण्डपात्र शयनासन ग्लानप्रत्यय भैषज्यं परिष्कारद्वारा सत्कृत, गरुकृत, मानित, पूजित तथा सम्मानित भई बसिरहेका थिए । अनि एकान्तमा ध्यानमा बसिरहेका दारुचीरियको मनमा यस्तो परिवितर्कना उत्पन्न भयो—"जो यो लोकमा अरहन्त वा अरहन्तमार्गमा लागेका छन् तिनीहरूमध्ये म पनि एक हुँ ।"

अनि बाहिय दारुचीरियका जो अनुकम्पक र अर्थकामी पहिलेको रक्तसम्बन्धी देवता थिए उनले बाहिय दारुचीरियको मनको कुरा जानी जहाँ बाहिय दारुचीरिय थिए त्यहाँ गए । त्यहाँ पुगेपछि

---

१. उदा. पा. पृ. ६६: बोधिवग्गो; अ. क. पृ. ५४.

बाहिय दारुचीरियलाई यस्तो भने—"हे बाहिय ! न तिमी अरहन्त ह्वौ, न त तिमी अरहन्तमार्गमा नै लागेकाछौ । त्यो मार्ग पनि तिमीमा छैन जुन मार्गद्वारा तिमी अरहन्त हुन सकौ वा अरहन्त मार्गमा लाग्न सकौ ।"

"त्यसोभए अहिले देवसहित लोकमा अरहन्त हुने वा अरहन्त मार्गमा लागेका कोही छन् त ?"

"बाहिय ! उत्तर जनपदतिर श्रावस्ती भन्ने नगर छ । त्यहाँ यसबखत वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध बसिरहनुभएको छ । बाहिय ! वहाँ भगवान् अरहत् पनि हुनुहुन्छ र अरहत्को निमित्त धर्म पनि देशना गर्नुहुन्छ ।"

अनि बाहिय दारुचीरिय ती देवताद्वारा विरक्ताएपछि त्यतिखेरै सुप्पारकबाट गए । सबै ठाउँमा एक रात बिताई जहाँ श्रावस्ती स्थित अनाथपिण्डकको जेतवनाराम हो त्यहाँ गए[1] । त्यसबखत केही भिक्षुहरू बाहिर खुला ठाउँमा चंक्रमण गर्दै थिए । अनि बाहिय दारुचीरिय जहाँ ती भिक्षुहरू थिए त्यहाँ गए । त्यहाँ पुगेपछि ती भिक्षुहरूलाई यस्तो भने—"भन्ते ! अहिले भगवान् अरहत् सम्यक्सम्बुद्ध कहाँ हुनुहुन्छ ? भन्ते ! हामी भगवान् अरहत् सम्यक्सम्बुद्धको दर्शन गर्न चाहन्छौं ।"

---

१. सुप्पारकबाट श्रावस्ती १२० योजन छ । उदा. अ. क. पृ. ५६: बाहियसुत्तवण्णना ।

"बाहिय ! अहिले भगवान् भिक्षाटन्को निमित्त शहरमा जानुभयो ।"

अनि बाहिय दारुचीरिय हतारो हतारो गरी जेतवनबाट निस्की श्रावस्ती जाँदा प्रासादिक, प्रसादनीय, शान्तेन्द्रिय, शान्तमन, उत्तम दमथ समथ प्राप्त शान्त दान्त इन्द्रिय भएका भगवान्लाई भिक्षाटन्को निमित्त गइरहनुभएका भगवान्लाई देखे । देखेपछि जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्को चरणकमलमा शीरले ढोगी भगवान्लाई यस्तो भने—"भन्ते ! भगवान्ले मलाई धर्मदेशना गर्नुहोस् । सुगत ! मलाई धर्मदेशना गर्नुहोस् । जो मेरो निमित्त दीर्घकालसम्म हित सुख हुनेछ ।" यस्तोभन्दा भगवान्ले बाहिय दारुचीरियलाई यस्तो भन्नुभयो—"बाहिय ! अहिले यो समय होइन, शहरमा भिक्षाटन्को निमित्त जाँदैछु ।"

दोश्रो पटक पनि बाहिय दारुचीरियले भगवान्लाई यस्तो भने—"भन्ते ! भगवान्को वा मेरो जीवनको अन्त जान्नु गाह्रो छ । भन्ते ! भगवान्ले मलाई धर्मदेशना गर्नुहोस् । सुगत ! मलाई धर्मदेशना गर्नुहोस् जो मेरो निमित्त दीर्घकालसम्म हित सुख हुनेछ ।" दोश्रो पटक पनि भगवान्ले बाहिय दारुचीरियलाई यस्तो भन्नुभयो—"बाहिय ! अहिले समय होइन शहरभित्र भिक्षाटन्को निमित्त जाँदैछु ।"

तेश्रो पटक पनि बाहिय दारुचीरियले भगवान्लाई यस्तो भने—"भन्ते ! भगवान्को वा मेरो जीवनको अन्त जान्नु गाह्रो छ ।

भन्ते ! भगवान्ले मलाई धर्मदेशना गर्नुहोस् । सुगत ! मलाई धर्मदेशना गर्नुहोस् जो मेरो निमित्त दीर्घकालसम्म हित सुख हुनेछ ।"

"बाहिय ! त्यसोभए तिमीले यस्तो सिक्नुपर्छ—'देखेकोलाई देखेको मात्र हुनेछ, सुनेकोलाई सुनेको मात्र हुनेछ, छोएकोलाई छोएको मात्र हुनेछ र जानेकोलाई जानेको मात्र हुनेछ ।' बाहिय ! यसरी तिमीले सिक्नुपर्छ । बाहिय ! जब तिमीलाई देखेकोलाई देखेको मात्र हुनेछ, सुनेकोलाई सुनेको मात्र हुनेछ, छोएकोलाई छोएको मात्र हुनेछ, जानेकोलाई जानेको मात्र हुनेछ । बाहिय ! तब तिमी न त्यसमा हुनेछौ । बाहिय ! जब तिमी त्यसमा हुनेछैनौ तब तिमी न त्यहाँ हुनेछौ; बाहिय ! जब तिमी त्यहाँ हुनेछैनौ बाहिय ! तब तिमी न यहाँ, न पहाँ, न दुवैका बीचमा[1] यही दुःखको अन्त हो ।"

अनि भगवान्को यस संक्षिप्त धर्मोपदेशद्वारा उसैबेला बाहिय दारुचीरियको चित्तउपादान रहित आस्रवहरूबाट विमुक्त भयो ।

बाहिय दारुचीरियलाई यो संक्षिप्त धर्मोपदेशद्वारा उपदेश गरी भगवान् जानुभयो । अनि भगवान् गएको केही छिनपछि बाछीको हनाइद्वारा बाहिय दारुचीरियको ज्यान गयो ।

अनि श्रावस्तीमा भिक्षाटन् गरी भिक्षाटन्बाट फर्की भोजन गरी केही भिक्षुहरूका साथ नगरबाट फर्किरहनु भएको वेलामा भगवान्ले

---

१. भनाइको मतलब यसलोकमा पनि होइन, परलोकमा पनि होइन, दुवै लोकको बीचमा पनि होइन भनिएको हो । जब कुनै लोकमा हुन्न यही मुक्ति हो । उदा. अ. क. पृ. ६४: बाहियसुत्तवण्णना ।

बाहिय दारुचीरियको मृत्यु भएको देखनुभयो। अनि भगवान्ले भिक्षुहरूलाई यस्तो भन्नुभयो—"भिक्षुहो! बाहिय दारुचीरियको शरीरलाई लेऊ। खाटमा राखी नगरबाट बाहिर लगी जलाऊ र स्तूप पनि बनाऊ। भिक्षुहो! सब्रह्मचारीको मृत्यु भयो।"

"हवस्, भन्ते!" भनी ती भिक्षुहरूले भगवान्लाई प्रत्युत्तर दिई बाहिय दारुचीरियको शरीर खाट्मा राखी (नगर) बाहिर लगी शरीर जलाई स्तूप पनि बनाई उनीहरू जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्लाई यस्तो भने—

"भन्ते! बाहिय दारुचीरियको शरीरलाई जलाइसक्यौं, उनको (धातुको) स्तूप पनि बनाइदियौं। उनको कस्तो गति र कस्तो परलोक भएको होला?"

"भिक्षुहो! बाहिय दारुचीरिय पण्डित थिए, उनले धर्मको प्रतिपादन गरे। धर्मको कारणमा मलाई कुनै कष्ट दिएनन्। भिक्षुहो! बाहिय दारुचीरिय परिनिर्वाण भए।"

अनि यो कुरा जानी भगवान्ले त्यसबेला यो उदान प्रकट गर्नुभयो—

"यत्थ आपो च पठवी, तेजो वायो न गाधति।
न तत्थ सुक्का जोतन्ति, आदिच्चो नप्पकासति॥

"न तत्थ चन्दिमा भाति, तमो तत्थ न विज्जति ।
यदा च अत्तनावेदि, मुनि मोनेन ब्राह्मणो ।।
अथ रूपा अरूपा च, सुखदुक्खा पमुच्चती'ति ।।"

अर्थ—

"जहाँ पृथ्वी, आप्, तेज र वायु रहँदैन त्यहाँ शुक्र र सूर्यको प्रकाश पनि रहन्न ।

"त्यहाँ चन्द्रमाको प्रकाश पनि छैन, त्यहाँ अन्धकार पनि छैन । जब मुनि भनिने ब्राह्मणले आफैंले अनुभूति गर्छ तब रूप, अरूप भन्ने र सुखदुःख भन्नेबाट उ मुक्त हुन्छ ।"

भगवान्ले भन्नुभएको यो उदान पनि मैले सुनें ।

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित
"बुद्धकालीन परिव्राजकहरू"
भाग–२, संग्रह २९

नामावली

शब्दावली

ए, औ

छ

ज

थ

द

ध

प्र

फ

ब

श

स

ज्ञ

गाथा-सूची

२६.	जातक संग्रह	भाग–३	...रू. १३/-
२७.	जातक संग्रह	भाग–४	...रू. १२/-
२८.	जापान भ्रमणको डायरी		...रू. ४/-
२९.	विषय सूची		...रू. ५/-
३०.	नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास...		(अप्राप्य)
३१.	संक्षिप्त कथा सहित धम्मपद	भाग–१	...रू. ९/-
३२.	बोधि राजकुमार		...रू. ४/-
३३.	त्रिरत्न वन्दना र पाठ्यसूत्र		...रू. ४/-
३४.	जातकमाला भाग–१ (तेस्रो संस्करण)		...रू. ४/-
३५.	पालिपाठमञ्जरी	भाग–२	...रू. ६/-
३६.	संक्षिप्त बुद्धजीवनी (चतुर्थसंस्करण)		...रू. ७/-
३७.	वार्षिक प्रतिवेदन (२०४० सालको)		
३८.	वार्षिक प्रतिवेदन (२०४१ सालको)		
३९.	वार्षिक प्रतिवेदन (२०४२ सालको)		
४०.	धम्मपदट्ठकथा (द्वि. संस्करण)	भाग–१	...रू. १२/-
४१.	धम्मपदट्ठकथा	भाग–२	...रू. १०/-
४२.	आनन्दकुटी विहारगुठीको प्रकाशन (सूची)		...रू. २/-
४३.	न्ह्यसःया लिसः		...रू. ३/-
४४.	A Short History of Theravada Buddhism in Nepal...		(out of print)
४५.	Kings of Buddha's Time		...रू. १९/-
४६.	Buddhism at a Glance		...रू. ६/-
४७.	बुद्धकालीन परिव्राजकहरू	भाग–२	...रू. १५/-

पुस्तक पाइने ठाउँ—

१. आनन्दकुटी विहार, स्वयम्भू, काठमाडौं, नेपाल ।

२. बुद्धविहार, भृकुटी मण्डप, काठमाडौं, नेपाल ।

३. हिराकाजी सूचिकार, नागबहाल, ललितपुर, नेपाल ।

आनन्दकुटी विहार गुठीको प्रकाशन

१.	बुद्धकालीन ब्राह्मण	भाग–१ (अप्राप्य)	...रू. ७/-
२.	बुद्धकालीन ब्राह्मण	भाग–२	...रू. १५/-
३.	बुद्धकालीन ब्राह्मण	भाग–३	...रू. १७/-
४.	बुद्धकालीन गृहस्थीहरू	भाग–१ (अप्राप्य)	...रू. ८/-
५.	बुद्धकालीन गृहस्थीहरू	भाग–२	...रू. १५/-
६.	बुद्धकालीन गृहस्थीहरू	भाग–३	...रू. १५/-
७.	बुद्धकालीन महिलाहरू	भाग–१ (अप्राप्य)	...रू. ८/-
८.	बुद्धकालीन महिलाहरू	भाग–२	...रू. १४/-
९.	बुद्धकालीन राजपरिवार	भाग–१	...रू. १०/-
१०.	बुद्धकालीन राजपरिवार	भाग–२	...रू. १६/-
११.	बुद्धकालीन राजपरिवार	भाग–३	...रू. १८/-
१२.	बुद्धकालीन परिव्राजकहरू	भाग–१	...रू. १६/-
१३.	बुद्धकालीन श्रावक चरित	भाग–१ (अप्राप्य)	...रू. ९/-
१४.	बुद्धकालीन श्रावक चरित	भाग–२	...रू. १७/-
१५.	बुद्धकालीन श्रावक चरित	भाग–३	...रू. २०/-
१६.	बुद्धकालीन श्रावक चरित	भाग–४	...रू. १४/-
१७.	बुद्धकालीन श्रावक चरित	भाग–५	...रू. १४/-
१८.	बुद्धकालीन श्राविका चरित	भाग–१	...रू. २२/-
१९.	बुद्धकालीन ब्रह्मादिदेव	भाग–१	...रू. १८/-
२०.	बुद्धकालीन ब्रह्मादिदेव	भाग–२	...रू. १८/-
२१.	बुद्धकालीन ब्रह्मादिदेव	भाग–३	. रू. १४/-
२२.	बुद्धकालीन प्रेतकथा (अप्राप्य)		...रू. १०/-
२३.	बुद्धकालीन विमानकथा (अप्राप्य)		...रू. १२/-
२४.	जातक संग्रह	भाग–१	...रू. १०/-
२५.	जातक संग्रह	भाग–२	...रू. ८/-

(बाँकी भित्र)